# ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि मानवीय समावेशिताका मापदण्डहरु

# ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताका मापदण्डहरू

एड्क्याप (ADCAP) कार्यक्रमको अंशको रूपमा उमेर र अपाङ्गता सम्बन्धी मञ्चमञ्चद्वारा प्रकाशित ।

ISBN ९७८-१-९१०७४३-२९-४

सर्वाधिकार © CBM International, Bensheim,

HelpAge International, London,

and Handicap International, Lyon, 2018

This work is licensed under a Creative Commons Attribution–Noncommercial 4=0 International License, httpsM÷÷creativecommons=org÷licenses÷by–nc÷4=0

प्रतिलिपि अधिकार भएको निकायका बारेमा जानकारी दिएर, यस प्रकाशनको कुनै पनि भागलाई गैर-नाफामूलक उद्देश्यका लागि पुनः उत्पादन गर्न सकिने छ ।

यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, (युएसएआईडी) मार्फत अमेरिकी जनताको उदार सहयोगबाट सम्भव भएको हो । प्रस्तुत गरिएको सम्पूर्ण विषयवस्तुहरूको उत्तरदायित्व हेल्प एज इन्टरनेसनल (HelpAge International) को हो र यसले युएसएआईडी वा अमेरिकी सरकारको विचारलाई अनिवार्य रूपमा प्रतिबिम्बित गर्दैन ।

यो सामाग्रीलाई बेलायत सरकारबाट यूके एड मार्फत आर्थिक सहायता प्रदान गरिएको छ; तथापि, यसमा व्यक्त गरिएका विचारहरूले बेलायत सरकारको आधिकारिक नीतिहरूलाई प्रतिबिम्बित गर्दैन ।

नेपाली अनुवादः राम कुमार गुरुङ्ग

सम्पादनः डा.मीन बहादुर पौडेल क्षेत्री

अनुवाद/प्रकाशन सहयोगः युएसएड, नेपाल

प्रकाशकः प्रकोप पूर्वतयारी सञ्जाल- नेपाल

ईमेलः dpnet@dpnet.org.np

वेबसाईटः www.dpnet.org.np

# विषय-सूची


प्राक्कथन

कृतज्ञता

परिचय


# समावेशिताका मुख्य मापदण्डहरू


समावेशिताका मुख्य मापदण्ड १ : पहिचान

समावेशिताका मुख्य मापदण्ड २ : सुरक्षित र समतामूलक पहूँच

समावेशिताका मुख्य मापदण्ड ३ : उत्थानशीलता

समावेशिताका मुख्य मापदण्ड ४ : ज्ञान र सहभागिता

समावेशिताका मुख्य मापदण्ड ५ : पृष्ठपोषण र गुनासो

समावेशिताका मुख्य मापदण्ड ६ : समन्वय

समावेशिताका मुख्य मापदण्ड ७ : सिकाई

समावेशिताका मुख्य मापदण्ड ८ : मानवीय स्रोत

समावेशिताका मुख्य मापदण्ड ९ : स्रोत व्यवस्थापन

**संरक्षण समावेशी मापदण्डहरू**

**पानी, सरसफाई र स्वच्छता सम्बन्धी समावेशिताका मापदण्डहरू**

**खाद्य सुरक्षा र जोविकोपार्जन सम्बन्धी समावेशिताका मापदण्डहरू**

**पोषण सम्बन्धी समावेशिताका मापदण्डहरू**

**आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशिताका मापदण्डहरू**

**स्वास्थ्य सम्बन्धी समावेशिताका मापदण्डहरू**

**शिक्षा सम्बन्धी समावेशिताका सूची**

द्रष्टब्य

# प्राक्कथन

निष्पक्षताको मानवीय सिद्धान्त - आवश्यकताको आधारमा मात्र सहायता प्रदान गर्नुपर्छ - मानवीय क्रियाशील निकायहरूले प्राथमिकता निर्धारण गर्दा संकटबाट प्रभावित सबै मानिसहरूको आवश्यकताहरूलाई ध्यान दिने तरिकामा प्रतिकार्य गर्न आवश्यक हुन्छ । यद्यपि, हामीलाई थाहा छ, मानवीय प्रणालीले अझै पनि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवस्थित रूपमा समावेश गर्दैन । मानवीय समुदायलाई मार्गदर्शन गर्न परीक्षण गरिएका यी मापदण्डहरूको विकासलाई स्फियरले स्वागत गर्दछ । हामीले यस कार्यको महत्वपूर्ण परिक्षणलाई (piloting) स्फियरको मूलभूत विश्वासमा अत्याश्यक योगदानको रूपमा सहयोग गऱ्यौं: सङ्कटबाट प्रभावित सबै मानिसहरूलाई मर्यादित जीवन जिउने अधिकार छ र यी संकटहरूमा कष्टलाई कम गर्न हरसम्भव कदमहरू चालिनु पर्छ । सबैको आवश्यकता र प्राथमिकताहरूको बुझाई बिना - र जो विशेष गरी संकटमा प्राय कम देखिन्छन- मानवतावादीहरूले निष्पक्षता पूर्वक मर्यादा र अधिकारलाई सहयोग पुऱ्याएको दाबी गर्न सक्दैनन् ।

अन्तर्राष्ट्रिय मञ्चमा, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई मानवीय क्रियाकलापमा समावेश गर्ने तर्फ प्रतिबद्धता जनाइएको छ । संयुक्त राष्ट्रसंघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिले ( CRPD) *"सशस्त्र द्वन्द्व, मानवीय आपतकालीन अवस्था र प्राकृतिक विपद्को स्थिति लगायत जोखिममा परेका व्यक्तिहरूको सुरक्षा र संरक्षण सुनिश्चित गर्न सबै आवश्यक कदमहरू चाल्नु पर्छ"* भनेर माग गरेको छ । सन् २०१६ मा भएको विश्व मानवीय शिखर सम्मेलनलले मानवताको लागि छलफलको बिषय र समावेशीता बारे बडापत्रलाई अगाडी बढायो । यसले हामी कसैलाई पनि मानवीय क्रियाकलापमा पछाडि नछोड्ने कुरा सुनिश्चित गर्न अझ व्यवस्थित अवधारणा अपनाउनु आवश्यक छ भन्ने कुरालाई मान्यता दियो । यी मापदण्डहरूले अभ्यासकर्ता तथा संस्थाहरूलाई ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा, सहयोग र संलग्न गराउन सकिने स्पष्ट क्रियाकलापहरू उपलब्ध गराउदछ र यी प्रतिबद्धताहरूलाई बोध गर्न हामी सबैलाई मद्दत गर्दछ । तिनीहरूले मानवीय कार्यक्रम चक्रको सबै चरणहरूमा विविध परिस्थितिमा सहभागिता र पहूँचमा आईपर्ने बाधाहरूलाई पहिचान गर्न र तिनलाई हटाउनमा मार्गदर्शन प्रदान गर्छन् ।

यी मापदण्डहरू सैद्धान्तिक निष्पक्षताका साथै सबैको आवश्यकताहरू पूरा गर्नका लागि क्रियाकलापहरूको प्रवर्द्धन र सुधार गर्ने दिशामा एउटा महत्वपूर्ण र स्वागत योग्य कदम हो । मलाई आशा छ कि तिनीहरू व्यापक रूपमा साझेदारी गर्न, लागू गर्न, तालिम दिन र पैरवी गर्न तथा तिनीहरूलाई पूर्णतःया मानवीय अभ्यासमा ल्याउन तपाईहरू हामीसँग जोडिनु हुनेछ ।

क्रिस्टाइन नुडसेन, कार्यकारी निर्देशक, स्फियर



# कृतज्ञता

उमेर तथा अपाङ्गता मञ्चको पहलमा उमेर तथा अपाङ्गता क्षमता कार्यक्रम (ADCAP) द्वारा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिता मापदण्ड विकास गरिएको थियो । यस मञ्चका सदस्यहरूमा CBM, DisasterReady.org, Handicap International, HelpAge International, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटी महासंघ (IFRC), Oxford Brooks University र RedR UK छन् ।

ADCAP ले Kenya Red Cross, CBM र Christian Aid in Kenya, Concern Worldwide, Islamic Relief र HelpAge International in Pakistan, Islamic Relief Worldwide / Christian Aid in the UK संग साझेदारी गरेको छ ।

संसोधित संस्करणको मस्यौदाको व्यवस्थापन Giulia David (CBM) and Kate Aykroyd (Handicap International), with support from Philip Hand and Irene van Horssen (HelpAge International), Ricardo Pla Cordero (Handicap International), Valérie Scherrer and Kirsty Smith (CBM) द्वारा गरिएको थियो

मस्यौदालाई पुनरावलोकन गर्ने र अमूल्य सुझाव प्रदान गर्ने सबैलाई हामी धन्यवाद दिन चाहन्छौं जुन निम्न लिखित छन् :

- प्रारम्भिक संस्करणको विकास र यसको संशोधनमा संलग्न उमेर तथा अपाङ्गता मञ्चका सदस्यहरू:

Irene van Horssen, Diana Hiscock, Philip Hand, Ivan Kent and Marcus Skinner (HelpAge International) Ù Kate Aykroyd and Ricardo Pla Cordero (Handicap International) ; Giulia David, Kirsty Smith, Valérie Scherrer, Laura Gore, Tushar Wali and Christian Modino Hok (CBM) ; Tina Tinde, Kaisa Laitila and Siobhán Foran (IFRC); Kate Denman and Isabelle Robinson (RedR UK); Supriya Akerkar (Oxford Brookes University).

- सम्पूर्ण संशोधन प्रक्रियालाई मार्गदर्शन गर्ने समीक्षा समूहका सदस्यहरू, जसले प्रारम्भिक संस्करणमा परिवर्तनहरूलाई प्राथमिकता दिनमा मद्दत गरे र संशोधित संस्करणमा सुझाव दिए: Aninia Nadig (Sphere) ; Emma Pearce (Women's Refugee Commission); Gergey Pasztor (International Rescue Committee); Georgia Dominik, Jose Viera and Emmanuel Jacq (International Disability Alliance) ; Kelly Fitzgerald) NGO Committee on Ageing, Geneva); Emily Beridico (COSE) Coalition of Services of the Elderly; Kirstin Lange (UNHCR); Maria Kett (Leonard Cheshire Disability and Inclusive Development Centre, UCL).

- संशोधित संस्करणको अध्यायहरूमा प्राविधिक सुझाव प्रदान गर्ने मुख्य क्षेत्रका विशेषज्ञहरू: Pauline Thivillier (Handicap International), Angela Rouse (CDAC Network), Mark Gorman (HelpAge International) and Silvia Perel Levin (Chair, Geneva NGO Committee on Ageing) M Key inclusion

standards; Emma Pearce (WRC), Boram Lee (WRC), Alice Hawkes (IRC), Gergey Pasztor (IRC), Protection; Mark Buttle (UNICEF) and Magda Rossmann (HelpAge International), WASHÙ Talal Waheed (HelpAge International), Isabelle Pelly (CaLP), Food security and livelihoods; Mina Mojtahedi (IFRC) and Juma Khudonazarov (HelpAge International), Nutrition; Corinne Treherne (IFRC) and Erika Trabucco (Handicap International), Shelter, settlements and household items; Eric Weerts (Handicap Internationa), Alessandra Aresu (Handicap International), Davide Olchini (Handicap International) and Juma Khudonazarov (HelpAge International), Health; Sian Tesni (CBM) and Julia McGeown (Handicap International), Education.

हामी एडक्याप (ADCAP)द्वारा सहयोग गरिएको समावेशिताका सल्लाहकारहरूको योगदानलाई स्वीकार गर्दछौं, जसले मापदण्डहरूको प्रारम्भिक संस्करणलाई प्रयोग गरे, बहुमूल्य पृष्ठपोषण प्रदान गरे र असल अभ्यासहरू र मामिला अध्ययनहरू साझा गरे, जसमध्ये अधिकांशलाई यस संस्करणमा समावेश गरिएको छ : Claire Grant, Sharon Jelagat Kibor, Ayisha Mohamed (Christian Aid); Sherin Alsheikh Ahmed and Farooq Masih (Islamic Relief); Anwar Sadat (HelpAge International); Michael Mwendwa (CBM); Lillian Matemu (Kenya Red Cross Society) and Shafqat Ullah (Concern Worldwide).

हामी विश्वभरबाट अपाङ्गता भएका व्यक्तिहरूको संगठन, ज्येष्ठ नागरिकहरूको संघ, र मानवीय संगठनहरूको प्रतिनिधित्व गर्ने ३०० भन्दा बढी मानिसहरूको योगदानलाई पनि स्वीकार गर्दछौं । यस संस्करणमा प्रारम्भिक संस्करणबारे तिनीहरूको प्रतिक्रिया एउटा महत्वपूर्ण योगदान थियो । तिनीहरूको संलग्नता र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई मानवीय कार्यमा समावेश गर्न गरेको निरन्तरको समर्पणलाई हामी वहाँ हरूलाई धन्यवाद दिन्छौं ।

# परिचय

विश्वव्यापी रूपमा लगभग १५ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको अपाङ्गतासँग बाँचिरहेका छन् । विश्वभर अनुमानित १३ प्रतिशत मानिसहरू ६० वर्ष माथिका छन् । ६० वर्ष नाघेका ४६ प्रतिशत भन्दा बढी व्यक्तिहरू अपाङ्गता भएका छन् ।

मानवीय सिद्धान्त अनुसार, मानवीय सहायता र संरक्षणलाई आवश्यकताको आधारमा बिना भेदभाव उपलब्ध गराउन आवश्यक हुन्छ । जानाजानी वा अञ्जानमा कसैलाई पनि मानवीय सेवाबाट वञ्चित गर्नु हुँदैन । यद्यपि, मानवीय सेवामा क्रियाशील निकायहरूमा यो प्रतिबद्धतालाई पूरा गर्ने क्षमता अझै पनि सीमित छ । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको मानवीय कार्यमा सहायता र सहभागिताको अधिकारलाई अस्वीकार गर्ने कार्यले अपाङ्गता, उमेर र लिङ्गमा आधारित भेदभावलाई प्रायः अन्य प्रकारका भेदभावका साथ समेट्छ ।

# मापदण्डहरूको उद्देश्य

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशीताका मापदण्डहरूलाई ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता, क्षमता र अधिकारको बुझाइमा भएको अन्तरलाई सम्बोधन गर्न र मानवीय कार्यमा उनीहरूको समावेशीतालाई प्रवर्द्धन गर्नका लागि तर्जूमा गरिएका छन् ।

तिनीहरू दुवै ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू प्रति मानवीय सहायतामा क्रियाशील निकायहरूको जवाफदेहितालाई सुदृढ पार्न र मानवीय सहायता कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताका लागि सहयोग पुऱ्याउनका लागि तर्जूमा गरिएका हुन् । विशेष गरी संगठनात्मक नीतिहरूलाई प्रभाव पार्न र अभ्यासलाई अझ समावेशी बनाउनका लागि यी मापदण्डहरूलाई कार्यक्रमको मार्गदर्शनको रूपमा र प्रशिक्षण र पैरवीका लागि स्रोतको रूपमा प्रयोग गर्न सकिन्छ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताका मापदण्डहरूमा नौ वटा मुख्य समावेशिताका मापदण्डहरू पर्दछन्, जसलाई गुणस्तर र जवाफदेहीता (CHS)को मूलभूत मानवीय मापदण्डका नौ प्रतिबद्धताहरू, र क्षेत्र-विशिष्ट समावेशिताका मापदण्डहरूको सात संग्रहः सुरक्षा; पानी, सरसफाइ र स्वच्छता; खाद्य सुरक्षा र जीविकोपार्जन; पोषण; आवास, बस्ती र घरपरिवारका सामाग्रीहरू; स्वास्थ्य; र शिक्षाबाट लिइएको हो ।

प्रत्येक अध्यायले मापदण्ड पूरा गर्न मुख्य क्रियाकलापहरू सहित मापदण्डहरूको एक संग्रह, क्रियाकलाप, औजार र स्रोतहरूलाई वितरणमा सहायता गर्न मार्गदर्शनका लागि टिपोटहरू कार्यहरू, र मानवीय प्रतिकार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी समावेश गरिएको छ भन्ने कुरा चित्रण गर्ने मामिला अध्ययनहरूलाई प्रस्तुत गर्दछ । कुनै-कुनै अवस्थामा मामिला अध्ययनले बाह्य स्रोतबाट विषय वस्तुको प्रयोग गर्छ वा सूचना उपलब्ध गराउने संस्थाले रुचाएको शब्दावली प्रयोग गर्छ ।

क्षेत्रगत समावेशिताका मापदण्डहरूलाई तीन वटा मुख्य समावेशिताका क्षेत्रहरू वरिपरि संरचित गरिएका छन्:

१. तथ्याङ्क र सूचना व्यवस्थापन

२. अवरोधहरूलाई सम्बोधन

३. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र उनीहरूको क्षमतालाई सुदृढिकरण ।

क्षेत्र-विशिष्ट समावेशिताका मापदण्डहरू मुख्य समावेशीताका मापदण्डहरूको संयोजनमा प्रयोग गर्ने अपेक्षा गरिएको छ ।

यी मापदण्डहरूको प्रयोजनका लागि 'समावेशिता'लाई ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा बिचार गरिन्छ यद्यपि, जोखिममा रहेका अन्य समूहहरू पनि पहिचान गरिएका छन् जसले पहूँच र सहभागिताको लागि हैसियत, उमेर, लिङ्ग, जात, वर्ण, प्रजाति, वर्ण, जातीयता, यौनिक अभिमुखीकरण, भाषा, धर्म, स्वास्थ्य स्थिति, राजनैतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति लगायतको आधारमा बाधा व्यवधान तथा भेदभावको सामना गर्दछन ।

## अन्तर्निहित सिद्धान्त र ढाँचाहरू

मानवीय समावेशिताका मापदण्डहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी लगायत अन्तर्राष्ट्रिय मानवीय कानून, मानव अधिकार सम्बन्धी कानून र महासन्धीहरूसंग परिपूरक छन ।

तिनीहरू यी आधारभूत सिद्धान्तहरूमा अन्तरर्निहित छन् :

- मानवता, निष्पक्षता, तटस्थता र स्वतन्त्रताका मानवीय सिद्धान्तहरू
- भेदभाव रहित
- पहूँच
- वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको जन्मसिद्ध प्रतिष्ठाको सम्मान
- सक्रिय र प्रभावकारी सहभागिता र अवसरहरूको समानता
- विविधताको सम्मान र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वीकार्यता
- विभिन्न लिङ्ग र उमेर समूहका मानिसहरू बीच समानता ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताका मापदण्डहरूले संरक्षणका सिद्धान्तहरूलाई सम्मिलित गर्दै मानवीय सहायतामा अर्थपूर्ण पहूँच, सुरक्षा र मर्यादा बढाउने प्रक्रियाको रूपमा विश्व संरक्षण समूहले परिभाषित गरेको संरक्षण मूलप्रवाहसंग पूरक छन् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताका मापदण्डहरू स्फियर मानवीय बडापत्र र मानवीय प्रतिकार्यमा न्यूनतम मापदण्डहरू, गुणस्तर र जवाफदेहीताको लागि मूलभूत मानवीय मापदण्ड (CHS) र अन्य स्फियरका

सहयोगी मापदण्डहरू (Sphere companion standards) को संयोजनमा प्रयोग गर्नका लागि तर्जुमा गरिएका छन् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताको मापदण्डहरूले ज्येष्ठ नागरिक तथा अपाङ्गता व्यक्तिहरूलाई मानवीय कार्यमा समावेश गर्न सबै प्रकारको अवरोध भएका मानिसहरूको दोबाटे अवधारणा (Twin–track approach*) लाई प्रवर्द्धन गर्दछ । यसमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गर्दै विशेष कार्यक्रमहरू प्रदान गर्दै, उनीहरूको सशक्तिकरणमा सहयोग गर्नुका साथै उमेर र अपाङ्गअपाङ्गता-संवेदनशील उपायहरूलाई नीति तथा कार्यक्रमका सबै चरणहरूमा एकीकृत गर्नुपर्छ ।

## मापदण्डहरूलाई कसरी विकसित गरियो

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताका मापदण्डहरूको विकास, उमेर र अपाङ्गता समावेशी मानवीय सहायतालाई प्रवर्द्धधन गर्न काम गरिरहेका सात निकायहरूको समूह, उमेर तथा अपाङ्गता मञ्चले गरेको थियो । त्यसलाई उमेर र अपाङ्गता क्षमता कार्यक्रम (ADCAP)को अंशको रूपमा विकसित गरिएको थियो । सन् २०१५ मा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिताको मापदण्डहरूको रूपमा प्रारम्भिक संस्करण प्रकाशित भएको थियो । त्यो प्रारम्भिक सस्करणले विद्यमान मार्गदर्शन तथा मापदण्डहरूको विस्तृत समिक्षा प्राप्त गर्यो । प्रारम्भिक संस्करणको समीक्षा सन् २०१७ मा गरिएको थियो । २६ देशका १३९ संगठनबाट ३०० भन्दा बढी प्राविधिक विशेषज्ञहरू, मानवीय अभ्यासकर्ताहरू र अपाङ्गता भएका व्यक्तिहरूको संगठन तथा ज्येष्ठ नागरिक हरूको संघहरूसँग परामर्श, सर्वेक्षण र अन्तरवार्ताहरूले यस संशोधित संस्करणका लागि पृष्ठपोषण र सिफारिस उपलब्ध गराए । यी मापदण्डहरू एउटा जीवन्त दस्तावेजको रूपमा रहन्छन् । त्यसलाई थप पृष्ठपोषण र सिफारिसका आधारमा समय समयमा संशोधन गरिनु पर्छ । मानवीय संगठनहरूको प्रतिकार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न तिनीहरूलाई सहयोग गर्ने प्रारम्भिक कदमको रूपमा यसलाई तर्जूमा गरिएको छ । समय बित्दै जाँदा, यी मापदण्डहरू कार्यान्वयन गर्ने मानवीय संगठनहरूको लागत र अनुभवको आधारमा सूचकहरूको विकास गरिनेछ ।

……………………………………………………………………………………………………………

*Applying a ***twin-track approach*** means **ensuring women, men, boys and girls with all types of impairments, being hearing or visual impairment, physical impairments or cognitive impairment**, as well as intellectual or learning disabilities have full access to relief operations and protection by removing barriers and facilitating access.



# समावेशिताका मुख्य मापदण्डहरू

# समावेशिताका मुख्य मापदण्डहरू

**१. पहिचान**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुसार सहभागीतामूलक, उपयुक्त र सान्दर्भिक मानवीय सहायता र संरक्षणमा पहूँच सुनिश्चित गर्नको लागि पहिचान गरिन्छ ।

**२. सुरक्षित र समतामूलक पहूँच**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको मानवीय सहयोगमा सुरक्षित र समतामुलक पहूँच छ ।

**३. उत्थानशीलता**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू बढी तयार र उत्थानशील छन् तथा मानवीय कार्यको कारण कम जोखिममा हुने हुनाले तिनीहरूलाई नकारात्मक असर पर्दैन ।

**४. ज्ञान र सहभागिता**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो अधिकार र हकहरू बारे थाहा छ र आफ्नो जीवनलाई प्रभावित गर्ने निर्णयहरूमा सहभागी हुन्छन ।

**५. पृष्ठपोषण र गुनासाहरू**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षित तथा प्रतिक्रियात्मक पृष्ठपोषण तथा गुनासाका संयन्त्रहरूमा पहूँच छ ।

**६. समन्वय**

मानवीय सहायतामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहूँच र सहभागिता समन्वय गरिएको र पूरक हुन्छन ।

**७. सिकाई**

संगठनहरूले अझ धेरै समावेशी सहायता उपलब्ध गराउन सिकाई सङ्कलन गरी लागू गर्दछन ।

**८. मानवीय स्रोतहरू**

कर्मचारी र स्वयंसेवकहरूसंग समावेशी मानवीय कार्यहरू कार्यान्वयन गर्न उपयुक्त सीप र मनोवृत्तिहरू छन् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग मानवीय संगठनहरूमा रोजगारी र स्वयंसेवा गर्ने समान अवसरहरू छन् ।

## ९. स्रोत व्यस्थापन

मानवीय संगठनहरूले समावेशीता प्रवर्द्धधन गर्नका लागि स्रोतहरूको व्यवस्थापन गरिरहेका छन् भनि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले आशा गर्न सक्छन् ।

## मुख्य समावेशिताको मापदण्ड १ : पहिचान

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार सहभागीतामूलक, उपयुक्त र सान्दर्भिक मानवीय सहायता र सुरक्षामा पहूँच सुनिश्चित गर्न उनीहरूको  पहिचान गरिन्छ ।

## मुख्य क्रियाकलापहरू

**१.१ सबै मानवीय सूचना व्यवस्थापन प्रणालीमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित जानकारी सङ्कलन, विश्लेषण र रिपोर्ट गर्नुहोस् ।**

**१.२ ज्येष्ठ नागरिकहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको मानवीय सहायतामा पहूँच र क्षमता तथा आवश्यकता पहिचान र अनुगमन गर्न तिनीहरूसंग सीधै संलग्न हुनुहोस् ।**

# मार्गदर्शनका लागि टिपोटहरू

## मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन

## १.१ सबै मानवीय सूचना व्यवस्थापन प्रणालीमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित जमनकारी सङ्कलन, विश्लेषण र रिपोर्ट गर्नुहोस् ।

### तथ्याङ्कको विद्यमान स्रोतहरू (Existing sources of data)

उपलब्ध भएमा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबारे जानकारी प्राप्त गर्न तथ्याङ्कको विद्यमान स्रोतहरूको प्रयोग गर्नुहोस् । सम्भावित स्रोतहरू :

- जनगणना, मन्त्रालयको डेटाबेस र अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ संस्थाहरू (OPAs)बाट आएको डेटाबेस जहाँ तिनीहरू राष्ट्रिय जनसंख्या तथ्याङ्कको लागि राखिएका हुन्छन् ।
- प्रभावित जनसंख्याको तथ्याङ्कका लागि लिंग, उमेर र अपाङ्गताद्वारा छुट्टयाइएको स्थिति विश्लेषण वा दूत आवश्यकता द्रुत लेखाजोखाहरू;
- पहूँच र सहभागिता, क्षमता र सामना गर्ने रणनीतिहरूमा जोखिम विश्लेषणको लागि अवरोधहरूको तथ्याङ्क;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताको तथ्याङ्कका लागि समूहहरूद्वारा छुट्याइएका आवश्यकताहरूको लेखाजोखा;
- ज्येष्ठ नागरिक व्यक्तिहरू (पुरुष र महिला) र विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूसँगको परामर्श ( महिला, पुरुष, केटी र केटाहरू); र
- विद्यालय भर्नाको तथ्याङ्कका लागि विद्यालय दर्ता किताब तथा सामाजिक सुरक्षा कार्यक्रमहरू, रोजगारी र ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक लाभ ।

याद गर्नुहोस्, तथ्याङ्कको विभिन्न स्रोतमा विभिन्न सङ्कलन विधिहरू प्रयोग गरिएको हुन सक्छ । यसले गर्दा ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्कमा भिन्नता हुन सक्छ । तथ्याङ्कहरू उपलब्ध नभएको खण्डमा अनुमान प्रयोग गर्नुहोस । विश्वभरि अनुमानित १५ प्रतिशत मानिसहरूमा  अपाङ्गता (१९.२ प्रतिशत महिलाहरू र १२ प्रतिशत पुरुषहरू) ४ छन । अनुमानित रूपमा  विश्वभरि १३ प्रतिशत मानिसहरू ६० वा सो भन्दा बढी उमेरका छन । ४६ प्रतिशत भन्दा बढि ज्येष्ठ नागरिक हरूमा (६० वा सो भन्दा बढी उमेरका) अपाङ्गता रहेको छ ।

### तथ्याङ्कतथ्याङ्क खण्डिकरण/ तथ्याङ्क छुट्याउने (Disaggretting data)

लिंग, उमेर र अपाङ्गताले छुट्याएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्दा तपाईंले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्न, उनीहरूको क्षमता र आवश्यकताको लेखाजोखा गर्नका साथै तिनीहरूले सामना गर्ने जोखिमहरूबारे पत्ता लगाउन सक्नु हुनेछ ।

प्रगति र परिवर्तनलाई मापन गर्न सूचकहरूको विकास गर्दा, कसरि ज्येष्ठ नागरिकहरू (महिला र पुरुष) र अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटी र केटा) को आवश्यकता, अवरोधहरू र सहभागितालाई सम्बोधन गरिन्छ भनेर देखाउन तिनीहरूलाई निर्माण गर्नुहोस् ।

एकरूपताको लागि कार्यक्रम चक्रको सबै चरणहरूमा एउटै प्रश्न र सूचकहरू प्रयोग गर्नुहोस् ।

उमेर अनुसार तथ्याङ्क छुट्याउन सिफारिस गरिएको समान उमेर समूहहरूको (cohorts) र अपाङ्गता अनुसार तथ्याङ्क छुट्याउन वाशिंगटन समूह प्रश्नहरू (**औजार र स्रोतहरू हेर्नुहोस**) प्रयोग गर्नुहोस् :

- उमेरको तथ्याङ्कको लागि राष्ट्रिय तथ्याङ्क सङ्कलन प्रणालीमा जस्तै समान उमेर समुहहरूलाई प्रयोग गर्नुहोस् । यदि राष्ट्रिय उमेर समूह छैन भने निम्न सुझाव दिइन्छः ०-५, ६-१२, १३-१७, १८-२९, ३०-३९, ४०-४९, ५०-५९, ६०-६९, ७०-७९ र ८०+ ।

- अपाङ्गता सम्बन्धी तथ्याङ्कको लागि वाशिङ्टन समूह प्रश्नहरूको छोटो संग्रहलाई प्रयोग गर्नुहोस् । यिनीहरू उत्तरदातालाई कुनै खास क्रियाकलाप (हिँड्ने, देख्ने, सुन्ने, पहिचान गर्ने, आफ्नो हेरचाह आफैले गर्ने र सञ्चार) गर्न कुनै गाह्रो छ कि छैन भनी पत्ता लगाउन छ वटा प्रश्नहरू हुन् । प्रत्येक प्रश्नमा कम्तिमा एउटा प्रश्नको लागि चारवटा उत्तर श्रेणीहरू जस्तै (होइन - कुनै कठिनाइ छैन, हो - केही कठिनाइ, हो - धेरै कठिनाइ वा कुनै पनि हालतमा गर्न सक्दिन) । यदि कसैले जवाफ दिन्छ “हो - धेरै कठिनाइ“ वा “कुनै पनि हालतमा गर्न सक्दिन“ भन्छन् भने यसलाई तथ्याङ्कलाई छुट्याउने उद्देश्यको लागि अपाङ्गता भएको व्यक्तिको वर्गीकरणको लागि एउटा अन्तिम बिन्दु (Cut–off point) मान्नु पर्छ ।

वासिङ्टन समूह प्रश्नहरूको अपाङ्गताको वर्गीकरणका लागि शब्दको क्रम, प्रतिक्रियाको श्रेणीहरू, वा अन्तिम बिन्दूहरूलाई परिवर्तन नगर्नुहोस् ।

२ देखि १७ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि वाशिङ्टन समूह/युनिसेफ बाल कार्य सञ्चालन प्रश्न संग्रहको प्रयोग गर्नुहोस्, जुन बाल विकासप्रति बढी संवेदनशील छ (**हेर्नुहोस् औजार र स्रोतहरू**)।

नबिर्सनुहोसः तथ्याङ्कलाई मात्र छुट्ट्याएर तपाईंलाई ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले समावेशिता र सहभागितामा सामना गर्न सक्ने बाधाहरू पहिचान गर्नमा मदत गर्दैनन । न त तथ्याङ्क खण्डिकरणले मात्र तपाईंलाई सहायता पाउनलाई कसैको योग्यताको निर्धारण गर्न दिन्छ । तथापि, यसले तपाईंलाई अवरोधहरूको

सामना गर्न सक्ने मानिसहरूको समूहको पहिचान गर्न र यी अवरोधहरू कहाँ हुन सक्छन् भनी बताउनमा मदत गर्दछ ।

### अवरोध र सक्षम पार्नेहरूको आंकडा (Data on barriers and enablers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सेवाहरूमा पहूँचलाई कुन तत्वले रोक्न सक्छ (शब्द-सूचीमा 'बाधक' हेर्नुहोस) र कुन कारकले तिनीहरूको पहूँचलाई (**शब्द-सूचीमा 'सक्षम पार्ने' हेर्नुहोस**) सक्षम गर्छ भन्ने बारेमा जानकारी सङ्कलन गर्नुहोस् । यी जानकारीहरू सिधै वृद्ध बृद्धाहरू तथा सबै उमेरका अपाङ्गता भएका व्यक्तिहरूबाट सङ्कलन गर्नुहोस ।

सेवा र सुविधाहरूमा पहूँचको (**हेर्नुहोस् औजार र स्रोतहरू**) अवरोधहरूलाई पहिचान गर्न पहूँच गर्न सकिने अवस्थाको लेखा परीक्षण गर्नुहोस् । यसले परियोजना व्यवस्थापक, सेवा प्रदायक, अन्य व्यवसायिक र प्रयोगकर्ताहरूलाई सेवा वा सुविधालाई थप सुलभ कसरी बनाउने भन्नेमा मार्गदर्शन गर्दछ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र क्षमताको सम्बोधन गर्ने काम जारी छ भन्ने सुनिश्चित गर्न नियमित रूपमा तपाईंको पहूँच गर्न सकिने अवस्थाको लेखा परीक्षण निष्कर्षको पुनरावलोकन गर्नुहोस् ।

शारीरिक, दृष्टि, संवेदी, बौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको जानकारीमा पहूँच, सुविधाको प्रयोग, र स्वतन्त्र आवागमनमा बाधा पुऱ्याउने अवरोधहरूमा विशेष ध्यान दिनुहोस् ।

संगठनात्मक अवरोधहरूलाई ध्यान दिनुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र समावेशिताको लागि कर्मचारी र स्वयंसेवकहरूको सीप र मनोवृत्तिको लेखाजोखा गर्नुहोस् । उदाहरणका लागि, ज्ञान, मनोवृत्ति र अभ्यासको (KAP) लेखाजोखा गर्नुहोस् ।

लेखाजोखामा, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिले मानवीय कार्यमा लगाउन सक्ने सीप, क्षमता र योगदानलाई पहिचान गर्ने प्रश्नहरू समावेश गर्नुहोस् ।

### समावेशी तथ्याङ्क सङ्कलन (Inclusive data collection)

तथ्याङ्क सङ्कलन प्रक्रिया आफैमा समावेशी भएको सुनिस्चित गर्नुहोस । उदाहरणको लागिः

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग कुराकानी कसरी गर्ने र लिंग, उमेर र अपाङ्गताद्वारा तथ्याङ्कलाई कसरी छुट्याउने भन्ने विषयमा तथ्याङ्क सङ्कलनका लागि जिम्मेवार कर्मचारीहरूलाई प्रशिक्षण दिनुहोस् (*तथ्याङ्क छुट्याउने सम्बन्धमा माथिको मार्गदर्शनका लागि टिपोटहरूमा हेर्नुहोस*);

- तथ्याङ्क सङ्कलन गर्नमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् (ज्येष्ठ नागरिक *र अपाङ्गता भएका व्यक्तिहरूको संलग्नता बारे मार्गदर्शनका लागि टिपोटहरूमा तल हेर्नुहोस्)*।

सेवा, हिंसा र दुर्व्यवहारबाट बहिष्कृत हुने बढी जोखिममा हुन सक्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्न र दर्ता गर्ने रणनीतिहरू (जस्तै, घरदैलो कार्यक्रम)को विकास गर्नुहोस् ।

आफ्नो घरमा एक्लो वा व्यक्तिगत रूपमा भेट्न चाहने व्यक्तिहरूबाट जानकारी सङ्कलन गर्न व्यक्तिगत अन्तरवार्ता र गृह भ्रमणका क्रियाकलापहरू सञ्चालन गर्नुहोस् ।

### तथ्याङ्क विश्लेषण (Data analysis)

स्वास्थ्य वा पोषण स्थिति, सेवामा पहूँच, वा मानवीय प्रतिकार्यमा सहभागिता, लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याइएको क्षेत्रहरूको तथ्याङ्क विश्लेषण गर्नुहोस् । उदाहरणका लागि, लिंग, उमेर र अपाङ्गताले गर्दा प्रभावित समुदायको पोषण स्थितिको तथ्याङ्कले तपाईंलाई कुनै खास समयावधिमा पोषण स्थिति परिवर्तन भएका ज्येष्ठ नागरिक हरूको (महिला तथा पुरुषहरू) र अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटी र केटाहरू)को प्रतिशतलाई देखाउनेछ ।

जानकारीको पूरक स्रोतहरूलाई प्रयोग गर्नुहोस्, उदाहरणका लागि, पहूँच गर्न सकिने अवस्थाको लेखापरीक्षण वा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्थिति बुझ्न लक्षित समूहमा छलफल ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सेवाहरूमा पहूँच प्राप्ति वा सहभागी हँदा सामना गर्न सक्ने अवरोधहरूलाई सम्बोधन गर्न यो तथ्याङ्कको प्रयोग गर्नुहोस् (*मुख्य समावेशिता मापदण्ड २, मार्गदर्शनका लागि टिपोटहरूमा अवरोधहरूलाई सम्बोधन हेर्नुहोस्,)*

### तथ्याङ्क अनुगमन र साझेदारी (Data monitoring and sharing)

तपाईंको कार्यक्रमले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी समावेश गरिरहेको छ भन्ने बारे नियमित रूपमा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नुहोस् । यदि तपाईंले आफ्नो विश्लेषणलाई सञ्चालन गर्दा अन्तरहरू जस्तै, अवरोध वा छुट्याइएको तथ्याङ्कको अभावलाई पहिचान गर्नुभयो भने, लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याइएको अतिरिक्त तथ्याङ्कलाई सङ्कलन गर्नुहोस् ।

साथै, तपाईंको संगठन भित्र तथ्याङ्कको प्रयोग गर्दै, यसलाई समन्वयकृत तथ्याङ्क सङ्कलन प्रणालीहरूसँग साझेदारी गर्नुहोस्, जस्तै मानवीय आवश्यकता अवलोकन, रणनीतिक प्रतिकार्य योजना, र समन्वयकृत अनुगमन प्रणाली, मानवीय तथ्याङ्क आदान प्रदान, वा ALERT आपतकालीन पूर्वतयारी मञ्च ।

साथै, अन्य मानवीय निकायहरूसित सिकाईहरू, चुनौतीहरू र अपूरा आवश्यकताहरू लगायत लेखाजोखा तथा अनुगमन प्रतिवेदनहरूबाट प्राप्त तथ्याङ्कहरूलाई साझा गर्नुहोस् ।

यसले संकट प्रभावित समुदायको आवश्यकता तथा क्षमता र तिनीहरूले सामना गर्ने अवरोधहरूलाई समेटेको छ र तिनीहरूले यसलाई कसरी प्रयोग गर्ने भन्ने कुरा बुझेको सुनिश्चित गर्न उनीहरूसँग तथ्याङ्क साझा गर्नुहोस् ।

सम्झनुहोसः तथ्याङ्क साझेदारी गर्नुभन्दा पहिले, गोप्यनियता सुरक्षित गर्न तथ्याङ्क साझेदारीको सन्धिपत्रहरू (protocols)को पालना गर्नुहोस् ।

## १.२ ज्येष्ठ नागरिकहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको मानवीय सहायतामा पहूँच र क्षमता तथा आवश्यकता पहिचान र अनुगमन गर्न तिनीहरूसंग सीधै संलग्न हुनुहोस् ।

### ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई संलग्न गर्नुहोस

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उचित, सुलभ र सांस्कृतिक रूपमा उपयुक्त तथ्याङ्क सङ्कलन र अनुगमन प्रणालीहरूको विकास गर्नमा संलग्न गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई यस्ता क्रियाकलापहरूमा सहभागिता गर्नबाट रोक्न केहि अवरोधहरू हुन सक्छन् । उदाहरणका लागि, परामर्श स्थलमा पहूँच नहुन सक्छ अथवा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको घरधुरी लेखाजोखाहरू गर्न सक्ने क्षमतालाई बेवास्ता गर्न सकिने हुन्छ ।

यसमा संलग्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समूहमा भएको विविधतालाई सहायता गर्नुहोस् । उदाहरणका लागि, विभिन्न उमेरका महिला तथा पुरुषहरूलाई समावेश गर्नुहोस् र विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई संलग्न गर्नुहोस् र तिनीहरूको अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस् । लेखाजोखा वा परामर्श कसरी बढी पहूँच योग्य हुनसक्छ भनी पहिचान गर्नलाई स-साना समूहसंग प्रारम्भिक बैठकहरू मिलाउनमा ध्यान दिनुहोस् ।

लेखाजोखा र परामर्शको दौरान ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग सीधै कुराकानी गर्नुहोस् । उदाहरणको लागि, सोध्नुहोस;

- तिनीहरूले जे देख्छन् त्यो पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभमा योगदान गर्ने मुख्य चुनौती तथा अवसरहरू हुन;
- तिनीहरूसंग कस्ता क्षमताहरू छन् र तिनीहरूले त्यसलाई कसरि प्रयोग गर्न चाहन्छन;
- विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटीहरू र केटाहरू) र विभिन्न उमेरका (महिला र पुरुष) का विविध आवश्यकताहरू कसरी पूरा गर्ने, जस्तैः संवेदी अपाङ्गता भएका व्यक्तिहरूसँग कसरी कुराकानी गर्ने; र,
- तिनीहरूले कुन सेवा र सुविधाहरू प्रयोग गर्छन्, र त्यसमा पहूँच गर्दा तिनीहरूले कस्ता अवरोध र सक्षमताहरूको सामना गर्छन् (तल बक्स २ '**समावेश गर्न बाधाहरू'** हेर्नुहोस)।

## समुदायमा आधारित संगठनहरूको संलग्नता

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रतिनिधित्व र सेवा प्रदान गर्ने संकट प्रभावित क्षेत्रमा भएका संगठनहरूको नक्सांकन गर्नुहोस । यसले समुदायमा आधारित संगठन, अपाङ्गता भएका व्यक्तिहरूको संगठन ( DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) समावेश हुन सक्छन् (तल Box १ ***'संगठनहरूको नक्सांकन'*** *हेर्नुहोस*)।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र क्षमताहरूको तथ्याङ्क सङ्कलन गर्नमा यी संगठनहरूलाई संलग्न गर्नुहोस् । उदाहरणका लागि, तिनीहरूलाई लक्षित समूह छलफलहरू, तथ्याङ्क सङ्कलन टोलीमा वा आवश्यकता लेखाजोखामा स्वयंसेवकको रूपमा संलग्न गर्नुहोस् ।

# औजार तथा स्रोतहरू ( Tools and Resources)

#### तथ्याङ्क सङ्कलन

### अपाङ्गता भएका व्यक्तिहरू (People with disabilities)

Washington Group on Disability Statistics, *The Washington Group Short Set of Questions on Disability,* http://bit.ly/2daMyJb (15 December 2017)
UNICEF and Washington Group on Disability Statistics, *Child Functioning Question Sets*, http://bit.ly/2hDVZOR (15 December 2017)

### ज्येष्ठ नागरिकहरू (Older people)

HelpAge International, Valid International, and Brixton Health, *RAM-OP: Rapid Assessment Method for Older People, http://bit.ly/1ljkF0z* (15 December 2017)

### लिंगद्वारा छुट्टयाउने कार्य (Sex disagretion)

Inter-Agency Standing Committee, *Women, Girls, Boys and Men: Different needs – equal opportunities, Gender Handbook in Humanitarian Action,* IASC, 2006, http://bit.ly/2keX9o2

### पहूँच गर्न सकिने अवस्थाको परीक्षण (Accessibility Audit)

Handicap International Technical Resources Division, *Practical Guide: Conduct an accessibility audit in low- and middle-income countries,* Lyon, Handicap International, 2014, http://bit.ly/2ad0V9y

### अवरोधहरूका प्रकारहरू (Types of barriers)

CBM, *Inclusive Project Cycle Management Trainers' Manual: Stage 1/Handout 2, Inclusion and Barriers to Inclusion,* CBM, http://bit.ly/2BsbnsO

**बाकस १**

# संगठनहरूको नक्शाङ्कननक्शाङ्कन (Mapping organizations)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरणमा सहयोग गर्न र उनीहरूको अधिकारको पक्षमा पैरवी गर्न साधारणतया अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) हरू गठन गरिन्छ । यस्ता समूहहरू संकटमा परेका सबै समुदायहरूमा नहुन सक्छन् । यस अवस्थामा, समावेशी हुनका लागि उनीहरूलाई सहयोग गर्न अन्य समुदायमा आधारित संगठनहरूसँग साझेदारी गर्नुहोस् । जहाँ अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) विद्यमान छन्, उनीहरूसँग मानवीय कार्यमा कुनै विशेषज्ञता नहुन सक्छ । यस्तो अवस्थामा तिनीहरूको क्षमतालाई सुदिृढ गर्न तपाईं तिनीहरूसित मिलेर काम गर्न सक्नुहुन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs) वा अन्य प्रतिनिधि समूहको नक्साङ्कन गर्दाः

- मानवीय कार्यका लागि तिनीहरूको प्राथमिकता, उनीहरूको शक्ति, क्षमता र सुदृढिकरण गर्नु पर्ने क्षेत्रहरूको पहिचान गर्नुहोस;
- समुदायमा तिनीहरूलाई उनीहरूको भूमिकाको बारेमा सोध्नुहोस;
- उनीहरूलाई तिनीहरूले कसको प्रतिनिधित्व गर्छन्, संकट प्रभावित जनसंख्याबाट कसरी जानकारी सङ्कलन गर्छन् र तिनीहरूले आफ्नो काममा लैंगिक समानता र विविधतालाई कसरी प्रवर्द्धन गर्छन् भनेर सोध्नुहोस; र
- विभिन्न प्रकारका अपाङ्गता, सबै लिङ्ग, सबै उमेर, र विभिन्न जोखिममा परेका समूहहरू, जस्तै शरणार्थी, आप्रवासी वा अल्पसंख्यक जातीय समूहका मानिसहरूको प्रतिनिधित्व गर्ने संगठनहरूको खोजी गर्नुहोस् । मनोसामाजिक वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, अपाङ्गता भएका महिला वा अपाङ्गता भएका ज्येष्ठ नागरिक जस्ता निश्चित समूहहरूलाई केहि ठाउँहरूमा कुनै पनि संगठनले प्रतिनिधित्व गर्न सक्दैन । यस्तो अवस्थामा तपाईंले समूहहरूको सट्टामा व्यक्ति विशेषलाई पहिचान गर्नु पर्ने हुन सक्छ ।

नबिर्सनुहोस्, यस्ता नक्सांकन अभ्यासमा स्थानीय अधिकारीहरूलाई संलग्न गर्नुहोस् । यसले उनीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) हरूसँगको आफ्नो सम्बन्धलाई सुदृढ पार्ने अवसर दिन सक्छ ।

बाकस २

# समावेशिताका अवरोधहरू (Barriers to inclusion)

समावेशिताका अवरोधहरू यी हुन सक्छन

- **मनोवृत्तिगत (Attitudenal)**: एकातिर नकारात्मक मनोवृत्ति र भेदभाव वा अर्को तिर अति-संरक्षण, यो अपाङ्गता वा वृद्धावस्थाको गलत धारणाको कारणले गर्दा हुन सक्छ । उदाहरणका लागि, समुदायका मानिसहरूले ज्येष्ठ नागरिक वा अपाङ्गता भएको व्यक्ति प्रतिकार्यमा सहभागी हुन सक्दैन भन्ने विश्वास गर्न सक्छन् । अभिभावकहरूले अपाङ्गता भएको बच्चालाई घरमा लुकाउन सक्छन किनभने तिनीहरू अपाङ्गता हुनु भनेको लाजमर्दो कुरा हो भन्ने सोचाइ राख्छन् । अपाङ्गता, उमेर र लिङ्ग जस्ता कारकहरू अलग्गै हुँदैननः तिनीहरू बीचको अन्तर-प्रतिच्छेदन (Intersection) ले विभिन्न प्रकारका भेदभावहरू सृजना गर्न सक्छ ।
- **वातावरणीय (Environmental)**: अवरोधहरू भित्र निर्माण गरिएको वातावरणमा पहूँच प्राप्त गर्न भौतिक अवरोधहरू र सूचना तथा सञ्चारमा अवरोधहरू समावेश हुन्छन् । उदाहरणका लागि, विभिन्न ढाँचाहरूको सट्टा मानवीय सेवाहरूबारे जानकारी प्रदान गर्न एउटा ढाँचा, जस्तैः स्पर्शीय सांकेतिक भाषा, सांकेतिक भाषा, श्रव्य वा छविहरू, मात्र प्रयोग गरिएको छ भने यो एउटा अवरोध हुन सक्छ । सूचना अवरोधहरू भौतिक अवरोधहरू भन्दा कम देखिने हुन सक्छन्, तर तिनीहरूलाई पहिचान गर्न महत्वपूर्ण हुन्छ, किनकि तिनीहरूले मानिसहरूको ठूलो समूहलाई छोड्न सक्छन् ।
- **संस्थागत (Institutional)** : कानून, नीति तथा प्रक्रियाहरू (मानवीय संगठनहरूको समेत) कुनै निश्चित समूह विरुद्ध लक्षित वा अन्जानमा भेदभाव गर्ने खालको हुन सक्छ । यी अवरोधहरूले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगार, राजनैतिक सहभागिता, शिक्षा वा सामाजिक सेवाजस्ता जीवनका थुप्रै क्षेत्रहरूबाट अलग गर्न सक्छ ।

**मामिला अध्ययन (Case study)**

## वाशिङ्टन समूह प्रश्नहरूको प्रयोग गरी अपाङ्गता सम्बन्धी तथ्याङ्क सङ्कलन

हेन्डीक्याप इन्टरनेशनलले 'मानवीय कार्यमा अपाङ्गता तथ्याङ्क' नामक परियोजनाको नेतृत्व गऱ्यो, जसलाई मानवीय कार्यमा वासिङ्टन समूह प्रश्नहरूको प्रयोगको परीक्षण र लेखाजोखा गर्न तर्जुमा गरिएको थियो । यस परियोजना मार्फत, हेन्डीक्याप इन्टरनेशनलले विभिन्न परिवेश र क्षेत्रमा काम गर्ने विभिन्न साझेदारहरूसँग सहकार्य गऱ्यो र प्रशिक्षण सामाग्रीहरू सिर्जना गरिरहेको छ ।

यस परियोजनाले अपाङ्गताहरू भएका व्यक्तिहरूबारे तथ्याङ्क सङ्कलन गर्दा मानिसहरूले सामना गर्ने थुप्रै चुनौतीहरूको पहिचान गऱ्यो । उदाहरणका लागि, तथ्याङ्क सङ्कलन गर्ने मानिसहरूले प्रायः अपाङ्गतालाई चिकित्सकीय दृष्टिकोणले अशक्तता वा चिकित्सकीय अवस्था माथी केन्द्रित हुदै हेर्छन् । तिनीहरूले पत्ता लगाए अनुसार धेरैजसो अवस्थामा संगठनहरूले प्रयोग गर्ने विद्यमान तथ्याङ्क व्यवस्थापन सूचना प्रणालीहरू वाशिङ्टन समूह प्रश्नहरूसँग मिलाइएको नहुन सक्छ, जसले गर्दा तिनीहरूलाई अनुकूलन गर्न जटिल हुन्छ ।

यस परियोजनाको भागको रूपमा, हेन्डीक्याप इन्टरनेशनलले विद्यमान तथ्याङ्क सङ्कलनका औजार र प्रणालीहरू अनुकूलन गर्न साझेदारहरूसँग काम गऱ्यो । तिनीहरूले तथ्याङ्क सङ्कलनकर्ताहरूलाई, अपाङ्गता सम्बन्धी तथ्याङ्क कसरी सङ्कलन गर्ने र वासिङ्टन समूह प्रश्नहरूलाई कसरी प्रयोग गर्ने भन्ने कुरा प्रदर्शन गर्न प्रशिक्षण पनि प्रदान गरे । सहभागीहरूको बुझाईलाई सबल पार्न र तिनीहरूलाई आफ्नो सीपको अभ्यास गर्न मदत गर्न तिनीहरूले प्रशिक्षणको भागको रूपमा स्थलगत परीक्षण र कृत्रिम अन्तरवार्ताहरूको अवसर प्रदान गरे । तथ्याङ्क सङ्कलनमा रहेका अवरोध सम्बोधन भएपछि, कार्यक्रमबारे जानकारी गराउन सहयोग पुग्ने जानकारी परियोजनाबाट आउन थाल्यो । उदाहरणका लागि, शरणार्थी शिविरमा दर्ता हुने ठाउँमा वाशिङ्टन समूह प्रश्नहरू प्रयोग गरेर तथ्याङ्क सङ्कलन गर्दा अपाङ्गता भएका शरणार्थीहरू शिविरहरूमा पुगिरहेका छन् कि छैनन् भनी सङ्केत गर्नमा मदत गऱ्यो । यस परियोजनाको नतिजाले वासिङ्टन समूह प्रश्नहरूको प्रयोग गर्दा विद्यमान तथ्याङ्क सङ्कलनका विधिहरू प्रयोग गरिएको भन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरू पत्ता लागेका थिए भन्ने कुरा देखायो । उदाहरणका लागि, ९८ वटा दर्ता भएका अन्तरवार्तामा वासिङ्टन समूह प्रश्नहरूको पाइलटिंग गर्दा युएनएचसिआर (UNHCR) ले प्रतिवेदन दिए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, २.३६ प्रतिशतबाट बढेर दस गुणा बढी २७.५५ प्रतिशत भयो । यस्ता तथ्याङ्कहरू कार्यक्रम समावेशी छन् कि छैनन् र समावेश गर्नलाई कुनै अवरोधको विश्लेषणद्वारा पूरकता दिन सकिन्छ कि सकिँदैन भनेर लेखाजोखा गर्नमा प्रयोग गर्न सकिन्छ ।

स्रोतः हेन्डीक्याप इन्टरनेशनल

## मुख्य समावेशिताका मापदण्ड २ :

### सुरक्षित र समतामूलक पहूँच

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको मानवीय सहायतामा सुरक्षित र उचित पहूँच उपलव्ध छ ।

### मुख्य क्रियाकलापहरू

**२.१ : सेवामा सहभागिता र पहूँचलाई प्रभावित गर्ने अवरोधहरूलाई सम्बोधन गर्नुहोस् ।**

**२.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी हुन र सेवा पाउन सक्षम बनाउने कारकहरूलाई सुदृढ पार्नुहोस ।**

## मार्ग-दर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१: सेवामा सहभागिता र पहूँचलाई प्रभावित गर्ने अवरोधहरूलाई सम्बोधन गर्नुहोस् ।**

**मनोवृतिगत अवरोधहरू (Attitudinal barriers)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा समुदाय र अगुवाहरू लगायत सामुदायिक श्रमिक र हेरचाह गर्ने व्यक्तिहरूलाई सचेत गराउनु होस् । भेदभावलाई कसरी रोकथाम गर्ने भन्ने बारेमा साझेदारहरू, सेवा प्रदायक, नीति निर्माता, समन्वय गर्ने र कार्यान्वयन गर्ने निकायहरू लगायतका संस्थाहरूलाई सचेत गराउनु होस् ।

**वातावरणीय अवरोधहरू (Environmental barriers)**

**भौतिक अवरोधहरू (Physical barriers):**

सुविधाहरू र वितरण प्रणाली यस्तो किसिमले तर्जुमा गर्नुहोस कि उमेर वा अपाङ्गता भएका लगायत ती सबैका लागि पहूँच योग्य होउन ।[5], (पहूँचता भनेको के हो ? तल बाकस ३ हेर्नुहोस) ।

उपलब्ध भएमा, राष्ट्रिय स्तरको पहूँच योग्य मापदण्डहरूलाई लागू गर्नुहोस् । मन्त्रालयहरू जस्ता राष्ट्रिय निकायहरू, र/वा सम्भावित अन्तर र समाधानहरू पहिचान गर्ने विशेषज्ञहरूसँग काम गर्नुहोस । यदि कुनै राष्ट्रिय मापदण्ड उपलब्ध छैन भने, सर्वमान्यताको लागि अन्तर्राष्ट्रिय संगठनबाट निर्मित वातावरणमा मापदण्डहरू जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूको सन्दर्भ लिनुहोस् (**औजार र स्रोतहरू** हेर्नुहोस) ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा उपलब्ध गराउन यदि आवश्यक भएमा, व्यक्तिगत आधारमा हुने सेवा, क्रियाकलाप र कार्यक्रम परिमार्जन र समायोजन गर्नुहोस् । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको धारा २ (CRPD)मा यसलाई 'उचित आवास' भनिन्छ (शब्द सूची **'उचित आवास'** हेर्नुहोस) । उदाहरणका लागि, तपाईलें बैठकहरूको आयोजना गर्दा सार्वजनिक यातायात प्रयोग गर्न वा लामो दूरी हिँड्न बाधा पर्ने व्यक्तिहरूलाई यातायात भत्ता प्रदान गर्नुहोस् ।

सबैसँग समान आधारमा सेवाहरूको वितरण र तर्जुमा गर्नमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्नुहोस् ।

**जानकारीका अवरोधहरू (Information barriers):** सबैको पहूँच हुने गरी विभिन्न तरिका र संचार मध्यमहरूको विविध तह मार्फत जानकारी उपलब्ध गराउनुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले तपाईंलाई उनीहरूसँग कुराकानी गर्न कसरी रुचाउँछन् भन्ने बारेमा तिनीहरू र तिनका प्रतिनिधि संगठनहरूसंग परामर्श गर्नुहोस् ।

आवश्यकताको आधारमा, जस्तैः विश्वव्यापी वा स्थानीय साङ्केतिक भाषाको व्याख्या, प्रत्यक्ष क्याप्सनिङ, पढ्न सजिलो हुने तरिका (छविहरूसँग संयोजित सरल अक्षर), वा ब्रेल (यदि प्रयोगकर्ताले यसलाई प्रयोग गर्दछ भने), सरल भाषा र विभिन्न प्रकारका तरिकाहरू प्रयोग गर्नुहोस् । लेखिएको जानकारी सजिलै पढ्न योग्य छ कि छैन भनेर सुनिस्चित गर्नुहोस्, उदाहरणको लागि, ठूलो अक्षर र रङ वैपरित्य (contrast) लाई प्रयोग गरेर ।

**संस्थागत अवरोधहरू (Institutional barriers)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्मानलाई संगठनात्मक नीति तथा आचार संहिताहरूमा एकीकृत गर्नुहोस् । लिंग, उमेर र अपाङ्गता सम्बन्धी तथ्याङ्क छुट्याउन दिने तथ्याङ्क सङ्कलनका औजारहरू तर्जुमा वा अनुकूलन गर्नुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको बारेमा कर्मचारीहरूलाई सचेत गराउनुहोस् ।

**अवरोधहरूलाई सम्बोधन गर्न बजेट विनियोजन (Budgeting to address barriers )**

तपाईंको बजेटमा पहूँचका लागि समर्पित स्रोतहरू समावेश गर्नुहोस् । भौतिक पहूँचको लागि, कम्तीमा पनि थप ०.५-१ प्रतिशत बजेट बनाउनमा ध्यान दिनुहोस् । गैर-खाद्य वस्तु तथा सहयोगी उपकरणहरूका लागि कम्तीमा पनि थप ३-४ प्रतिशत बजेट बनाउने तर्फ ध्यान दिनुहोस् ।

**क्रियाकलापहरूको अनुगमन (Monitoring actions)**

अवरोधहरू समाधान गर्नलाई आफ्नो क्रियाकलापहरूको अनुगमनको दौरान ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट यी कार्यहरू कत्तिको प्रभावकारी भएका छन् र कसरी सुधार गर्न सकिन्छ भन्ने बारेमा पृष्ठपोषण सङ्कलन गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी हुन र सेवा पाउन सक्षम बनाउने कारकहरूलाई सुदृढ पार्नुहोस् ।**

पहूँच र सहभागी हुन सक्षम पार्न सक्ने भनेर चिनाइएका तत्वहरूलाई सुदृढ पार्नुहोस् । तिनीहरूले यी निम्न कुराहरूलाई समावेश गर्न सक्छन; समुदायमा आधारित संयन्त्रहरू, जस्तै सामुदायिक सहयोग सञ्जाल, समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ ( OPAs) (शब्द-सूचीमा **'समुदायमा आधारित पुनर्स्थापना'** हेर्नुहोस);

- आवास पुनर्निर्माण वा स्वास्थ्य जस्ता विभिन्न क्षेत्रमा उनीहरूको पहिलेको अनुभवको आधारमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमताले आफ्नो समुदायलाई संकटमा प्रतिकार्य गर्न सहयोग पुऱ्याउने;
- पहूँच सम्बन्धी नीतिहरू वा ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक लाभको विषयमा राष्ट्रिय नीति तथा कार्यक्रम;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो रोजाइको व्यक्तिसँगै रहन दिने उपायहरू, यदि तिनीहरूलाई यस प्रकारको सहयोगको आवश्यकता पर्दछ भने त्यो व्यक्ति परिवारको सदस्य, हेरचाह गर्ने व्यक्ति वा निजी सहायक हुन सक्छ;
- सम्बन्धित सेवाहरूमा थप सेवाहरूका लागि सिफारिस गर्ने प्रणालीहरू, यी सेवाहरूको बारेमा जानकारी पहूँच योग्य छ भन्ने निश्चित गर्ने; र
- पहूँच योग्य सञ्चार प्रणाली, जस्तै सामुदायिक घरदैलो कार्यकर्ता, सामुदायिक परिषद वा स्थानीय रेडियो ।

## औजार तथा स्रोतहरू ( Tools and Resources)

### पहूँच योग्य सूचना - सामान्य

CBM, *Humanitarian Hands-on Tool (HHoT),* Information task card, CBM, http://bit.ly/2AScPDL (15 December 2017)

### बालबालिका र किशोर किशोरीहरू

United Nations Children's Fund (UNICEF), *General Guidance: Including children with disabilities in humanitarian action,* UNICEF, 2017, http://bit.ly/2zjrqtJ

### वेबसाइट निर्माण

W3C Web Accessibility Initiative, *Web Content Accessibility Guidelines,* WCAG, published 2005, updated 2017, http://bit.ly/26rBb27 (15 December 2017)

### प्रस्तुतिहरू

World Blind Union, *WBU PowerPoint Guidelines,* WBU, 2007, http://bit.ly/2jafkdp

### पहूच निर्माण गर्दै

CBM, *Humanitarian Hands-on Tool (HHoT),* Building access task card,
CBM, http://bit.ly/2zjsg9R (15 December 2017)

International Organization for Standardization, *Building Construction: Accessibility and usability of the built environment,* ISO 21542:2011, ISO, 2011, http://bit.ly/2CVjtdO

**बाकस ३**

## पहूँच गर्न सक्ने अवस्था भनेको के हो ? (What is accessibility?)

आफ्नो समुदायको जीवनमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नका लागि पहूँच गर्न सक्ने अवस्था एउटा पूर्व शर्त हो । यसलाई हरेक परिस्थितिमा प्रवर्द्धन गरिनु पर्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको धारा ९ मा अपाङ्गता भएका व्यक्तिहरूलाई *"स्वतन्त्र रूपमा बाँच्न र जीवनका सबै पक्षमा पूर्ण रूपमा सहभागी हुन "* सक्षम बनाउने प्रतिबद्धताको रूपमा पहूँच गर्न सक्ने अवस्थालाई प्रकाश पारेको छ । यसको अर्थ, शहरी र ग्रामीण दुबै क्षेत्रहरूमा जनतालाई खुला वा प्रदान गरिने अन्य सुविधा तथा सेवाहरू सूचना तथा सञ्चार प्रविधि र प्रणाली लगायत भौतिक वातावरण, यातायात, सूचना र सञ्चारमा अरुहरू संगै समान आधारमा पहूँच सुनिश्चित गर्न उपयुक्त उपाय अपनाउनु हो ।

परिस्थितिको आधारमा, वातावरणलाई पहूँच योग्य बनाउने विभिन्न तरिकाहरू छन् । उपलब्ध स्रोतहरूको बावजुद, विश्वव्यापी डिजाइनका सिद्धान्तहरूलाई (शब्द-सूची हेर्नुहोस) सधैं लागू गर्नुपर्छ ।

पहूँच गर्न सक्ने अवस्था बारेमा सोच्दा RECU सिद्धान्तलाई ध्यान दिनुहोस् - पहूँच, प्रवेश, प्रशारण र प्रयोग यसको अर्थ हरेकले सजिलै संग:

- आफूले प्रयोग गर्न चाहेको भवन, सार्वजनिक स्थान, सञ्चार, यातायात र अन्य सेवाहरूसम्म पहूँच प्राप्त गर्न सक्छन ।
- भवन र अन्य खाली स्थानमा प्रवेश गर्न, र लिखित सामाग्री र प्रसारित सन्देशहरूमा पहूँच प्राप्त गर्न सक्छन ।
- भवन तथा अन्य स्थानहरूमा घुमफिर गर्न सक्छन ।
- उपलब्ध गरिएका सबै सेवाहरू र सञ्चार सामाग्रीहरू प्रयोग गर्न सक्छन ।

बाकस ४

# नगदमा आधारित सहायतामा समतामूलक पहूँच (Equitable access to cash–based assistance)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नगद वा भाउचर प्राप्त गर्नलाई सक्षम बनाउन निम्न उपायहरूमा ध्यान दिनुहोसः

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरू कस्तो प्रकारको सहयोग रुचाउँछन् भनी सोध्नुहोस्, जस्तैः वस्तु-जिन्सी, भाउचर वा नगद हस्तान्तरणहरू;
- यदि तिनीहरू नगद रुचाउँछन् भने, नगद वितरण संयन्त्र पहूँच योग्य छ कि छैन पक्का गर्नुहोस् - उदाहरणका लागि, विभिन्न तरिकाले जानकारी उपलब्ध गराउनुहोस् र पढ्न र बुझ्नलाई सजिलो बनाउनुहोस् - र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू स्वचालित टेलर मेसिनहरू (एटीएम) लगायत बजार, पसल र नगद वितरण केन्द्रमा पुग्न सक्छन् भन्ने निश्चित गर्नुहोस;
- यदि आवश्यक परेमा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नगदमा आधारित सहायतामा पहूँच पुऱ्याउन र यदि उनीहरू प्रविधिसँग परिचित छैनन भने, बैंकिंग प्रणाली जस्ता नगद वितरण प्रणालीको प्रयोग गर्न थप सहयोग प्रदान गर्नुहोस;
- आफ्नो तर्फबाट आफ्नो नगद वा भाउचरहरू सङ्कलन गर्न कसैलाई नियुक्त गर्न रुचाउनेहरूका लागि, प्रणालीले तिनीहरूलाई आफूले विश्वास गरेको व्यक्ति रोज्न अनुमति दिन्छ भन्ने निश्चित गर्नुहोस्, र त्यो व्यक्तिद्वारा उक्त सहयोगलाई उनीहरूलाई थाहै नदिई आफैले प्रयोग गरिदिने (Appropriation) खालको कुनै जोखिमलाई न्यून गर्नुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि नगदमा आधारित सहयोगको सम्भावित नकारात्मक परिणामहरूलाई कम गर्नुहोस्, जस्तै तिनीहरूले अतिरिक्त लागत ब्यहोर्नु पर्ने हुन्छ - उदाहरणका लागि, तिनीहरूले बजारसम्म पुग्न यातायातको लागि भुक्तानी गर्नुपर्ने, वा रकम प्राप्त गर्न वा खर्च गर्न कसैले सहयोग गर्नु पर्ने हुन्छ ; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो सम्पूर्ण भत्ता प्राप्त गरिरहेका छन् कि छैनन् जाँच गर्नुहोस्, र नगदमा आधारित सहायता प्राप्त गरेर उनीहरूलाई बढी जोखिममा राखिनु हुदैन- उदाहरणका लागि, तिनीहरू चोरी वा हिंसा, वा अन्य प्रकारका दुर्व्यवहारको जोखिममा पर्न सक्छन् ।

टिपोटः आपतकालीन अवस्थामा नगद कार्यक्रममा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न हालसम्म प्राप्त गरेको भन्दा बढी ध्यान दिनु आवश्यक छ । प्रमाणमा आधारित थप मार्गदर्शन आवश्यक हुन्छ ।

**मामिला अध्ययन**

# न्यान्दो, केन्यामा बाढीको बेला समावेशी प्रतिकार्य (An inclusive response to flooding in Nyando, Kenya)

केन्याको किसुमु गाउँमा बाढी भनेको चिरस्थायी मुद्दा हो । नोभेम्बर २०१५ मा, केन्या रेडक्रस सोसाइटी (केआरएस) गाउँको प्रतिकार्य टोलीलाई बाढीबाट प्रभावित लगभग १,२०० मानिसहरूलाई सहयोग गर्नको लागि तैनाथ गरिएको थियो ।

यस समयमा, KRCS समावेशी कार्यक्रम तर्फ काम गर्ने प्रारम्भिक चरणमा थियो । उनीहरूले प्रतिकार्य टोलीसँग केही सचेतना बढाइ सकेको थियो र उनीहरूले बाढीको समयमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्यतःया कसैको पिठ्यूँमा बोकेर सुरक्षित ठाउँमा लगिन्छ वा शुल्कका लागि गाडामा पुऱ्याइन्छ भन्ने थाहा पाए ।

बाढीको प्रारम्भिक चेतावनी पछि, स्थानीय अधिकारी तथा अगुवाहरूको सहयोगमा नक्साङ्कन गरियो । यसले गर्दा प्रतिकार्य टोलीहरूले सबैभन्दा जोखिममा परेका घरपरिवारहरू पत्ता लगाउन सफल भए ।

ज्येष्ठ नागरिक, अपाङ्ग र गर्भवती महिलाहरूले सामना गर्ने बढ्दो जोखिमबारे बुझ्े संगै प्रतिकार्य टोलीले नक्शाङ्कनबाट प्राप्त जानकारी प्रयोग गरेर समूहहरूलाई प्राथमिकता दियो । टोलीले सबैभन्दा बढी अलपत्र पर्ने जोखिममा रहेका ती व्यक्तिलाई लक्षित गरी उद्धारका क्रममा यन्त्र संचालित साना डुंगा प्रयोग गर्ने व्यवस्था गरेको थियो ।

प्राप्त पृष्ठपोषणले देखाए अनुसार उद्धार गरिएकाहरूले यस तरिकालाई धेरै मर्यादित भएको विचार व्यक्त गरे र तिनीहरू यस प्रक्रियाको दौरान धेरै सुरक्षित भएको भावना व्यक्त गरे । तथापि, यी प्रारम्भिक चरणहरूमा, समावेशिताको सहभागिता अंग अहिले सम्म यस अवधारणाको भाग थिएन, जसको अर्थ ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू निर्णय गर्ने प्रक्रियाको भाग थिएनन् । यो महत्वपूर्ण तत्व पछि गएर केन्या रेडक्रस सोसाइटीको अवधारणामा सम्मिलित हुनेवाला थियो ।

स्रोतः केन्याली रेड क्रस सोसाइटी

# मुख्य समावेशीताका मापदण्ड ३:

## उत्थानशीलता

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू बढी तयार र उत्थानशील छन् र मानवीय कार्यको कारण कम जोखिममा हुने हुनाले तिनीहरू नकारात्मकरूपमा प्रभावित छैनन् ।

### मुख्य क्रियाकलापहरू

**३.१ समावेशी पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभमा योगदान पुऱ्याउनका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूको क्षमता र नेतृत्वलाई सुदृढ गर्नुहोस ।**

**३.२ आपतकालीन परिस्थितिमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने जोखिमहरू पहिचान गर्नुहोस्, त्यसलाई लेखाजोखा र अल्पिकरण गर्नुहोस् ।**

**३.३ मानवीय कार्यका सबै चरणको दौरान ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र मर्यादालाई प्राथमिकता दिनुहोस् र हानि पुऱ्याउनबाट बच्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापका लागि मार्गदर्शन ३.१: समावेशी पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभमा योगदान पुऱ्याउनका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूको क्षमता र नेतृत्वलाई सुदृढ गर्नुहोस ।**

एक्लो ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र नेतृत्वलाई सुदृढ पार्नुहोस् । उदाहरणका लागि:

- तिनीहरूलाई वक्ता, मध्यस्थ र समन्वय संयन्त्रहरूमा सहभागीहरूको रूपमा सहयोग गर्नुहोस, जस्तै समूहगत र कार्य समूहहरू ; र
- उनीहरूलाई लेखाजोखा, प्रशिक्षण वा लक्षित समूह छलफलको आयोजना गर्नमा सलग्न गर्नुहोस् उदाहरणका लागि, लिंग र लैङ्गिकतामा आधारित हिंसा रोक्ने र प्रतिकार्य जस्ता विषयहरूमा छलफल गर्दा[१] ।

अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs) को नेतृत्वकारी भूमिकालाई सहयोग गर्नुहोस । उदाहरणका लागि:

- समावेशी मानवीय कार्यमा क्षमता निर्माणका लागि अवसर प्रदान गर्नुहोस् ; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको लागि स्थानीय सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, गैर सरकारी संगठनहरू वा स्थानीय समुदाय जस्ता मानवीय क्रियाशील निकायहरूसँग पैरवी गर्न यी संगठनहरूलाई सहयोग गर्नुहोस ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने कुनै पनि संस्था छैन भने उनीहरूलाई त्यस्ता संस्था स्थापना गर्नमा मद्दत गर्नुहोस् । उनीहरूलाई मानवीय कार्य सम्बन्धी निर्णय गर्न र साधारणतया ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको जीवनलाई प्रभाव पार्ने विषयहरूमा सहभागी हुन सहयोग गर्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कति हद सम्म सुरक्षित छ भन्ने अनुगमन गर्न र अझ समावेशी मानवीय कार्यका लागि पैरवी गर्न पनि उनीहरूलाई सहयोग गर्नुहोस् ।

### स्वतन्त्र जीवनयापन र अन्य मानिसहरूको सहयोग (Independent living and support of other people)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू मद्दत र सेवा पाउनलाई अरू मानिसहरूमा भर पर्दैनन् भन्ने नठान्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित रूपमा स्वयमले पहूँच प्राप्त गर्न सक्ने गरी सहयोग तथा सेवाहरूलाई अनुकुलित गर्न कदमहरू चाल्नुहोस् । कोही-कोही ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई परिवारको सदस्य, हेरचाह गर्ने वा सहयोग गर्ने सहयोग संजालको आवश्यकता हुन्छ । यस्तो अवस्थामा तिनीहरूलाई आफूले विश्वास गरेको र आफूलाई सहयोग गर्न छनौट गरेको व्यक्तिलाई पहिचान गर्न भन्नुहोस् । तिनीहरू उनीहरूबाट अलग्गिने छैनन भनेर सुनिस्चित गर्नुहोस् ।

**मुख्य क्रियाकलापका लागि मार्गदर्शन ३.२: आपतकालीन परिस्थितिमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने जोखिमहरू पहिचान गर्नुहोस्, त्यसलाई लेखाजोखा र अल्पिकरण गर्नुहोस् ।**

विभिन्न उमेरका अपाङ्गता भएका महिला तथा पुरुष, ज्येष्ठ नागरिक र उनीहरूका प्रतिनिधि संगठनहरूलाई मानवीय संकटबाट उत्पन्न जोखिमको मूल्यांकन र अनुगमन गर्न र त्यसको प्रतिक्रियाबाट प्राप्त हुन सक्ने जोखिमहरू सलंग्न गर्नुहोस् । उदाहरणका लागि, सामुदायिक लेखाजोखा समितिमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।

यस्ता जोखिमहरू प्रति सम्मुखता भएका मानिसहरूको समूहहरूको पहिचान गर्नुहोस् । तिनीहरूलाई जोखिम लेखाजोखा र अनुगमनमा समावेश गर्नुहोस । यी समूहहरूमा अपाङ्गता भएका महिला वा केटीहरू; अपाङ्गता भएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू जो आफ्नो यौन अभिमुखीकरण वा लिङ्ग पहिचानका कारण जोखिममा पर्न सक्छन; वा बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका वयस्क तथा बालबालिका हुन सक्छन् । पहिले देखि नै तिनीहरूको सम्पर्कमा रहेका सङ्गठनहरूसँग सहकार्य गर्नुहोस् ।

मानवीय संकटहरूमा आफूले सामना गर्ने जोखिमहरूलाई कम गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले के गर्न सक्छन्, पत्ता लगाउनुहोस् । उदाहरणका लागि, सामुदायिक लैङ्गिकतामा आधारित हिंसाबारे जागरूकता बढाउन अपाङ्गता भएका महिलाहरू वा वृद्ध महिलाहरूलाई भर्ना गर्नुहोस् ।

यसले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई थप जोखिम वा हानि प्रति सम्मुखता नहोस भनेर व्यवस्थित रूपमा मानवीय कार्यहरूको अनुगमन गर्नुहोस[१०] । उदाहरणका लागि, जहाँ कर्मचारीहरूलाई समावेशिता बारे सचेत गरिएको छैन, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू प्रति तिनीहरूको मनोवृत्ति नकारात्मक हुन सक्छ । यसले गर्दा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई भेदभावको जोखिम बढी हुन सक्छ र यसले समाजमा तिरस्कारलाई अझ बलियो बनाउनमा योगदान पुऱ्याउँछ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत र सुरक्षा पाउनमा मद्दत गर्ने उपायहरूले तिनीहरूलाई कसरी अझ जोखिममा पार्न सक्छ भनेर ध्यान दिनुहोस् । उदाहरणका लागि, तिनीहरूलाई मदतको लागि प्राथमिकता दिंदा तिनीहरू तिरस्कृत हुन सक्छन् वा चोरी वा हिंसाको जोखिममा पर्न सक्छन[११]।

यी जोखिमहरूलाई कसरी कम गर्ने भनेर योजना बनाउनुहोस् । उदाहरणका लागि, सुरक्षित वितरण योजनालाई व्यवस्थित गर्नुहोस् । सहयोग र सुरक्षाका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्नुको महत्वका बारेमा समुदायमा सचेतना जगाउनुहोस् ।

आपात्कलिन अवस्थामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने हिंसा, दुर्व्यवहार र शोषणका जोखिमबारे जनचेतना जगाउनुहोस् । महिला, पुरुष, केटी, केटा र अन्य लिङ्ग पहिचान भएका मानिसहरूको लागि यो कसरी फरक हुन सक्छ भन्ने कुरा मानिसहरूले बुझेका छन् कि छैन पक्का गर्नुहोस् । जोखिम र घटनाहरूको सूचना दिनका लागि मानिसहरूलाई के-कस्ता प्रणालीहरू उपलब्ध छन् भन्ने थाहा होस् भन्ने सुनिश्चित गर्नुहोस् (**संरक्षण समावेशिता मापदण्डहरू** हेर्नुहोस) ।

**मुख्य क्रियाकलापका लागि मार्गदर्शन ३.३: मानवीय कार्यका सबै चरणको दौरान ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र मर्यादालाई प्राथमिकता दिनुहोस् र हानि पुऱ्याउनबाट बच्नुहोस्।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र मर्यादालाई ध्यानमा राख्दै आफ्नो योजनालाई पुनरावलोकन गर्नुहोस् । उदाहरणका लागिः

- सेवा र सुविधाहरूका लागि सुरक्षित स्थानको छनौट गर्नुहोस ।
- परिवार वा अन्य सहयोग समूहहरूलाई एकसाथ राख्ने र एउटै गाउँ वा सहयोग सञ्जालका मानिसहरूलाई सँगै रहने तरिकाले क्रियाकलापहरूको व्यवस्था गर्नुहोस;
- ज्येष्ठ नागरिक हरू (महिला र पुरुष) र अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटी र केटा) लाई, यी सेवाहरूलाई सुरक्षित बनाउन आवश्यक छ कि छैन पत्ता लगाउन, तिनीहरूले सेवाहरू सुरक्षित रूपमा प्राप्त गर्न सक्छन् भनेर सोध्नुहोस् - उदाहरणका लागि, तिनीहरूले समयमा वितरण केन्द्रमा पुग्न रातमा यात्रा गर्नुपर्छ कि पर्दैन भनेर सोध्नुहोस ; र
- यौन अभिमुखिकरण वा लिंग पहिचानको कारण जोखिममा परेका व्यक्तिहरू वा बौद्धिक अपाङ्गता भएका मानिसहरू जस्ता, दुर्व्यवहारको जोखिममा पर्न सक्ने समूहहरूसँग परामर्श लिन घरदैलो कार्यक्रमको प्रयोग गर्ने तर्फ ध्यान दिनुहोस् । परामर्शको दौरान गोपनीयतालाई सुनिश्चित गर्नुहोस् र यी समूहहरू विरुद्ध तिरस्कारको बढाउने तर्फ योगदान नगर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट पृष्ठपोषण वा संवेदनशील तथ्याङ्क सङ्कलन गर्दा गोपनीयताको सम्मान गर्नुहोस्।

**संगठन भित्र सुरक्षा र मर्यादाको प्रवर्द्धन (Promote safety and dignity in the organization)**

आर्थिक, शारीरिक वा मानसिक दूर्व्यवहार र उपेक्षा लगायतका विभेद, यौन शोषण र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सबै प्रकारका दूर्व्यवहारलाई समावेशिता र रोकथामलाई प्रवर्द्धन गर्ने नीतिहरू लागू गर्नुहोस । नयाँ नीतिहरूको विकास गर्नुहोस् वा आवश्यक परेमा विद्यमान नीतिहरूलाई अनुकूलन गर्नुहोस् ।

यी कार्यहरूका लागि कर्मचारी र साझेदारहरूलाई प्रशिक्षित गर्नुहोसः

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षालाई प्रवर्द्धन गर्ने र उनीहरूको गरिमाको रक्षा गर्नुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूमाथि भेदभाव हुन नदिनु होस;
- हिंसा, दूर्व्यवहार वा शोषणको अनुभव गरेका मानिसहरूलाई सुरक्षित साथ पहिचान गर्नुहोस् र तिनीहरूलाई उपयुक्त मामिला व्यवस्थापन गर्ने निकायहरूमा पठाउनुहोस;
- केही समूहहरूको बढ्दो जोखिमलाई पहिचान गर्नुहोस - उदाहरणका लागि, सबै उमेरका केटीहरू र अपाङ्गता भएका महिलाहरू र ज्येष्ठ महिलाहरू मानवीय कार्यकर्ताहरू लगायतबाट यौन शोषण र दुर्व्यवहारको बढी जोखिममा पर्न सक्छन; र
- सबै सञ्चार सामाग्रीमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सकारात्मक छविलाई प्रवर्द्धन गर्नुहोस ।

## औजार र स्रोतहरू (**Tools and resources**)

Global Protection Cluster, Protection Mainstreaming Toolkit: field testing version, Global Protection Cluster, 2017, http://bit.ly/2kFlRgJ

Inter-Agency Standing Committee, *Minimum Operating Standards: Protection from Sexual Exploitation and Abuse by own Personnel (MOS-PSEA),* Inter-Agency Standing Committee, 2016, http://bit.ly/2oIUs2L (18 December 2017)

**मामिला अध्ययन**

# पूर्वतयारी, प्रतिकार्य र उत्थानशीलतालाई जोड्दै (Linking preparedness, response and resilience)

क्रिस्चियन एडले विपद प्रति अझ बढी उत्थानशील हुन समुदायलाई सहयोग गर्नका लागि कार्य गर्छ । यसको अवधारणा भनेको उनीहरूलाई आफ्नो परिस्थितिसँग सम्बन्धित जोखिमहरूको पहिचान गर्न र व्यवस्थापन गर्नलाई सशक्त बनाउन समुदाय र व्यक्तिलाई सहयोग गर्नु, र आघात र विपदहरूलाई प्रतिकार्य गर्न सक्षम बनाउनु हो । उदाहरणका लागि, यसमा समूहमा आधारित सूक्ष्म-अनुदानको लागि आवेदन दिनु वा सीप विकासका निम्ति सहायताको लागि अनुरोध गर्नु समावेश हुन्छ ।

समावेश गर्ने काम गर्न थालेपछि र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूको उत्थानशील कार्यक्रममा नियमित रूपमा समावेश गराइएको छैन भन्ने कुरा पत्ता लगाएपछि, क्रिस्चियन एडले यसका अवधारणाहरूलाई सुदृढ पार्न औजार तथा सिप प्रशिक्षणको शुरुआत गर्ने योजना बनायो ।

क्रिश्चियन एडले फिलिपिन्स, म्यानमार र केन्याामा पाइलटिङ कार्यक्रमको अवसरको फाइदा उठायो, जसले पूर्वतयारी, प्रतिकार्य र उत्थानशीलता बिचको अन्तरलाई जोड्न र समावेश गर्नका लागि औजारहरू प्रस्तुत गर्न प्रयास गरिरहेका थिए । उदाहरणका लागि, सञ्चार माध्यमको मद्दतद्वारा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग आदरपूर्वक कुरा गर्ने र सुन्ने र क्रियाकलापमा उनीहरूको सहभागितालाई प्रोत्साहन दिने विषयमा टोलीहरूलाई प्रशिक्षण दिइयो ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने उनीहरूको अवधारणालाई विस्तार गरेर, यसले उनीहरूलाई विभिन्न सामुदायिक सदस्यहरू समक्ष पुग्न र कुराकानी गर्न सक्षम बनायो; वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सामुदायिक परिचालन कार्यक्रममा सहभागी हुनको लागि राम्रो स्थान दिइयो र त्यसको फलस्वरूप यिनीहरू अनुदान तथा सिप विकासका लागि आवेदनहरूको अंश बनेका छन् ।

क्रिश्चियन एड्-ले पत्ता लगाएको कुरा के हो भने, विशेष गरी वृद्ध महिलाहरूले आफ्ना समुदायमा मनोवैज्ञानिक तथा सुरक्षा आवश्यकताहरू पूरा गर्न आधारभूत, महिला नेतृत्वमा गरिएका पहलहरू देखा पर्न थालेका छन् । हालका कार्यक्रमहरूसँग काम गरेर र सञ्चार साधनहरू लागू गरेर, क्रिश्चियन एडले जोखिममा परेकाहरू माझ अझ राम्रोसँग पुग्न कार्यक्रमहरूलाई प्रत्यक्ष प्रभाव पार्न सक्यो ।

**स्रोतः क्रिश्चियन एड्, यु. के.**

## मुख्य समावेशिताका मापदण्ड ४: ज्ञान र सहभागिता

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो अधिकार र हकहरूबारे थाहा छ र आफ्नो जीवनलाई प्रभावित गर्ने निर्णयहरूमा सहभागी हुन्छन ।

### मुख्य क्रियाकलापहरू:

**४.१: अधिकार र हकहरू सम्बन्धी पहूँच योग्य जानकारी उपलब्ध गर्नुहोस ।**

**४.२: निर्णय गर्ने सन्दर्भमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ४.१: अधिकार र हकहरू सम्बन्धी पहूँच योग्य जानकारी उपलब्ध गर्नुहोस ।**

अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs), समुदायमा आधारित संगठन वा सामुदायिक अगुवाहरू जस्ता पहूँच योग्य तरिकाले अधिकार र हक सम्बन्धी जानकारी दिनमा मद्दत गर्न सक्ने मानिसहरूको पहिचान गर्नुहोस् । सबैभन्दा जोखिममा परेका समूहहरूको प्रतिनिधित्व गर्ने संगठनहरूलाई संलग्न गर्नुहोस् । कतिपय परिस्थितिहरूमा यिनीहरू केटीहरू, अपाङ्गता भएका महिला र ज्येष्ठ महिला हुन सक्छन् । साथै यौनिक अभिमुखीकरण वा लैङ्गिकता पहिचानका कारण जोखिममा परेका व्यक्ति पनि हुन सक्छन् ।

ज्येष्ठ नागरिक हरूको विविध समूह, अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूलाई उनीहरूको अधिकार र हकको बारेमा जानकारीको तर्जुमा र वितरणमा समावेश गर्नुहोस् । तपाईंको सन्देश यी समूहहरूमा पुगेको सुनिश्चित गर्न महिला, बालबालिका र अपाङ्गता भएका युवाहरू, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका वृद्ध व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।

अधिकार र हक सम्बन्धी सन्देश विकास गर्न राष्ट्रिय तथा/वा अन्तराष्ट्रिय कानुनी ढाँचाहरूलाई प्रयोग गर्नुहोस् । यिनीहरू अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि र/वा राष्ट्रिय कानून वा नीतिहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने सम्बन्धी नीतिहरू हुन् सक्छन । जानकारी उपलब्ध गराउँदा:

- पढ्न र बुझ्न सजिलो छ कि छैन सुनिस्चित गर्नुहोस;
- विभिन्न तरिकाहरू र संचार माध्यमहरू प्रयोग गर्नुहोस् (हेर्नुहोस्, **समावेशीताको मुख्य मापदंड २, सूचना बाधाहरूमा मार्गदर्शनका लागि टिपोटहरू**);
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका साथमा हुन सक्ने व्यक्तिसँग नभई उनीहरूसँग सीधै कुरा गर्नुहोस; र

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको चर्चा गर्न उनीहरूलाई तिरस्कृत नगर्ने खालका शब्दहरू प्रयोग गर्नुहोस् (तलको बाकस ५ **'शब्दावली'** हेर्नुहोस) । प्रयोग गर्नलाई सबै भन्दा राम्रो शब्दहरू छनौट गर्न अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs) संग काम गर्नुहोस् ।

तपाईंको कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्दा तपाईंको कुराकानी/संचार कत्तिको प्रभावकारी भएको छ भनी लेखाजोखा गर्नुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आफ्नो अधिकार र हकबारे उनीहरूमा सचेतनामा भएको परिवर्तनको लेखाजोखा गर्नुहोस् ।

कुराकानी गर्ने कुनै विशेष विधि एउटा खास समूहको लागि उपयुक्त छ भन्ने नठान्नुहोस् । उदाहरणका लागि, बहिरा वा सुन्न गाह्रो हुने सबैले सांकेतिक भाषा प्रयोग गर्न वा पढ्न सक्दैनन् । दृष्टि कमजोर भएका सबैले

ब्रेललिपि प्रयोग गर्न सक्दैनन् । साक्षरताको दर धेरै भएका क्षेत्रहरूमा समेत साक्षरताको सीप निकै फरक हुन सक्छ र यो प्राय: ज्येष्ठ नागरिक हरूको समूहमा कम हुन्छ ।

**सूचित गरिएको सहमति (Informed consent)**

सूचित गरिएको सहमति भन्नाले कसैले स्पष्ट रूपमा बुझेको सही जानकारीको आधारमा कसैले दिएको अनुमति हो ।

वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूले सजिलै बुझ्न सक्ने जानकारी प्रदान गर्नुहोस्, यसो गर्दा तिनीहरूले आफ्नो जीवनलाई प्रभाव पर्ने कार्यहरूमा सहमत हुने (वा असहमत) निर्णय लिन सक्छन् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अन्तरवार्ता लिंदा गोपनीयता कायम राख्न र तिनीहरूको गोपनीयताको सुरक्षा गर्न विशेष ध्यान दिनुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई परिवारको सदस्य वा हेरचाह गर्ने जस्ता अन्य व्यक्तिहरूको सहयोगको आवश्यकता पर्ने अवस्थामा यसको अर्थ अन्तरवार्तालाई यस व्यक्तिबाट गोप्य राख्नु हुन सक्छ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आफ्नो सही छनौट गर्ने अधिकारलाई सहयोग गर्नुहोस् । उदाहरणका लागि, बढोत्तरी हुने (augmentative) वा वैकल्पिक कुराकानी प्रयोग गर्नुहोस् (**शब्द-सूची** हेर्नुहोस) वा साङ्केतिक भाषाको व्याख्या गरि दिनुहोस ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ४.२: निर्णय गर्ने सन्दर्भमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गर्नुहोस ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूसँग काम गर्नुहोस् । उनीहरूलाई निर्णय गर्ने कार्यमा सहभागी हुनबाट रोक्न सक्ने अवरोधहरू पत्ता लगाई हटाउनुहोस् । आवश्यक परेको बेला तिनीहरूको क्षमताको विकास गर्नुहोस् र तिनीहरूको पूर्ण सहभागिताको लागि सहयोग गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारमा समुदाय र अन्य संगठनहरूलाई उनीहरूलाई प्रभावित गर्ने निर्णयहरूमा सहभागी हुनको लागि सचेतीकरण गर्नुहोस् । ज्येष्ठ नागरिकहरू (महिला र पुरुष दुवै) र विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटी र केटा) निर्णय गर्ने कार्यमा कसरी सहभागी हुन्छन भन्ने कुराको अनुगमन गर्नुहोस् ।

**बैठकहरूमा अर्थपूर्ण सहभागिता (Meaningful participation in meetings)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्ण रूपमा सहभागी हुन् सक्ने गरी बैठक तथा परामर्शको व्यवस्था गर्नुहोस् । उदाहरणको लागि:

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको प्रतिनिधि संगठनहरूसंग बैठक बस्ने योजना बनाउनु होस्।
- सहभागीहरू र बैठक आयोजक टोलीमा विविधता र लैङ्गिक सन्तुलन सुनिश्चित गर्नुहोस;

- निश्चित समूहहरूले बैठकमा राम्रोसँग सहभागी हुन सक्छन भन्ने लाग्छ र यदि आवश्यक हुन्छ भने तिनीहरूसंग मात्र बैठक बस्ने व्यवस्था गर्नुहोस् - उदाहरणका लागि, महिलाहरूलाई मिश्रित समूहमा असहजता महसुस हुनेछ भन्ने तपाईंलाई थाहा भए महिला मात्रको बैठकको व्यवस्था गर्नमा ध्यान दिनुहोस;
- विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई आमन्त्रित गर्नुहोस; पूर्ण रूपमा सहभागी हुन सञ्चार अवरोधहरूको सामना गर्ने मानिसहरूलाई सहयोग गर्नुहोस्, जस्तै बहिरा वा सुन्न गाह्रो भएका मानिसहरू, वा बौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू;

आयोजना स्थल पहूँच योग्य छ भन्ने निश्चित गर्नुहोसः स्थानीय अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) का प्रतिनिधिहरूसँग अग्रिम रूपमा आयोजना स्थलको भ्रमण गर्नुहोस्, तिनीहरूलाई पूर्ण सहभागिताको लागि कुनै अवरोधहरू बारे निर्दिष्ट गर्न सोध्नुहोस् (***समावेशीताका मुख्य मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१ हेर्नुहोस्, अवरोध र सक्षम पार्ने तथ्याङ्कमा मार्गदर्शनका लागि टिपोटहरू***), यदि आवश्यक परेमा आयोजना स्थललाई अनुकूलित गर्नुहोस्, र यी अवरोधहरू र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको बारेमा आयोजना स्थल प्रदायकको सचेतना बढाउन प्राप्त अवसरलाई प्रयोग गर्नुहोस;

- बैठक अघि, बैठक अवधिमा र पछि विभिन्न तरिकाले जानकारी प्रदान गर्नुहोस; र
- यदि कुनै ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूलाई कोहि उनीहरूसँगै जान आवश्यक छ भने, यस व्यक्तिको लागि व्यवस्था गर्नुहोस् - उदाहरणका लागि, यस व्यक्तिलाई अतिरिक्त स्थान र/वा यातायात भत्ता प्रदान गर्नुहोस् ।

# औजार तथा  स्रोतहरू (Tools and resources)

### बैठक र परामर्शहरू

CBM, *Tool: Accessible meetings or events,* CBM, http://bit.ly/2BFBu23 (18 December 2017)

### मनोवृत्ति

CBM, *Humanitarian Hands-on Tool (HHoT),* Attitude task card, CBM, http://bit.ly/2oIV6gH (18 December 2017)
)

### शब्दावली

United Nations Children's Fund (UNICEF), *General Guidance: Including children with disabilities in humanitarian action,* UNICEF, 2017, p82, http://bit.ly/2zjrqtJ

### सूचना/जानकारी

Inclusion Europe, *Information for all: European standards for making information easy to read and understand,* Brussels, Inclusion Europe, 2009, http://bit.ly/2CWSE9e

W3C Web Accessibility Initiative, *Web Content Accessibility Guidelines,* WCAG, published 2005, updated 2017, http://bit.ly/26rBb27 (15 December 2017)

### सहभागिता

CBM, *Active Participation: Key to Inclusion: Testimonies from Humanitarian Workers with Disabilities,* CBM, 2016, http://bit.ly/2kdLs0w

HelpAge International, *Older people in community development: The role of older people's associations (OPAs) in enhancing local development,* HelpAge International, 2009, http://bit.ly/2kczch1

**बाकस ५**

# शब्दावली (Terminology)

मानिसहरूको वर्णन गर्न तपाईले प्रयोग गर्ने भाषा एकदमै महत्वपूर्ण हुन्छ । यसले या त तिनीहरूलाई सशक्त बनाउन सक्छ वा तिनीहरू विरुद्ध भेदभाव गर्न सक्छ । अनुचित भाषा प्रयोग गर्दा रुढिवादी धारणाहरू ( stereotype) अझ प्रबल हुन सक्छन् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको वर्णन गर्नः

- व्यक्ति-प्रथम शब्दावली प्रयोग गर्नुहोसः व्यक्तिलाई पहिलो स्थान दिनुहोस्, त्यसपछि अपाङ्गता - उदाहरणका लागिः “अपाङ्गता भएको व्यक्ति“, “अपाङ्ग व्यक्ति“, वा “अपाङ्ग“ होइन;
- ज्येष्ठ नागरिक/ नागरिक हरू“ प्रयोग गर्नुहोस्, “वयोवृद्ध व्यक्ति“ वा “वयोवृद्ध“ होइन;
- “अपाङ्ग“, “पीडित“ जस्ता पुरानो वा तिरस्कारलाई अझ सुदृढ पार्न सक्ने शब्दहरूबाट टाढै बस्नुहोस; “व्हीलचेयर प्रयोगकर्ता“ प्रयोग गर्नुहोस्, “ह्विलचेयर विवस “ वा “ह्वीलचेयरमा मात्र सीमित“ होइन;
- मानिसहरूलाई सम्बोधन गर्न छोटकरीहरू प्रयोग गर्नबाट बच्नुहोस् - उदाहरणका लागि, “अपाङ्गता भएका व्यक्तिहरू“ (PWD होइन), “अपाङ्गता भएका बालबालिकाहरू“ (CWD होइन), वा ज्येष्ठ नागरिकहरू“ (OP होइन);
- “अपाङ्गता नभएका व्यक्तिहरू/व्यक्तिहरू“ प्रयोग गर्नुहोस्, “सामान्य“ वा “नियमित“ व्यक्ति होइन; र
- “सुन्ने क्षमता नभएका मानिसहरू “नभनि “बहिरा वा सुन्न गाह्रो हुने मानिसहरू“ प्रयोग गर्नुहोस् ।

**मामिला अध्ययन**

## हैटीमा समावेशी शिविरको निर्माण (Building an inclusive camp in Haiti)

सन् २०१० मा हैटीको पोर्ट अउ प्रिन्समा गएको भूकम्पपछि दुई लाख मानिस विस्थापित भए । यसमा अपाङ्गता भएका, मुख्यतःया बहिरा र सुन्न गाह्रो हुने मानिसहरू भएका शरणार्थीहरू समावेश थिए ।

संकटको समयमा सूचना र सञ्चारमा सीमित पहूँच हुन्छ । सञ्चार प्रणाली नै नभएकोले गर्दा प्राय खाना, पानी, आवास र अन्य आधारभूत आवश्यकताहरूबारे थाहा पाउने अन्तिम व्यक्तिहरू बहिराहरू नै हुन्छन । मानिसहरूको स्वास्थ्य, आवश्यकता र क्षमताहरू बारे गलत बुझाईहरू पनि हुन सक्छन् ।

अन्तर्राष्ट्रिय बहिरा आपातकाल (IDE), अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गता भएका व्यक्तिहरूबाटै सञ्चालित संस्था हो । यसले पोर्ट अउ प्रिन्समा केही वाधाहरू कम गर्न काम गरेको थियो । तिनीहरूले सांकेतिक भाषा प्रयोग गरेर विद्यमान अवस्थाको सूचना र समाचारहरू उपलब्ध गराए । हस्ताक्षर गर्न नसक्नेहरूका लागि तिनीहरूले सिक्नको लागि आवश्यक औजारहरू उपलब्ध गराए । बहिराहरूलाई सूर्यास्तपछि सञ्चार गर्न सक्षम बनाउन शिविरहरूमा सौर्य प्यानल सडक बत्ती उपलब्ध गराउने जस्ता सञ्चारलाई सहजता प्रदान गर्न भौतिक सुधारहरू पनि गरिएका थिए ।

यी सञ्चार कार्यक्रमहरूका साथ साथै, आईडीई (IDE) ले स्रोत र संजालहरू प्रदान गरेर अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य कार्यक्रमहरूमा समावेश गर्न पनि मदत गऱ्यो । उदाहरणका लागि, बहिरा तथा सुन्न गाह्रो हुने मानिसहरूलाई सेवा प्रदान गर्ने संगठनहरूको निमन्त्रणामा आईडीई (IDE) ले आपत्कालिन राहत तथा तयारी, पोषण र स्वास्थ्य, समावेशी शिक्षा, मानव अधिकार, जागिर प्रशिक्षण र सेवा प्रदान गर्ने अन्य सम्बन्धित क्षेत्रमा प्रशिक्षण प्राप्त बहिरा पेशेवर व्यक्तिहरूलाई ल्यायो । तिनीहरूले बहिराहरूलाई पुनर्लाभ चरणको दौरान आफ्नो क्षमता प्रयोग गर्ने अवसरहरू सृजना गर्न पनि मद्दत गरे । जस्तैः आवास निर्माण गर्ने, दाउरा सङ्कलन गर्ने र परिवारहरूमाझ साना व्यवसाय विकास उपकरणहरू वितरण गर्ने।

IDE को कार्यक्रम मार्फत, हाइटी प्रतिकार्यमा अपाङ्गता भएका व्यक्तिहरूले स्थितिको बारेमा राम्रो जानकारी प्राप्त गर्न, आफ्नै आवश्यकता र क्षमताहरू सञ्चार गर्न र पुनर्निर्माण प्रयासमा सहभागी हुन सक्षम भए ।

स्रोतः अन्तर्राष्ट्रिय बहिरा आपातकाल (IDE), लिखित संचार

## मुख्य समावेशिताका मापदण्ड ५ : पृष्ठपोषण र गुनासाहरू

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षित तथा प्रतिक्रियात्मक पृष्ठपोषण तथा गुनासोका संयन्त्रहरूमा पहूँच छ ।

### मुख्य क्रियाकलापहरू

**५.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले बुझ्न र पहूँच प्राप्त गर्न सक्ने पृष्ठपोषण र गुनासो संयन्त्रहरूको तर्जुमा गर्नुहोस ।**

**५.२: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट प्राप्त पृष्ठपोषण र गुनासोहरूमा तिनीहरूको सुरक्षा, मर्यादा र अधिकारको सम्मान हुने गरि कार्य गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापका लागि मार्गदर्शन ५.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले बुझ्न र पहूँच प्राप्त गर्न सक्ने पृष्ठपोषण र गुनासो संयन्त्रहरूको तर्जुमा गर्नुहोस ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पृष्ठपोषण दिने र गुनासो गर्ने सबैभन्दा सुरक्षित र उपयुक्त तरिका के हो भनेर सोध्नुहोस् । पृष्ठपोषण दिने र गुनासो गर्ने संयन्त्रहरू तर्जुमा गर्दा;

- विभिन्न संचार माध्यमहरू र सूचनाका ढाँचाहरूको लागि योजना र बजेट बिनियोजन (हेर्नुहोस् **मुख्य समावेशी मापदण्ड २, सूचना अवरोधहरूमा मार्गदर्शनका लागि टिपोटहरू**) - यो सरल भाषा र प्रयोग गर्न सजिलो पृष्ठपोषणक फारमको प्रयोग समावेश गर्नुहोस; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै तर्फबाट पृष्ठपोषण र गुनासो पेश गर्न सहयोग गर्नुहोस; वैकल्पिक रूपमा, यदि कुनै ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले अरू कसैलाई यस्तो गर्न अनुमति दिन्छ भने, उनीहरूलाई आफ्नो पक्षमा आफ्नो प्रतिक्रिया वा गुनासो पेश गर्न हेरचाह गर्ने व्यक्ति, निजी सहायक वा परिवारको सदस्य जस्ता अन्य व्यक्तिलाई नियुक्त गर्न अनुमति दिनुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पृष्ठपोषण र गुनासो संयन्त्रको उद्देश्यबारे जानकारी दिनुहोस् र तिनीहरूले कसरी काम गर्छन्, त्यसबारे व्याख्या गर्नुहोस् । उदाहरण को लागि;

- गुनासो गर्ने र अन्य सबैसँग समान आधारमा पृष्ठपोषण पेश गर्ने आफ्नो अधिकारको बारेमा उनीहरूको सचेतना बढाउनुहोस;
- मानवीय संगठनहरूबाट तिनीहरूले के आशा गर्न सक्छन्, व्याख्या गर्नुहोस;
- पृष्ठपोषण र गुनासो संयन्त्र मार्फत तिनीहरूले के-कस्ता विषयहरू समाधान गर्न सक्छन् वा सक्दैनन्, व्याख्या गर्नुहोस
- तिनीहरूले कसरी पृष्ठपोषण र गुनासो पेश गर्न सक्छन् र तिनीहरूको पेशी  कसरी प्रशोधन गरिनेछ, व्याख्या गर्नुहोस् ।

**मुख्य क्रियाकलापका लागि मार्गदर्शन ५.२: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट प्राप्त पृष्ठपोषण र गुनासोहरूमा तिनीहरूको सुरक्षा, मर्यादा र अधिकारको सम्मान हुने गरि कार्य गर्नुहोस ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको मर्यादा, अधिकार र क्षमताको सम्मान गर्ने सांगठनिक संस्कृतिको भागको रूपमा गुनासाहरूलाई कारवाही गर्नुहोस् ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई चिन्ने र सम्मान गर्ने संगठनात्मक नीतिहरूलाई पछ्याउनुहोस् । यदि यी समूहहरू समावेशी छैनन् भने संगठनात्मक नीतिहरूलाई अनुकूलित गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सबैसँग समान आधारमा पृष्ठपोषण र गुनासो पेश गर्ने अधिकार छ भन्ने कुरा बारे कर्मचारीहरूलाई सचेत गराउनुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित रूपमा पृष्ठपोषण र गुनासो पेश गर्न सहयोग गर्नमा कर्मचारीहरूलाई प्रशिक्षित गर्नुहोस् । तिनीहरूलाई यी कुराहरूमा प्रशिक्षित गर्नुहोसः

- गोपनीयता कायम राख्नुहोसः परिवारको सदस्य, हेरचाह गर्ने वा अपाङ्गता भएका व्यक्तिको स्पष्ट अनुमति लिएर मात्र जानकारी साझा गर्नुहोस् र व्यक्तिगत विवरण साझा गर्नबाट बच्नुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट जानकारी सङ्कलन गर्नुहोस्, र दस्तावेज बनाई निष्पक्ष र गैर-न्यायोपयोगी तरिकाले उनीहरूको अनुभवलाई प्रमाणित गर्नुहोस;- उदाहरणका लागि, केही ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अनुभव, जस्तै बालबालिका वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अनुभवलाई गलत वा अविश्वसनीय रूपमा लिन सकिन्छ;
- हिंसा, दुर्व्यवहार र शोषणको सूचना दिने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षित पहिचान र उद्धृत गर्नुहोस; यसले तिनीहरूलाई उचित हेरचाह र सहयोग प्राप्त गर्न र थप हानिबाट बच्नमा मदत गर्नेछ (**संरक्षण समावेशी मापदण्ड २** हेर्नुहोस); र
- कुनै पनि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले मानवीय क्रियाशील निकायद्वारा गरिएको हिंसा, दुर्व्यवहार वा शोषणको गुनासो गर्दा सबै सर्वमान्य (standard) संरक्षण प्रक्रियाहरूको पालन गर्नुहोस् ।

तपाईंले प्राप्त गर्नु भएको पृष्ठपोषणको जवाफ दिन तपाइँको कार्यक्रमलाई अनुकुलित गर्नुहोस् ।

मानवीय कार्यमा संलग्न राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरूसँग पृष्ठपोषण तथा गुनासोहरू साझा गर्नुहोस, यो पृष्ठपोषण पेश गरेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको गोपनीयताको सम्मान गर्नुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तपाईंको समीक्षामा सुझाव दिन र तपाईंले आफ्नो कार्यक्रममा गर्नुभएको अनुकुलनलाई प्रमाणित गर्न आमन्त्रित गर्नुहोस् ।

**मामिला अध्ययन**

## केन्यामा सहायता डेस्कहरू (Help desks in Kenya)

उत्तरी केन्याको तुर्कानामा गएको भीषण खडेरीका कारण पशुपालक तथा कृषक समुदायमा खाद्यान्न अभाव भएको छ । विशेष गरी वृद्ध बृद्धा, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरू जोखिममा छन्

हेल्पएज इन्टरनेशनलले नौवटा क्षेत्रहरूमा ६० वर्ष नाघेका मानिससहित ३ हजार घरपरिवारलाई नगद अनुदान वितरण गर्दै आएको छ जसले गर्दा उनीहरूले हराएका पशुधनलाई प्रतिस्थापन गर्न, साना व्यवसाय सुरु गर्न र अत्यावश्यक सामान खरिद गर्न सक्छन् ।

हेल्पएजले मानिसहरूलाई परियोजनाको बारेमा टिप्पणी गर्न वा गुनासो गर्न दिन प्रत्येक क्षेत्रमा "सहायता डेस्क समिति" स्थापना गर्यो । प्रत्येक समिति दुई पुरुष र दुई महिला मिलेर बनेको छ (सामान्यतया बोल्ने र अगाडि आउने अवसर नपाउने महिलाहरूलाई प्रोत्साहन गर्न) । समिति सदस्यहरूले ज्ञान र सीपहरूको मिश्रणबाट लाभ उठाउन ज्येष्ठ नागरिक तथा वयस्कहरूलाई समावेश गर्दछन ।

हेल्पएजले प्रत्येक क्षेत्रका सामुदायिक अगुवाहरूलाई हेल्प डेस्कको विचारलाई प्रस्तुत गऱ्यो । अगुवाहरूले खुला बैठकहरू बोलाए जसमा हेल्पएजका कर्मचारीहरूले हेल्प डेस्क समितिका भूमिका तथा जिम्मेवारीहरू बारे व्याख्या गरे र समिति सदस्यहरू निर्वाचित भए ।

सामुदायिक बैठक र नगद वितरणको दौरान हेल्प डेस्कको बारेमा प्रचार प्रसार गरिन्छ । धेरै जसो सोधपुछ तथा गुनासोहरू स्वयमसेवकहरूले सम्हाल्छन्, जस्तैः को योग्य छ भन्ने प्रश्न र योग्यता प्रमाणित गर्न पहिचानको अभाव । सहायता डेस्कले परियोजनामा सुधार गरेको छ, जस्तै सही मानिसहरूले अनुदान प्राप्त गरिरहेका छन् भन्ने सुनिश्चित गर्नु, र प्राप्तकर्ताहरूको अनुरोधको जवाफमा नियमित, सानो नगद हस्तान्तरणबाट ठूलो, एकमुष्ट रकममा परिवर्तन हुनु ।

स्रोत : Source: Njuguna, I. 'Help desks in Kenya' *Ageways. Practical issues in ageing and development,* Issue 82, March 2014, p16 (edited), http://bit.ly/2yRU69J

## समावेशिताका मुख्य मापदण्डहरू ६: समन्वय

मानवीय सहायतामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहूँच र सहभागिता समन्वय गरिएको र पूरक हुन्छन ।

### मुख्य क्रियाकलापहरू

**६.१: अन्तर-निकाय समन्वय संयन्त्रहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि भएको र तिनीहरू पहूँच योग्य छन् भनि सुनिश्चित गर्नुहोस ।**

**६.२: अन्तर-निकाय समन्वय संयन्त्रहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नियमित रूपमा समावेश गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ६.१: अन्तर-निकाय समन्वय संयन्त्रहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि भएको र तिनीहरू पहुँच योग्य छ भनि सुनुश्चित गर्नुहोस ।**

बैठक र कार्य समूह लगायत अन्तर-निकाय समन्वय संयन्त्रमा अर्थपूर्ण रूपमा सहभागी हुन् ज्येष्ठ नागरिक हरू, अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूलाई सहयोग गर्नुहोस् । उदाहरणका लागि;

- ज्येष्ठ नागरिक हरूको समूह, अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूसँग तयारी बैठक आयोजना गर्नुहोस; यी बैठकहरूमा समन्वय संयन्त्रले कसरी काम गर्छ, कसरी सहभागी हुन् सकिन्छ र यसबाट के आशा गरिनेछ भन्ने कुराको व्याख्या गर्नुहोस;
- समन्वय बैठकहरूमा तिनीहरूले कसरी सुझाउ दिने बारे योजना बनाउन यी समूहहरूलाई सहयोग गर्नुहोस; र
- महिला र पुरुषहरूलाई समान रूपले संलग्न गर्नुहोस । मनोसामाजिक वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू लगायत विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सलग्न गर्नुहोस् । उदाहरणका लागि, सबै समूहको प्रतिनिधित्व गरिएको छ कि छैन सुनिश्चित गर्न लैङ्गिकता सन्तुलित सहायता समूहहरूको स्थापना गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आफ्नो विकासमा संलग्न हुन पाउने अधिकारका बारेमा समन्वय संयन्त्रको विकासका लागि जिम्मेवार व्यक्तिहरूको सचेतना बढाउनुहोस ।

बैठकको व्यवस्थापन गर्दा:

- पहूँच योग्य आयोजना स्थलको छनौट गर्नुहोस;
- पहूँच योग्य ढाँचामा जानकारी प्रदान गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशीताका मापदण्ड ४, मुख्य क्रियाकलापहरू ४.१, मार्गदर्शनका लागि टिपोटहरू पहूँच योग्य जानकारी उपलब्ध गराउने सम्बन्धमा**); र
- सबैलाई पूर्णरूपमा सहभागी गराउन उचित आवास उपलब्ध गराउनुहोस-उदाहरणका लागि, प्रमाणित सांकेतिक भाषा व्याख्या र/वा प्रत्यक्ष क्याप्सनिंग उपलब्ध गराउनुहोस् ।

समन्वय संयन्त्रहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई अनुगमन गर्नुहोस् । यसमा लैगिकता सन्तुलनको समीक्षा र कसरि राम्रोसंग विभिन्न प्रकारका अपाङ्गता भएको व्यक्तिको प्रतिनिधित्व हुन्छ भन्ने कुरा समावेश हुन्छ ।

## मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन

**६.२: अन्तर-निकाय समन्वय संयन्त्रहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नियमित रूपमा समावेश गर्नुहोस ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीतासँग सम्बन्धित विषयहरूलाई कसरी सम्बोधन र पहिचान गरिनेछ, परिभाषित गर्नुहोस् ।

**सम्पर्क व्यक्ति र कार्यगत समूहहरू (Focal points and working groups)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समन्वय संयन्त्रको रणनीति र कार्ययोजनामा समावेश गर्न समन्वय गर्ने उपायहरूका लागि सम्पर्क व्यक्तिको पहिचान गर्नुहोस् वा कार्यगत समूहहरूको स्थापना गर्नुहोस् । यदि सम्पर्क व्यक्ति वा कार्यगत समूह पहिले देखिने विद्यमान छ भने, तिनीहरू समन्वय संयन्त्रमा भूमिका निर्वाह गर्न तयार छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस । यदि त्यहाँ सम्पर्क व्यक्ति वा कार्यगत समूह छैन भने, तिनीहरूलाई स्थापना गर्नमा मद्दत गर्नुहोस् । समावेशितामा आफ्नो ज्ञान र सिपहरू निर्माण गर्नलाई स्रोतहरू प्राप्त गर्न सम्पर्क व्यक्तिहरू वा कार्यगत समूहहरूलाई सहयोग गर्नुहोस् ।

सम्पर्क व्यक्ति वा कार्यगत समूहलाई अन्य अन्तर्निहित विषयहरूमा काम गर्ने सम्पर्क व्यक्तिहरू वा कार्यगत समूहहरूसँग सम्पर्कमा राख्नुहोस्, जस्तै लैंगिकता वा संरक्षण मूलधार । यसरी, तिनीहरू एक अर्काको कामको पूरक हुन सक्छन् ।

तपाईंले सम्पर्क व्यक्ति वा कार्यगत समूहहरूलाई निम्न कार्यहरू दिन सक्नुहुन्छः

- समन्वय संयन्त्रहरूको कार्यसूची (Agenda) को रूपमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित विषयहरूलाई व्यवस्थित ढंगले सम्बोधन गर्नुहोस - सम्भावित प्रवेश विन्दु भनेको यिनीहरूलाई संरक्षणको मूलप्रवाहको कार्यसूचीमा एकीकृत गर्नु हुन सक्छ;[१२]
- सबै क्षेत्रगत शर्तहरू, अवधारणा पत्र र वित्तिय सहयोग प्रदान गर्नको लागि प्रस्ताव, आवश्यकता लेखाजोखा र योजनाहरू, जस्तै उचित आवास र पहूँच योग्य सेवाका लागि बजेट, भित्र समावेशीताको अवयवहरू समावेश गर्नुहोस;
- लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याइएको तथ्याङ्क सङ्कलन र विश्लेषण कसरी गर्ने भन्ने सन्दर्भमा मार्गदर्शनको लागि सम्पर्कहरू उपलब्ध गराउनुहोस वा  प्राविधिक सहयोग उपलव्ध गराउनुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नेमा स्रोत र विशेषज्ञताको नक्शाङ्कननक्शाङ्कन र लेखाजोखा गर्न सम्पर्क व्यक्ति वा कार्यगत समूहलाई सहयोग गर्नुहोस; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण कसरी भइरहेको छ भनेर लेखाजोखा गर्नका लागि अनुगमन र मूल्याङ्कन क्रियाकलापहरूमा योगदान गर्नुहोस ।

नबिर्सनुहोसः समन्वय संयन्त्रमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न सम्पर्क व्यक्ति वा कार्यगत समूहहरू मात्र जिम्मेवार हुँदैनन् । मानवीय कार्यमा संलग्न सबैले यो जिम्मेवारी साझा गर्छन् ।

**थप सेवाका लागि अन्यत्र पठाउने कार्यको संयन्त्रहरू (Referral mechanisms)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त मानवीय क्रियाशील निकायहरू, सेवा प्रदायकहरू, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs) मा समावेशितासँग सम्बन्धित विषयहरूलाई थप सेवाका लागि अन्यत्र पठाउने संयन्त्रहरू स्थापना गर्नुहोस् ।

मानवीय सेवाहरूलाई नक्शाङ्कन गर्दाः

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न विशेषज्ञता भएका संगठनहरूलाई समावेश गर्नुहोस्, वा जसले उनीहरूलाई सेवा प्रदान गर्दछ - उदाहरणका लागि, सरकारी विभागहरू, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) ज्येष्ठ नागरिकहरूको संघ (OPAs), विशेषज्ञ संगठनहरू, वा शिक्षा वा स्वास्थ्य सेवा प्रदायकहरू;
- यी सेवाहरू कत्तिको पहूँच योग्य र समन्वित छन् भनेर लेखाजोखा गर्नुहोस् - यदि आवश्यक परेमा, सेवाहरूलाई अझ पहूँच योग्य र समावेशी बनाउन सेवा प्रदायकहरूलाई सचेतीकरण गर्नुहोस; र
- समन्वय संयन्त्रको लागि जिम्मेवार व्यक्तिहरू लगायत सबै सम्बन्धित संगठनहरूसँग आफ्नो नक्साङ्कनको जानकारी साझा गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहूँचमा नभएका सेवाहरूको पहिचान गर्नुहोस् । उनीहरूलाई कसरी पहूँच योग्य बनाउने भनेर सिफारिस गर्नुहोस[१३] । यौन, उमेर र अपाङ्गताद्वारा तथ्याङ्कलाई कसरी छुट्याउने भन्ने कुरामा समन्वयकारी निकायलाई सुझाव दिनुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सेवामा पहूँच प्राप्त गर्दा सामना गर्न सक्ने अवरोधहरूबारे जानकारीलाई कसरी समन्वित प्रतिकार्यको योजना बनाउन प्रयोग गर्न सकिन्छ भनेर वर्णन गर्नुहोस् ।

लैगिकता सम्बन्धी विषयहरूमा समन्वय र थप सेवाका लागि अन्यत्र पठाउने संयन्त्रहरूमा र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशितामा काम गरिरहेका कर्मचारीहरूलाई सचेतीकरण गर्नुहोस् (**मुख्य समावेशिता मापदण्ड[८], कर्मचारीको क्षमता निर्माण सम्बन्धी मार्गदर्शनका लागि टिपोटहरू, संवेदनशीलता सम्बन्धी खण्ड हेर्नुहोस**)।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले थप सेवाका लागि अन्यत्र पठाउने संयन्त्र प्रयोग गर्न सक्छन् कि सक्दैनन् सो बारे सुनिश्चित गर्नुहोस् । उदाहरणका लागि, यसबारे विभिन्न तरिकाले जानकारी दिनुहोस् वा आवश्यक परेमा एउटा सेवाबाट अर्को सेवामा पुऱ्याउनलाई भुक्तानी गर्न भत्ता दिनुहोस् ।

**मामिला अध्ययन**

## हाइयान आँधीको प्रतिकार्यको दौरानमा बुढचौली तथा अपाङ्गता कार्यदल ( ageing and Disability task force during the response to typhoon Haiyan)

नोभेम्बर २०१३ मा हाइयान आँधी (योलान्डा) फिलिपिन्स आएर ठोक्कियो । आपतकालीन प्रतिकार्यको भागको रूपमा, सुरक्षा समूह अन्तर्गत ज्येष्ठ नागरिक तथा अपाङ्गता कार्य दल (ADTF) स्थापना गरियो । यस विपद्बाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूबारे प्रारम्भिक सूचनाहरू अपूर्ण हुनुका साथै त्यसमा विस्तृत विवरणहरूको अभाव थियो (ADTF) को पहिलो कार्य तथ्याङ्क सङ्कलनमा एकरूपता र उमेर, लिङ्ग र अपाङ्गतासँग सम्बन्धित विषयहरू प्रतिबिम्बित गरिएको थियो कि थिएन भनेर सुनिश्चित गर्नु थियो । थप सेवाका लागि अन्यत्र पठाउने मार्गहरू स्थापना गर्नको लागि स्वास्थ्य समूहको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सेवाहरूको नक्साङ्कन गरियो । ADTF को अर्को उद्देश्य मूलधारका संगठनहरूको प्रतिकार्यमा अपाङ्गता र ज्येष्ठ नागरिकका विषयहरू समावेश गर्ने क्षमतालाई निर्माण गर्नु थियो । यसमा प्रशिक्षण र प्राविधिक सहयोग पनि समावेश छ ।
अन्य स्थानहरूमा, सबैभन्दा उल्लेखनीय रूपमा भन्नु पर्दा पाकिस्तानमा, समान खालको अवधारणालाई परीक्षण गरिएको छ, । सन् २०१० को बाढीपछि ADTF लाई स्थापित गरियो र यस्का सदस्यहरूका बीचमा दसौ संगठनहरू (अन्तर्राष्ट्रिय र स्थानीय)मा गणना गरियो*.

*A report and resource book from the ADTF in Pakistan was published in 2011. See http://www.cbm.org/article/downloads/54741/ADTF_Report.pdf

Source: International Federation of Red Cross and Red Crescent Societies, *All Under One Roof, Disability-inclusive shelter and settlements in emergencies,* Geneva, IFRC, 2015, http://bit.ly/2Bt4FCZ

## समावेशिताका मुख्य मापदण्डहरू ७ : सिकाई

अझ धेरै समावेशी सहायता उपलब्ध गराउनलाई संगठनहरूले सिकाईलाई सङ्कलन र लागू गर्दछन ।

### मुख्य क्रियाकलापहरू

**७.१: मानवीय कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नका लागि सिकाई, चुनौती र अवसरहरूको पहिचान र दस्तावेजीकरण गर्नुहोस ।**

**७.२: समावेशी मानवीय सहायता प्रदान गर्ने तरिकामा सुधार ल्याउन सिकाईलाई प्रयोग गर्नुहोस् ।**

**७.३: सिकाई, असल अभ्यास र नव प्रर्वत्तनलाई तपाईंको संगठन भित्र र अन्य संगठनहरू दुवैमा, जस्तै परियोजना साझेदार, राष्ट्रिय संगठन र अधिकारीहरूसंग साझा गर्नुहोस ।**

## मार्गदर्शनको लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूको लागि मार्गदर्शन ७.१: मानवीय कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नका लागि सिकाई, चुनौती र अवसरहरूको पहिचान र दस्तावेजीकरण गर्नुहोस ।**

सफलतालाई मात्र होइन, कुनै पनि चुनौती र असफलताहरूलाई पनि दस्तावेजीकरण गर्नुहोस, किनकि तपाईंले यिनैबाट बहुमूल्य पाठहरू सिक्नु हुनेछ । सिकाइलाई सङ्कलन गर्नमा वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई संलग्न गर्नुहोस् । तिनीहरूको अनुभव र प्रतिकार्यमा सहभागिता र सेवाहरूमा पहूँच प्राप्त गर्न बाधाहरू पार गर्न प्राय प्रयोग गरिने नव प्रवर्तित तरिकाहरूलाई प्रयोग गर्नुहोस । अनुगमनमा सहभागिताका लागि प्रक्रिया सुनिश्चित गर्नुहोस्, र मूल्यांकन टोलीहरूले विशेष गरी उमेर र अपाङ्गतासँग सम्बन्धित समावेशिता विशेषज्ञ समावेश गर्दछ । सिकाइलाई दस्तावेजीकरण गर्न पहूँच योग्य औजार र विधिहरू प्रयोग गर्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तपाईंको प्रतिवेदन पुनरावलोकन गर्न र तिनीहरूको अनुभव झल्किएको छ कि छैन सुनिश्चित गर्न आग्रह गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूको लागि मार्गदर्शन ७.२: समावेशी मानवीय सहायता प्रदान गर्ने तरिकामा सुधार ल्याउन सिकाईलाई प्रयोग गर्नुहोस् ।**

हालको र भविष्यका परियोजनाहरूका लागि सिफारिस गर्न सिकाइलाई प्रयोग गर्नुहोस् । आफनो सिकाईको आधारमा आफ्नो संगठनका औजारहरू (प्रशिक्षणका औजारहरू सहित) र नीतिहरू नियमित रूपमा अद्यावधिक गर्नुहोस् । ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूसंग चुनौती तथा असफलताहरूलाई कसरी समाधान गर्ने र राम्रो अभ्यासलाई कसरी निर्माण गर्ने भन्ने विषयमा छलफल गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूको लागि मार्गदर्शन ७.३: सिकाई, असल अभ्यास र नव प्रर्वत्तनलाई तपाईंको संगठन भित्र र अन्य संगठनहरू दुवैमा, जस्तै परियोजना साझेदार, राष्ट्रिय संगठन र अधिकारीहरूसंग साझा गर्नुहोस ।**

आफ्नो संगठनका सहकर्मीहरूसँग सिकेका पाठहरू र असल अभ्यासहरू साझा गर्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न सहयोग गर्ने संगठनात्मक प्रणाली वा प्रक्रियामा थप परिवर्तनका लागि पैरवी गर्नुहोस । सिकेको पाठ साझा गर्न विश्व तथ्याङ्क आदान प्रदान गर्ने मञ्चहरू प्रयोग गर्नुहोस् । उदाहरणका लागि, मानवीय मामिला सम्बन्धी समन्वयका लागि संयुक्त राष्ट्र संघीय कार्यालयले (OCHA) प्रवर्द्धन गरेको तथ्याङ्क साझा खुला मञ्च, मानवीय तथ्याङ्क आदान प्रदान प्रयोग गर्नुहोस् ।

तपाईंको निष्कर्षले तिनीहरूको विचारलाई झल्काएको छ कि छैन सुनिश्चित गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत संकटग्रस्त समुदायसँग सिकेको पाठ र राम्रो अभ्यासलाई साझा गर्नुहोस् । व्यापक सिकाईलाई योगदान गर्न प्रतिकार्य संयन्त्रलाई समन्वय गरिरहेका परियोजना साझेदार र निकायहरूसँग सिकेका पाठहरू साझा गर्नुहोस् ।

# औजार तथा स्रोतहरू (Tools and resources )

### सिकाई सङ्कलन

Women's Refugee Commission and International Rescue Committee, *Building Capacity for Disability Inclusion in Gender-Based Violence Programming in Humanitarian Settings: Tool 12: Documenting "Stories of Change",* Women's Refugee Commission, http://bit.ly/2BsUEpq

### सिकाई साझेदारी

Humanitarian Data Exchange, https://data.humdata.org

**मामिला अध्ययन**

# बढी समावेशी प्रतिकार्यका लागि सिकाइ लागू गर्ने (Applying learning to deliver a more inclusive response)

सन् २००९ मा कन्सर्न वर्ल्डवाइड र यूएसएडको बैदेशिक विपद् सहायता कार्यालय बीच भएको सम्झौताले ‘‘पाकिस्तानको आन्तरिक विस्थापित (RAPID) लाई प्रतिकार्य’’ नामक कोष संयन्त्रको स्थापना गऱ्यो । कन्सर्न वर्ल्डवाइड पाकिस्तानले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई मदत गर्ने अभ्यासहरू लागू गरिरहेको छ जसबाट तिनीहरूले RAPID कोष मार्फत पाकिस्तानमा स-साना आपतकालीन अवस्थाहरूको प्रतिकार्य गर्दछन ।

सन् २०१५ को प्रारम्भिक RAPID प्रतिकार्यको दौरान, यौन, उमेर र अपाङ्गताद्वारा छुट्टयाइएको तथ्याङ्क सङ्कलन गर्ने अवसर लिईएको थियो । तथापि, गाउँलेहरूले यस विषयमा प्रतिबन्ध र लाजको भावनाले गर्दा अपाङ्गताबारे जानकारी साझा गर्ने विषयमा चिन्ता व्यक्त गरे ।

दोस्रो द्रूत प्रतिकार्यको दौरान, समुदायले तथ्याङ्क सङ्कलन प्रक्रिया र यसको प्रयोग के को लागि गरिनेछ भन्ने विषयको छलफलमा सहभागी भए । लेखाजोखाहरूको दौरानमा सबैभन्दा बढी बहिष्करणको जोखिममा रहेका समूहलाई प्राथमिकता दिईएको सुनिश्चित गर्न उक्त टोलीले लाभग्राहीहरूको छनौट मापदण्डको पनि समीक्षा गरेको थियो । अहिले उक्त समुदायले कन्सर्न र यसका साझेदारहरू सेवाहरू प्राप्त गर्दा आई पर्ने बाधाहरू पत्ता लगाउन साँच्चै इच्छुक छन् भन्ने कुरामा आश्वस्तता महसुस गर्दै गरेको कुरा सूचित गऱ्यो ।

तेस्रो प्रतिकार्यको अन्त्य सम्ममा, समावेशीतर्फ उल्लेखनीय परिवर्तनहरू भएको कुरा सूचित गरिँदै थियो । उदाहरणका लागि, RAPID ले हाते चापाकलहरू हाल्ने कार्यको लागि आफ्नो अवधारणालाई परिवर्तन गऱ्यो । यो परियोजना क्षेत्रबाट शुरु भएको सबै हाते पम्पहरू पहूँच योग्य तरिकाले निर्माण हुने र यो अन्य परियोजना क्षेत्रमा पनि अगाडि बढाइने थियो ।

रेपिड (RAPID) कोषको समीक्षाले, छुट्याईएको तथ्याङ्कहरू सङ्कलन संगै शुरु भएको कुराले सम्पूर्ण समुदायलाई ध्यानमा राखेर तर्जुमा गरिएको प्रतिकार्य विस्तृत रूपमा वितरण गरेको कुरालाई ध्यान दिईयो । यस प्रतिकार्यको समावेशी प्रकृति सम्पूर्ण समुदायको संलग्नतामा झल्किन्छ, जसमा उनीहरूले सुझाव र पृष्ठपोषण प्रदान गरेका थिए, र जोखिममा परेकाहरूलाई औचित्य सुधार गर्न परियोजनालाई प्रत्यक्ष रूपमा प्रभावित गरेका छन् ।

प्रतिकार्य टोलीको दस्तावेजले समावेशितामा कर्मचारी र समुदाय दुवैको सचेतीकरणको लागि योजना र स्रोतको महत्वलाई प्रकाश पारेको थियो ।

स्रोतः कन्सर्न वर्ल्डवाइड, पाकिस्तान

## मुख्य समावेशिताका मापदण्डहरू: ८ मानवीय स्रोतहरू

कर्मचारी र स्वयंसेवकहरूसंग समावेशी मानवीय कार्यहरू कार्यान्वयन गर्न उपयुक्त सीप र मनोवृत्तिहरू छन् । ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूसंग मानवीय संगठनहरूमा रोजगारी र स्वयंसेवा गर्ने समान अवशर छन् ।

### मुख्य क्रियाकलापहरू

**८.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारका बारेमा सचेतना जगाउने र मानवीय कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न तालिम दिएर कर्मचारी तथा स्वयंसेवकको क्षमता अभिवृद्धि गर्नुहोस ।**

**८.२ : समावेशी मानव स्रोतको नीतिहरू कार्यान्वयन गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन: ८.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारका बारेमा सचेतना जगाउने र मानवीय कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न तालिम दिएर कर्मचारी तथा स्वयंसेवकको क्षमता अभिवृद्धि गर्नुहोस ।**

**सचेतीकरण (Sensitization)**

आफ्नो मनोवृत्ति परिवर्तन गर्न र समावेश गर्न चासो लिनलाई प्रोत्साहन दिन सबै तहका कर्मचारी तथा स्वयमसेवकहरूसँग सचेतना बढाउने कार्यक्रम संचालन गर्नुहोस् ।
ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मानवीय कार्यमा सहभागी हुँदा तिनीहरूले सामना गर्ने अवरोधहरू सम्बन्धी सत्रहरू समावेश गर्नुहोस् ।
यी सत्रहरू तर्जुमा र संचालन गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूसँग सहकार्य गर्नुहोस् ।

**तालिम/प्रशिक्षण (Training)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत तिनीहरूको सीपहरूमा सुधार गर्न कर्मचारी तथा स्वयमसेवकहरूका लागि तालिम/प्रशिक्षण तर्जुमा गर्नुहोस ।
व्यावहारिक सीपहरू या त लिंग, उमेर र अपाङ्गताद्वारा तथ्याङ्क छुट्ट्याउने विषयहरू वा क्षेत्र-विशिष्ट जस्ता विषयहरूमा सम्बन्धित हुन सक्छन् । उदाहरणका लागि, आवास कार्यक्रममा काम गर्ने कर्मचारीहरूले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आश्रय दिंदा सामना गर्न सक्ने हिंसा तथा दूर्व्यहारको जोखिमलाई रोक्न र त्यसको व्यवस्थापन गर्न प्रशिक्षण दिन सकिन्छ । तपाईंको संस्थाको कर्मचारी प्रशिक्षण कार्यक्रममा ज्येष्ठ नागरिक  र अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने विषयमा मोड्युलहरू एकीकृत गर्नुहोस् ।

आवश्यक परेको ठाउँमा अरूको विशेषज्ञतालाई प्रयोग गर्नुहोस् । तपाईंलाई प्रशिक्षण विकास गर्न र संचालन गर्नमा मदत गर्न सक्ने स्थानीय, राष्ट्रिय वा अर्न्तराष्ट्रिय स्तरमा विशेषज्ञहरूको पहिचान गर्नुहोस् । यिनीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs), सरकारी मंत्रालय, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने काम गरिरहेका राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू वा व्यक्तिगत सल्लाहकारहरू हुन सक्छन् ।

कर्मचारी र स्वयमसेवकहरूका लागि थप प्रशिक्षणका अवसरहरू पहिचान गर्नुहोस् र थप मार्गदर्शनका लागि कागजातहरू उपलब्ध गराउनु होस् (**औजार र स्रोतहरू** हेर्नुहोस) ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन: ८.२ : समावेशी मानव स्रोतको नीतिहरू कार्यान्वयन गर्नुहोस ।**

यी कुराहरूमा ध्यान दिने संगठनात्मक नीतिहरूलाई कार्यन्वयन गर्नुहोस् ;

- समान मूल्यको कामका लागि समान पारिश्रमिक र समान अवसर सुनिश्चित गर्ने उपायहरू (जस्तैः जागिरको निवेदन प्रक्रियाहरू अनुकूलन गर्ने र लचिलो कार्य तालिकाहरू बनाउन दिने);
- ज्येष्ठ कर्मचारी तथा स्वयमसेवकहरू र अपाङ्गता भएका कर्मचारी तथा स्वयमसेवकहरूलाई उनीहरूको लिङ्ग, उमेर वा अपाङ्गताको कारण भेदभाव वा दूर्व्यहारबाट जोगाउने उपायहरू; र
- कार्यस्थलको पहूँच र उचित आवास (हेर्नुहोस् **मुख्य समावेशीताका मापदण्ड २, बाधाहरूलाई सम्बोधनमा मार्गदर्शनका लागि टिपोटहरू**).

यदि तपाईंको संगठनमा पर्याप्त नीतिहरू छैनन् भने, कार्यस्थलमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने सम्बन्धमा सम्बन्धित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीतिहरूको प्रयोग गर्नुहोस् (हेर्नुहोस् **औजार र स्रोत**)।

# औजार तथा स्रोतहरू (Tools and resources)

Age and Disability Capacity Programme (ADCAP), *Basic Principles of Disability Inclusion in Humanitarian Response,* Cornerstone OnDemand Foundation, 2015 (available in English and Arabic at www.disasterready.org)

Age and Disability Capacity Programme (ADCAP), *Comprehensive Accessible Humanitarian Assistance for Older People and People with Disabilities,* Cornerstone OnDemand Foundation, 2017 (available in English and Arabic at www.disasterready.org)

Age and Disability Capacity Programme (ADCAP), *Inclusion of age and disability in humanitarian action: a two-day training course:*

- *Learner's Workbook,* RedR, on behalf of the Age andDisability Consortium, 2017, http://bit.ly/2AQGVrm
- *Training Handbook,* RedR, on behalf of the Age andDisability Consortium, 2017, http://bit.ly/2B7VcUO
- *Training Slideshow,* RedR, on behalf of the Ageand Disability Consortium, http://bit.ly/2BGD7wF

Age and Disability Capacity Programme (ADCAP), *Understanding Older People and Their Needs in a Humanitarian Context,* Cornerstone OnDemand Foundation, www.disasterready.org, 2015 (available in English and Arabic)

CBM, *Disability-Inclusive* Development Toolkit, Bensheim, CBM, 2017, http://bit.ly/2lVei5A

UN General Assembly, Convention on the Rights of Persons with Disabilities (A/RES/61/106), Article 27 – Work and employment, http://bit.ly/2jUp5in

**मामिला अध्ययन**

## कार्यस्थलमा उचित आवास (Reasonable accommodation in the workplace)

CBM पहूँच योग्य र समावेशी विकास कार्यक्रम र परियोजनाहरू संचालन गर्न मात्र होइन अपाङ्गता भएका पेशेवर कर्मचारीहरूको भर्ना, स्थायित्व र विकास गर्न पनि प्रतिबद्ध छ । यस संगठनले अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी जागीरको विज्ञापन गर्दछ र अपाङ्गता भएका कर्मचारीहरूले आफ्नो जागीर गर्नको लागि आवश्यक उचित आवास प्राप्त गर्ने सुनिश्चित गर्ने प्रयास गर्दछ । उचित आवास अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत रुचिहरू पूरा गर्ने कुरा होइन, अपाङ्गता भएका व्यक्तिहरूले अरूसँग समान आधारमा सहभागी हुन् सक्छन् भन्ने सुनिश्चित गर्न आवश्यक कुराहरू प्रदान गर्ने कुरा हो ।

इन्टरनेशनल एडभोकेसी एण्ड एलायन्स टोलीका निर्देशक यस्तो टिप्पणी गर्छन: *"सीबीएमलाई के सम्भव छ र के गर्नुपर्छ भन्ने कुरा थाहा थियो । उचित आवाससंग सम्बन्धित खर्चहरू बेहोर्न बेल्जियममा कसरी अनुदान प्राप्त गर्ने भन्ने सन्दर्भमा मैले तिनीहरूलाई केही जानकारी दिनु पर्थ्यो । तर तिनीहरूलाई यो प्रविधिबारे थाहा थियो । मलाई स्क्रिनमा भएको सामाग्री पढ्ने सफ्टवेयर र स्क्रिनको सामग्रीलाई ब्रेलमा अनुवाद गर्ने उपकरण चाहिन्छ ।"*

अर्को सीबीएम (CBM) कर्मचारी सदस्यले युरोपेली संघ सम्पर्क कार्यालयमा महत्वपूर्ण प्रशासनिक भूमिका निर्वाह गर्नलाई सक्षम बनाउन थप प्रशिक्षण र सहयोग प्राप्त गरेकी छिन् । तिनी यस्तो टिप्पणी गर्छिन: *"बेल्जियममा बहिराहरूको लागि अनुवादकहरूको कमी छ । सीबीएममा तिनीहरूले मेरो अवस्था बुझेका छन् र मलाई मदत गर्न र थप सहयोगका साथ थप प्रशिक्षण दिन त्यहाँ छन् । यसले मलाई काम गर्ने क्षमता विकास गर्नमा मदत गर्छ ।"*

यूरोपीय संघ नीति अधिकृतको रूपमा काम गर्ने अर्को कर्मचारी सदस्य यसो भन्छन: *"उदाहरण बन्नका लागि पहिलो पटक समावेशी नीति तथा अभ्यासहरू घरभित्र स्थापित हुनु महत्वपूर्ण छ । यसको लागि सक्षम व्यक्तिहरूलाई जागिर दिनु अत्यावश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई अझै पनि चुनौती दिने आन्तरिक अवरोधलाई तोड्न र सीबीएमको जनशक्तिको विविधता र सम्पन्नतालाई सुदृढ गर्नका लागि समावेशिताका बारेमा सीबीएमका कर्मचारी र व्यवस्थापन टोलीमा सचेतना जगाउनलाई संस्थाका सबै तहमा महिला लगायत अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न आवश्यक छ ।"*

स्रोत: CBM, अपाङ्गता समावेशी विकास टुलकिट, २०१४

सन् २०१७ मा, सीबीएमले समावेशी भर्ना नीति अपनाएर समावेशी कार्यस्थललाई अभ्यासमा प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । थप पत्ता लगाउन, हेर्नुहोस:

https://www.cbm.org/article/downloads/54741/CBM_Inclusion_Policy_Framework.pdf

## मुख्य समावेशिताका मापदण्डहरू ९: स्रोत व्यस्थापन

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले मानवीय संगठनहरूले समावेशिता प्रर्वद्धन हुने तरिकामा स्रोतहरूको व्यवस्थापन गरिरहेका छन् भन्ने आशा गर्न सक्छन् ।

### मुख्य क्रियाकलापहरू

**९.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवामा पहूँच प्राप्त गर्न र मानवीय कार्यमा भाग लिन सक्ने किसिमले स्रोतको व्यवस्थापन गर्नुहोस् ।**

**९.२: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग तपाईंको स्रोतको प्रयोगबारे जानकारी साझा गर्नुहोस् र उनीहरूको पृष्ठपोषणका लागि अवसरहरू प्रदान गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापका लागि मार्गदर्शनः ९.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवामा पहूँच प्राप्त गर्न र मानवीय कार्यमा भाग लिन सक्ने किसिमले स्रोतको व्यवस्थापन गर्नुहोस ।**

**वित्तीय स्रोतहरू (financial resources)**

तर्जुमा चरणदेखि शुरु देखि नै आफ्नो सबै बजेटमा उचित आवास र पहूँचको लागि शिर्षकहरूलाई समावेश गर्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने उपायहरूमा खर्चलाई पछ्याउनुहोस् । यसले तपाईंलाई पर्याप्त रकम छुट्याइएको छ कि छैन र यो उचित तरिकाले प्रयोग गरिएको छ कि छैन भनेर बुझ्नमा मद्दत गर्नेछ ।

**आपूर्तिहरूको खरिद (Procuring supplies)**

आफ्नो परिसर र साझेदार दुवैको लागि विश्वव्यापी डिजाईनको सिद्धान्तहरू पालन गर्ने वस्तु, उपकरण र सुविधाहरू खरीद गर्नलाई प्राथमिकता बनाउनुहोस् । खाद्य तथा गैर-खाद्य वस्तुको खरीदमा पनि यही सिद्धान्त लागू गर्नुहोस् । सहयोगी प्रविधि खरिद गर्दा, समुदायमा आधारित संस्था, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) वा स्थानीय सेवा प्रदायक संस्थासँग समन्वय गर्ने बारे ध्यान दिनुहोस । यसले तपाईंलाई अधिक प्रभावकारी तरिकाले स्रोत व्यवस्थापन गर्न मद्दत गर्न सक्छ[१४]। सम्भव भएसम्म स्थानीय स्तरमै उपकरणहरू प्राप्त गर्नुहोस् ।

**नीतिहरूको कार्यान्वयन र अनुगमन (Implementing and monitoring policies)**

समावेशी स्रोत व्यवस्थापन नीतिहरूको विकास गर्नुहोस । विद्यमान नीतिहरूलाई अनुकूल गर्नुहोस्, वा आवश्यक परेमा नयाँ नीतिहरूको विकास गर्नुहोस् । समावेशिताको सम्बन्धमा आफ्नो संस्थाको कार्यसम्पादनको लेखापरीक्षण गर्नुहोस । नीतिहरूको कार्यान्वयन र स्रोतहरूको प्रयोगमा सुधार गर्न कार्ययोजना को विकास गर्नुहोस[१५]।

तपाईंलाई लिंग, उमेर र अपाङ्गताद्वारा तथ्याङ्क छुट्याउन र पहूँच र सहभागिता गर्नमा बाधाहरू पहिचान गर्न दिन कार्यक्रमका औजारहरूलाई अनुकूलित गर्नुहोस, उदाहरणका लागि, तथ्याङ्क सङ्कलनका लागि, आवश्यक लेखाजोखा वा छनौट मापदण्ड ।

प्रभावित जनसँख्यासम्म पुग्न कति राम्रोसंग स्रोतको प्रयोग भएको छ भनी मापन गर्न समावेशिता (लिङ्ग, उमेर र अपाङ्गता) सम्बन्धी विशिष्ट सूचक र लक्ष्यको विकास गर्नुहोस । उदाहरणका लागि, पहूँच योग्य आश्रयहरूको प्रतिशत वा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको (महिला, पुरुष, केटी तथा केटाहरू) खाद्य वितरण योजनाहरूमा पहूँच प्राप्त गर्ने सूचकहरू विकास गर्नुहोस् ।

आफ्नो काममा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न एउटा सबै प्रकारको अवरोधहरू (Impairment) भएका मानिसहरूको दोबाटे अवधारणा (Twin–track approach) लाई अपनाउनुहोस् । यसको अर्थ सबै चरणहरूमा सबै नीति तथा कार्यक्रमहरूमा उमेर र अपाङ्गता-संवेदनशील उपायहरूलाई एकीकृत गर्न र

उनीहरूको समावेशितालाई सहयोग गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित विशेष कार्यक्रमहरू आयोजना गर्नु दुवै हो ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तपाईंको संगठनको काममा समावेश गर्नका लागि पैरवी गर्न कर्मचारीको एक सदस्यलाई खटाउनुहोस् । उदाहरणका लागि, कार्यालय मर्मतको लागि बजेटहरू र कार्यक्रमको लागि आर्थिक सहायताको प्रस्तावना प्रस्तुत गर्नुहोस ।

बहिष्करणको जोखिममा रहेका समूहहरूको प्रतिनिधित्व गर्ने संगठनहरू लगायत अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs) र अन्य समुदायमा आधारित संगठनहरूलाई आर्थिक सहयोग वा लागत साझेदारी प्रदान गर्न रणनीतिहरू बनाउनुहोस् ।

**मुख्य क्रियाकलापका लागि मार्गदर्शनः ९.२: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग तपाईंको स्रोतको प्रयोगबारे जानकारी साझा गर्नुहोस् र उनीहरूको पृष्ठपोषणका लागि अवसरहरू प्रदान गर्नुहोस ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवाहरूमा पहूँच पुऱ्याउन र निर्णय गर्नमा सहभागि हुनलाई सक्षम पार्न तपाईंको संगठनले कसरी यसका स्रोतहरूको प्रयोग गरिरहेको छ भन्ने बारेमा विभिन्न तरिकाले जानकारी प्रदान गर्नुहोस् । सूचक र लक्ष्य विरुद्ध आफ्नो संगठनको प्रदर्शन बारे जानकारी पनि प्रदान गर्नुहोस् ( हेर्नुहोस् **मुख्य समावेशीताका मापदण्ड २, सूचना अवरोधहरूमा मार्गदर्शनका लागि टिपोटहरू**).

तपाईंको संगठनले कसरी आफ्नो स्रोतहरूको प्रयोग गरिरहेको छ भन्ने सन्दर्भमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पृष्ठपोषणलाई साझा गर्न उनीहरूलाई सहयोग गर्नुहोसः

- तिनीहरूलाई पृष्ठपोषण कसरी प्रस्तुत गर्ने र तिनीहरूले उठाएका मुद्दाहरू कसरी अनुगमन गर्ने भन्ने कुरा बताउनुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि उनीहरूको पृष्ठपोषण र यिनीहरूका लागि बजेट पेश गर्न पहूँच योग्य सञ्चार माध्यमहरूबारे योजना बनाउनुहोस;
- तपाईंले प्राप्त गरेको पृष्ठपोषणमा कार्य गर्नुहोस; र
- तपाईंको संगठनले कस्तो प्रतिक्रिया दिएको छ भनेर टिप्पणी गर्न पृष्ठपोषण पेश गरेकाहरूलाई सोध्नुहोस् ।

थप मार्गदर्शनको लागि, **मुख्य समावेशिताका मापदण्ड ५, पृष्ठपोषण र गुनासो संयन्त्र तर्जुमा गर्नमा मार्गदर्शनका लागि टिपोटहरू**, हेर्नुहोस् ।

**मामिला अध्ययन**

# समावेशितालाई प्रवर्द्धन गर्ने अन्तर-संगठनात्मक कार्य (cross–organizational working to promote inclusion)

इस्लामिक रिलीफ वर्ल्डवाइड आफ्नो मानवीय कार्यक्रमद्वारा विशेष गरी सबैभन्दा जोखिममा परेका समूहहरूसम्म पुग्दछ ।

तथापि, सन् २०१५ मा गरिएको एउटा संगठनात्मक लेखाजोखाले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको संगठनात्मक अभ्यासमा समावेश गर्न देखिएको अन्तर माथी प्रकाश पारेको थियो । यसपछि प्रयोग गरिएका कार्यक्रम औजारहरूको समीक्षा गर्दा समावेशी अभ्यासहरू सुदृढ पार्न सकिने विशेष क्षेत्रहरू फेला परे । उदाहरणका लागि, संगठनले प्रयोग गरेको आवश्यकता लेखाजोखा औजारहरूलाई पचास वर्ष भन्दा बढी उमेरसँग सम्बन्धित तथ्याङ्कहरू छुट्याउन आवश्यक थिएन र अपाङ्गता भएका व्यक्तिहरूबारे जानकारी सङ्कलन गर्ने कुनै दायरा थिएन ।

लेखाजोखा र समीक्षालाई सुधार गर्ने एउटा अवसरका रूपमा लिदै समावेशिता र संवेदनशीलता कार्यगत समूह गठन गरियो । यस समूहले समावेश नगरिएका प्रचलनहरूलाई पहिचान गर्न र सम्बोधन गर्न देशीय टोलीका प्राविधिक सल्लाहकारहरूलाई एकसाथ ल्यायो ।

कार्यगत समूहले संस्थामा धेरै सफल परिवर्तनहरू लागू गर्न मद्दत गऱ्यो । उदाहरणका लागि, सङ्कलन गरिएका तथ्याङ्कहरू उमेर, लिंग र अपाङ्गताद्वारा छुट्ट्याएको सुनिश्चित गर्न आवश्यक लेखाजोखाका निर्देशिका तथा द्रूत प्रतिकार्य लेखाजोखाका ढाँचाहरूलाई संशोधन गरियो । संगठनात्मक निर्देशिका, जस्तैः प्रस्तावना ढाँचा, प्रस्तावना लेखन निर्देशिका र नतिजामा आधारित व्यवस्थापन पुस्तिका, पनि संशोधन गरियो । फिल्डका कर्मचारीहरूलाई प्राविधिक सहयोग प्रदान गरियो र कर्मचारीहरूका लागि सुरक्षा र समावेशिता सम्बन्धी प्रशिक्षण प्याकेजको व्यवस्था गरियो ।

भर्खरै संशोधित कार्यक्रम तर्जुमा औजारहरूले समावेशी अभ्यासहरूका लागि समर्पित बजेट शिर्षकहरू सहित नयाँ परियोजनाहरू विकास गर्न मद्दत गरिसकेको छ । संगठन भरि जानकारीहरू लिने र साझा गर्नका लागि सँगै काम गर्दा इस्लामिक रिलीफ वर्ल्डवाइडले आफ्नो कामका सबै पक्षमा समावेशी अभ्यासहरू सम्मिलित गर्नका लागि ठोस र देखिने कदम चाल्न मद्दत गरेको छ ।

स्रोत : इस्लामिक रिलीफ वर्ल्डवाइड


92

# संरक्षण सम्बन्धी मापदण्डहरू

## संरक्षण सम्बन्धी मापदण्डहरू

**१: संरक्षण सम्बन्धी सरोकारहरूको पहिचान**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग संरक्षण सरोकार छ र क्षमता पहिचान तथा अनुगमन गरिएको छ ।

**२: सरोकार र अवरोधहरूलाई सम्बोधन**

संरक्षण सरोकार भएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले संरक्षण सेवाहरूमा पहुँच प्राप्त गरेका हुन्छन् र शारीरिक तथा मानसिक क्षतिको जोखिमबाट संरक्षित छन् ।

**३. सहभागिता र सशक्तिकरण**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई हिंसा, शोषण र दूर्व्यवहारको रोकथाम र सशक्तिकरणका क्रियाकलापमा समावेश गरिएको छ ।

संरक्षण सम्बन्धी समावेशिताका मापदण्डहरूले संरक्षण सम्बन्धी विद्यमान मापदण्डहरू र मार्गदर्शनलाई पूरकता दिन्छ । तिनीहरूलाई मुख्य समावेशिता सम्बन्धी मापदण्डहरू स्फियर संरक्षण सिद्धान्तहरू, मानवीय कार्यमा बाल संरक्षणका लागि न्यूनतम मापमदण्डहरू र अन्य सान्दर्भिक मार्गदर्शन, जस्तै मानवीय कार्यमा लैङ्गितामा आधारित हिंसा कार्यक्रमलाई एकीकृत गर्नका लागि IASC मार्गदर्शनहरूको संयोजन पढ्नुहोस[१६]।

## संरक्षण सम्बन्धी समावेशी मापदण्ड १: संरक्षण सम्बन्धी सरोकारहरूको पहिचान

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणको सरोकार र क्षमता पहिचान तथा अनुगमन गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

**१.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणको सरोकार र क्षमताको बारेमा जानकारी सङ्कलन गर्न संरक्षण लेखाजोखा र अनुगमन औजारहरू अनुकूलन गर्नुहोस् ।**

**१.२ : उमेर र लिङ्ग-उपयुक्त संरक्षण लेखाजोखामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१ : १.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणको सरोकार र क्षमताको बारेमा जानकारी सङ्कलन गर्न संरक्षण लेखाजोखा र अनुगमन औजारहरू अनुकूलन गर्नुहोस् ।**

### तथ्याङ्कलाई छुट्ट्याउने (Data disaggregation)

लिंग, उमेर र अपाङ्गताका आधारमा छुट्ट्याईएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न संरक्षण लेखाजोखा र अनुगमन औजारहरूलाई अनुकूलित गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिता सम्बन्धी मापदण्ड १, मुख्य क्रियाकलाप १.१**).

### संरक्षण लेखाजोखाहरू (Protection assessment)

संरक्षण लेखाजोखाहरूमा यी विषयमा प्रश्नहरू समावेश गर्नुहोस:

- अन्य व्यक्तिहरूको तुलनामा विभिन्न प्रकारका अपाङ्गता भएका महिला, पुरुष, केटीहरू र केटाहरूका लागि अनि ज्येष्ठ नागरिक महिला र पुरुषहरूका लागि संरक्षण जोखिम कसरी फरक हुन सक्छ ;
- उमेर र अपाङ्गता बाहेक अन्य कारणले गर्दा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले कसरी संरक्षण जोखिमको सामना गर्न सक्छन्-उदाहरणका लागि, केही परिस्थितिमा उनीहरूले आफ्नो जातीय पृष्ठभूमि, यौन अभिमुखीकरण वा लैङ्गिक पहिचानका कारण थप सुरक्षा जोखिमको सामना गर्न सक्छन;
- संरक्षण सेवाहरूमा पहुँच पुऱ्याउन कुन अवरोध र सक्षमकर्ताहरू विद्यमान छन् (हेर्नुहोस् **मुख्य समावेशिता सम्बन्धी मापदण्ड २**); र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले यी संरक्षण जोखिमहरूलाई सम्बोधन गर्न कस्तो सकारात्मक तथा नकारात्मक स्थिति सामना गर्ने रणनीतिहरू प्रयोग गर्छन् ।

### दर्ता दरहरूको अनुगमन (Monitoring registration rates)

निश्चित समूहहरूमा कम दर्तालाई पत्ता लगाउन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको ज्ञात वा अनुमानित जनसंख्या तथ्याङ्कको प्रतिकूल दर्ता र पहिचान दरलाई अनुगमन गर्नुहोस् ।

### पहूँचको अनुगमन (Monitoring access)

विभिन्न उमेर समूह र अपाङ्गता भएका कति जना व्यक्तिहरूको सेवा सुविधामा पहूँच छ भन्ने कुराको अनुगमन गर्नुहोस् । उदाहरणका लागि, आफ्नो क्षेत्रको जनगणनाको तथ्याङ्कसंग सेवाहरूको पहूँच सम्बन्धी तथ्याङ्क तुलना गरेर ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूहरूको कम प्रतिनिधित्व गरिएको छ कि छैन भनी हेर्नुहोस् ।

### संरक्षण जोखिमहरूको अनुगमन (Monitoring protection risks)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूहरूलाई हुन सक्ने विशेष संरक्षण जोखिमहरूको अनुगमन गर्न प्रणालीहरू स्थापना गर्नुहोस् । यसमा तिनीहरूको सरोकारलाई सम्बोधन गर्न र संकटग्रस्त जनसंख्यालाई कार्यक्रम कत्तिको पर्याप्त भएको छ भनी टिप्पणी गर्न दिने प्रणालीहरू समावेश हुन सक्छन् । उदाहरणका लागि, तिनीहरूले

आवाशीय हेरचाहमा रहेका बालबालिकाहरूलाई बेवास्ता गरिंदैछ वा वयस्क तथा केटाकेटीहरू सडकमा बसिरहेका छन् वा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू एक्लो वा आफ्नो परिवार वा हेरचाह गर्ने व्यक्तिबाट अलग्गिने जोखिम हुन्छ भनी औंल्याउन सक्छन् ।

याद राख्नुहोस्, घरका सदस्यहरू र/वा हेरचाह गर्नेहरूले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू प्रति हिंसा, उपेक्षा वा दूर्व्यहार गर्न सक्छन् ।

### सूचना संयन्त्रहरूको अनुकूलन (Adopting reporting mechanisms)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले भोगेका हिंसा र दूर्व्यवहारको सूचना दिन लैङ्गिकतामा आधारित हिंसाको सूचना व्यवस्थापन प्रणाली (GBVIMS) र अपाङ्गता भएका बालबालिकाका लागि गम्भीर उल्लङ्घन सम्बन्धी अनुगमन तथा प्रतिवेदन सम्बन्धी संयन्त्र (MRM) जस्ता अनुगमन तथा प्रतिवेदन सम्बन्धी संयन्त्रलाई अनुकूलित गर्नुहोस । यसमा शारीरिक हिंसा देखि मानसिक हिंसा, उपेक्षा, आर्थिक दूर्व्यवहार र अन्य प्रकारका हिंसातर्फ व्यापक ध्यान केन्द्रित गर्नु जस्ता कुराहरू समावेश हुन सक्छन् । सेवा सहायतामा पहूँच प्राप्त गर्दा हिंसाबाट बचेकाहरूको उमेर, लिङ्ग र अपाङ्गतालाई अनुगमन गर्न यी सूचना दिने प्रणालीबाट प्राप्त तथ्याङ्कहरूलाई प्रयोग गर्नुहोस् ।

याद राख्नुहोसः यी प्रणालीहरूले सक्रियताका साथ सूचित गरिएका र मानिसहरूले सङ्कलन गर्न सहमति जनाएका तथ्याङ्कहरू मात्र अंकित गर्छन् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ : उमेर र लिङ्ग-उपयुक्त संरक्षण लेखाजोखामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

### समावेशिताका उपायहरू (Inclusion measures)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूले सामना गर्ने संरक्षण जोखिमहरू पहिचान गर्नका लागि विशेष संरक्षण लेखाजोखाहरू लगायत कुनै पनि मूल्यांकनमा समावेश गर्नुहोसः

- सबै उमेर र लिङ्ग-सापेक्ष समूह छलफलमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्व भएको निश्चित गर्नुहोस;
- अलग्गै कुरा गर्न रुचाउने वा आफ्नो घर छोड्नलाई बाधा अवरोधहरूको सामना गर्नु पर्ने मानिसहरूसँग व्यक्तिगत अन्तरवार्ता सञ्चालन गर्नुहोस; र
- लेखाजोखा टोलीहरू र नियमित अनुगमन क्रियाकलापहरूमा र लेखाजोखा टोलीहरूका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सामुदायिक सम्पर्क व्यक्तिहरूको रूपमा समावेश गर्नुहोस् ।

### लेखाजोखाहरूका लागि परिस्थिति (Settings for assessments)

छलफलको लागि आफूले सुरक्षित साथ योगदान पुऱ्याउन सक्छु भन्ने महशूस गर्न सुरक्षित र पहूँच योग्य परिस्थितिमा लेखाजोखा गर्नुहोस् । यदि यसले मानिसहरूलाई बहिष्कार हुनबाट रोक्छ भने पुरुष तथा महिलाहरूसंग वा किशोर किशोरी तथा केटाहरूसित छुट्टाछुट्टै परामर्श गर्न वा व्यक्तिगत अन्तरवार्ता लिनमा ध्यान

दिनुहोस । कोही-कोही अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूलाई कुराकानीमा मदत गर्नको लागि हेरचाह गर्ने वा सहयोग गर्ने व्यक्ति छान्न सक्छन् । यो व्यक्ति को हुन्छ भनेर तिनीहरूले नै निर्णय गर्नुपर्छ ।

### परामर्श (Consultation)

विभिन्न समूहका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई संरक्षण सेवाहरूमा पहूँच प्राप्त गर्न अवरोध तथा सक्षमकर्ताहरूको पहिचान गर्न परामर्श लिनुहोस् । यसमा मनोवृतिय, वातावरणीय, सञ्चार र संस्थागत अवरोधहरू समावेश हुन सक्छन् ।

### सूचनाको साझेदारी (Sharing information)

तपाईंले सम्बन्धित समन्वय निकायहरू, जस्तै संरक्षण समूहहरू र संरक्षण कार्यगत समूहहरू तथा संरक्षणमा काम गर्ने अन्यहरूसँग पहिचान गर्नु भएको सरोकार र जोखिमको बारेमा सूचना साझा गर्नुहोस्।

## संरक्षण सम्बन्धी समावेशी मापदण्ड २: सरोकार र अवरोधहरूको सम्बोधन

संरक्षण सरोकार भएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले संरक्षण सेवाहरूमा पहूँच प्राप्त गरेका हुन्छन र शारीरिक तथा मानसिक क्षतिको जोखिमबाट संरक्षित छन् ।

### मुख्य क्रियाकलापहरू

**२.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने बढ्दो जोखिमबारे कर्मचारी, साझेदार तथा समुदायहरूमा सचेतना बढाउनुहोस् ।**

**२.२: संरक्षण सरोकारको जोखिममा परेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र उनीहरूलाई थप सेवाहरूको लागि पठाउने कार्य सुनिश्चित गर्न मामिला व्यवस्थापन र थप सेवाहरूको लागि पठाइने प्रणालीलाई सुदृढ पार्नुहोस् ।**

**२.३: संरक्षण सरोकारको जोखिममा परेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त सेवा तथा सहयोग प्रदान गर्नुहोस् ।**

**२.४: संरक्षण प्रतिकार्य सेवाहरूमा पहूँच प्राप्त गर्नमा आईपर्ने अवरोधहरूलाई सम्बोधन र अनुगमन गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१:** ज्येष्ठ नागरिक **तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने बढ्दो जोखिमबारे कर्मचारी, साझेदार तथा समुदायहरूमा सचेतना बढाउनुहोस् ।**

### सन्देशहरूको प्रकार (Types of messeges)

मनोवृत्तीय अवरोधहरूलाई कम गर्न, कर्मचारी, साझेदार संगठनहरू, र आपतकालीन अवस्थामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका मानिसहरूले सामना गर्ने जोखिमबारे समुदायसंग सचेतनाको निर्माण गर्नुहोस् (**संरक्षण समावेशिता सम्बन्धी मापदण्ड ३, बाकस ६ 'शारीरिक र मनोवैज्ञानिक हानि'** हेर्नुहोस्)।

तल लेखिएका कुरा लगायत जोखिम, परिणाम र सहयोग सेवाहरूबारे छलफल गर्नुहोस् :

- दूर्व्यवहारको बढ्दो जोखिम (शारीरिक, मौखिक र भावनात्मक मात्र नभई यौन, आर्थिक र उपेक्षा पनि), उदाहरणका लागि, नहिंड्ने, सञ्चारमा कठिनाइ वा एक्लो भएका र अपाङ्गता भएका बालबालिका तथा किशोर किशोरीहरूको;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लुकाउने जोखिम, उदाहरणका लागि, शारीरिक रूपमा लुकाउने (जस्तैः पालमा वा घरमा छोडि दिने ), वा मौखिक रूपमा लुकाउने (जस्तै परिवारको सदस्यद्वारा बोलिने कुरामा);
- उद्धार र विस्थापनको समयमा परित्यागको बढ्दो जोखिम;
- अपाङ्गता भएका बालबालिकाहरूको दर्ता जन्मको समय नभएको हुनसक्ने उच्च जोखिम र यससँग जोडिएको राज्यविहीनता लगायत संरक्षण जोखिमहरू;
- संस्थाहरूमा मानिसहरूको दूर्व्यवहारको उच्च जोखिम, र आपत्कालिन अवस्थाहरूमा यी संस्थाहरूलाई त्यागिने जोखिम;
- बढ्दो जोखिमहरू जहाँ लिङ्ग, उमेर र अपाङ्गताहरूले एक अर्कालाई भेटछन् (Intersect), जस्तै अपाङ्गता भएका महिला तथा बालिकामाथि लैङ्गिक आधारित हिंसाको बढ्दो जोखिम, वा अपाङ्गता भएका ज्येष्ठ महिला, जसलाई "सहज लक्ष्य" का रूपमा हेर्न सकिन्छ;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई असावधानीवश भएको भेदभावपूर्ण अभ्यासहरूको कारण संरक्षात्मक सञ्जालबाट बहिष्कार, उदाहरणका लागि, बुझाईको कमी, वा केहि गलत हुने र हानि गर्ने डरले; र
- परिवारका सबै सदस्यहरूको लागि दर्ता गर्नु महत्वपूर्ण हुन्छ भन्ने कुरा ध्यानमा राख्दा कसै-कसैलाई आवश्यक कागजात फेला पार्न गाह्रो हुन सक्छ वा दर्ता गर्न अनिच्छुक हुन्छन ।

### सीप र क्षमताको प्रदर्शन (Demonstrating skills and capacities)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र समुदायमा तिनीहरूले गर्न सक्ने योगदानलाई प्रकाश पार्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले यी क्षमताहरू आफैले देखाउन सक्छन् ।

### अपाङ्गता भएका बालबालिकाहरूसंग संचार (Communicating with children with disabilities)

अपाङ्गता भएका बालबालिकासँग कुराकानी गर्न कर्मचारी, हेरचाह गर्ने व्यक्ति र परिवारका सदस्यहरूलाई प्रशिक्षित गर्नुहोस । उदाहरणका लागि, दूर्व्यवहार रोक्न, र कुनै पनि बच्चा रमाउन सक्ने योजना बनाउने क्रियाकलापहरूद्वारा सबै बालबालिकाहरूका लागि समावेशी वातावरणलाई प्रवर्द्धन गर्न तिनीहरूलाई प्रशिक्षण दिनुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२: संरक्षण सरोकारको जोखिममा परेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र थप सेवाहरूको लागि पठाउनलाई सुनिश्चित गर्न मामिला व्यवस्थापन र थप सेवाहरूको लागि पठाइने प्रणालीलाई सुदृढ पार्नुहोस् ।**

### सेवा नक्शाङ्कन (Service mapping)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहूँच भएको स्वास्थ्य सुविधा, सामाजिक सेवा वा बालमैत्री ठाउँ जस्ता विद्यमान सेवा तथा कार्यक्रमहरूको नक्शाङ्कन गर्नुहोस । संरक्षणको सरोकार भएका मानिसहरूलाई सुरक्षितसाथ पहिचान गर्न र थप सेवाहरूका लागि अन्यत्र पठाउन यी सेवाहरूको क्षमतालाई ध्यान दिनुहोस् ।

### घरदैलो कार्यक्रमबारे प्रशिक्षण (outreach training)

कानूनी संरक्षण, मामिला व्यवस्थापन र हिंसाबाट बचेकाहरूका लागि आवश्यक सेवाहरू लगायत उपलब्ध संरक्षणका सेवाहरूमा जानकारीको साथ साथै परिवार र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू समक्ष पुग्न मामिला व्यवस्थापक, सेवा प्रदायक, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ(OPAs)लाई तालिम दिनुहोस ।

### कार्यसंचालन विधिमा एकीकरण (Integrating into standard operating procedures)

लैङ्गिकतामा आधारित हिंसा, बाल संरक्षण र कानूनी सहायता सेवाहरू सम्बन्धी कार्यसञ्चालन विधिमा वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षित पहिचान र थप सेवाहरूको लागि अन्यत्र पठाउनलाई रणनीतिहरू समावेश गर्नुहोस् । यी रणनीतिहरू लागू गर्ने कार्यमा संलग्न विभिन्न व्यक्तिहरूको भूमिका र जिम्मेवारीलाई समावेश गर्नुहोस् ।

### मामिला व्यवस्थापन र थप सेवाको लागि अन्यत्र पठाउने संयन्त्रहरू (Case management and referral mechanisms)

बाँचेका व्यक्तिहरूले उचित सहयोग प्राप्तीलाई सुनिश्चित गर्न विद्यमान संरक्षण मामिला व्यवस्थापन र थप सेवाहरूको लागि अन्यत्र पठाउने संयन्त्रहरू (बाल संरक्षण र लैङ्गिकता आधारित हिंसा (GBV) मामिला व्यवस्थापन सहित) सुदृढ पार्नुहोस् । सामुदायिक स्वयंसेवक, मामिला व्यवस्थापक, र लैगिकतामा आधारित हिंसा र बाल संरक्षण कार्यकर्ताहरूलाई प्रशिक्षण दिनुहोस:

- उमेर, लिङ्ग र अपाङ्गताको आधारमा जोखिमको पहिचान र सम्बोधन गर्नुहोस;
- विभिन्न अवस्थामा बचेका व्यक्तिहरू-केन्द्रीत अवधारणा लागू गर्नुहोस;

- स्पष्टसँग कुराकानी गर्नुहोस;
- ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको सहयोगको आवश्यकता पर्दा हेरचाह गर्नेहरूसँग काम गर्नुहोस; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सीप र क्षमता पत्ता लगाउनुहोस् र तिनीहरूको मामिला व्यवस्थापन योजना बनाउन मद्दत गर्न यी कुराहरूलाई प्रयोग गर्नुहोस् ।

### सूचनाको गोपनीयता र व्यक्तिगत गोपनियता (Confidentiality and privacy)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अन्तरवार्ता लिंदा सूचनाको गोपनीयता र व्यक्तिगत गोपनीयतामा विशेष ध्यान दिनुहोस् ।

यसको अर्थ, परिवार वा हेरचाह गर्ने व्यक्तिको तर्फबाट व्यक्तिगत गोपनीयता हुन सक्छ । व्यक्तिको आफ्नै सूचित बिकल्पको अधिकारलाई सहयोग गर्नुहोस् । उदाहरणका लागि, बढाइएको वा वैकल्पिक संचार (शब्दसूची हेर्नुहोस) वा साङ्केतिक भाषाको व्याख्यालाई प्रयोग गर्नुहोस[१७] । तिनीहरूको हितको आधारमा निर्णय गर्ने जस्ता सुसूचित सहमति प्रदान गर्नमा यदि अपाङ्गता भएका व्यक्तिले थप अवरोधको सामना गरिरहेको छ भने अन्य विकल्पहरूलाई ध्यान दिनुहोस् ।

### प्रशिक्षित संचारकर्ताहरूको प्रयोग (Using trained communicators)

बढाइएको/वैकल्पिक संचारमा प्रशिक्षित र/वा पुरुष तथा महिला सांकेतिक भाषाका दोभाषेहरू तथा हिंसाबाट बाचेकाहरूसँग काम गर्न र उपयुक्त गोपनीय प्रक्रियाहरू प्रयोग गर्नमा प्रशिक्षित भएकाहरूको एउटा समूह (pool) स्थापना गर्नुहोस् ।

### स्थानीय क्रियाशील निकायहरूसंग समन्वय (Coordinating with local actors)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावित गर्ने संरक्षण जोखिम र सरोकारका बारेमा जानकारी साझा गर्दै स्थानीय क्रियाशील निकायहरूसँग समन्वय गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.३ः संरक्षण सरोकारको जोखिममा परेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त सेवा तथा सहयोग प्रदान गर्नुहोस् ।**

### कार्यक्रम र दर्ता स्थान (Programe and registration sites)

यदि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू एक्लै वा केटाकेटीसँग आएका छन् भने तिनीहरूलाई दर्ता वा कार्यक्रम स्थलहरूमा जाँचका लागि समर्पित टोलीहरूको व्यवस्था गर्नुहोस् ।

### व्यक्तिगत दस्तावेजीकरण (Personal documentation)

जन्मदर्ता प्रमाणपत्र, मृत्यु दर्ता, राहदानी, जग्गाको लालपुर्जा वा अन्य सम्पत्तिसंग सम्बन्धित जस्ता महत्वपूर्ण कागजात हराएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्नुहोस् । हराएका कागजातहरू फेला पार्न वा प्रतिस्थापन गर्नका लागि तिनीहरूलाई सहयोग गर्नुहोस् ।

### बिछोडबाट बच्नु (Avoiding separation)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई संरक्षणको जोखिम नहुने परिवारका सदस्यहरूबाट बिछोड हुनदेखि जोगाउनु होस् । तिनीहरूको सहाराको साधन, मद्दत वा औषधीबाट अलग हुन् देखि रोक्नुहोस् । उदाहरणका लागि, शिविरमा सेवा प्राप्त गर्दा तिनीहरू अलग्गिन सक्छन् । आवश्यक सहयोगी साधन वा औषधी विना यसले तिरस्कार र दुर्व्यवहारको जोखिमलाई निम्त्याउन सक्छ । यसले गर्दा व्यक्तिको परिवार जस्तै संरक्षणको वातावरण गुम्न सक्छ ।

### सरोकारवाला मामिलाको प्रतिवेदन (Reporting cases of concern)

यौन शोषण र दुर्व्यवहारका घटनाहरू पहिचान गर्ने र त्यसलाई सम्बोधन गर्ने संयन्त्रहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षित र पहूँच योग्य छन भनेर सुनिश्चित गर्नुहोस् । यी संयन्त्रहरूले संवेदनशील विषयहरूलाई सुरक्षित र गोप्य रूपमा उठाउन सक्ने बनाउनुपर्छ अनि भौतिक तथा शारीरिक हानि बारे रिपोट गर्नुपर्छ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको सरोकारको विषय प्रतिवेदन गर्न सहयोग र उचित आवास (हेर्नुहोस् **शब्द-सूची**) प्रदान गर्नुहोस् । उदाहरणका लागि, अन्तरवार्तामा उपयुक्त हुँदा साङ्केतिक भाषाका अनुवादकहरू वा बढाइएको/वैकल्पिक कुराकानी गर्न तालिम प्राप्त व्यक्तिहरूको व्यवस्थापन गर्नुहोस् ।

### आवाशिय सुविधा वा संस्थाहरू (Residential facilities or institutions)

मनोरोग अस्पताल वा अनाथालय जस्ता आवाशिय सुविधा वा संस्थालाई आफ्ना कर्मचारीद्वारा छाडिएको छ भने स्थानीय समुदायका पेशाकर्मी र स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीलाई स्वास्थ्य, पोषण, खाद्य सुरक्षा र खानेपानी, सरसफाइ तथा सरसफाइ क्षेत्रका कर्मचारीसँग समन्वय गरी आवश्यक सेवा प्रदान गरी पुर्नस्थापना गर्ने व्यवस्था मिलाउनु होस् ।

उपयुक्त भएमा, स्थानीय पेशाकर्मीहरूलाई आधारभूत हेरचाह सेवाहरूको पुनर्स्थापना र संरक्षण कार्यक्रम गर्ने व्यवस्था गर्नुहोस् ।

### परिवारको खोजी र पुनर्मिलन (Family tracing and reunification)

परिवारको खोजी र पुनर्मिलन कार्यक्रममा आफ्नो परिवारसँग पुनर्मिलन हुन चाहने विस्थापित ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनुहोस् । विस्थापित ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले तिनीहरूको सहयोग आवश्यक छ भने र हेरचाह गर्ने व्यक्तिले संरक्षण जोखिम नेदेखाएमा हेरचाह गर्ने व्यक्तिहरूलाई पनि समावेश गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.४: संरक्षण प्रतिकार्यहरूमा पहूँच पुऱ्याउनमा आईपर्ने अवरोधहरूलाई सम्बोधन र अनुगमन गर्नुहोस् ।**

### मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग (Mental health and psychosocial support)

प्रतिकार्यको भागको रूपमा उपलब्ध गराइएको मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग सेवाहरू, दुवै सामुदायिक स्तर र विशेषज्ञ सेवाहरू, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत आवश्यक सबैका

लागि पहूँच पुऱ्याउन सकिने अवस्थामा छन् भनेर सुनिश्चित गर्नुहोस् । उदाहरणका लागि, परिवारहरूलाई केन्द्रमा जान वा त्यहाँ स्वयमसेविको रूपमा काम गर्न आमन्त्रित गर्नुहोस् र प्रायः मानसिक स्वास्थ्य सेवामा जोडिएको तिरस्कार बारे ध्यान दिनुहोस् । सेवा स्थलहरूमा पुग्न गाह्रो भएका मानिसहरू र उनीहरूसँगै जाने व्यक्तिको लागि यातायात खर्च बेहोर्नु होस् ।

यदि उनीहरूलाई यो आवश्यक छ भने मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग सेवाको भागको रूपमा प्रदान गरिएको उपचारात्मक सहयोगमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको पहूँच छ भनि सुनिश्चित गर्नुहोस् ।

### केन्द्रहरूको सुरक्षा (Safety of centers)

स्वागत केन्द्र र सामुदायिक केन्द्र जस्ता स्थानलाई विस्थापित वृद्ध वृद्धा तथा अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित र पहूँच गर्न सकिने अवस्था भएको बनाउनुहोस । यदि आवश्यक परेमा, तपाईंलाई यसमा मद्दत गर्न अन्य मानिसहरूलाई बोलाउनु होस् (**मुख्य समावेशिता सम्बन्धि मापदण्ड २** हेर्नुहोस)। उदाहरणका लागि, गोपनीयता बढाउन र विशेष गरी महिला तथा केटीहरूलाई लैंगिकतामा आधारित हिंसाको खतरा कम गर्न उज्यालोको व्यवस्था र सम्भव भएमा र छुट्टा छुट्टै सुत्ने ठाउँहरूलाई उपलब्ध गराउनुहोस् ।

### पहूँच योग्य दर्ता स्थलहरू (Accessible registration sites)

सर्वव्यापी प्रारूपताको सिद्धान्तहरू प्रयोग गर्दै (**मुख्य समावेशिता सम्बन्धी मापदण्ड २** हेर्नुहोस् ) सबैको लागि पहूँच पुऱ्याउन सकिने अवस्था भएका दर्ता स्थलहरू र प्रणालीहरू बनाउनुहोस् । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि वा सञ्चार अवरोधको सामना गर्ने वा दर्ता स्थलहरूमा पुग्नलाई बाधाहरूको सामना गर्ने व्यक्तिहरूका लागि उचित आवासको व्यवस्था गर्नुहोस् । उदाहरणका लागि, मोबाइल वा बैकल्पिक दर्ता प्रणाली स्थापना गर्नुहोस् वा यातायातको व्यवस्था गर्नुहोस् । लाममा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनुहोस् वा, यदि तिनीहरूले रुचाउँछन् भने, तिनीहरूका लागि अलग्गै लाम र वितरण समय व्यवस्थित गर्नुहोस् । वितरण स्थलमा बस्ने ठाउँ, खाना, छहारी, सुरक्षित खानेपानी र शौचालयको व्यवस्था गर्नुहोस ।

### घरदैलो सेवाहरू (Outreach services)

दर्ता वा कार्यक्रम स्थलहरूमा पहूँच प्राप्त गर्न नसक्ने वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूसम्म पुग्नका लागि उपायहरूको व्यवस्था गर्नुहोस । उदाहरणका लागि, स्थानीय अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) लाई बहिष्कृत हुन सक्ने मानिसहरूको बारेमा आफ्ना सदस्यहरूलाई सोध्न भन्नुहोस् । नियमित माध्यमद्वारा पत्ता नलागेका पृथक वा कम देखिने मानिसहरूलाई पहिचान गर्न यो विशेष गरी महत्वपूर्ण हुन्छ । उपयुक्त भएमा यी मानिसहरूलाई सुरक्षित, उपयुक्त र पहूँच योग्य यातायात उपलब्ध गर्नुहोस् र सम्भव भएसम्म खर्च बेहोर्नुहोस् । भौगोलिक रूपमा छरपस्ट जनसंख्या भएको ठाउँमा उद्धार कार्य गर्दा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई छुटाइएको छैन भन्ने ख्याल राख्नुहोस् ।

### बालमैत्री र सुरक्षित स्थानहरू (Child–friendly and safe spaces)

बाल मैत्री स्थान र सामुदायिक केन्द्र जस्ता सुरक्षित स्थानहरूको पहूँचको समीक्षा गर्नुहोस् । संरक्षण सुविधाहरूका लागि पहूँच पुऱ्याउन सकिने अवस्था भएको स्थानहरू रोज्नुहोस् । पहूँच योग्य नभएका संरचनाहरूको पुनर्निर्माण वा मर्मत गर्नमा ध्यान दिनुहोस (**मुख्य समावेशिता सम्बन्धी मापदण्ड २** हेर्नुहोस)।

अपाङ्गता भएका बालबालिकासँग कुराकानी गर्न र सबै बालबालिकाका लागि समावेशी वातावरणलाई प्रर्वद्धन गर्न कर्मचारीहरूलाई तालिम दिनुहोस । उदाहरणका लागि, तिनीहरू माथि दूर्व्यवहार हुन नदिन र सबै केटाकेटीले आनन्द उठाउन सक्ने क्रियाकलापहरू व्यवस्थित गर्न सिकाउनुहोस् । केटाकेटीको संख्या अनुसार पर्याप्त कर्मचारी राख्नुहोस् ।

अपाङ्गता भएका बालबालिकालाई सघाउन साङ्केतिक भाषा अनुवादक र पेशागत थेरापिष्ट जस्ता व्यवसायिक व्यक्तिहरूको व्यवस्था गर्नुहोस । स्थानीय अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs), अन्य सामुदायिक समूह वा परिवारहरूबाट स्वयमसेवकहरूलाई समावेश गर्ने तर्फ ध्यान दिनुहोस् ।

## संरक्षण सम्बन्धी मापदण्डहरू ३. सहभागिता र सशक्तिकरण

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई हिंसा, शोषण र दूर्व्यवहारको रोकथाम र सशक्तिकरणका क्रियाकलापमा समावेश गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

**३.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई रोकथाम र सशक्तिकरण क्रियाकलापहरूको बारेमा जानकारी प्राप्त गर्नका लागि विभिन्न सञ्चार माध्यम र विधिहरू प्रयोग गर्नुहोस् ।**

**३.२: समुदायमा आधारित संरक्षणका क्रियाकलापहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई रोकथाम र सशक्तिकरण सम्बन्धी क्रियाकलापहरूको बारेमा जानकारी प्राप्त गर्नका लागि विभिन्न सञ्चार माध्यम र विधिहरू प्रयोग गर्नुहोस् ।**

### संचार बारे प्रशिक्षण (Training on communicating)

सञ्चार कसरी पहूँच योग्य छ भन्ने सुनिश्चित गर्न र वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत (**मुख्य समावेशिता सम्बन्धी मापदण्ड ४** हेर्नुहोस) समुदायका सबैसँग कसरी स्पष्ट कुराकानी गर्ने भन्ने बारेमा पहिचान र लेखाजोखा टोलीका कर्मचारीहरूलाई प्रशिक्षण दिनुहोस् । विशेष गरी, निम्न विषयहरूको बारेमा संचारलाई पहूँच  गर्न सकिने अवस्था बनाउनको लागि कर्मचारीहरूलाई प्रशिक्षण दिनुहोस:

- लैङ्गिकतामा आधारित हिंसा, तत्कालिक वातावरणमा प्रकोप र विशेष क्रियाकलाप वा स्थानसँग सम्बन्धित हिंसा वा दुर्व्यवहारको जोखिम लगायत हिंसा वा दूर्व्यवहारलाई रोक्दै वा कम गर्दै ;
- स्थानीय संरक्षण सेवाहरूको प्रवर्द्धन, उदाहरणका लागि, अपाङ्गता भएकाको हेरचाह गर्ने व्यक्ति तथा ज्येष्ठ नागरिक हेरचाह गर्ने व्यक्तिहरूलाई बाल संरक्षण सेवाका बारेमा जानकारी प्रदान गरेर ;
- संरक्षण सम्बन्धी सरोकारहरूको बारेमा सूचना दिने र सहायता माग्ने, संरक्षण घटनाको अनुगमन गर्ने, र कुन सेवा उपलब्ध छ भन्ने थाहा पाएर;
- ह्क अधिकार र लक्षित गर्ने कार्यको मापदण्ड तथा संयन्त्रहरू लाई बुझेर;
- रोकथाम र सशक्तिकरण सम्बन्धी कियाकलापहरूमा पृष्ठपोषण प्रदान, र कसरी पृष्ठपोषणलाई व्यवस्थापन गरिनेछ भन्ने थाहा पाएर (**मुख्य समावेशिता सम्बन्धी मापदण्ड ५** हेर्नुहोस).

### संचारका विधिहरू (Methods of communication)

घरमै होस् वा अस्पताल तथा स्याहार केन्द्र जस्ता संस्थामा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैलाई उद्धारको सूचना अनिवार्य रूपले पुग्नुपर्छ । टिभी, रेडियो र संदेश जस्ता मानिसहरू समक्ष पुग्ने विभिन्न तरिकाहरूलाई ध्यान दिनुहोस् । मुखको बोली जस्तो सामुदायिक सन्देश प्रणालीमा मात्र भर नपर्नुहोस् । दूर्व्यवहारलाई कसरी खुलासा गर्ने भन्ने जानकारी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत सम्पूर्ण समुदायलाई पनि उपलब्ध हुनुपर्छ । यो लैंगिकतामा आधारित हिंसालगायत दुर्व्यवहारबाट बाँचेकाहरू वा साक्षीहरूसम्म अनिवार्य रूपले पुग्नै पर्छ ।

### अनुकुलनहरू (Adaptations)

रोकथाम र सशक्तिकरणका क्रियाकलापहरू बारे संचारलाई अनुकूलन गरि त्यसलाई सबैको पहूँचमा पुऱ्याउन सकिने अवस्था श्रृजना गर्नुहोस् । उदाहरणका लागि, स्थानीय साङ्केतिक भाषा अनुवादकहरूको पहिचान गर्नुहोस् र साङ्केतिक भाषाको अनुवादकको लागि बजेट छुट्याउनुहोस् । यदि यो उपलब्ध छैन भने सञ्चार बोर्ड जस्ता तरिकाहरू विकास गर्नुहोस् र तिनीहरूलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा कर्मचारीहरूलाई प्रशिक्षण दिनुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.२: समुदायमा आधारित संरक्षण क्रियाकलापहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

### संरक्षण क्रियाकलापहरूमा सहभागिता (participation in protection activities)

संरक्षण क्रियाकलापमा बालबालिका लगायत ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् र/वा प्रतिनिधित्व गराउनु होस् । उदाहरणका लागि, तिनीहरूलाई संरक्षण समितिमा बस्न वा स्वयमसेवकको रूपमा भर्ना हुन आग्रह गर्नुहोस् ।

लैङ्गिकतामा आधारित हिंसा रोक्न र त्यसलाई सम्बोधन गर्नका लागि बालबालिका लगायत ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।

### सशक्तिकरण क्रियाकलापहरूमा पहूँच (Access to empowerment activities)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्तिकरण गर्ने उद्देश्यले गरिने क्रियाकलापमा लैङ्गिकतामा आधारित हिंसाको जोखिममा रहेका व्यक्तिहरूलाई समावेश गर्नुहोस् । जस्तै, जीविकोपार्जन सीप सम्बन्धी तालिमहरू ।

औपचारिक तथा गैरऔपचारिक शिक्षा, किशोर किशोरीहरूको क्रियाकलाप, आर्थिक सबलिकरण र सामुदायिक नेतृत्व लगायत सशक्तिकरण का कार्यक्रममा सहभागिता जनाउँदै गरेका ज्येष्ठ महिलाहरू, सबै उमेरका अपाङ्गता भएका महिला तथा बालिकाहरूका लागि लक्ष्य निर्धारण गर्नुहोस् । यी लक्ष्यहरूका विरुद्ध/तुलनामा समावेशिताको दरलाई अनुगमन गर्नुहोस् ।

### उचित आवास (Reasonable accomodation)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई सहज बनाउन रोकथाम र सशक्तिकरण क्रियाकलापहरूमा अनुकूलन गर्नुहोस् । उदाहरणका लागि:

- साङ्केतिक भाषा अनुवादकहरू जस्ता व्यावसायिक सहयोगीको व्यवस्था गर्नुहोस् र अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs), स्थानीय समुदाय वा परिवारबाट स्वयंसेवकहरूलाई भर्ना गर्नमा ध्यान दिनुहोस; र
- सहभागीहरूका लागि पहूँच पुऱ्याउन सकिने अवस्था भएको यातायातको व्यवस्था गर्नुहोस ।

### भर्ना (Recruitment)

लैङ्गिकतामा आधारित हिंसा कार्यक्रममा अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई कर्मचारी र स्वयंसेवकको रूपमा भर्ना गर्नुहोस । उनीहरूलाई सामुदायिक संघ संस्थामा समावेश गर्नका लागि पैरवी गर्नुहोस ।

## औजार तथा स्रोतहरू (Tools and resources)


Allaire, A. *Protection interventions for older people in emergencies,* HelpAge International, 2013, http://bit.ly/2yTx824

Child Protection Working Group, *Minimum standards for child protection in humanitarian action,* Child Protection Working Group, 2012, http://bit.ly/2zjApLe

Global Protection Cluster, Protection Mainstreaming App (ProM), http://bit.ly/2ozLkgs (Google Play), http://apple.co/2oBCyPf (iTunes)

Inter-Agency Standing Committee, Global Protection Cluster, http://bit.ly/2kfaA78

Inter-Agency Standing Committee, *Guidelines for Integrating Gender-Based Violence Interventions in Humanitarian Action: Reducing risk, promoting resilience and aiding recovery,* IASC, 2015, http://bit.ly/2oEcqmT

United Nations Children's Fund (UNICEF), *Including Children with Disabilities in Humanitarian Action: Child Protection',* UNICEF, 2017, http://bit.ly/2DM9Rm4

Women's Refugee Commission and International Rescue Committee *Building Capacity for Disability Inclusion in Gender-Based Violence Programming in Humanitarian Settings: A Toolkit for GBV Practitioners* New York, Women's Refugee Commission, 2015, http://bit.ly/2yRsuSd

**बाकस ६**

## शारीरिक र मनोवैज्ञानिक हानि (Physical and psychological harm)

हिंसामा शारीरिक तथा मनोबैज्ञानिक हानि समावेश हुन्छ। यसले यातना, सजाय, बलात्कार र अन्य प्रकारका यौन हिंसा लगायत विभिन्न रूप लिन सक्छ। यसले मानिसलाई तिनीहरूबाट फाइदा लिन संकटासन्न व्यक्तिको रूपमा हेरेर शिकार गर्ने, जस्तै तिनीहरूको पैसा चोरी गर्ने लगायत बेवास्ता गर्ने, लुकाउने जस्ता कम स्पष्ट रूप पनि लिन सक्छन्।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध गरिने हिंसा, घृणा वा पूर्वाग्रहहरूबाट पनि अभिप्रेरित हुन सक्छ । यो भेदभाव, मौखिक वा भावनात्मक दूर्व्यवहारदेखि लिएर शारीरिक आक्रमण वा चरम हिंसा (जसलाई *"अपाङ्गताप्रति घृणित अपराध"* भन्न सकिन्छ) हुन सक्छ । यस्तो व्यवहारको कानुनी असरहरू हुन्छन् । राष्ट्रिय विधिविधानलाई उल्लेख गर्नुहोस् र यी अपराधहरूलाई समाधान गर्न उपयुक्त राष्ट्रिय प्रक्रियाहरू अपनाउनुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध हिंसा र दूर्व्यवहार तिनीहरूको घरका अरू सदस्यहरू वा हेरचाह गर्नेहरूले आफ्नै घरमा गर्न सक्छन् । व्यक्ति केन्द्रित रूपमा ध्यान दिने तरिका अपनाउनुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू आफ्नो घरमा सधैं सुरक्षित हुन्छन् भन्ने नठान्नुहोस् ।

## सशक्तिकरण सम्बन्धी कार्यक्रमहरूमा बढ्दो सहभागिता (Increasing participation in empowerment programs)

नेपालमा यूएनएचसीआर (UNHCR) ले लैंगिकतामा आधारित हिंसा (GBV) रोकथाम तथा प्रतिकार्यका क्रियाकलापहरूमा पहूँच र समावेशितालाई प्रवर्द्धन गर्न सबै प्रकारका अवरोधहरू (Impairment) भएका मानिसहरूको सुनिश्चितताको दोबाटे अवधारणा (Twin–track approach*) लाई अपनाएको छ । अपाङ्गता भएका व्यक्तिहरूसँग उनीहरूको लैंगिकतामा आधारित हिंसा (GBV) सम्बन्धित आवश्यकता र क्षमताहरूको बारेमा परामर्श पछि, यूएनएचसीआरले विद्यमान लैंगिकतामा आधारित हिंसा रोकथाम र प्रतिकार्यका क्रियाकलापहरूलाई निम्न अनुसार अनुकूलन गऱ्यो:

- अपाङ्गता भएका व्यक्तिहरूको वातावरणीय, सञ्चार, मनोवृत्तिय र नीतिगत अवरोधका विषयमा पहूँचको लागि लैंगिकतामा आधारित हिंसा सरोकारवालाहरूसँग जनचेतना अभिवृद्धि गरेर ।
- लैंगिकतामा आधारित हिंसा सामुदायिक जनचेतना वृद्धिका औजारहरूमा अपाङ्गता भएका व्यक्तिहरूका उदाहरणहरूलाई समावेश गरेर ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि अन्तर-निकाय कार्य संचालन कार्यविधि (SOP)लाई सहमति, गोप्यता र भेदभाव रहित विषयमा अनुसूचीको विकास गरेर।
- लैंगिकतामा आधारित हिंसाबाट बाँचेकाहरूका लागि गोपनीयता र सहमति प्रक्रियामा सांकेतिक भाषा अनुवादकहरूको पहिचान र प्रशिक्षण दिएर ।

यो संगसंगै, यूएनएचसीआरले शिविरमा बहिरा व्यक्ति र उनीहरूका परिवारका सदस्यहरूलाई साङ्केतिक भाषा प्रशिक्षण दिने स्थानीय बहिरा व्यक्तिहरूको संगठनसँग साझेदारी लगायत अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढाउन र GBV कार्यक्रमहरूमा सशक्तिकरणलाई प्रवर्द्धन गर्न अपाङ्गता-विशेष क्रियाकलापहरूका साथै समुदायमा आधारित संस्था तथा गैर सरकारी संस्थाका कर्मचारी, तथा अपाङ्गता भएका महिलाहरूको स्वावलम्बन (self–help) समूह गठनलाई सहज बनाउन स्थानीय अपाङ्ग महिला संगठनलाई सहयोग गर्ने र लैंगिकतामा आधारित हिंसालाई रोक्न र प्रतिकार्यका लागि थप सामाजिक सहयोग प्रणाली र मञ्चलाई सहयोग गर्न थाल्यो ।

स्रोत Women's Refugee Commission, *Disability Inclusion: Translating Policy into Practice in Humanitarian Action,* New York, Women's Refugee Commission, 2014, p.16, http://bit.ly/2kIePrB


120

# पानी, सरसफाई र स्वच्छता सम्बन्धी समावेशिताका मापदण्डहरू

# पानी, सरसफाई र स्वच्छता सम्बन्धी समावेशिताका मापदण्डहरू

१.**सूचना सङ्कलनसङ्कलन** (**Collections of information**)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग पानी, सरसफाई तथा स्वच्छता (WASH) सम्बन्धी क्षमताहरू छन् र तिनीहरूको आवश्यकताहरू पहिचान गरि अनुगमन गरिएको छ ।

२.**अवरोधहरूको सम्बोधन (Addressing barriers)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सुरक्षित र मर्यादित ढङ्गमा पानीको आपूर्ति, सरसफाइको सुविधा तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलापहरूमा पहूँच पाएका छन् ।

३.**सहभागिता र उत्थान्शीलता (participation and resilience)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरूमा सहभागी हुन्छन ।

पानी, सरसफाई तथा स्वच्छता (WASH) समावेशिता सम्बन्धी मापदण्डहरूले पानी, सरसफाई तथा स्वास्थ्य सम्बन्धी विद्यमान मापदण्ड तथा मार्गदर्शनहरूलाई पूरकता प्रदान गर्दछ । तिनीहरूलाई मुख्य समावेशिताका मापदण्ड र पानी आपूर्ति, सरसफाइ र स्वच्छता प्रवर्द्धनमा स्फियर न्यूनतम मापदण्डहरूसंगको संयोजनमा पढ्न पर्छ ।

## पानी, सरसफाई र स्वच्छता सम्बन्धी समावेशिताका मापदण्डहरू १: सूचना सङ्कलनसङ्कलन (Collections of information)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग पानी, सरसफाई तथा स्वच्छता ( WASH) सम्बन्धी क्षमताहरू छन् र तिनीहरूको आवश्यकताहरू पहिचान गरि अनुगमन गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

**१.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकताहरूबारे जानकारी सङ्कलन गर्न पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी लेखाजोखा र अनुगमनका औजारहरू अनुकूलन गर्नुहोस् ।**

**१.२ : पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी लेखाजोखा र अनुगमन क्रियाकलापमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकताहरूबारे जानकारी सङ्कलन गर्न पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी लेखाजोखा र अनुगमनका औजारहरू अनुकूलन गर्नुहोस् ।**

### छुट्ट्याउने कार्य (Disaggregation)

लिंग, उमेर र अपाङ्गताद्वारा छुट्ट्याईएका तथ्याङ्क सङ्कलन गर्न पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी लेखाजोखा र अनुगमन औजारहरूलाई अनुकूलित गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१**) ।

छुट्ट्याईएका तथ्याङ्कले विभिन्न जनसंख्या समूहका कति जना प्रभावित छन् र तिनीहरूको आवश्यकता के हो भनेर देखाउँछ । उदाहरणका लागि, कोही-कोही ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई जलवियोजनको खतरा बढी हुन सक्छ, जसले गर्दा तपाईंले अझ बढी स्वच्छ पानीको प्रबन्ध गर्नु पर्ने आवश्यकता देखिन्छ । तपाईंले थाहा पाउनु होला, दिशा-पिसाब नरोकिने अवस्था भएका (Incontinence) मानिसहरूलाई थप पानी आवश्यकता, दिशा-पिसाब नरोकिने अवस्थाको लागि सामाग्री र फोहोरलाई सुरक्षित तवरले तह लगाउन वा अपाङ्गता भएका महिलाहरूलाई पनि महिनावारीको स्वच्छता सम्बन्धी सामाग्रीको आवश्यकता हुन्छ ।

### अवरोध र सक्षमकर्ताहरूको जानकारी सङ्कलनसङ्कलन (Collecting information on barriers and enablers)

पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी आवश्यकता लेखाजोखाको दौरान, पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाका क्रियाकलापहरू गर्नमा अवरोध र सक्षमकर्ताहरू बारे जानकारी सङ्कलनसङ्कलन गर्नुहोस् (**मुख्य समावेशिताको मापदण्ड १**).

उदाहरणका लागि, मानिसहरूलाई पानी र सरसफाइ सम्बन्धी सरसामान वितरण, पानी पाउने स्थान, स्वच्छता सम्बन्धी जानकारी र शौचालय वा स्नानघर जस्ता सरसफाई सुविधाहरूमा पहूँच प्राप्त गर्न सक्नु हुन्छ कि भनेर सोध्नुहोस् । पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूको पहूँच गर्न सकिने अवस्थाको लेखाजोखा गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१, अवरोध र सक्षमकर्ताहरू बारे तथ्याङ्कमा मार्गदर्शनका लागि टिपोटहरू**).

प्राथमिक स्वास्थ्य सेवा क्लिनिक वा विद्यालय जस्ता स्थानीय सेवाहरूले प्रदान गर्ने पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूको पहिचान गर्नुहोस् र तिनीहरूले कुनै अवरोध र प्रयोगकर्ताहरूको सुरक्षा र मर्यादाको रक्षा गर्छन् कि गर्दैनन् त्यसको नियमित रूपमा अनुगमन गर्नुहोस् । उनीहरूको पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूले वृद्ध प्रयोगकर्ता तथा अपाङ्गता भएका प्रयोगकर्ताहरूको आवश्यकताहरू कत्तिको राम्ररी पूरा गर्छ भन्ने कुराको लेखाजोखा गर्न स्याहार केन्द्र, मनोचिकित्सक अस्पताल, अनाथालय, बन्दीगृह र जेल जस्ता संस्थाहरूको भ्रमणको व्यवस्था गर्नुहोस् ।

**अनुगमन (Monitoring)**

अवरोधहरूको समाधान भइरहेको छ भनेर सुनिश्चित गर्न पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरू, पानी पाउने स्थानहरू, पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधा वितरण र स्वच्छता प्रवर्द्धन सत्रहरूमा पहुँच गर्न बाधाहरू र सक्षमकर्ताहरूको अनुगमन गर्नुहोस् । नियमित रूपमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधा-सम्बन्धित आवश्यकता, क्षमता र अभ्यासहरूको अनुगमन गर्नुहोस् । त्यसै अनुसार तपाईंको प्रतिकार्यहरू समायोजन गर्नुहोस् ।

**सूचनाको साझेदारी (Sharing information)**

आफ्नो संगठन भित्र र अन्य क्षेत्रमा काम गर्ने मानिसहरूलाई आफ्नो पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधामा पहुँच पुऱ्याउन सकिने अवस्था बनाउन र सो को लागि प्रोत्साहन गर्न संकलित गरिएको सूचना साझा गर्नुहोस् । उदाहरणका लागि, सरुवा रोगहरू फैलिन नदिन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वच्छता सम्बन्धी सूचना स्वास्थ्य क्षेत्रमा काम गर्ने मानिसहरूसंग साझा गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ : पानी, सरसफाई तथा स्वच्छता लेखाजोखा र अनुगमन क्रियाकलापमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

पानी, सरसफाई तथा स्वच्छता लेखाजोखाहरूमा वृद्ध (महिला र पुरुष) र अपाङ्गता भएका मानिसहरूसंग (महिला, पुरुष, केटी र केटाहरू) परामर्श गर्नुहोस् । यसले तपाईँलाई ठोस फोहोर व्यवस्थापन जस्ता कार्यक्रम, र सुरक्षाको सम्भावित जोखिम र यिनीहरूलाई कम गर्ने तरिकाहरू पहिचान गर्नलाई उपयुक्त योजना बनाउनमा मद्दत गर्दछ । ज्येष्ठ महिला तथा अपाङ्गता भएका महिला तथा बालिकाहरूको स्वच्छता सम्बन्धी आवश्यकताहरूमा विशेष ध्यान दिनुहोस् ।

ज्येष्ठ महिला र पुरुष र अपाङ्गता भएका विभिन्न उमेर र लिङ्गका व्यक्तिहरूलाई तिनीहरू कस्तो प्रकारको पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधा रुचाउँछन भनेर सोध्नुहोस् । तिनीहरूलाई कस्तो भौतिक, वातावरणीय र मनोवृत्तिय अवरोधहरूले पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरू प्रयोग गर्नबाट रोक्न सक्छ भनेर सोध्नुहोस् । पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूको सकारात्मक र नकारात्मक तत्वहरूलाई पहिचान गर्न (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड १, मुख्य क्रियाकलापहरू १.२**) पहुँच गर्न सकिने अवस्थाको लेखापरिक्षणमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।

अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs) लाई संलग्नताका लागि सोध्नुहोस् । तिनीहरू जुन ठाउँमा अस्तित्वमा हुन्छन, तिनीहरूको प्राय: स्थानीय समुदायसँग राम्रो सम्बन्ध हुन्छ । उदाहरणका लागि, तिनीहरूले पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूका लागि सांस्कृतिक वा चलन चल्तिका प्राथमिकताहरू बारे तपाईंलाई बताउन सक्छन् वा अलग्गै ठाउँमा बस्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग तपाईंलाई सम्पर्कमा राख्छन् ।

## पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी समावेशिताका मापदण्डहरू: २ अवरोधहरूको सम्बोधन (Addressing barriers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सुरक्षित र मर्यादित ढङ्गमा पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधा तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलापहरूमा पहूँच पाएका छन् ।

### मुख्य क्रियाकलापहरू

**२.१: पहूँच योग्य पानी, सरसफाई तथा स्वच्छता सुविधाको तर्जुमा, निर्माण र अनुकूलन गर्नुहोस् ।**

**२.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र समतामूलक पहूँच प्रदान गर्न वितरण विधि र आपूर्तिहरूलाई समीक्षा र अनुकूलन गर्नुहोस् ।**

**२.३: पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलाप र सेवाहरूमा पहूँच प्राप्त गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारबारे समुदाय, कर्मचारी र साझेदारहरूलाई सचेत बनाउनुहोस् ।**

**२.४: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशी पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा, सुविधा र कार्यक्रमहरू तयार पार्नको लागि कर्मचारी तथा साझेदारहरूको क्षमता अभिबृद्धि गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१: पहूँच गर्न सकिने अवस्था पानी आपूर्ति तथा सरसफाई सुविधाको तर्जुमा, निर्माण र अनुकूलन गर्ने ।**

### नयाँ सुविधाहरूको योजना र निर्माण: (Designing and constructing new facilities)

नयाँ पानी आपूर्ति सुविधाहरूको योजना तयार पार्नका लागि (जस्तै, हाते पम्प र धारा, नुहाउने र लुगा धुने क्षेत्र) र सरसफाइ सुविधाहरू (जस्तै, सार्वजनिक तथा घरायसी शौचालय) पहूँच गर्न सकिने अवस्था सम्बन्धी राष्ट्रिय मापदण्डहरूको पालन गर्नुहोस् । यदि त्यहाँ पहूँच गर्न सकिने अवस्थाको कुनै राष्ट्रिय मापदण्डहरू छैनन् वा यदि त्यसमा कमिहरू छन् भने, पहूँच गर्न सकिने अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू र सर्वव्यापी योजनाको सिद्धान्तलाई उल्लेख गर्नुहोस् (शब्द-सूची हेर्नुहोस) । **पहूँच गर्न सकिने अवस्थाको क्षमता सम्बन्धी थप मार्गदर्शनका लागि, मुख्य समावेशिताको मापदण्ड, २, वातावरणीय अवरोधहरूमा मार्गदर्शनका लागि टिपोटहरू, र बक्स ३ पहूँच गर्न सकिने अवस्था के हो?'** हेर्नुहोस् ।

उमेर वा अपाङ्गता भए पनि नयाँ भवन सबैले प्रयोग गर्न सक्छन् भनेर सुनिश्चित गर्नुहोस् । उदाहरणका लागि:

- दृष्टि अवरोध भएका मानिसहरूका लागि बाटोमा चिन्ह लगाउन स्पर्शद्वारा थाहा पाउने फिता (tactile band) वा डोरी जस्ता समथर प्रवेश मार्ग (Ramp), हाते बार (Hand rail) र चिन्हहरू स्थापना गर्नुहोस;
- ह्वीलचेयरहरू छिर्नको लागि ढोका चौडा बनाउनुहोस;
- ढोका बन्द हुँदा ह्वीलचेयर राख्नका लागि पर्याप्त ठूलो घनकक्ष (Cubicle) बनाउनुहोस;
- पहूँच मार्गहरू बाधामुक्त हुने गरि डिजाइन गर्नुहोस ;
- सबै शौचालयमध्ये कम्तीमा १५ प्रतिशत शौचालयको सिट हाते बार भएको सुनिश्चित गर्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रयोग गर्न सजिलो हुन्छ भनेर चेतना जगाउनुहोस;
- हात धुनका लागि होचो, प्रयोग गर्न सजिलो हुने धारा उपलब्ध गराउनुहोस;
- मानिसहरूको घरबाट र एक अर्काबाट उचित दूरीमा पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरू भएको पत्ता लगाउनुहोस् उदाहरणका लागि, शौचालय नजिकै हात धुने सुविधाहरू पत्ता लगाउनुहोस्, र आवासबाट केही दूरीमा सामुदायिक फोहोर तह लगाउने क्षेत्रहरू राख्नुहोस् (**स्फियर पानी आपूर्ति मापदण्ड १ मा मार्गदर्शन हेर्नुहोस: पहूँच र पानीको मात्रा**)[१८]; र
- सतह चिप्लो हुनबाट रोक्न पानी निकासका प्रणालीहरू स्थापना गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संगठनहरूलाई पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूलाई कसरी पहूँच योग्य बनाउने भनेर सोध्नुहोस् ।

### विद्यमान सुविधाहरूको अनुकुलन (Adapting existing facilities)

तपाई विद्यमान पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरू (सार्वजनिक र निजी दुबै) को समीक्षा गर्दा कम्तीमा १५ प्रतिशतका लागि (विश्व स्वास्थ्य संगठनको विश्वव्यापी अनुमानमा आधारित अपाङ्गता भएका व्यक्तिहरूको प्रतिशत)[१९] सुविधाहरू पहूँच योग्य बनाउने लक्ष्य राख्नुहोस् ।

### गोपनियता र सुरक्षा (Privacy and safety)

पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूलाई निजी र सुरक्षित बनाउन, ताल्चाहरू र राम्रो प्रकाशको व्यवस्था ा गर्दै, त्यस्ता सुविधाहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वीकार्य हुने स्थानमा राख्नुहोस् ।

सार्वजनिक स्थलमा होस् वा घरमा, व्यक्तिगत सरसफाईमा सहयोग गर्नु पर्ने व्यक्तिहरूको गोपनीयता र सुरक्षामा विशेष ध्यान दिनुहोस् ।

### पहूँच योग्य सूचना (Accessible information)

सरसफाई सुविधाहरूको जानकारी प्रदान गर्न र स्वच्छता अभ्यासहरू र यसलाई सबैलाई पहूँच योग्य बनाउन विभिन्न तरिकाहरू र संचार माध्यमहरू प्रयोग गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड, २, मुख्य क्रियाकलाप २.१, सूचना अवरोधहरूमा मार्गदर्शनका लागि टिपोट**).

### पहूँच गर्न सकिने अवस्थाको लागि बजेट तर्जुमा (Budgeting for accessibility)

आफ्नो बजेटमा पहूँच योग्य पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरू उपलब्ध गराउन सकिने खर्च समावेश गर्नुहोस् । भौतिक पहूँच गर्न सकिने अवस्थाको लागि कम्तीमा पनि थप ०.५-१ प्रतिशत बजेट तर्जुमा गर्नमा ध्यान दिनुहोस् । गैर-खाद्य वस्तु तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग पुर्‍याउने उपकरणहरूका (Assitive device) लागि कम्तीमा पनि थप ३-४ प्रतिशत बजेट छुट्ट्याउनमा ध्यान दिनुहोस (**अवरोधहरू समाधान गर्न बजेट तर्जुमा गर्ने सन्दर्भमा मार्गदर्शनका लागि टिपोट** हेर्नुहोस)।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र समतामुलक पहूँच प्रदान गर्न वितरण विधि र आपूर्तिहरूलाई समीक्षा र अनुकूलन गर्नुहोस् ।**

### पहूँच योग्य वितरण (Accessible distribution)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सुरक्षित साथ पहूँच प्राप्त गर्न सक्ने गरि पानी, सरसफाई तथा स्वच्छताको आपूर्ति वितरण गर्नुहोस् । उदाहरणका लागि;

- संकट प्रभावित जनसंख्याबाट धेरै टाढा नभएको एउटा वितरण स्थल छनौट गर्नुहोस; यसलाई ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहूँच योग्य बनाउनुहोस् - उदाहरणका लागि, पानी वितरण स्थलमा समथर प्रवेश द्वार (Ramp), बार र समाउने डोरीहरू स्थापना गर्नुहोस;
- वितरणको बारेमा विभिन्न ढाँचाहरूमा जानकारी प्रदान गर्नुहोस;
- सम्भव भएसम्म, वितरणका लागि लाममा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनुहोस, वा, यदि तिनीहरूले रुचाउँछन् भने, तिनीहरूका लागि समर्पित छुट्टै लाम वा वितरण समयको व्यवस्था गर्नुहोस;
- वितरण स्थलमा बसने ठाउँ, भोजन, छाँया, सुरक्षित पिउने पानी र शौचालयको व्यवस्था गर्नुहोस; र

- मानिसहरूको मर्यादाको सँरक्षण गर्न लैंङ्गिक-संवेदनशील तरिकाले आपूर्तिलाई वितरण गर्नुहोस । उदाहरणका लागि, सरसफाई सम्बन्धी तौलिया र दिशा पिसाब रोक्न प्रयोग गरीने प्याड जस्ता सरसफाई सम्बन्धी सामाग्रीहरू आवश्यक भएका मानिसहरूलाई सीधै वितरण गर्नुहोस् ।

कुनै हानि हुन नदिन कुनै निश्चित समूहलाई प्राथमिकता दिनुको कारणबारे समुदायमा सचेतना जगाउनुहोस् ।

### पानी, सरसफाई र स्वच्छता सम्बन्धी आपूर्तिहरू (Water, sanitation and hygiene supplies)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूको पानीको प्रयोग र सरसफाईबारे सोध्नुहोस् र तिनीहरूको लागि सोहि अनुसार आपूर्ति व्यवस्थालाई अनुकुलित गर्नुहोस् ।

जस्तै, बोक्न सजिलो हुने स-साना पानीका भाँडाहरू, व्यक्तिगत स्याहारको दौरान गोपनीयताको लागि उठाएर लान सक्ने (Portable) पर्याप्त ठाउँहरू सहित बार लगाइएको ठाउँ (Partition) र अनुकूलित गरिएको क्याथेटरजस्ता सरसफाइका सामानहरूलाई सर्वस्वीकार्य आपूर्तिको लागि विशेष रूपले अनुकूलन वा विकल्पहरूमा ध्यान दिनुहोस ।

आवश्यक परेमा, अन्य संगठनहरूसँग मिलेर अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग पुऱ्याउने उपकरणहरू उपलब्ध गराउनुहोस् - जस्तै  नुहाउने कुर्सी, कमोड वा शौचालय कुर्सी - वा स्वच्छता प्रवर्द्धनका लागि सामाग्रीहरू । सम्भव भएसम्म, स्थानीय सेवा प्रदायकहरूलाई प्राथमिकता दिनुहोस् ।

### पहूँच योग्य सूचनाहरू (Accessible information)

सबैलाई पहूँच योग्य बनाउन, सरल भाषा प्रयोग गरेर, सरसफाई प्रवर्द्धन र पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूको बारेमा जानकारी प्रदान गर्न विभिन्न संचार माध्यमहरू र विभिन्न तरिकाहरू प्रयोग गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड, २, मुख्य क्रियाकलाप २.१, सूचना अवरोधहरूमा मार्गदर्शनका लागि टिपोट**)।

### घरदैलो कार्यक्रम (Outreach)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि वितरण स्थल पहूँच योग्य बनाउन प्रयासहरू गरिएता पनि वितरण स्थल सम्म पुग्न अवरोधहरूको सामना गर्न सक्नेहरूका लागि आपुर्तिहरू प्रवाह गर्न घर-वितरण वा स्वयमसेवकहरू जस्ता घरदैलो कार्यक्रम रणनीतिहरू प्रयोग गर्नुहोस् ।

### स्वच्छता प्रवर्द्धन (Hygiene promotion)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता, क्षमता र अभ्यास अनुरूप सम्बन्धित, पहूँच योग्य र स्पष्ट स्वच्छता प्रवर्द्धनको सन्देश सहित सबै वितरणहरूलाई सहयोग गर्नुहोस ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.३: पानीको आपूर्ति, सरसफाइ स्वच्छताको क्रियाकलाप र सेवाहरूमा पहूँच प्राप्त गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारबारे समुदाय, कर्मचारी र साझेदारहरूलाई सचेत बनाउनुहोस् ।**

कर्मचारी, साझेदार र समुदायमा यी विषयहरूमा सचेतना जगाउनुहोस् :

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पानी, सरसफाई तथा स्वच्छता सेवा तथा क्रियाकलापहरूमा अन्य व्यक्तिहरूसँग समान रूपमा सुरक्षित र मर्यादित पहूँच राख्न पाउने अधिकार बारे;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पानी, सरसफाई तथा स्वच्छता सुविधाहरूमा पहूँच र सहभागी हुनबाट रोक्न सक्ने अवरोधहरू;
- पानी, सरसफाई तथा स्वच्छता सुविधाहरूको प्रयोगमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकता, लिङ्ग, उमेर र प्रकारको अपाङ्गता अनुसार यी कसरी भिन्न हुन्छन् भन्ने कुरामा जोड दिने बारे;
- आवश्यक परेको बेला लक्षित गरिएको कार्यक्रमको महत्व र यी कुरालाई किन विशेषाधिकारको रूपमा होइन तर अधिकारको रूपमा हेर्नु पर्ने कारण; र
- यदि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले पानी, सरसफाई तथा स्वच्छता सुविधाहरूमा पहूँच प्राप्त गर्न सकेनन् भने त्यसको सामना गर्न सक्ने जोखिमहरू - उदाहरणका लागि, पहूँच अयोग्य पानी, सरसफाई तथा स्वच्छता सुविधाहरूले गर्दा बाहिर वा खराब प्रकाशमा वा असुरक्षित ठाउँमा दिशा पिसाब गर्नु पर्ने स्थितिलाई निम्त्याउन सक्छ, जसले गर्दा उनीहरूलाई चोटपटक, हिंसा र दूर्व्यवहारको जोखिम हुन्छ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने कुनै संगठन छ भने, यी सन्देशहरूलाई डिजाइन र वितरण गर्न उनीहरूसँग सहकार्य गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.४: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशी पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा, सुविधा र कार्यक्रमहरू तयार पार्नको लागि कर्मचारी तथा साझेदारहरूको क्षमता अभिबृद्धि गर्नुहोस ।**

ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी समावेश गर्ने भन्ने विषयमा पानी, सरसफाई तथा स्वच्छता कार्यक्रममा कार्यरत कर्मचारीहरूलाई व्यावसायिक तालिम प्रदान गर्नुहोस । यसमा यी कुराहरू समावेश हुन सक्छन् :

- पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधा र सेवाहरूलाई कसरी पहूँच योग्य बनाउन अनुकूलन वा डिजाइन, निर्माण गर्ने जस्ता कुराहरू;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्नलाई कसरी स्वच्छता किटहरू र वस्तुहरू अनुकूलन गर्न, र सुलभ संचार सामग्री उत्पादन गर्न;
- कसरी मानिसहरूको मर्यादाको रक्षा गर्दै लैगिक-संवेदनशील तरिकाले सेवा प्रदान गर्ने - उदाहरणका लागि, कसरी ज्येष्ठ महिला, बालिका र अपाङ्गता भएका महिलाहरूको समावेशी महिनावारी स्वच्छता व्यवस्थापनलाई सहयोग गर्ने, र कसरी दिशा पिसाब नियन्त्रण नहुने व्यक्तिहरूका लागि गोपनीयताको सुनिश्चित गर्ने; र

- पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सुविधाहरूको प्रयोग गर्दा लैंगिकतामा आधारित हिंसा र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने अन्य प्रकारका दूर्व्यवहारको जोखिमलाई कसरी कम गर्ने ।

अन्य क्षेत्रका सहकर्मीहरूसँग सहकार्य गर्न पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कर्मचारीलाई सहयोग गर्नुहोस् । उदाहरणका लागि, सिकाई केन्द्रको लागि पानी, सरसफाई तथा स्वच्छता सुविधाहरू डिजाइन गर्ने सन्दर्भमा तिनीहरूलाई मार्गदर्शन गर्न शिक्षाका कर्मचारीहरूसंग मिलेर काम गर्न प्रोत्साहन दिनुहोस् ।

## पानी, सरसफाई र स्वच्छता सम्बन्धी समावेशिताका मापदण्ड ३: सहभागिता र उत्थानशीलता (participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरूमा सहभागी हुन्छन ।

### मुख्य क्रियाकलापहरू

**३.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्षमतालाई बलियो बनाउनुहोस् ।**

**३.२ :पानी, सरसफाई तथा स्वच्छता कार्यक्रम र सम्बन्धित निर्णयहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताका लागि सहयोग गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्षमतालाई सुदृढ तुल्याउनुहोस् ।**

### असल अभ्यासको सुदृढिकरण (Strengthening good practice)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूको क्षमता पत्ता लगाउन र पानी, सरसफाइ र स्वच्छतासंग सम्बन्धित तिनीहरूको बानी बारे बताउन आग्रह गर्नुहोस् । उदाहरणका लागि, दिसा पिसाब रोक्न नसक्ने अवस्था भएका मानिसहरूलाई तिनीहरूले कसरी पानी प्रयोग गर्छन् र तिनीहरूले कस्तो स्वच्छताको अभ्यास गर्छन् भनी सोध्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरू बसोबास गर्ने समुदायलाई तिनीहरू अझ बढी उत्थानशील हुन असल अभ्यासहरूलाई सुदृढ र पुनः दोहोऱ्याउनमा सहयोग गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो सीप विकास गर्ने अवसरहरू प्रदान गर्नुहोस् । उदाहरणका लागि, पानीको स्रोत कसरी पहिल्याउने, मर्मत गर्ने वा अनुकूलन गर्ने बारे तिनीहरूको क्षमता बलियो बनाउनुहोस् ।

## मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन

**३.२ :पानी, सरसफाई तथा स्वच्छता कार्यक्रम र सम्बन्धित निर्णयहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताका लागि सहयोग गर्नुहोस ।**

### कार्यक्रमहरूमा सहभागिता (Participation in programs)

पानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलापमा भाग लिन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि उपायहरू स्थापना गर्नुहोस् । उदाहरणका लागि, तिनीहरूलाई वितरण, स्वच्छता प्रवर्द्धन अभियान, पानीका स्रोतहरूको खोजी वा पुनर्निर्माण तथा सरसफाइ सुविधाहरूको आयोजनामा समावेश गर्नुहोस ।

### निर्णयकार्यमा सहभागिता (Participation in decision making)

आकस्मिक अवस्थामा पानी, सरसफाइ र स्वच्छता कार्यक्रमको व्यवस्थापन गर्न र निर्णय गर्ने प्रणालीमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने संगठनहरूको क्षमतालाई सुदृढ पार्नुहोस् । पानी, सरसफाइ र स्वच्छता सम्बन्धी समन्वय तथा पानी, सरसफाइ र स्वच्छता समुह वा पानी व्यवस्थापन समिति जस्ता निर्णय गर्ने संयन्त्रमा अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ ( OPAs)का प्रतिनिधिहरूको अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस । यी निर्णय संयन्त्रमा प्रतिनिधित्व गर्ने महिला र पुरुष दुवैको लागि पैरवी गर्नुहोस (हेर्नुहोस् **मुख्य समावेशिता मापदण्ड ४, मुख्य क्रियाकलापक ४.२, निर्णयमा अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गर्ने सन्दर्भमा मार्गदर्शनका लागि टिपोट**).

## औजार तथा स्रोतहरू (Tools and resources)

CBM, *Humanitarian Hands-on Tool (HHoT),* WASH task cards, CBM, http://bit.ly/2oEmbS3 (18 December 2017)

Global Protection Cluster, Protection Mainstreaming App (ProM), http://bit.ly/2ozLkgs (Google Play), http://apple.co/2oBCyPf (iTunes)

Jones, H. and Wilbur, J., Compendium of accessible WASH technologies, London, WaterAid, WEDC, Share, 2014, http://bit.ly/2BEJDnr

United Nations Children's Fund (UNICEF), *Guidance: Including children with disabilities in humanitarian action: WASH,* UNICEF, (forthcoming), http://bit.ly/2Buv3MC

WaterAid, *Inclusive WASH: A free learning portal for WASH practitioners and researchers,* http://bit.ly/2yRzuye (18 December 2017)

**मामिला अध्ययन**

## खैबर निकाय, पाकिस्तानमा समावेशी पानी तथा सरसफाई प्रतिकार्य ( Inclusive water and sanitation response in Khyber Agency, Pakistan)

आन्तरिक विस्थापनको दीर्घकालीन अवस्थापछि, युनिसेफको सहयोगमा इस्लामिक रिलिफले सन् २०१६ मा फिर्ता भएकाहरूलाई सहयोग गर्न पाकिस्तानको खैबर एजेन्सीमा समावेशी पानी तथा सरसफाइ सम्बन्धी प्रतिकार्य शुरु गऱ्यो । तिनीहरूको प्रारम्भिक तथ्याङ्कले देखाए अनुसार अपाङ्गता भएका मानिसहरू असंगत रूपमा प्रभावित थिए ।

समुदायसँग परामर्श गर्दा प्रतिकार्य टोलीले दुई प्रमुख समस्याहरूको पहिचान गऱ्यो, जसले वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र मर्यादामा सम्झौता गरिरहेको थियो । सर्वप्रथम, सामुदायिक पानीको स्रोत गाउँबाट ३० मिनेट टाढा रहेको थियो । यो यात्रा समुदायका बृद्धा महिलाहरूले पैदल नै तय गरिरहेका थिए किनभने युवा युवतीहरू एक्लै यात्रा गर्नु सांस्कृतिक रूपमा स्वीकार्य थिएन । दोस्रो, खुल्ला दिशा पिसाब सरुवा रोगहरूको जोखिमको कारणले मानिसहरूको मर्यादा र उनीहरूको स्वास्थ्य दुवैको लागि एउटा व्यापक रूपमा फैलिएको समस्या थियो । पहूँच योग्य शौचालयको अभावले गर्दा यसले मुख्यत:या वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई असर गरिरहेको थियो।

पानीको स्रोतको विषयलाई सम्बोधन गर्न समुदायसँग छलफल गरेर समाधान खोज्न थालियो जसको फलस्वरूप गाउँमा पानी ट्यांकी जडान गरियो । आवश्यक संख्याहरू टिप्नलाई तथ्याङ्क सङ्कलन र अनुगमन पछि प्रतिकार्य टोलीले १,००० भन्दा बढी पहूँच योग्य घरेलु शौचालयहरू निर्माण गऱ्यो ।

यस कार्यक्रमको सफलतामा दुई कुराले योगदान गऱ्यो: समावेशी लेखाजोखाबाट प्राप्त तथ्याङ्कको उपलब्धता र समावेशीकरणका लागि बजेट विनियोजन । यसले सहुलियत सम्बन्धी विषयलाई सम्बोधन गर्न, सेवा प्रदायकहरूसँगको सम्बन्धलाई बलियो बनाउन र नीति निर्माताहरूलाई जनताको हकमा संवेदनशील बनाएर कार्यक्रमलाई सुदृढ बनाउन स्रोत र रकम प्रदान गरेको थियो ।

स्रोत: इस्लामिक रिलिफ, पाकिस्तान



# खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी समावेशिताका मापदण्डहरू

# खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी समावेशिताका मापदण्डहरू

**१.सूचना  सङ्कलनसङ्कलन (Collection of information)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी क्षमता र आवश्यकताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

**२.अवरोधहरूको सम्बोधन ( Addressing barriers)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापहरूमा पहूँच छ ।

**३.सहभागिता र उत्थानशीलता (Participation and resilience)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापहरूमा सहभागी हुन्छन र तिनीहरूको क्षमताहरू सुदिढ़ भएको छ ।

खाद्य सुरक्षा र जीविकोपार्जन समावेशी मापदण्डले खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी विद्यमान मापदण्ड र मार्गदर्शनलाई पूरकता दिन्छ । तिनीहरूलाई *मुख्य समावेशी मापदण्ड, खाद्य सुरक्षा र पोषणमा स्फियर न्यूनतम मापदण्ड, पशुधन आपतकालीन  मार्गदर्शन तथा मापदण्डहरू (LEGS), न्यूनतम आर्थिक पुनर्लाभ मापदण्ड (MERS), र बजार विश्लेषणका लागि न्यूनतम मापदण्ड (MISMA)* को संयोजनमा पढ्नु पर्छ ।

## खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी समावेशिताका मापदण्डहरू १ : सूचना सङ्कलनसङ्कलन (Collection of information)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी क्षमता र आवश्यकताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

**१.१ : खाद्य सुरक्षा तथा जीविकोपार्जन लेखाजोखा तथा अनुगमन गर्ने औजार तथा प्रक्रिया अनुकूल बनाउनका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकताहरूका बारेमा सूचना सङ्कलनसङ्कलन गर्नुहोस ।**

**१.२ खाद्य सुरक्षा र जीविकोपार्जन लेखाजोखा र अनुगमनका गतिविधिहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१ : खाद्य सुरक्षा तथा जीविकोपार्जन लेखाजोखा तथा अनुगमन गर्ने औजार तथा प्रक्रिया अनुकूल बनाउनका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकताहरूका बारेमा सूचना सङ्कलन गर्नुहोस ।**

### छुट्टयाउने कार्य (Disaggregation)

लिंग, उमेर र अपाङ्गताद्वारा छुट्टयाईएका तथ्याङ्क सङ्कलन गर्न लेखाजोखा र अनुगमन औजारहरूलाई अनुकूलित गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१**) ।

### अवरोध र सक्षमकर्ताहरूको जानकारी सङ्कलन (Collecting information on barriers and enablers)

खाद्य सुरक्षा र जीविकोपार्जनका कार्यक्रममा पहुँच प्राप्त गर्न र सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गरेका अवरोधहरू पहिचान गराउने खालका प्रश्नहरू समावेश गर्नुहोस् र तिनीहरूको सहभागिता गराउनमा मद्दत गर्ने कारकहरू पनि समावेश गर्नुहोस् । यिनीहरू अवरोधहरू हुन् सक्छन:

- पहुँच प्राप्त गर्न नसकिने खाद्य वितरण स्थान (भौतिक बाधाहरू) र एउटा मात्र ढाँचामा उपलब्ध हुने जानकारी (सूचना अवरोध);
- चपाउन वा निल्न गाह्रो हुने खाना (शारीरिक अवरोध);
- कसरी खाना खान सजिलो बनाउने भन्ने बारे थोरै वा अपर्याप्त जानकारी (सूचना अवरोध);
- नगदमा आधारित सहयोगको बारेमा सीमित जानकारी : वित्तीय साक्षरता सीमित भएका मानिसहरूलाई बुझ्नका लागि कठिन हुन्छ (सूचना अवरोध);
- खाद्य पहुँच र अन्य (मनोवृत्तिय अवरोधहरू) सँग समान आधारमा जीविकोपार्जनका क्रियाकलापमा पहुँच प्राप्त गर्नका लागि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको बारेमा नकारात्मक मनोवृत्ति भएका सामुदायिक सदस्यहरू; वा
- पहुँच प्राप्त गर्न नसकिने पसल वा विक्रेता (वातावरणीय अवरोध) ।

सक्षम पार्नेहरूमा :

- घर दैलो योजनाहरू लगायत पहुँच योग्य खाद्य वितरण संयन्त्रहरू;

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहूँच योग्य नगदमा आधारित सहायता सङ्कलन गर्ने संयन्त्रहरू; वा
- जीविकोपार्जन क्रियाकलापमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नियुक्त गर्ने वा समावेश गर्ने अनुभव भएका संस्थाहरू।

तपाईंले पहिचान गर्नुभएको अवरोध र सक्षमकर्ताहरूको नियमित रूपमा अनुगमन गर्नुहोस् ।

## अन्य क्षेत्रहरूबाट प्राप्त तथ्याङ्क प्रयोग गर्नुहोस (Use data from other sectors)

कुपोषणको जोखिममा परेका ज्येष्ठ नागरिक  वा बालबालिका तथा अपाङ्गता भएका वयस्कहरूको पहिचान गर्न पोषण वा स्वास्थ्य क्षेत्र जस्ता अन्य क्षेत्रहरूबाट प्राप्त तथ्याङ्कको प्रयोग गर्नुहोस्, जसलाई पोषण कार्यक्रमले लक्षित नगरेको हुन सक्छ ।

यी समूहहरूमा कुपोषणको जोखिम कम गर्न पोषण सम्बन्धी कर्मचारीहरूसँग समन्वय गर्नुहोस् । उदाहरणका लागि, अपाङ्गता भएका बालबालिकाका लागि पूरक खानाको व्यवस्था गर्नुका साथै कुपोषित ज्येष्ठ नागरिक हरूका लागि परिपूरक खानाको व्यवस्था, अपाङ्गता भएका गर्भवती महिला लगायत अपाङ्गता भएका बालबालिका तथा वयस्कलाई थप खानाको व्यवस्था गर्नुहोस् ।

## जोखिम पहिचान (Identification of risks)

ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आपतकालीन अवस्थाले तिनीहरूको खाद्य सुरक्षा तथा जीविकोपार्जन रणनीतिमा कस्तो जोखिम पुऱ्याइरहेको छ भनेर सोध्नुहोस् । मानवीय प्रतिकार्यबाट उत्पन्न हुन सक्ने कुनै पनि जोखिमलाई पनि ध्यान दिनुहोस् । उदाहरणको लागि;

- एक्लोपन, तिनीहरूको स्थानीय बजारमा निर्भरता वा कुनै-कुनै खानेकुरामा हुने निर्भरताले केही ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिको लागि खाद्य असुरक्षाको जोखिम बढन सक्छ;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गर्ने कार्यक्रमलाई स्थानीय समुदायले विशेषाधिकारको रूपमा लिन सक्छन, जसले गर्दा तिरस्कार र भेदभावको जोखिम हुन्छ; र
- अपाङ्गता भएका महिला तथा केटीहरूले आयस्रोतको क्रियाकलापहरूमा संलग्न हुँदा थप जोखिमको सामना गर्नुपर्ने हुन सक्छ ।
- तिनीहरूसित सम्भावित जोखिमहरूबारे छलफल गर्नुहोस् र यस्ता जोखिमहरूलाई कसरी कम गर्ने भनेर योजना बनाउनुहोस् ।

## अनुगमन (Monitoring)

नियमित रूपमा ज्येष्ठ महिला र पुरुषहरूको अनुपात र खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापमा सहभागी हुन सबै उमेरका अपाङ्गता भएका महिला तथा पुरुषहरूको अनुगमन गर्नुहोस । खाद्य वा नगदमा आधारित सहायता प्राप्त गर्न र जीविकोपार्जन सम्बन्धी क्रियाकलापमा संलग्न हुन तिनीहरूले सामना गर्ने अवरोध तथा जोखिमहरूबारे ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट नियमित रूपमा पृष्ठपोषण सङ्कलन गर्नुहोस् । वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थितिको अनुगमन गर्न स्वास्थ्य तथा पोषण क्षेत्र जस्ता अन्य क्षेत्रका मानिसहरूसँग मिलेर काम गर्नुहोस् ।

## तथ्याङ्क साझेदारी (Data sharing)

खाद्य सुरक्षा तथा जीविकोपार्जन कार्यक्रममा संलग्न सबै सम्बन्धित साझेदारहरूसँग आफूले सङ्कलन गरेका तथ्याङ्कहरू, खाद्य सुरक्षा र जीविकोपार्जन क्षेत्र र पोषण जस्ता अन्य क्षेत्रमा पनि साझा गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ खाद्य सुरक्षा र जीविकोपार्जन लेखाजोखा र अनुगमनका गतिविधिहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

खाद्य सुरक्षा र जीविकोपार्जनको सम्बन्धमा ज्येष्ठ नागरिक ा तथा अपाङ्गता भएका व्यक्तिहरूसँग उनीहरूको क्षमता र आवश्यकताको लेखाजोखा गर्न परामर्शको व्यवस्था गर्नुहोस । वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई खाना वा नगदमा आधारित सहयोगमा पहुँच प्राप्त गर्न, जीविकोपार्जनका क्रियाकलापमा संलग्न हुन वा तिनीहरूलाई कुन कुराले जोखिममा पार्न सक्छ भनी सोध्नुहोस् ।

नबिर्सनुहोस्, महिला तथा केटीहरूले पुरुष तथा केटाहरू भन्दा फरक जोखिम तथा अवरोधहरूको सामना गर्नुपर्ने हुन सक्छ । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूको खाने बानी र, मानवीय संकटको दौरान र पछि तिनीहरूको जीविकोपार्जन रणनीतिको बारेमा सोध्नुहोस् । अपाङ्गता भएका व्यक्तिहरूका संगठनहरू (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) लाई तथ्याङ्क सङ्कलन औजार डिजाइन गर्न र लेखाजोखा र अनुगमन क्रियाकलापहरू गर्न समावेश गर्नुहोस् । खाद्य सुरक्षा र जीविकोपार्जन क्षमता तथा कम देखिने एक्लो वा आफ्नो आश्रय छोड्न नसक्नेहरू जस्ता व्यक्तिहरूको आवश्यकताका बारेमा जानकारी सङ्कलन र अनुगमन गर्नुहोस ।

## खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी समावेशिताका मापदण्ड २: अवरोधको सम्बोधन (Addressing barriers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापहरूमा पहूँच छ ।

### मुख्य क्रियाकलापहरू

**२.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र पहूँच योग्य बनाउन खाद्य सुरक्षा र जीविकोपार्जनका लागि सुविधा र सेवाहरू डिजाइन गर्नुहोस ।**

**२.२ : खाद्य सहायता प्राप्त गर्न र जीविकोपार्जनका क्रियाकलापहरूमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारबारे समुदाय, कर्मचारी र साझेदारहरूलाई सचेत गराउनु होस् ।**

**२.३ : खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापलाई सुरक्षित र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि पहूँच योग्य बनाउन कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१ ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र पहूँच योग्य बनाउन खाद्य सुरक्षा र जीविकोपार्जनका लागि सुविधा र सेवाहरू डिजाइन गर्नुहोस ।**

### लक्षित मापदण्ड (Targeting criteria)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित पहूँच सुनिश्चित गर्न खाद्य, नगद, भाउचर र जीविकोपार्जनका सम्पत्तिको वितरणलाई लक्षित गरी मापदण्डलाई अनुकूल बनाउनुहोस् ।

### वितरण (Distribution)

खाना, नगद वा भाउचर वितरण गर्नका लागि सबैभन्दा उपयुक्त स्थान र आवृत्ति छनौट गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग परामर्श लिनुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र पहूँच योग्य तथा संकट प्रभावित जनसंख्यालाई पुग्न धेरै टाढा नभएको वितरण स्थलहरूको छनौट गर्नुहोस् । उदाहरणका लागि, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सुरक्षित साथ आउन र जानलाई यात्रा गर्न सक्ने ठाउँहरूमा दिउँसोको उज्यालो बेलामै वितरण गर्ने व्यवस्था मिलाउनुहोस् । विशेष गरी भेदभाव र लैङ्गिकतामा आधारित हिंसाको जोखिममा परेकाहरूको सुरक्षालाई ध्यान दिनुहोस ।

सम्भव भएमा, वितरणका लागि लाममा भएका ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनुहोस्, वा, यदि तिनीहरूले रुचाउँछन् भने उनीहरूका लागि अलग्गै  लाम वा वितरण समय व्यवस्थित गर्नुहोस् । हानि हुन नदिन कुनै-कुनै समूहलाई समुदाय भित्रै प्राथमिकता दिनुको कारणबारे सचेतना फैलाउनु होस् । वितरणस्थलमा बस्ने ठाउँ, खाना, छहारी, सुरक्षित पिउने पानी र शौचालयको व्यवस्था गर्नुहोस ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई वितरित सहयोग आफै सङ्कलन गर्न दिन हर सम्भव कदम चाल्नुहोस् । वितरण स्थल सम्म आउन नसक्ने वा नरुचाउनेहरूलाई तिनीहरूले कसरी मद्दत लिन चाहन्छन् भनी सोध्नुहोस् र त्यसको लागि आवश्यक प्रबन्ध मिलाउनुहोस् । उदाहरणका लागि, तिनीहरूको लागि विश्वासयोग्य "सट्टामा (Proxy)" सङ्कलन गर्ने व्यक्ति वा घरदैलो सेवा वा भरपर्दो सामुदायिक सदस्यहरूमार्फत वितरण गर्ने व्यवस्था मिलाउनुहोस् ।

### खाना र खानासंग सम्बन्धित प्रकारहरू (Food and food related items)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्दै खाना तयारीका लागि त्यसको प्रकारहरूको छनौट गर्नुहोस । उदाहरणका लागि:

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले के खाना खान्छन् र यसलाई तयार पार्न र खान के प्रयोग गर्छन् लगायत तिनीहरूलाई उनीहरूको खाने बानीको बारेमा सोध्नुहोस् ;

- खाना चपाउन र निल्न कसरी सजिलो बनाउने भन्ने बारेमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सल्लाह दिनुहोस;
- सानो र हल्का सजिलै बोक्न सक्ने, र खोल्न सजिलो प्याकेजिङ भएको खाद्य रासनको डिजाइन गर्नुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो सूक्ष्म पोषक तत्वको सेवन बढाउन मदत गर्ने भोजन उपलब्ध गर्नुहोस्, किनकि तिनीहरू अन्य वयस्कहरूको तुलनामा, विशेष गरी आपतकालीन अवस्थामा, सूक्ष्म पोषक तत्वको कमीको जोखिममा पर्न सक्छन;
- निल्न गाह्रो भएका ज्येष्ठ नागरिक मानिसहरू जस्ता केही समूहका लागि हुने निर्जलिकरणको बढ्दो जोखिमलाई ध्यानमा राख्नुहोस; ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई थप सुरक्षित पिउने पानी उपलब्ध गर्नुहोस् (WASH समावेशिता सम्बन्धी मापदण्डहरू हेर्नुहोस); र
- खान र पिउन सजिलो बनाउन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई खाना तयार गर्न र खानका लागि प्रकारहरू उपलब्ध गराउनुहोस् - उदाहरणका लागि, चुसेर तान्नका लागि पाइप, अनुकूलित खाना पकाउने र भाँडाकूँडा र हातले चलाई वस्तु मिसाउने उपकरण (Blenders)हरू उपलब्ध गर्नुहोस ।

### पहूँच योग्य सूचना (Accessible information)

खाद्य सुरक्षा र जीविकोपार्जन क्रियाकलापको बारेमा जानकारी प्रदान गर्न विभिन्न तरिका र संचार माध्यमहरू प्रयोग गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताको मापदण्ड २, मुख्य क्रियाकलापहरू २.१, सूचना बाधाहरूमा मार्गदर्शनका लागि टिपोटहरू**) । यसमा हक अधिकारहरू, लक्षित गर्ने संयन्त्रहरू, खाद्य वितरण, नगद वा भाउचर, खाद्य भण्डारण र तयारी र जीविकोपार्जन सहयोगबारे जानकारी समावेश हुन सक्छ ।

### जीविकोपार्जनका अवसरहरूमा पहूँच (Access to livelihoods opertunities)

विभिन्न ढाँचामा जीविकोपार्जनका अवसरहरूबारे जानकारी प्रदान गर्नुहोस् र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू सहभागी हुन सक्ने गरि काम गर्ने वातावरणलाई पहूँच योग्य बनाउनुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२ : खाद्य सहायता प्राप्त गर्न र जीविकोपार्जन सम्बन्धी क्रियाकलापहरूमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार बारे समुदाय, कर्मचारी र साझेदारहरूलाई सचेत गराउनु होस् ।**

ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित तिरस्कार र भेदभावका नकारात्मक मनोवृत्ति तथा क्षेत्रहरू र खाद्य सुरक्षा तथा जीविकोपार्जन क्रियाकलापहरूमा उनीहरूको पहूँचको पहिचान गर्नुहोस् । उदाहरणको लागि;

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरिएको कार्यक्रमलाई स्थानीय समुदायले विशेषाधिकारको रूपमा लिन सक्छन्; र कर्मचारीहरूले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने रणनीतिहरू विकास गर्न वा कामका लागि नगद वा सीप विकास कार्यक्रम जस्ता जीविकोपार्जनका क्रियाकलापहरूमा सहभागी हुन् सक्षम छन् भन्ने विश्वास नगर्न सक्छन् ।

पूर्वधारणाहरूलाई चुनौती दिन र सकारात्मक मनोवृत्ति प्रवर्द्धन गर्नलाई सन्देशहरू डिजाइन र वितरण गर्नुहोसः

- ज्येष्ठ नागरिक , अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूसँग मिलेर सचेतिकरण सम्बन्धी क्रियाकलापहरूको डिजाइन र कार्यन्वयन गर्नुहोस;
- प्रवेश बिन्दूको रूपमा मानवीय कार्यमा पहूँच प्राप्त गर्न र सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको बारेमा जानकारी प्रयोग गर्नुहोस; र
- कुनै-कुनै कार्यक्रममा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू किन लक्षित हुन सक्छ भन्ने बारे समुदायका अगुवाहरूलाई पूर्ण जानकारी दिनुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.३ : खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापलाई सुरक्षित र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि पहूँच योग्य बनाउन कर्मचारीको क्षमता अभिवृद्धि गर्नुहोस् ।**

खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी क्रियाकलापहरूमा कार्यरत कर्मचारीहरूलाई प्रशिक्षण दिनुहोसः

- सहयोग प्राप्तिबाट बहिष्करणको धेरै जोखिममा भएकाहरूलाई यसमा पहूँच सुनिश्चित गर्न खाद्य सहायता र जीविकोपार्जन सहयोग प्राप्त गर्न, मानिसहरूलाई छनौट गर्न, लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याइएको संकट प्रभावित जनसंख्याको आवश्यकता र क्षमताको तथ्याङ्क प्रयोग गर्नुहोस् ।
- खाद्य सुरक्षा र जीविकोपार्जन क्रियाकलापमा सहभागी हुनबाट ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई रोक्ने अवरोधहरू र यसलाई हटाउने तरिकाहरू पहिचान गर्नुहोस;
- यी अवरोधहरू हटाउन के-कस्ता अनुकूलनहरू गर्नुपर्छ, थाहा पाउनुहोस् । उदाहरणका लागि, वितरणलाई कसरी पहूँच योग्य बनाउने, रासन बोक्न सजिलो कसरी बनाउने र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई खान र पिउन सजिलो बनाउँनलाई खाना तयार गर्न र खानको लागि खाना र प्रकारहरूलाई कसरी परिमार्जन गर्ने भन्ने कुरा जान्नुहोस;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण आवश्यकताहरूलाई बुझ्नुहोस्, विशेष गरी ती जो कुपोषणको उच्च जोखिममा पर्न सक्छन् किनभने तिनीहरूलाई चपाउन वा निल्न गाह्रो हुन्छ;

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूका समुदाय र प्रतिनिधि संगठनहरूसँग काम गर्नुहोस् र उनीहरूलाई तिनीहरूको जीविकोपार्जन कायम राख्न आफ्नो क्षमताको प्रयोग गर्न सहयोग गर्नुहोस;
- खाद्य, नगद वा भाउचर सङ्कलन गर्दा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्न सक्ने संरक्षणसँग सम्बन्धित जोखिमहरू र यी जोखिमहरू कसरी हटाउने भन्ने कुरा बुझ्नुहोस; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू समावेश भएका नगदमा आधारित सहयोगका क्रियाकलापहरूलाई डिजाइन, कार्यान्वयन र अनुगमन गर्नुहोस् ।

उमेर र अपाङ्गता समावेशी खाद्य सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम सम्बन्धी तालिम लिएका कर्मचारीहरूलाई आफ्नो ज्ञान सहकर्मी तथा साझेदार संस्थाहरूसँग साझा गर्न र उनीहरूको कार्यक्रम औजारहरूको समीक्षा गर्न प्रोत्साहन गर्नुहोस ।

पोषण र स्वास्थ्य जस्ता अन्य क्षेत्रमा काम गर्ने कर्मचारीहरूसँग निकटतापूर्वक सहयोग गर्न खाद्य सुरक्षा सम्बन्धी काम गर्ने कर्मचारीहरूलाई सहयोग गर्नुहोस । यसले तिनीहरूलाई कुपोषित वा कुपोषणको जोखिममा रहेका ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण आवश्यकताहरू पूरा गर्न मदत गर्नेछ ।

## खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी समावेशिताका मापदण्डहरू ३: सहभागिता र उत्थानशीलता (Participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू खाद्य सुरक्षा र जीविकोपार्जनका क्रियाकलापहरूमा सहभागी हुन्छन र तिनीहरूको क्षमता सुदृढ़ भएको छ ।

### मुख्य क्रियाकलापहरू

**३.१ : खाद्य असुरक्षालाई सम्बोधन गर्न र आफ्नो जीविकोपार्जनको संरक्षणका लागि आफ्नै रणनीति विकास गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमताहरूलाई सुदृढ़ गर्नुहोस ।**

**३.२ : खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी निर्णयमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका प्रतिनिधि संस्थालाई सहयोग गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू:

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१ : खाद्य असुरक्षालाई सम्बोधन गर्न र आफ्नो जीविकोपार्जनको संरक्षणका लागि आफ्नै रणनीति विकास गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमताहरूलाई सुदृढ़ गर्नुहोस ।**

### क्षमता र उत्थानशीलताको सुदृढिकरण (Strengthening capacities and resilience)

आपतकालीन अवस्था आउनु अघि आफूले विश्वास गरेका रणनीति तथा जीविकोपार्जन सम्बन्धी क्रियाकलापहरू पहिचान गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसंग मिलेर काम गर्नुहोस् । विशेष गरी, आपतकालीन अवस्थाको दौरान र पछि तिनीहरूको क्षमता बढाउन सक्ने कुनै पनि रणनीतिहरूलाई पहिचान गर्नुहोस (शब्द-सूची हेर्नुहोस)।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो जीविकोपार्जनको सामना गर्न र त्यसलाई कायम राख्न आफ्ना क्रियाकलापहरूको विकास गर्नमा संलग्न गर्नुहोस् । उदाहरणका लागि, हराएको सम्पत्ति वा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग पुऱ्याउने उपकरणहरू (Assitive device)को प्रतिस्थापन वा अनुदान र सीप प्रशिक्षण आदि सहयोग कसरी दिने भनेर योजना बनाउनुहोस् ।

ज्येष्ठ नागरिक महिला तथा पुरुषहरू र अपाङ्गता भएका महिला तथा पुरुषहरूलाई सीपमुलक तालिमको समान अवसर प्रदान गर्नुहोस ।

### नगद र कामको लागि खाद्यान्न कार्यक्रमहरू (Cash and food for work programmes)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिताका साथ नगद र कामको लागि खाद्यान्न कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्नुहोस् (हेर्नुहोस् मुख्य समावेशिता मापदण्ड २, बक्स ४ 'नगदमा आधारित सहयोगमा समतामूलक पहूँच')।

ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूले के गर्न सक्छन् अनि कस्तो प्रकारको *"कामको लागि खाद्यान्न"* वा *"कामका लागि नगद"* क्रियाकलापहरू रुचाउँछन् भनेर सोध्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको क्षमता अनुसारको कामको लागि खाद्यान्न वा कामको लागि नगद कार्यक्रममा सहभागी हुने अवसर प्रदान गर्नुहोस । उदाहरणका लागि, कसै-कसैले सहयोग वा समन्वयकारी भूमिका निर्वाह गर्ने काम गर्न सक्छन् ।

तपाईंको खाद्य सुरक्षा र जीविकोपार्जन कार्यक्रमका सबै चरणहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अर्थपूर्ण ढंगमा संलग्न गर्नुहोस् । उदाहरणका लागि, खाद्य वितरणको लागि जिम्मेवार टोलीहरूमा

तपाईंले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न सक्नुहुन्छ । वृद्धहरू आफ्नो अनुभवले गर्दा अन्य व्यक्तिहरूलाई तालिम वा सल्लाह दिन प्रायः राम्रो अवस्थामा हुन्छन ।

कामका लागि नगद र कामका लागि खाद्यान्न क्रियाकलापहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहूँच योग्य छन् कि छैनन् सुनिश्चित  गर्नुहोस् । उदाहरणका लागि, यी क्रियाकलापहरूबारे विभिन्न ढाँचामा जानकारी प्रदान गर्नुहोस् र पहूँच योग्य सुविधाहरू रोज्नुहोस् ।

उमेर र अपाङ्गता को बावजुद सबैलाई समान अवसर र समान मूल्यका कामका लागि समान पारिश्रमिक प्रदान गर्नुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कम तलब वा इच्छा नभएको काम गर्न स्वचालित रूपमा लग्ने नगर्नुहोस् ।

उपयुक्त भएमा, विना शर्त सहयोग दिनमा ध्यान दिनुहोस् । उदाहरणका लागि, यिनीहरूलाई पहूँच योग्य बनाउने उपायहरू भएता पनि अहिले पनि कामका लागि नगद वा कामका लागि खाद्य क्रियाकलापहरूमा सहभागी हुन अवरोधहरूको सामना गरिरहेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नगद, भाउचर वा खाना वितरण गर्ने तिर ध्यान दिनुहोस ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.२ : खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी निर्णयमा सहभागी हुन ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका प्रतिनिधि संस्थालाई सहयोग गर्नुहोस ।**

खाद्य सुरक्षा र जीविकोपार्जनका कार्यक्रमहरूका बारेमा निर्णय गर्ने कार्यमा योगदान गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने संगठनहरूको क्षमतालाई सुदृढ पार्नुहोस् ।

लैङ्गिकता अनुसार आवश्यक सन्तुलित खाद्य सुरक्षा तथा जीविकोपार्जन समितिमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्नुहोस ।

विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू, र महिला तथा पुरुष दुवैको निष्पक्ष प्रतिनिधित्वलाई प्रवर्द्धन गर्नुहोस ।

पहूँच योग्य स्थलहरू रोज्नुहोस् र विभिन्न ढाँचाहरूमा जानकारी उपलब्ध गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारबारेमा समिति सदस्यहरूलाई सचेत गर्नुहोस ।

## औजार तथा स्रोतहरू (Tools and resources)

Child Protection Working Group, 'Standard 19: Economic recovery and child protection' and 'Standard 26: Distribution and child protection' in *Minimum standards for child protection in humanitarian action,* Child Protection Working Group, 2012, http://bit.ly/2zjApLe

Collodel, A. *Food security and livelihoods interventions for older people in emergencies,* London, HelpAge International, 2012, http://bit.ly/2CTTL9E

Global Protection Cluster, Protection Mainstreaming App (ProM), http://bit.ly/2ozLkgs (Google Play), http://apple.co/2oBCyPf (iTunes)

International Federation of Red Cross and Red Crescent Societies, 'Food Security' and 'Livelihoods' in *Minimum standard commitments to gender and diversity in emergency programming: Pilot Version* Geneva, IFRC, 2015, http://bit.ly/29WvLrA

Juillard, H., on behalf of The Cash Learning Partnership (CaLP) *Minimum Standard for Market Analysis (MISMA),* The Cash Learning Partnership (CALP), 2017, http://bit.ly/2oBPc0F

Leduc, M., Pla Cordero, R., Mercier, P., and Guastalla, M., *As the movement for cash transfer programming advances, how can we ensure that people with disabilities are not left behind in cash transfer programming for emergencies?* The Cash Learning Partnership (CaLP) and Handicap International, http://bit.ly/2yTJTcY

LEGS, Livestock Emergency Guidelines and Standards (LEGS), Second edition, Rugby, Practical Action, 2014, http://bit.ly/2keB9cQ

Sphere Project, 'Minimum Standards in Food Security and Nutrition' in Sphere Handbook: Humanitarian Charter and Minimum Standards in Disaster Response, 2011, Rugby, Practical Action, 2011, http://bit.ly/1meswO0
The SEEP Network, Minimum Economic Recovery Standards, Third edition, Rugby, Practical Action, 2017, http://bit.ly/2iknnU2

**मामिला अध्ययन**

## ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू समावेशी जीविकोपार्जन सम्बन्धी प्रतिकार्य (Including older people and people with disabilities in the livelihood response)

सन् २०१६ मा, कन्सर्न वर्ल्डवाइडले पाकिस्तानको थारपारकरको खडेरीग्रस्त जिल्लालाई खाद्य सुरक्षा र जीविकोपार्जन प्रतिकार्य गर्न स्थानीय रूपमा सुकार फाउन्डेसनसँग साझेदारी गऱ्यो ।

यस जिल्लाका एक जना बासिन्दा ८५ वर्ष नाघेका छन् उनलाई सुन्न गाह्रो छ र दृष्टिबाधा पनि छ। उनी आफ्नी पत्नी र बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएको छोरासँग बस्दछन् । उक्त बासिन्दालाई अघिल्लो लेखाजोखाहरूमा पहिचान गरिएको थिएन, किनभने युवा लाभान्वित व्यक्तिहरू वा काम गर्न सक्षम व्यक्तिहरू मात्र लक्षित जनसंख्या थिए, त्यसैले उनले यस कार्यक्रम भन्दा अघि कुनै किसिमको सहायताबाट लाभ उठाएका थिएनन्। खडेरीको बेला तिनी र तिनको परिवारले भोजनको लागि समुदायबाट दिईएको अनुदानमा भर पर्नु पर्थ्यो र यसमा प्रायः रोटी, खुर्सानीको धुलो र पानी हुन्थ्यो । कन्सर्न र सुकार फाउन्डेसनले गरेको प्रतिकार्य, विशेष गरी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशिताको लागि तर्जुमा गरिएको थियो। परियोजना टोलीले परियोजना क्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्न यौन, उमेर र अपाङ्गताको छुट्याइएको तथ्याङ्क सङ्कलन गर्न उनीहरूको लाभग्राहि छनौट फाराम र मापदण्डहरूलाई अनुकूलन गरेको थियो ।

उक्त अवधारणाले गर्दा यी विशेष बासिन्दाको पहिचान भयो । त्यो समय देखि दुइ वटा सकारात्मक नतिजाहरू आएका छन् । प्रतिकार्यको एउटा अंशको रूपमा त्यहाँका बासिन्दाले आफ्नो गाईवस्तुलाई कायम राख्न पहिलो चोटि चारा पाए। अनि पहिलो पटक उनी र अन्य ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई गाउँ छनौट समितिमा ठाउँ दिइयो र यो परियोजना निकायले लाभग्राहिहरू छान्नमा मदत गऱ्यो । यस प्रत्यक्ष सहभागिताले गर्दा जोखिममा रहेका यी समूहका अरू व्यक्तिहरू को हुन भनेर निरन्तर पहिचान हुनेमा मदत गर्नलाई सुनिश्चित गऱ्यो ।

स्रोतः कन्सर्न वर्ल्डवाइड, २०१६


164

# पोषण सम्बन्धी समावेशिताका मापदण्डहरू



# पोषण सम्बन्धी मापदण्डहरू

**१.सूचना सङ्कलन (Collection of information)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण सम्बन्धी आवश्यकताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

**२.अवरोधहरूको सम्बोधन ( Addressing barriers)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण सेवा र सुविधाहरूमा पहूँच छ ।

**३.सहभागिता र उत्थानशीलता (Participation and resilience)**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू पोषण कार्यक्रमहरूमा सहभागी हुन्छन र तिनीहरूको क्षमताहरू सुदृढ भएको छ ।

पोषण सम्बन्धी समावेशी मापदण्डले पोषण सम्बन्धी विद्यमान मापदण्ड र मार्गदर्शनलाई पूरकता दिन्छ । तिनीहरूलाई मुख्य समावेशी मापदण्ड, खाद्य सुरक्षा र पोषणमा स्फियर न्यूनतम मापदण्डको संयोजनमा पढ्नु पर्छ ।

## पोषण सम्बन्धी मापदण्ड १ : सूचना सङ्कलन (Collection of information)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण सम्बन्धी आवश्यकताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

**मुख्य क्रियाकलापहरू**

**१.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थिति बारे तथ्याङ्क सङ्कलन गर्न पोषण सम्बन्धी लेखाजोखा र अनुगमनका औजार र प्रक्रियाहरूलाई अनुकूलन गर्नुहोस् ।**

**१.२: पोषण लेखाजोखा र अनुगमनका क्रियाकलापहरूमा ज्येष्ठ नागरिक हरू र अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थिति बारे तथ्याङ्क सङ्कलन गर्न पोषण सम्बन्धी लेखाजोखा र अनुगमनका औजार र प्रक्रियाहरूलाई अनुकूलन गर्नुहोस् ।**

### तथ्याङ्क छुट्याईने कार्य (Data disaggegation)

लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याईएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न पोषण लेखाजोखा र अनुगमन औजारलाई अनुकूलन गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिता सम्बन्धी मापदण्ड १,मुख्य क्रियाकलाप १.१**).

२ देखि १७ वर्ष उमेर समूहका अपाङ्गता भएका बालबालिकाका लागि तपाईंले युनिसेफ/वासिङ्टन समूह बाल क्रियाशील मोड्युललाई अपाङ्गताद्वारा तथ्याङ्कलाई छुट्याउन पोषण सर्वेक्षणहरूमा समावेश गर्न सक्नुहुन्छ ।

### विद्यमान तथ्याङ्कका स्रोतहरू (Existing sources of data)

स्वास्थ्य मन्त्रालय वा राष्ट्रिय पोषण विभाग जस्ता राष्ट्रिय निकायहरूले सङ्कलन गरेको तथ्याङ्क आपत्कालिन अवस्थामा बालबालिका, गर्भवती महिला र स्तनपान गराउने महिलाहरूको पोषण स्थितिको लेखाजोखा गर्नमा उपयोगी हुन सक्छ । विशेष गरी, स्वास्थ्य मन्त्रालयहरू नवजात शिशु तथा आमाको हेरचाह सम्बन्धी तथ्याङ्कहरूको राम्रो स्रोत हुन् ।

याद राख्नुहोस्, ज्येष्ठ नागरिकहरूको पोषण स्थिति र पाँच वर्ष भन्दा माथिका अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क खाद्य सुरक्षा र स्वास्थ्य जस्ता अन्य क्षेत्रहरूले सङ्कलन गरेका हुन सक्छन् । तपाईंको पोषण लेखाजोखा अन्य क्षेत्रहरूले गरेको लेखाजोखाद्वारा सूचित छ भन्ने सुनिश्चित गर्नुहोस् ।

### अवरोधक र सक्षमकर्ताहरूको पहिचान (Identification of barriers and enablers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पोषण कार्यक्रममा पहूँच प्राप्त गर्न र सहभागी हुनबाटबाट रोक्न सक्ने अवरोधहरूको लेखाजोखा गर्नुहोस् । आवश्यकता लेखाजोखा र पोषण सर्वेक्षणमा अवरोधक र सक्षमकर्ताहरू बारे, वा पहूँच प्राप्त गर्न सकिने अवस्थाको लेखापरीक्षण सञ्चालन गर्दा प्रश्नहरू सोध्नुहोस् (**मुख्य समावेशिता सम्बन्धी मापदण्ड १** हेर्नुहोस)।

अवरोधहरू निम्नानुसार हुन सक्छन;

- पोषण सेवा प्रदान गर्ने स्थानमा पहूँच अयोग्य सुविधाहरू (भौतिक अवरोधहरू);
- विभिन्न ढाँचामा उपलब्ध नभएका स्तनपानका अभ्यासहरू (सूचना अवरोध) जस्ता विषयहरूमा जानकारी;

- पोषण सेवाहरूमा काम गर्ने कर्मचारीहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू प्रति नकारात्मक मनोवृत्ति राख्छन् र तिनीहरूसँग काम गर्ने दक्षताको कमी (संगठनात्मक र मनोवृत्तिय अवरोधहरू);

- घरका सदस्यहरू ज्येष्ठ नागरिक व्यक्तिहरू र बालबालिका तथा अपाङ्गता भएका वयस्कहरूप्रति पूर्वाग्रही छन् र खाद्य वितरणमा उनीहरूलाई किन प्राथमिकता दिनुपर्छ भन्ने कुरा बुझ्दैनन् (मनोवृत्तिय अवरोधहरू); वा

- स्थानीय समुदायका मानिसहरूले अपाङ्गता भएका बालबालिकाहरूलाई हुर्काउने (मनोवृत्तिय अवरोधहरू) प्रति नकारात्मक मनोवृत्ति राख्दछन् ।

यिनीहरू सक्षमकर्ताहरू (enablers) हुन् सक्छन;

- अपाङ्गता भएका बालबालिका, गर्भवती र स्तनपान गराउने महिलाहरू र अपाङ्गता भएका वयस्कहरू र ज्येष्ठ नागरिक हरूका लागि पोषण कार्यक्रमहरू पहिले देखि नै विद्यमान छन् ; वा

- कर्मचारीहरू अपाङ्गता भएका महिलाहरूका लागि स्तनपान परामर्श र ज्येष्ठ नागरिक तथा बालबालिका तथा अपाङ्गता भएका वयस्कहरूको पोषणमा दक्ष हुन्छन् ।

### पोषणसंग सम्बन्धित जोखिमहरूको पहिचान (Identification of risks associated with nutrition)

पोषणसँग सम्बन्धित ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि जोखिमको पहिचान गर्दा निम्न कुराहरूलाई ध्यानमा राख्नुहोस:

- केही ज्येष्ठ नागरिक हरू र अपाङ्गता भएका बालबालिका तथा वयस्कहरूलाई निल्न, चपाउन वा खान गाह्रो भएको कारण मानवीय संकट हुनुभन्दा पहिले कुपोषण भएको हुन सक्छ- उदाहरणका लागि, यदि अपाङ्गता भएको बच्चा आफ्नो परिवार वा सहायता सञ्जालबाट छुट्टिएमा, र पर्याप्त पौष्टिक भोजन पाउन नसकेमा मानवीय संकटको अवस्थामा कुपोषणको जोखिम बढ्न सक्छ;

- सजिलै वा परिमार्जन गर्न सकिने खानाको अभाव हुन सक्छ;

- खाना खान वा पाउन गाह्रो भएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सूक्ष्म पोषक तत्वहरूको कमीको जोखिम बढी हुन सक्छ; यसले तिनीहरूको मानसिक तथा शारीरिक स्वास्थ्य, तिनीहरूको रोग प्रतिरोधात्मक प्रणाली र तिनीहरूको क्रियाशील क्षमताका लागि गम्भीर परिणामहरू निम्त्याउन सक्छ र सूक्ष्म पोषक तत्वहरूले भरिपूर्ण भोजनहरू कम मात्रामा उपलब्ध हुँदा यो जोखिम आपात्कालिन अवस्थामा झनै तीव्र हुन सक्छ; र

- खान र पिउनलाई सहयोग चाहिने ज्येष्ठ नागरिक , बालबालिका तथा अपाङ्गता भएका वयस्कहरू आफ्नो परिवार वा हेरचाह गर्नेहरूबाट छुट्टिन सक्छन् ।

शिशु तथा अपाङ्गता भएका साना बच्चाहरूका साथै गर्भवती तथा स्तनपान गराउने अपाङ्गता भएका आमाहरूको पोषण अभ्यास र आवश्यकताबारे प्रश्नहरू समावेश गर्नुहोस् । अपाङ्गता भएका बालबालिकालाई खुवाउने र स्याहार गर्ने सम्बन्धी सूचना तथा सीपले राम्रो कार्यक्रम गर्न र सूचनाको अभावमा उत्पन्न अवरोध तथा जोखिमलाई हटाउन सकिन्छ ।

### अनुगमन (Monitoring)

पोषण क्रियाकलापहरूमा पहूँच प्राप्त गर्ने र सहभागी हुने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अनुपात नियमित रूपमा निगरानी गर्नुहोस् ।

पोषण क्रियाकलापहरूमा पहूँच प्राप्त गर्न र सहभागी हुनबाट रोक्ने अवरोधहरू र तिनीहरूले सामना गर्ने जोखिमहरूबारे ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूबाट नियमित रूपमा पृष्ठपोषण सङ्कलन गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थितिको अनुगमन गर्न स्वास्थ्य तथा खाद्य सुरक्षा जस्ता अन्य क्षेत्रका मानिसहरूसँग मिलेर काम गर्नुहोस् ।

### तथ्याङ्क साझेदारी (Data sharing)

पोषण कार्यक्रममा संलग्न सबै सम्बन्धित साझेदारहरू र खाद्य सुरक्षा, स्वास्थ्य र शिक्षा जस्ता अन्य क्षेत्रमा काम गर्ने साझेदारहरूसँग आफूले सङ्कलन गरेका तथ्याङ्कहरू साझा गर्नुहोस् ।

बाकस ७

## ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका वयस्कहरूको पोषण स्थितिको लेखाजोखा (Assessing the nutritional status of older people, children and adults with disabilities)

हाल ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थिति मापन गर्ने सबैभन्दा उपयुक्त विधिमा प्रमाण र मार्गदर्शनको अभाव छ । अहिलेको विद्यमान मार्गदर्शनमा आधारित ध्यान दिनु पर्ने केही बुँदाहरू यी हुन् ।

आपत्कालीन अवस्थामा वृद्ध बृद्धा, बालबालिका तथा विभिन्न कारणबाट अशक्तहरूको कुपोषण र पोषण सम्बन्धी थप अनुसन्धान तथा प्रमाणमा-आधारित निर्देशनहरूलाई शसक्त ढङ्गले सिफारिस गरिएका छन् ।

### ज्येष्ठ नागरिक हरू (Older people)

आपतकालीन अवस्थामा कुपोषणको जोखिम बढी हुन सक्ने भए तापनि ज्येष्ठ नागरिकहरूमा भएको कुपोषण बारे हालसम्म कुनै सर्वस्वीकार्य परिभाषा छैन ।

विश्व स्वास्थ्य संगठनले सुझाए अनुसार वयस्कहरूको शरीर पिण्ड सूचकको (Body mass index-BMI)) संघार (Thresholds) ६० वर्ष र त्यसभन्दा माथिका व्यक्तिहरूको लागि उपयुक्त हुन सक्छ । तथापि, मेरुदण्डको वक्रता (निहुरिने) वा मेरुदण्डको सङ्कुचन भएको खण्डमा ज्येष्ठ नागरिक को पुरा शरीरको सूचकलाई सही तरिकाले नाप्न गाह्रो हुन सक्छ । पाखुराको नाप (Arm span) वा आधा पाखुराको नाप (demi–span) लाई उचाईको सट्टामा प्रयोग गर्न सकिन्छ, तर उचाई गणना गर्ने गुणनफल जनसङ्ख्या अनुसार फरक हुन्छ त्यसकारण आँखाले हेरेर लेखाजोखा गर्न  आवश्यक हुन्छ ।

ज्येष्ठ नागरिकहरूको कुपोषणको लागि  कुहिनो र कुमको बिचमा पाखुराको परिधि (MUAC) नाप्दा उपयोगी हुन सक्छ । तथापि, उपयुक्त अन्तिम बिन्दूहरू पहिचान गर्न अनुसन्धान भने अझै चलिरहेको छ ।

### अपाङ्गता भएका व्यक्तिहरू (People with disabilities)

शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको पोषणको स्थिति मापनका लागि हाल कुनै निर्देशिकाहरू उपलब्ध छैनन । फलस्वरूप, शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई प्रायः मानव शरीरका मापन सम्बन्धी (anthropometric) सर्वेक्षणमा समावेश गरिंदैन । BMI लाई प्रयोग गर्न सकिन्छ, तर आँखाले हेरेर लेखाजोखा गर्नु पनि आवश्यक हुन्छ । कुनै-कुनै मानिसको लागि मध्य-माथिल्लो पाखुराको परिधि (MUAC) र छालालाई दोबारेर गरिने मापन (skinfold)लाई  प्रयोग गर्न सकिन्छ । तथापि, मानिसहरूले आवागमनका  लागि माथिल्लो पाखुराको मांसपेशी बढाएका छन् भने यी तरिकाहरू भ्रामक हुन सक्छन् ।

लम्बाइ वा पाखुराको नाप लगायत उचाइको सर्वमान्य मापनका विकल्पहरू छन् । जुन अपाङ्गता भएका व्यक्तिहरूका लागि सर्वमान्य तौल, उचाई तथा मध्य-माथिल्लो पाखुराको परिधि (MUAC) मापन उपयुक्त छैन, त्यस्ता अपाङ्गता भएका व्यक्तिहरूको मापन गर्ने सबै भन्दा बढी उपयुक्त उपायहरू निर्धारण गर्नका लागि सबै भन्दा पछिको अनुसन्धानमा के छ भनि हेर्न आवश्यक छ ।

### अपाङ्गता भएका केटाकेटीहरू (Children with disabilities)

मध्य-माथिल्लो पाखुराको परिधि (MUAC) मापन सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूमा कुपोषण मापन भ्रामक हुन सक्छ जसले अर्को व्यक्तिको मद्दत विना आफ्नो काम गर्न र आवागमनका लागि वैशाखी वा हाते ह्वीलचेयर जस्ता अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरू आँफैले प्रयोग गर्छन् ।

कुपोषण नाप्ने वैकल्पिक तरिकाहरूलाई ध्यानमा राख्नुहोस् जस्तैः आँखाको परीक्षण, छालालाई दोबारेर गरिने मापन, लम्बाइ वा पाखुराको नापहरू ।

स्रोत : Sphere Project, Sphere HandbookM Humanitarian Charter and Minimum Standards in Disaster Response, 2011, Rugby, Practical Action, 2011, http:bit.ly.1oK3Gnb

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२: पोषण लेखाजोखा र अनुगमनका क्रियाकलापहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।**

कम देखा पर्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थितिको लेखाजोखा र अनुगमन गर्न घरदैलो कर्यक्रमलाई प्रयोग गर्नुहोस् । उदाहरणका लागि, केहि परिवारहरूले अपाङ्गता भएका बच्चाहरूलाई समुदायका अन्य सदस्यहरूबाट लुकाउन सक्छन् ।

मनोरोग अस्पताल वा स्याहार केन्द्र जस्ता संस्थामा बस्ने मानिसको पोषण सम्बन्धी आवश्यकताका बारेमा जानकारी लिनुहोस् ।

पोषणको आवश्यकताको बारेको परामर्शमा अर्थपूर्ण सहभागी हुन गर्भवती र स्तनपान गराई रहेका महिलाहरू लगायत ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्नुहोस् । उनीहरूलाई भोजन सम्बन्धी अभ्यास, पोषण कार्यक्रम र सुरक्षित तथा पौष्टिक भोजनबारे जानकारी प्राप्त गर्न सजिलो वा रोक्ने तत्वहरू पहिचान गर्न आग्रह गर्नुहोस् (**खाद्य सुरक्षा र जीविकोपार्जन सम्बन्धी समावेशिता मापदण्डहरू** हेर्नुहोस)

पोषण सेवामा पहूँच प्राप्त गर्न पोषण आवश्यकता तथा अवरोधहरूको पहिचान र अनुगमन गर्न अपाङ्गता भएका महिलाहरूको संगठन लगायत वृद्ध वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने अन्य समुदायमा आधारित संगठनहरू र अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs ), ज्येष्ठ नागरिकहरूको संघ (OPAs) संग सहकार्य गर्नुहोस ।

## पोषण सम्बन्धि मापदण्डहरू २: अवरोधहरूको सम्बोधन (Addressing barriers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण सेवा र सुविधाहरूमा पहूँच छ ।

**मुख्य क्रियाकलापहरू**

**२.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि पहूँच योग्य पोषणका क्रियाकलाप र सुविधाहरू तर्जुमा गर्नुहोस् ।**

**२.२: सबै उमेर र लिङ्गका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण कार्यक्रममा पहूँच र सहभागिताको हक अधिकार बारे समुदाय र पोषण कर्मचारीहरूलाई सचेत गराउनु होस् ।**

**२.३: गर्भवती वा स्तनपान गराइरहेका अपाङ्गता भएका महिला, शिशु तथा अपाङ्गता भएका साना बालबालिका लगायत आपतकालीन अवस्थामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न पोषण कर्मचारीको क्षमताको निर्माण गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि पहूँच योग्य पोषणका क्रियाकलाप र सुविधाहरू तर्जुमा गर्नुहोस् ।**

### पहूँच योग्य सुविधाहरू (Accessible facilities)

प्रभावित जनसङ्ख्याको नजिक भएको सुरक्षित स्थानलाई छनौट गर्नुहोस् । यस सुविधा सम्म पुग्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लाग्ने समयलाई ध्यान दिनुहोस । तिनीहरूलाई बाँकी प्रभावित जनसंख्या भन्दा बढी समय लाग्न सक्छ ।

पोषण सेवा प्रदान गर्न समर्पित सबै सुविधाहरू जस्तै स्वास्थ्य केन्द्र, शिशु-मैत्री स्थान, उपचारात्मक भोजन केन्द्र र बहिरंग उपचारात्मक कार्यक्रमको छनौट र तर्जुमा गर्नका लागि पहूँच गर्न सकिने अवस्थालाई एउटा मापदण्ड बनाउनुहोस् ।

नयाँ पोषण सुविधाहरू तर्जुमा गर्न पहूँच सम्बन्धी राष्ट्रिय मापदण्डहरूको पालन गर्नुहोस् । यदि कुनै पहूँच गर्न सकिने अवस्था सम्बन्धी राष्ट्रिय मापदण्ड उपलब्ध छैन वा यदि यसमा अन्तरहरू छन् भने, पहूँच गर्न सकिने अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू र विश्वव्यापी डिजाइनको सिद्धान्तलाई उल्लेख गर्नुहोस् (शब्द-सूची हेर्नुहोस)।

पहूँच गर्न सकिने अवस्थामा थप मार्गदर्शनका लागि, **मुख्य समावेशिता मापदण्ड २, पर्यावरणीय अवरोधहरूमा मार्गदर्शनका लागि टिपोटहरू र बक्स ३ 'पहूँच गर्न सकिने अवस्था के हो?'** हेर्नुहोस्।

### पहूँच योग्य जानकारी (Accessible information)

पूरक भोजन कार्यक्रम, खुवाउने अभ्यासहरूमा सल्लाह र स्तनपान गराउन सहायता जस्ता कुरामा सबैको लागि पहूँच योग्य बनाउन पोषण सेवाहरू को बारेमा जानकारी प्रदान गर्न विभिन्न तरिकाहरू र संचार माध्यमहरूलाई प्रयोग गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिता मापदण्ड २, मुख्य क्रियाकलापहरू १, सूचना अवरोधमा मार्गदर्शनका लागि टिपोटहरू**) ।

### वितरण (Distribution)

उपचारात्मक भोजन केन्द्रहरूको लाममा व ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनुहोस् वा यदि तिनीहरूले रुचाउछन् भने, तिनीहरूका लागि छुट्टै समर्पित लाम वा वितरण समय व्यवस्थित गर्नुहोस् । वितरण स्थलमा बस्ने ठाँउँ, खाना, छहारी, सुरक्षित पिउने पानी र शौचालयको व्यवस्था गर्नुहोस ।

भोजनमा संशोधन गर्न पूरक खाद्य वा भाँडाकुँडाहरू किन्न मानिसहरूलाई समावेशी नगदमा आधारित सहायता प्रदान गर्नुहोस् । उदाहरणका लागि, पिन कार्ड कसरी प्रयोग गर्ने र कहाँ पाउन सकिन्छ, पसल तथा बिक्रेताहरू कहाँ छन भन्ने बारेमा विभिन्न तरिकाले जानकारी दिनुहोस् ।

पोषणबारे ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको विशेष सरोकारहरूलाई ध्यानमा राख्नुहोस् । उदाहरणका लागि:

- आफ्नो घर छोड्न नसक्नेहरू धेरै कुपोषित हुन सक्छन; तिनीहरूलाई भिटामिन डी, भिटामिन ए, आयोडिन र आइरन जस्ता अतिरिक्त भिटामिन र खनिजको आवश्यकता पर्न सक्छ; र
- निल्न गाह्रो हुने मानिसलाई निर्जलिकरणको (Dehydration) जोखिम बढी हुन सक्छ; तसर्थ, तिनीहरूले स्वच्छ पिउने पानी पाउन र निल्न सजिलो बनाउन तरल पदार्थहरू कसरी परिमार्जित गर्ने भन्ने बारे जानकारी दिनु विशेष गरी महत्वपूर्ण हुन्छ ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२: सबै उमेर र लिङ्गका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण कार्यक्रममा पहूँच र सहभागिताको हक अधिकार बारे समुदाय र पोषण कर्मचारीहरूलाई सचेत गराउनु होस् ।**

जीवनका सबै चरणमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू (५ वर्ष माथिका शिशु, साना केटाकेटी, ५ वर्ष माथिका बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिला र ज्येष्ठ नागरिक लगायत) को पोषण सम्बन्धी आवश्यकताका बारेमा कर्मचारीहरू तथा स्थानीय समुदायको धारणाको लेखाजोखा गर्नुहोस् ।

बृद्धावस्था वा अपाङ्गतासँग सम्बन्धित भेदभाव र तिरस्कारका क्षेत्रहरूको पहिचान गर्नुहोस् । उदाहरणका लागि:

- स्थानीय समुदायका मानिसहरूले अपाङ्गता भएकी महिलाले सही तरिकाले स्तनपान गराउनमा वा आफ्नो बच्चाको हेरचाह गर्न सक्दैनन् भन्दै तिनीहरूलाई निरुत्साहित गर्न सक्छन् ।;
- स्थानीय समुदायका मानिसहरूले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित पोषण कार्यक्रमलाई विशेषाधिकारको रूपमा लिन सक्छन; वा
- पोषण कर्मचारीहरूले अपाङ्गता भएका र नभएका बालबालिकाको लागि फरक व्यवहार अपनाउन सक्छन् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२: सबै उमेर र लिङ्गका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पोषण कार्यक्रममा पहूँच र सहभागिताको हक अधिकार बारे समुदाय र पोषण कर्मचारीहरूलाई सचेत गराउनु होस् ।**

### अपाङ्गता भएका शिशु, साना बालबालिका, गर्भवती र स्तनपान गराउने महिला (Infants, young children, pregnant and breastfeeding women with disabilities)

पोषण सेवाका कर्मचारीहरूलाई यी कुराहरूका लागि प्रशिक्षण दिनुहोस:

- अपाङ्गता भएका बालबालिका र महिलाहरूसँग कुराकानी गर्न;
- अपाङ्गता भएका महिलाहरूलाई स्तनपान गराउन सक्ने कुनै पनि कठिनाईलाई सकेसम्म छिटो पहिचान गर्नुहोस र उनीहरूलाई थप सेवाहरूको लागि प्रशिक्षित स्तनपान सहायतामा पठाउन;
- अपाङ्गता भएका बालबालिकाका अभिभावकलाई बच्चाको स्याहार तथा, निल्न गाह्रो हुने, पुनर्स्थापना सेवा सम्बन्धी जस्ता जानकारी दिन खानपानमा कठिनाई भएका बालबालिकाका लागि खाना खुवाउने अभ्यास बारे सल्लाह दिन;
- स्तनपान सम्बन्धी प्राविधिक जानकारी र सहयोग लगायत अपाङ्गता भएका र गर्भवती तथा स्तनपान गराई रहेकी महिलाहरूका लागि भोजन गर्ने अभ्यास र बच्चाको स्याहार सम्बन्धी सहयोग र जानकारी प्रदान गर्न;
- अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग पुऱ्याउने उपकरणहरूमा पहूँच र प्रयोगमा सहजीकरण, खाना खान सजिलो बनाउने भाँडाकुँडाहरू ।

### अपाङ्गता भएका बालबालिकाका लागि पूरक खाना (Complementary food for children with disability)

अपाङ्गता भएका बालबालिकाको आवश्यकताबारे पोषण कर्मचारीलाई तालिम दिनुहोस । उदाहरणका लागि, तिनीहरूलाई यी कुराहरू गर्न सिकाउनुहोस:

- निल्ने, खाने र पिउने समस्या पत्ता लगाउनुहोस् र त्यसै अनुसार खाना र तरल पदार्थहरूमा परिमार्जन गर्न;
- अपाङ्गता भएका बालबालिकाका परिवार तथा हेरचाह गर्ने व्यक्तिहरूलाई खुवाउने अभ्यास र गरिनु पर्ने आवश्यक अनुकूलनका बारेमा सोध्न; र
- अपाङ्गता भएका बालबालिकालाई खाना खुवाउने र उनीहरूका लागि खाना तयार गर्ने वा परिमार्जन गर्ने सबैभन्दा उपयुक्त तरिकाबारे जानकारी दिन ।

## ज्येष्ठ नागरिक, पाँच वर्षभन्दा माथिका अपाङ्गता भएका बालबालिका र अपाङ्गता भएका वयस्कहरूको पोषण (Nutrition of older people, children with disability over five years, and adults with disabilities)

पोषण कार्यक्रमहरूले ज्येष्ठ नागरिक , पाँच वर्षभन्दा माथिका अपाङ्गता भएका बालबालिका र अपाङ्गता भएका वयस्कहरूको पोषण आवश्यकताहरू पूरा गर्न नसक्ने हुन सक्छ। यी समूहहरूको पोषण सम्बन्धी आवश्यकतालाई प्रायः खाद्य सुरक्षा कार्यक्रमहरूले सम्बोधन गर्छ । तथापि, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई खानामा पहूँच प्राप्त गर्नमा बाधा पुग्ने भएकोले कुपोषणको जोखिम बढी हुन सक्छ।

यी समूहहरूको पोषण आवश्यकताहरूबारे पोषण, स्वास्थ्य र खाद्य सुरक्षा कार्यक्रममा संलग्न कर्मचारीहरूलाई प्रशिक्षित गर्नुहोस । उदाहरणका लागि, तिनीहरूलाई यी कुराहरू गर्न सिकाउनुहोसः

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्दै पूरक आहार कार्यक्रमका लागि मापदण्डहरू अनुकूलन गर्न;
- भोजनमा कठिनाई भएका व्यक्तिहरूले चपाउन र निल्न सजिलो बनाउनको लागि खानामा कसरी परिबर्तन गर्ने भन्ने बारेमा जानकारी प्रदान गर्न;
- सूक्ष्म पोषक तत्वहरूको कमीको जोखिममा भएका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको खनिज तथा भिटामिन सम्बन्धी आवश्यकताहरू पत्ता लगाउनुहोस् र तिनीहरूलाई आफ्नो सूक्ष्म पोषक तत्वको मात्रा बढाउन मद्दत गर्न भोजन वा पुरकहरू उपलब्ध गराउनुहोस; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू माझ खाद्य रासनको समेट्याँई तथा स्वीकार्यतालाई व्यवस्थित ढंगमा अनुगमन गर्नुहोस् ।

## पोषण सम्बन्धी मापदण्डहरू ३: सहभागिता र उत्थानशीलता (Participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू पोषण सम्बन्धी कार्यक्रमहरूमा सहभागी हुन्छन र तिनीहरूको क्षमता सुदिढ़ भएको छ ।

### मुख्य क्रियाकलापहरू

**३.१ : पोषण सम्बन्धी असल अभ्यासलाई सहयोग गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमतालाई सुदृढ पार्नुहोस् ।**

**३.२ : पोषण सम्बन्धी निर्णय गर्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१ : पोषण सम्बन्धी असल अभ्यासलाई सहयोग गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता लाई सुदृढ पार्नुहोस् ।**

अपाङ्गता भएका ज्येष्ठ नागरिक , बालबालिका र वयस्क, र उनीहरूको परिवार र/वा सहायता सञ्जालहरूसँग उनीहरूको भोजन अभ्यासको बारेमा थाहा पाउन काम गर्नुहोस् ।

### घरधुरीहरूको क्षमता सुदृढिकरण (Strengthening capacity of households)

आपतकालिन अवस्थामा खानामा पहूँच प्राप्त गर्न र उपलब्ध भोजनको सदुपयोग गर्न परिवारका मानिसहरूको क्षमतालाई सुदृढ पार्नुहोस् । उदाहरणका लागि, चपाउन वा निल्न सजिलो होस् भनेर खानामा कसरी परिमार्जन गर्ने, खाद्यान्न अभावको स्थितिमा कसरी उपयुक्त वैकल्पिक खाना प्राप्त गर्ने र कसरी प्रयोग गर्ने र शक्तिको वितरणमा नभई आवश्यकताको आधारमा परिवार भित्र कसरी उचित तरिकाले खाना बाँड्ने भनेर व्याख्या गर्नुहोस् । उदाहरणका लागि, अपाङ्गता भएका केटीहरूलाई आफ्ना दाजुभाइहरूसँग समान आधारमा भोजनको पहूँच प्रदान गर्नु होस् ।

भोजनको पोषक तत्व र सन्तुलित, पौष्टिक आहारलाई कसरी पालना गर्ने भन्ने सन्दर्भमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत सम्पूर्ण परिवारलाई जानकारी दिनुहोस् ।

### अपाङ्गता भएका र स्तनपान गराइरहेका महिलाहरू (Women with disabilities and breastfeeeding)

अपाङ्गता भएका महिलालाई स्तनपान गराउन प्रोत्साहन गर्नुका साथै र त्यसका लागि सहयोग गर्नुहोस । अपाङ्गता भएका महिलाहरूले आफ्ना छोराछोरीलाई स्तनपान गराउन वा हेरचाह गर्न सक्दैनन् भन्ने धारणालाई चुनौती दिनुहोस् ।

### मामिलामा आधारित सहयोग (Case–based support)

पोषणको लागि नगदमा आधारित अवधारणालाई सहयोग गर्नुहोस्, घरायसी उत्थानशीलतालाई सुदृढ पार्नुहोस । उदाहरणका लागि, खाद्यान्नको परिपूरक खाना, भोजनलाई परिमार्जन गर्न भाँडाकुँडा वा अन्य प्रकारका पोषण सहयोग प्राप्त गर्न ढुवानी खर्चको लागि नगदलाई प्रयोग गर्न सकिन्छ ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.२ : पोषण सम्बन्धी निर्णय गर्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस् ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने पोषणसँग सम्बन्धित जोखिम तथा अवरोधहरूमा र आपतकालिन अवस्थामा पोषण सम्बन्धी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने संगठनहरूको क्षमतालाई सुदृढ पार्नुहोस् ।

पोषण कार्यक्रमको योजना र समन्वयमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूलाई संलग्न गर्नुहोस् । पोषण समूहको बैठकहरू र स्थानीय समितिहरूमा उनीहरूको अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस्, (**मुख्य समावेशी मापदण्ड ४, मुख्य क्रियाकलाप ४.२, निर्णय-निर्माणमा अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गर्ने सम्बन्धमा मार्गदर्शनका लागि टिपोटहरू** हेर्नुहोस)।

## औजार तथा स्रोतहरू (Tools and resources)

Child Protection Working Group, 'Standard 22: Nutrition and child protection' and 'Standard 26: Distribution and child protection' in *Minimum standards for child protection in humanitarian action,* Child Protection Working Group, 2012, http://bit.ly/2zjApLe

Fritsch, Dr. P., *Nutrition interventions for older people in emergencies,* London, HelpAge International, 2013, p.32, http://bit.ly/2kIcs82

Sphere Project, 'Minimum Standards in Food Security and Nutrition, 1 Food security and nutrition assessment' in *Sphere Handbook: Humanitarian Charter and Minimum Standards in Disaster Response, 2011,* Rugby, Practical Action, 2011, http://bit.ly/2FqUIr9

UNICEF and Washington Group on Disability Statistics, *Child Functioning Question Sets,* http://bit.ly/2hDVZOR (15 December 2017)

United Nations Children's Fund (UNICEF), *Including children with disabilities in humanitarian action: Nutrition guidance,* UNICEF, (forthcoming), http://bit.ly/2zkXZaz

World Health Organization, *Guidance note on disability and emergency risk management for health,* Malta, WHO, 2013, http://bit.ly/2yR9WBf

**मामिला अध्ययन**

## दक्षिण सुडानको शरणार्थी शिविरमा ज्येष्ठ नागरिक हरूमा भएको गम्भिर कुपोषणको उपचार (Treatment of severe acute malnutrition in older people in refugee camps in South Sudan)

ब्लू नाइलमा भएको द्वन्दबाट भागिरहेका शरणार्थीहरू नोभेम्बर २०१२ मा दक्षिण सुडानको माबान गाउँ आइपुगे जहाँ मेडेसिन्स सान्स फ्रन्टिएर्स बेल्जियमले दुई वटा शिविरहरूमा पोषण र स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको थियो । धेरै वयस्क तथा केटाकेटीहरू उचित खाना नपाएर लामो समयसम्म झाडिमा यात्रा गरेकाले कुपोषणबाट पीडित थिए ।

उपचारात्मक भोजन कार्यक्रममा वयस्कहरूलाई समावेश गर्ने निर्णय गरियो । भर्ना हुने मापदण्ड मध्ये माथिल्लो पाखुराको परिधि र ओडेमा भएको हुनु पर्नेमा आधारित थियो र नैदानिक अवस्थाले तिनीहरूलाई बहिरंग सेवाका बिरामी वा स्वास्थ्य संस्था भित्रको बिरामीको रूपमा भर्ना गर्ने कि नगर्ने भन्ने निर्णय गऱ्यो ।

धेरै तिब्र रूपमा थुप्रै ज्येष्ठ नागरिकहरूलाई विशेष गरी बिरामीको रूपमा भर्ना गरियो । उपचारको शुरुमा वृद्ध व्यक्तिहरूले उपचारात्मक दूधबारे गुनासो गरे जुन पचाउन गाह्रो थियो र तिनीहरूलाई पखाला लाग्यो । पुनर्स्थापना चरणमा परिवर्तन हुनुका साथै यस्मा केही दिनपछि सुधार भयो, र ठोस खाना (प्रयोग गर्न तयार उपचारात्मक भोजन) शुरु भयो ।

प्रयोग गर्न तयार पारिएको उपचारात्मक भोजनलाई साधारणतया राम्रोसँग स्वीकार गरिएता पनि एक्लो र सामुदायिक सहयोग नभएका केहि ज्येष्ठ नागरिकहरूलाई बहिरंग स्याहारमा सार्न समस्या जस्तो देखियो ।

अरू कतिपयको भने पोषणको अवस्था सुध्रियो तर अझै पनि केहि स्वास्थ्यसंग सम्बन्धित समस्या भने थियो । स्वास्थ्य संस्था भित्रको स्याहारबाट बाहिर आए पछि पनि प्रयोग गर्न तयार पारिएको उपचारात्मक खाना उपलब्ध गराउन पठाइएका घर दैलो कार्यक्रममा आउनेहरूले (home visitors) तिनीहरूलाई अनुगमन गरि रहे र तिनीहरूले गाडाहरूको व्यवस्था गरेर तिनीहरूलाई बहिरंग विभागका बिरामीलाई खाना खुवाउने केन्द्रमा ( ambulatory feeding center) महिनामा एक पटक ल्याउन लगाए ।

यस परियोजनाले ज्येष्ठ नागरिकहरूलाई उपचारात्मक कार्यक्रममा सफलतापूर्वक उपचार गर्न सकिन्छ भन्ने कुरा देखायो र सामाजिक सहयोग र घरदैलो कार्यक्रमको महत्वलाई उजागर पारेको थियो ।

स्रोतः MSF Belgium, 2012Ù cited in Fritsch, Dr= P=, Nutrition interventions for older people in emergencies, London, HelpAge International, 2013, p=32, http:bit.ly.2kIcs82


188

# आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशिताका मापदण्डहरू

# आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशिताका मापदण्डहरू

**१.सूचना सङ्कलन (ऋर्यािभअतष्यल या ष्लायचकबतष्यल)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवास, र वस्ती सम्बन्धी आवश्यकता र क्षमताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।**

**२.अवरोधहरूको सम्बोधन ( ब्ममचभककष्लन दबचचष्भचक)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आपतकालिन आवास, वस्ती र घरपरिवारका लागि सामाग्रीहरूमा मर्यादित पहूँच छ ।**

**३.सहभागिता र उत्थानशीलता (एबचतष्अष्उबतष्यल बलम चभकष्भिलअभ)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू आवासका क्रियाकलापहरूमा सहभागी हुन्छन ।**

आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशी मापदण्डले आवास, वस्ती र घरपरिवारका लागि सामाग्री विद्यमान मापदण्ड र मार्गदर्शनलाई पूरकता दिन्छ । तिनीहरूलाई मुख्य समावेशी मापदण्ड, आवास, वस्ती र गैर खाद्य सामाग्रीमा स्फियर न्यूनतम मापदण्डको संयोजनमा पढ्नु पर्छ ।

## आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशिताका मापदण्ड १ : सूचना सङ्कलन (Collection of information)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवास, र वस्ती सम्बन्धी आवश्यकता र क्षमताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

**१.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकताका बारेमा जानकारी सङ्कलन गर्न आवास र बस्ती लेखाजोखा र अनुगमनका औजारहरूलाई अनुकूलन गर्नुहोस् ।**

**१.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास र बस्ती लेखाजोखा तथा अनुगमन क्रियाकलापमा समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१: ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकताका बारेमा जानकारी सङ्कलन गर्न आवास र बस्ती लेखाजोखा र अनुगमनका औजारहरूलाई अनुकूलन गर्नुहोस् ।**

### तथ्याङ्कलाई छुट्याउने (Data disaggregation)

लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याइएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न आवास र वस्ती लेखाजोखा र अनुगमनका औजारलाई अनुकूलन गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१**) ।

छुट्याइएको तथ्याङ्कले विभिन्न जनसंख्या समूहका कति जना मानिसहरू संकटबाट प्रभावित भएका छन्, तिनीहरूले सामना गर्ने जोखिम र तिनीहरूको क्षमता तथा आवश्यकताहरूबारे देखाउँदछ । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि जोखिमहरूले एक्लोपन र आफ्नो परिवार, समुदायबाट छुट्टिएका वा सहयोग सञ्जाललाई समावेश गर्न सक्छ । अन्य जोखिमहरूमा गोपनीयताको अभाव, र कर्मचारी, घरधनी, आतिथ्यता प्रदान गर्ने परिवार वा समुदायका सदस्यहरूद्वारा गरिने दुर्व्यवहारहरू हुन् । जोखिमहरूमा जबरजस्ती निष्कासन, र आवास, जग्गा र सम्पत्तिको अधिकार हनन गर्ने पनि हुन् सक्छ । महिला र बालिका, छुट्टिएका वा साथ नपाएका बालबालिका, अनि महिला प्रमुख भएको परिवारहरूले विशेष गरी जोखिमको सामना गर्नुपर्ने हुन सक्छ ।

### अवरोधहरूको लेखाजोखा (Assessing barriers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास तथा बस्तीहरूमा पहूँच प्राप्त गर्नमा प्रभाव पार्ने अवरोध तथा सक्षमकर्ताहरूको नक्शाङ्कन गर्नुहोस् । उदाहरणका लागि, आवास, सार्वजनिक भवन तथा सेवाहरू, आवास, जमिन र सम्पत्तिको अधिकार सम्बन्धी राष्ट्रिय नीति, बस्तीहरूको स्थान र पहूँच तथा उद्धार मार्गहरूमा पहूँच प्राप्त गर्न सकिने अवस्थाहरूलाई ध्यान दिनुहोस ।

आवास, बस्ती, सार्वजनिक भवन र सेवाहरूमा पहूँच  प्राप्त गर्न सकिने अवस्थाको लेखाजोखा गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्ड २, मुख्य क्रियाकलापहरू २.१, बाधाहरू सम्बोधन गर्न मार्गदर्शनका लागि टिपोटहरू र कोष्ट ३ ' पहूँच के हो ?'**) ।

### तथ्याङ्क विश्लेषण र प्रयोग (Data analysis and use)

जोखिम, अवरोध र पहूँच प्राप्त गर्नमा सक्षमकर्ताहरू माथि तपाईंले सङ्कलन गर्नुभएको तथ्याङ्कको विश्लेषण गर्नुहोस् । यो जानकारी अन्य क्षेत्रसँग साझा गर्नुहोस् । उदाहरणका लागि, पानी आपूर्ति, सरसफाई र स्वच्छतामा काम गर्ने मानिसहरूसँग बस्तीहरूमा पानी आपूर्ति, सरसफाई र स्वच्छता सेवाहरूको पहूँच र संरक्षणमा काम गर्ने मानिसहरूसँग आवास, बस्ती वा सेवाहरूमा पहिचान गरिएका संरक्षण जोखिमहरूबारे जानकारी साझा गर्नुहोस् ।

### अवरोध, आवश्यकता र जोखिमहरूको अनुगमन (Monitoring barriers, needs and risks)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभाव पार्ने आवास, बस्ती र घरायसी सरसामानहरूमा पहूँच प्राप्त गर्न नियमित रूपमा अवरोध तथा सक्षमकर्ताहरूको अनुगमन गर्नुहोस् । बृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने जोखिमहरू र तिनीहरूको आवाससंग सम्बन्धित आवश्यकताहरूको अनुगमन गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास र बस्ती लेखाजोखा तथा अनुगमन क्रियाकलापमा समावेश गर्नुहोस् ।**

### लेखाजोखाहरूमा सहभागिता (Participation in assessments)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास आवश्यकता लेखाजोखामा समावेश गर्नुहोस् । आश्रय र बस्ती सहयोग, उपयुक्त रूपको आश्रय पहिचान गर्न सक्षम पार्न, सम्भावित सुरक्षा जोखिम र त्यसलाई कम गर्ने तरिकाहरूका लागि तिनीहरूको प्राथमिकता के हो, सोध्नुहोस् ।

तिनीहरूको आवास  प्राथमिकताहरू र तिनीहरूले आवासमा पहूँच प्राप्त गर्नमा सामना गर्न सक्ने अवरोधहरू पहिचान गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लेखाजोखा टोली र नियमित अनुगमनका क्रियाकलापहरूमा समावेश गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवाससंग सम्बन्धित र तिनीहरूको लागि सबैभन्दा उपयुक्त घरायसी सरसामानहरू के हुन् भनेर सोध्नुहोस् ।

### पहूँच प्राप्त गर्न सकिने अवस्थाको परीक्षण (Accessibility audits)

घरायसी सामानहरूको वितरणमा पहूँच प्राप्त गर्दा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूहरूले सामना गर्ने सकारात्मक पक्ष र अवरोधहरू पहिचान गर्नुहोस् (**मुख्य समावेशिताका मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१** हेर्नुहोस) ।

ज्येष्ठ पुरुष र महिला, विभिन्न प्रकारका अपाङ्गता भएका मानिसहरू र तिनीहरूका प्रतिनिधि संगठनहरूलाई पहूँच प्राप्त गर्न सकिने अवस्था परीक्षणहरूमा समावेश गर्नुहोस् ।

## आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशिताका मापदण्डहरू २: अवरोधहरूको सम्बोधन (Addressing barriers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आपतकालीन आवास, वस्ती र घरपरिवारका लागि सामाग्रीहरूमा मर्यादित पहूँच छ ।

### मुख्य क्रियाकलापहरू

**२.१ : आवास तथा बस्तीलाई पहूँच योग्य हुने खालको डिजाइन, निर्माण र अनुकूलन गर्नुहोस ।**

**२.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न उपयुक्त, सुरक्षित र पहूँच योग्य घर तथा आवास सम्बन्धी वस्तुहरू उपलब्ध गराउनुहोस् ।**

**२.३ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र समतामूलक पहूँच प्रदान गर्न वितरण विधिहरूको समीक्षा र अनुकूलन गर्नुहोस् ।**

**२.४ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास, बस्ती र घरायसी वस्तुहरूको क्रियाकलापमा समावेश गर्न सहयोग गर्न कर्मचारी, साझेदार र समुदायको क्षमता निर्माण गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१ : आवास तथा बस्तीलाई पहूँच योग्य हुने खालको डिजाइन, निर्माण र अनुकूलन गर्नुहोस ।**

### डिजाइन र निर्माण (Design and construction)

नयाँ आवास (अस्थायी आवास सहित) र बस्तीहरू डिजाइन गर्दा पहूँच प्राप्त गर्न सकिने अवस्था सम्बन्धी राष्ट्रिय मापदण्डहरू पालन गर्नुहोस् । यदि पहूँच प्राप्त गर्न सकिने अवस्था सम्बन्धी कुनै राष्ट्रिय मापदण्डहरू छैनन, वा यदि तिनीहरूमा अन्तर छ भने, पहूँच प्राप्त गर्न सकिने अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू र विश्वव्यापी डिजाइनको सिद्धान्तलाई उल्लेख गर्नुहोस् (शब्द-सूची हेर्नुहोस)। पहूँच प्राप्त गर्न सकिने अवस्थामा थप मार्गदर्शनका लागि, मुख्य समावेशिताका मापदण्ड २, हेर्नुहोस्, पर्यावरणीय अवरोधहरूमा मार्गदर्शनका लागि टिपोटहरू र कोष्ट ३ पहूँच प्राप्त गर्न सकिने अवस्था के हो?' हेर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको मर्यादाको रक्षा गर्नुहोस । उदाहरणका लागि:

आवास, पर्याप्त ठाउँहरू सहित बार लगाई छुट्ट्याईएको ठाउँ वा छुट्टै सुत्ने ठाउँहरू, पहूँच योग्य शौचालयहरू र नुहाउने ठाउँहरू उपलब्ध गराउनुहोस; र

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई दिशा ज्ञान गर्न सजिलोको लागि बस्तीहरू, स्थलको खाका र संकेतको डिजाइन गर्नुहोस । एक-अर्काबाट उचित दूरीमा सेवा तथा आवासहरू पत्ता लगाउनुहोस् । उदाहरणका लागि, रोजगारी र जीविकोपार्जनको अवसर प्रदान गर्न, उद्धार केन्द्रको रूपमा प्रयोग गरिने सुविधा, सांस्कृतिक, धार्मिक तथा सामाजिक क्रियाकलापहरूका लागि सुविधाहरू र स्थानीय बजारका लागि सुविधाहरूको पहूँचमा आवासहरू पत्ता लगाउनुहोस् । पहूँच योग्य, खाली र राम्रो बत्ति भएको बाटोहरूको योजना बनाउनुहोस् ।

यदि तपाईंले स्थानीय कम्पनीहरूलाई आवास वा बस्तीहरूको निर्माणको निम्ति उप-सम्झौता गर्नुभयो भने, तिनीहरूले पहूँच प्राप्त गर्न सकिने अवस्था सम्बन्धी मापदण्डहरू पालन गरेको सुनिश्चित गर्न योजना, स्थलहरू र प्रगतिको नियमित रूपमा अनुगमन गर्नुहोस् ।

स्मरण रहोस: शुरुदेखि नै भवनलाई पहूँच योग्य बनाउन अनुमानित लागत सामान्यतया कुल निर्माण लागतको एक प्रतिशतभन्दा कम हुन्छ, तर भवन निर्माण सम्पन्न भएपछि त्यसलाई अनुकूल बनाउन लागत धेरै हुन आउँछ[२०] ।

### विद्यमान आवासहरूको अनुकुलन (Adapting existing shelters)

यदि तपाईंले विद्यमान आवासहरूलाई अनुकूल गर्नु परेको छ भने, न्यूनतम १५ प्रतिशत (अपाङ्गता भएको मानिसहरू माथि विश्व स्वास्थ्य संगठनको विश्वव्यापी अनुमानमा आधारित) अनुकूलन गर्नुहोस[२१] ।

### पहूँच योग्य सूचना (Accessible information)

सबैलाई पहूँच योग्य बनाउन आवास सम्बन्धित क्रियाकलाप र सेवाहरूको बारेमा जानकारी प्रदान गर्न विभिन्न तरिकाहरू र संचार माध्यमहरू प्रयोग गर्नुहोस् (**मुख्य समावेशिताका मापदण्ड २, मुख्य क्रियाकलापहरू २.१ हेर्नुहोस्, सूचना अवरोधहरूमा मार्गदर्शनका लागि टिपोटहरू**) । यसमा खाका योजना र नक्सा, भाडा सहयोग र योग्यता मापदण्ड, वितरण, आवासका लागि अनुदान, आवासको अवसर, आपतकालीन उद्धारका लागि अभ्यास, अस्थायी बस्तीहरूमा स्वास्थ्य सेवा तथा अन्य मानवीय सेवाहरू जस्ता सेवाहरूको बारेमा जानकारी समावेश हुन सक्छ ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास र बस्ती लेखाजोखा तथा अनुगमन क्रियाकलापमा समावेश गर्नुहोस् ।**

### घरायसी र आवासका वस्तुहरूको छनौट ( Selecting household and shelter items)

घरायसी र आवासका वस्तुहरूलाई प्रयोग गर्न सजिलो हुने गरी छान्नुहोस् । तपाईंले वितरण गर्नु भएको वस्तुहरू कुनै पनि अनुकूलनको आवश्यकता नपर्ने गरी, विश्वव्यापी डिजाइनको सिद्धान्तको अनुसरण गर्दै सबैको लागि पहूँच योग्य हुनुपर्छ, । उदाहरणका लागि, खोल्न पनि सजिलो हुने र सजिलै बोक्न मिल्ने साना र हलुका सामानहरू छान्नुहोस् ।

### अतिरिक्त वस्तुहरू (Additional items)

आवश्यक परेमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासको व्यवस्था गर्न थप सरसामानहरू छान्नुहोस् । यसमा बोकेर लान सकिने समथर प्रवेशद्वार र हाते बार, व्यक्तिगत सरसफाइको लागि आवास प्रयोग गर्ने मानिसहरूको गोपनीयताको सुरक्षा गर्न थप पर्याप्त ठाउँहरू सहित बार लगाई छुट्टयाईएको ठाउ (Partition), आवागमन गर्न कम भएका मानिसहरूलाई न्यानो राख्न थप कम्बल र लुगा र दृष्टि बाधा भएका मानिसहरूको लागि प्रकाशको व्यवस्था समावेश हुन सक्छ ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.३ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित र समतामूलक पहूँच प्रदान गर्न वितरण विधिहरूको समीक्षा र अनुकूलन गर्नुहोस् ।**

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई घरायासी तथा आवासका सामग्रीहरू वितरण गर्न सबैभन्दा उपयुक्त स्थान र आवृत्ति रोज्न परामर्श गर्नुहोस् ।

छनौट गरिएको विधि मार्फत सुरक्षित र समता योग्य वितरण गर्न अवरोधहरू र सक्षमकर्ताहरूको विश्लेषण गर्नुहोस् । उदाहरणका लागि, वितरण स्थलहरू आवासबाट धेरै टाढा छ भने, पहूँच योग्य ढाँचामा जानकारी

उपलब्ध गराइएको छैन वा वस्तुहरू बोक्न नसक्ने गरि अति गह्रौं छन् भने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई वितरण गर्नबाट रोक्न सकिन्छ ।

### अनुकुलनहरू (Adaptations)

आवश्यक परेमा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँच योग्य बनाउन वितरण विधिहरू अनुकूलन गर्नुहोस् (**यसलाई उचित आवास भनिन्छ, शब्द-सूची** हेर्नुहोस) । उदाहरणका लागि, लाममा लागेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनुहोस् वा यदि तिनीहरूले रुचाउँछन् भने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि समर्पित लामहरूको व्यवस्था गर्नुहोस् । ढुवानीमा सहयोग गर्न हाते गाडा (wheel barrow) लगायतका सामाग्री उपलब्ध गराउनुहोस । वितरण स्थलमा बस्ने ठाउ, खाना, छहारी, स्वच्छ पिउने पानी र शौचालयको व्यवस्था गर्नुहोस । हानि हुन नदिन केहि निश्चित समूहलाई प्राथमिकता दिनुको कारणबारे समुदायमा सचेतना जगाउनु होस् ।

ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सरसामानहरू उनीहरू आफैले सङ्कलन गर्न दिन हर सम्भव कदम चाल्नुहोस् । वितरण स्थलमा आउन नसक्ने वा नरुचाउनेहरूलाई तिनीहरूले ती सामानहरू कसरी प्राप्त गर्न र आवश्यक व्यवस्था मिलाउन चाहन्छन् भनी सोध्नुहोस् । उदाहरणका लागि, तिनीहरूलाई समान सङ्कलन गर्न विश्वास गरिएको "सट्टामा सङ्कलन गर्ने व्यक्ति"को व्यवस्था गर्नुहोस् वा घरदैलो सेवा वा भरपर्दा सामुदायिक सदस्यहरू मार्फत वितरण गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.४ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवास, बस्ती र घरायसी वस्तुहरूको क्रियाकलापमा समावेश गर्न सहयोग गर्न कर्मचारी, साझेदार र समुदायको क्षमता निर्माण गर्नुहोस ।**

### सचेतीकरण (Sensitization)

आश्रय र बस्ती क्रियाकलापहरूमा समावेश गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार र तिनीहरूले योगदान गर्न सक्ने क्षमता बारे कर्मचारी, साझेदार र समुदायलाई सचेत गर्नुहोस् । निर्माण, मर्मत सम्भार वा पुनर्निर्माण जस्ता क्रियाकलापमा उनीहरूको सहभागितालाई प्रायः बेवास्ता गरिन्छ किनभने तिनीहरूको क्षमताको कमी छ भन्ने अनुमान गरिन्छ । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू आफैले पनि यस्तै धारणा बनाउन सक्छन् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवास तथा बस्ती सम्बन्धी क्रियाकलापमा सहभागी हुन सक्ने क्षमताका विषयमा कर्मचारी, साझेदार तथा सेवा प्रदायकहरूसँग सचेतना मूलक कार्यक्रम सञ्चालन गर्नुहोस । उदाहरणका लागि, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निर्माण तथा मर्मत टोलीको सदस्य, पहूँच

प्राप्त गर्न सकिने अवस्थाको तालिमका लागि सहजीकरण गर्नेहरू वा कामका लागि नगद क्रियाकलापहरूमा प्रशासकहरूको रूपमा नियुक्त गर्न सकिन्छ भन्ने कुरा बुझ्न उनीहरूलाई मद्दत गर्नुहोस् ।

### प्रशिक्षण (Training)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी समावेश गर्ने भन्ने सन्दर्भमा आवास, बस्ती र घरायसी वस्तुहरू कार्यक्रममा संलग्न कर्मचारी तथा साझेदारहरूलाई व्यावसायिक प्रशिक्षण प्रदान गर्नुहोस । यसमा यी कुराहरू समावेश हुन सक्छन् :

- आवास र बस्तीहरूका लागि पहूँच प्राप्त गर्न सकिने अवस्थाका आवश्यकताहरू कसरी पूरा गर्ने;
- विश्वव्यापी रूपमा डिजाइन गरिएका घरायासी वस्तुहरू कसरी उपलब्ध गराउने र प्रयोग गर्न सजिलो बनाउन वस्तुहरू कसरी अनुकूलन गर्ने; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले आवाससंग सम्बन्धित क्रियाकलापहरूमा पहूँच प्राप्त गर्दा र सहभागी हुँदा सामना गर्न सक्ने सुरक्षा जोखिमहरूलाई कसरी पहिचान गरी त्यसलाई कम गर्ने ।

## आवास, वस्ती र घरपरिवारका लागि सामाग्री सम्बन्धी समावेशिताका मापदण्डहरू (Shelter, settlements and household items inclusion standard)

## ३: सहभागिता र उत्थानशीलता (Participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू आवासका क्रियाकलापहरूमा सहभागी हुन्छन ।

### मुख्य क्रियाकलापहरू

**३.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवाससंग सम्बन्धित क्षमतालाई सुदृढ पार्नुहोस् ।**

**३.२ : आवास सम्बन्धी क्रियाकलाप तथा निर्णय गर्ने कार्यमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा सहयोग गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवाससंग सम्बन्धित क्षमतालाई सुदृढ पार्नुहोस् ।**

### क्षमताहरू (capacities)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका मानिसहरूको आफ्नो आवासलाई गर्ने स्याहार-सम्भार र यो उनीहरूले कसरी गर्छन्, बुझ्नुहोस् । उदाहरणका लागि, तिनीहरूले आफ्नो आवास निर्माण, पुनर्निर्माण वा मर्मत अनि घरका सामानहरू कसरी मर्मत गर्छन्, पत्ता लगाउनुहोस् ।

### कामको लागि नगद (Cash for work)

निर्माण, पुनर्निर्माण वा भवनहरूको अनुकूलन सम्बन्धी कामका लागि नगद कार्यक्रममा भाग लिन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अवसरहरू प्रदान गर्नुहोस । पुरुष र महिलालाई समान रूपले यो अवसर दिनुहोस् ।

कामका लागि नगद क्रियाकलापमा समान मूल्यका कामको लागि समान पारिश्रमिक प्रदान गर्नुहोस् । आवश्यक परेमा यातायात भत्ता, हेरालु व्यक्ति वा व्यक्तिगत सहयोगीको भत्ता लगायत उचित आवास को व्यवस्था गर्नुहोस ।

### प्रशिक्षण (Trainig)

भवनहरूको निर्माण, मर्मत र अनुकूलन जस्ता क्षेत्रहरूमा आफ्नो सीप विकास गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समान प्रशिक्षणको अवसर प्रदान गर्नुहोस । तालिमको सुविधा र तालिमको अवसर सम्बन्धी जानकारी पहूँच योग्य छ भनेर सुनिश्चित गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.२ : आवास सम्बन्धी क्रियाकलाप तथा निर्णय गर्ने कार्यमा** ज्येष्ठ नागरिक **तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा सहयोग गर्नुहोस ।**

### क्रियाकलापहरूमा सहभागिता (Participation in activities)

वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई, र उनीहरूका प्रतिनिधि संगठनहरूलाई आवास-सम्बन्धित क्रियाकलापहरू, उदाहरणका लागि घरायसी वस्तुहरूको वितरणमा, सहभागी हुन सहयोग गर्नुहोस् ।

### निर्णय र समन्वयमा सहभागिता (participation in coordinatiion and decision making)

आवाससँग सम्बन्धित समन्वय र निर्णय गर्ने संयन्त्र, जस्तै आवास समूह, सामुदायिक आवास समितिहरू र अन्य निर्णय गर्ने संयन्त्रहरू (हेर्नुहोस् **मुख्य समावेशिता मापदण्ड ४ मुख्य क्रियाकलापहरू २, निर्णयमा अर्थपूर्ण**

**सहभागिता लाई प्रवर्द्धन गर्ने सन्दर्भमा मार्गदर्शनका लागि टिपोटहरू**)मा, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र वृद्धहरूको संघ (OPAs) का प्रतिनिधिहरूको अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस् ।

## औजार तथा स्रोतहरू (Tools and resources)


CBM, *Humanitarian Hands-on Tool (HHoT),* Shelter task card, CBM, http://bit.ly/2BGzwhK (18 December 2017)

Child Protection Working Group, 'Standard 24: Shelter and child protection,' 'Standard 25: Camp management and child protection' and 'Standard 26: Distribution and child protection' in *Minimum standards for child protection in humanitarian action,* Child Protection Working Group, 2012, http://bit.ly/2zjApLe

Dard, B., *Inclusive post-disaster reconstruction: Building back safe and accessible for all: 16 minimum requirements for building accessible shelters,* Bensheim, CBM Emergency Response Unit (ERU), 2015, http://bit.ly/2kfuAqe

Department for International Development (DFID) DFID Policy on Standards for Accessibility for Disabled People in DFID Financed Education Construction, http://bit.ly/2oEqZ9N DFID, 2014 (18 December 2017)

Global Protection Cluster, Protection Mainstreaming App (ProM), http://bit.ly/2ozLkgs (Google Play), http://apple.co/2oBCyPf (iTunes)

International Federation of Red Cross and Red Crescent Societies, *All Under One Roof, Disability-inclusive shelter and settlements in emergencies,* Geneva, IFRC, 2015, http://bit.ly/2Bt4FCZ

**मामिला अध्ययन**

## घर दैलोमा प्रतिकार्यको प्रवाह (Delivering a door to door response)

सन् २०१५ मा पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तमा बाढी आयो । यसले पाकिस्तानको हालै मात्र आएको ७.५ रेक्टर स्केलको भूकम्पबाट प्रभावित एउटा क्षेत्रमा निकै क्षति पुऱ्यायो । चित्राल जिल्ला सबैभन्दा प्रभावित क्षेत्रहरू मध्ये एक थियो । लगभग २०,००० घरहरू पूर्ण वा आंशिक रूपमा ध्वस्त भएको रेकर्ड गरिएको थियो, जसले गर्दा हजारौं परिवारहरू आवास विहिन भए । यस क्षेत्रमा गरिएको द्रुत आवश्यकता लेखाजोखाले अपाङ्गता भएका व्यक्ति घरमूली भएको १० प्रतिशत र ज्येष्ठ नागरिक घरमूली भएको ३८ प्रतिशत घरधुरीहरूको पहिचान गऱ्यो ।

इस्लामिक रिलिफले चित्राल जिल्लामा प्रतिकार्य शुरु गऱ्यो । मञ्च (consortium)मा काम गर्ने र स्थानीय सामाजिक सञ्जाल र माध्यमहरू पहिले नै खडा भइसकेका छन् भन्ने थाहा पाएर तिनीहरूले तथ्याङ्क सङ्कलनमा सहयोग गर्न सम्पर्क व्यक्तिहरूलाई पहिचान गर्न सके । स्थानीय रूपमा निर्वाचित प्रतिनिधिहरूसँग अझ विस्तृत लेखाजोखा गर्न घर-घरमा गएर स्थलगत टोलीका प्रतिनिधिहरूले कुनै पनि थप आवश्यकता बुझेका छन् भन्ने सुनिश्चित गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने सुनिश्चित गर्न सक्यो । टोलीहरूले प्रतिकार्यको पारदर्शितालाई सहयोग गर्दै सहायता प्राप्त गर्नका लागि आवश्यक मापदण्ड र सबैभन्दा जोखिममा परेकाहरूको अधिकार बारे समुदायलाई बुझाउनलाई मद्दत गर्न समुदायसँग सचेतीकरण बैठकहरू पनि सञ्चालन गरे । उनीहरूले जिल्ला समाज कल्याण अधिकारी र संघ परिषद अध्यक्षसँग पनि सम्पर्क गरी त्यस क्षेत्रमा रहेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको विद्यमान तथ्याङ्क उपलब्ध गराएका थिए; अघिल्लो सहायताको आधारमा सरकारी विभागहरूको तथ्याङ्कले प्रतिकार्य टोलीहरूको निष्कर्षलाई छड्के जांच (cross–check) गर्नमा मदत गऱ्यो ।

आवास सामाग्री र नगद अनुदान प्राप्त गर्न इस्लामिक रिलीफद्वारा पहिचान गरिएका व्यक्तिहरूमध्ये एक जना दीर्घकालीन रोगबाट पीडित एउटा अपाङ्गता भएको छोरी साथमा भएका मानिस थिए । भूकम्पका कारण उनको परिवार दरिद्र बन्दै गएको थियो तर, लेखाजोखा टोली उनको ढोकामा नआउँदासम्म सहायता रकम लिन यसअघि उनी दर्ता भएका थिएनन् ।

थुप्रै मानिसहरूको लागि पहूँच चुनौतीपूर्ण भएको ठाउँमा धरदैलोको लेखाजोखाका साथै यातायातको लागि बजेटले मानिसहरूलाई वितरण गर्ने ठाउँमा पुग्न रोक्ने सीमितताहरू हटाउन मदत गऱ्यो । मञ्चमा संयुक्त रूपमा काम गरेर यसले समुदाय र स्थानीय तहमा दोहोरोपनाबाट बच्न पनि सहयोग गरेको थियो ।

स्रोतःइस्लामिक रिलिफ


208

# स्वास्थ्य सम्बन्धी समावेशिताका मापदण्डहरू

## स्वास्थ्य सम्बन्धी समावेशिताका मापदण्डहरू

**१.सूचना  सङ्कलन (Collection of information)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सम्बन्धी आवश्यकता र क्षमताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।**

**२.अवरोधहरूको सम्बोधन ( Addressing barriers)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सुविधा, सेवा र आपूर्तिहरूमा मर्यादित पहूँच छ ।**

**३.सहभागिता र उत्थानशीलता (Participation and resilience)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू स्वास्थ्यका क्रियाकलापहरूमा सहभागी हुन्छन र तिनीहरूका क्षमताहरू सुदृढ भएका छन् ।**

स्वास्थ्य सम्बन्धी समावेशी मापदण्डले स्वास्थ्य सम्बन्धी विद्यमान मापदण्ड र मार्गदर्शनलाई पूरकता दिन्छ । तिनीहरूलाई मुख्य समावेशी मापदण्ड, र स्वास्थ्य क्रियाकलापमा स्फियर न्यूनतम मापदण्डको संयोजनमा पढ्नु पर्छ ।

## स्वास्थ्य सम्बन्धी समावेशिताका मापदण्डहरू १: सूचना सङ्कलन (Collection of information)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सम्बन्धी आवश्यकता र क्षमताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

१.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य आवश्यकता र क्षमताको बारेमा जानकारी सङ्कलन गर्न लेखाजोखा र अनुगमनका औजारहरूलाई अनुकूलन गर्नुहोस् ।

१.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य लेखाजोखा तथा अनुगमन क्रियाकलापहरूमा समावेश गर्नुहोस् ।

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य आवश्यकता र क्षमताको बारेमा जानकारी सङ्कलन गर्न लेखाजोखा र अनुगमनका औजारहरूलाई अनुकूलन गर्नुहोस् ।**

### छुट्याइएका तथ्याङ्क (Data disaggregation)

रुग्णता र मृत्युदर मापन गर्ने साधन, स्वास्थ्य आवश्यकता र स्वास्थ्य जोखिम, लिंग, उमेर र अपाङ्गताद्वारा छुट्टयाइएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न (**मुख्य समावेशिताका मापदण्ड १, मुख्य क्रियाकलापहरू १.१** हेर्नुहोस) स्वास्थ्य लेखाजोखा र अनुगमनका औजारहरू अनुकूलन गर्नुहोस ।

राष्ट्रिय, प्रादेशिक स्तरमा स्वास्थ्य सूचना प्रणाली छ वा स्थानीय तहले लिंग, उमेर र अपाङ्गता यसद्वारा छुट्टयाइएको तथ्याङ्क सङ्कलन र प्रतिवेदन गर्दछ कि गर्दैन पत्ता लगाउनुहोस् । यदि छैन भने, यसको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयका लागि सम्भावनाहरू खोज्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र तिनीहरूको स्वास्थ्यको आवश्यकता पहिचान गर्न सामुदायिक स्वास्थ्यकर्मीहरूले सञ्चालन गरेको सामुदायिक स्तरको दर्तालाई अनुकूलन गर्नुहोस् ।

### तथ्याङ्क स्रोतहरू (Data sources)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूद्वारा स्वास्थ्य प्रणालीको प्रयोग गर्न अवरोधहरू र सक्षमकर्ताहरूको पहिचान गर्न तथ्याङ्कका विभिन्न स्रोतहरूको प्रयोग गर्नुहोस् । उदाहरणका लागिः

- स्वास्थ्य मन्त्रालयको राष्ट्रिय, प्रादेशिक र स्थानीय तह;
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू;
- अपाङ्गता भएका महिलाहरूको संगठन समेत अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs);
- सामुदायिक स्वास्थ्यकर्मी लगायतका स्वास्थ्य सेवा प्रदायक; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र दिने राष्ट्रिय निकाय ।

### नक्शाङ्कन (Mapping)

स्वास्थ्य सुविधाहरूको अवस्थितिको नक्साङ्कन गर्नुहोस्, र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँच प्राप्त गर्नमा प्रभावित गर्ने अवरोधहरूको पहिचान गर्न तिनीहरूलाई भेट्नुहोस् (**मुख्य समावेशिताका मापदण्ड १,**

**मुख्य क्रियाकलापहरू १ हेर्नुहोस, अवरोधहरू र सक्षम पर्नेहरू बारे जानकारी सङ्कलनमा मार्गदर्शनका लागि टिपोटहरू**) ।

### फेला पार्न गाह्रो हुने मानिसहरू (People who are hard to reach)

घर वा आवासमा बस्नेहरू र स्वास्थ्य चौकीमा पुग्न गारो हुनेहरू जस्ता फेला पार्न गाह्रो हुने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्न समुदायसँग परामर्शको आयोजना गर्नुहोस् ।

### संस्थागत स्याहार (Institutional care)

त्यहाँ बसिरहेकाहरूको स्वास्थ्य आवश्यकताहरू कसरी पूरा भइरहेको छ भनी लेखाजोखा गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू बसोबास गरिरहेका मानसिक अस्पताल तथा स्याहार केन्द्र जस्ता संस्थाहरूमा जानुहोस् । यदि यी संस्थाहरूमा अपर्याप्त रूपमा कर्मचारी छन् भने (उदाहरणका लागि, यदि कर्मचारीहरूले आपतकालीन अवस्थामा संस्थाहरूलाई त्यागेका छन् भने) अन्य सुविधाहरूबाट पेसेवरहरू र स्थानीय समुदायका सदस्यहरूले त्यहाँ बस्नेहरूलाई स्वास्थ्य सेवा तथा अन्य सेवाहरू प्रदान गर्ने व्यवस्था गर्नुहोस् ।

### अनुगमनमा पहूँच (Monitoring access)

स्वास्थ्य सेवा प्रयोग गर्ने ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूको संख्यालाई अनुगमन गर्नुहोस । वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूले सेवाहरूमा पहूँच प्राप्त गरिरहेका छन् कि छैनन् भने सुनिश्चित गर्न जनसंख्याको तथ्याङ्कसंग यी तथ्याङ्कहरूलाई तुलना गर्नुहोस् ।

## मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य लेखाजोखा तथा अनुगमन क्रियाकलापहरूमा समावेश गर्नुहोस् ।

संकटमा परेका समुदायको स्वास्थ्यसँग सम्बन्धित आवश्यकता, क्षमता र जोखिम को पहिचान गर्न ज्येष्ठ नागरिक हरू (महिला तथा पुरुष) र अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटी तथा केटाहरू) र उनीहरूका प्रतिनिधि संगठनहरूलाई परामर्श र लेखाजोखामा समावेश गर्नुहोस् । तिनीहरू क्रियाकलापहरूमा पनि संलग्न छन् कि छैनन् सुनिश्चित गर्नुहोस् ।

तिनीहरू भर पर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरू लगायत ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक उपचार, अनुगमन सेवा, औषधी र चिकित्सा उपकरणहरू के-के हुन् भनी बताउन आग्रह गर्नुहोस् ।

### अवरोध र सक्षमकर्ताहरू (Barriers and enablers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कुन कारकले स्वास्थ्य सेवाहरू (अवरोधहरू) पहूँच गर्नबाट रोक्छ, र कुन कारकले तिनीहरूलाई सेवाहरू पहूँच गर्न सक्षम (enablers) पार्छ भनेर सोध्नुहोस (हेर्नुहोस् **मुख्य**

**समावेशिताका मापदण्ड १**) । उदाहरणका लागि, स्वास्थ्य सुविधाहरू पाउनै नसकिने हुन सक्छ, कर्मचारीहरू संवेदी वा बौद्धिक अपाङ्गता भएका वा मानसिक सन्तुलन ठिक नभएका मानिसहरूसंग कुराकानी गर्न असमर्थ हुन सक्छन्, दीर्घकालीन रोगहरूको लागि अत्यावश्यक औषधीहरूको अभाव हुन सक्छ वा पहूँच योग्य यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू उपलब्ध नहुन सक्ला ।

### क्षमताहरू (Capacities)

तपाइले स्वास्थ्यको सम्बन्धमा स्थानीय समुदायको क्षमताबारे जानकारी सङ्कलन गर्नु हुँदा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नु भएको छ कि छैन भनेर सुनिश्चित गर्नुहोस् । केहि समुदायमा वृद्धहरूले महत्वपूर्ण भूमिका खेल्छन् । उदाहरणका लागि, ज्येष्ठ महिलाहरूलाई प्राय सुँडेनी (Birth attendent)को रूपमा काममा लगाइन्छ । तसर्थ, स्वास्थ्य प्रणाली, स्वास्थ्य सेवाको पहूँच र सामुदायिक स्तरका सेवाहरूको परामर्शमा वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको रायलाई प्रमुख सूचनाकर्ताको रूपमा समावेश गर्नु अत्यावश्यक हुन्छ ।

### लेखाजोखा र अनुगमनमा संलग्नता (Involvement in assessment and monitoring)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लेखाजोखा टोली र नियमित अनुगमन क्रियाकलापहरूमा समावेश गर्नुहोस् । यसले तपाईंलाई तिनीहरूको स्वास्थ्य आवश्यकता र क्षमता अनि तिनीहरूले सेवाहरू प्राप्त गर्न सक्ने शारीरिक, वातावरणीय तथा मनोवृतिय अवरोधहरू पहिचान गर्नमा मदत गर्नेछ ।

## स्वास्थ्य सम्बधी समावेशिताका मापदण्डहरू २: अवरोधहरूको सम्बोधन (Addressing barriers)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सुविधा, सेवा र आपूर्तिहरूमा मर्यादित पहूँच छ ।

### मुख्य क्रियाकलापहरू

**२.१ : पहूँच योग्य गर्न सकिने खालको स्वास्थ्य सुविधाहरूको डिजाइन, निर्माण वा अनुकूलन गर्नुहोस ।**

**२.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि पहूँच योग्य बनाउन स्वास्थ्य सेवालाई अनुकुलन गर्नुहोस् ।**

**२.३ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसँग सम्बन्धित आवश्यकता र क्षमताबारे सचेतना जगाउन र स्वास्थ्य कर्मचारी तथा समुदायलाई तालिम दिनुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन२.१ : पहूँच योग्य गर्न सकिने खालको स्वास्थ्य सुविधाहरूको डिजाइन, निर्माण वा अनुकूलन गर्नुहोस ।**

### स्वास्थ्य सुविधाहरूको पहूँच प्राप्त गर्न सकिने अवस्था (Accessibility of health facilities)

नयाँ स्वास्थ्य सुविधाहरूको डिजाइन गर्दा पहूँच प्राप्त गर्न सकिने अवस्था सम्बन्धी राष्ट्रिय मापदण्डहरू पालन गर्नुहोस् । यदि कुनै राष्ट्रिय मापदण्ड छैन भने, वा यदि यसमा अन्तर छ भने, अन्तर्राष्ट्रिय मापदण्डहरू र विश्वव्यापी डिजाइनको सिद्धान्तलाई उल्लेख गर्नुहोस् (शब्द सूची हेर्नुहोस) । पहूँच प्राप्त गर्न सकिने अवस्थामा थप मार्गदर्शनको लागि, **हेर्नुहोस् मुख्य समावेशिता मापदण्ड २, मार्गदर्शनका लागि टिपोटहरू, वातावरणीय अवरोध र कोष्ठ ३ पहूँच प्राप्त गर्न सकिने अवस्था के हो ?**

उदाहरणका लागि, यौन र लैङ्गिक-आधारित हिंसाबाट बाचेकाहरूका लागि सेवाहरू, आपतकालीन प्रसूति स्याहार, गर्भपतन पश्चात स्याहार र अपाङ्ग महिलाहरूका लागि नवजात शिशु स्याहार, संक्रामक रोगहरूको उपचार, छुट्टै बस्नका लागि स्थानहरू र सान्त्वना दिने सेवाहरू (palliative care services) लगायत स्वास्थ्य सुविधाहरूका सबै क्षेत्रहरू पहूँच योग्य छन् भनेर सुनिश्चित गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग स्वास्थ्य सुविधाहरूको पहूँच प्राप्त गर्न सकिने अवस्थाको लेखाजोखा गर्नुहोस् (**मुख्य समावेशिता मापदण्ड २, अवरोधहरूलाई सम्बोधन गर्ने सन्दर्भमा मार्गदर्शनका लागि टिपोटहरू र कोष्ठ ३ "पहूँच प्राप्त गर्न सकिने अवस्था के हो?"**) ।

### पहूँच योग्य जानकारी (Accessible information)

स्वास्थ्य सेवाका बारेमा जानकारी प्रदान गर्न र सबैलाई पहूँच योग्य बनाउन विभिन्न तरिका र संचार माध्यमहरूको प्रयोग गर्नुहोस् । उदाहरणका लागि, रोकथाम, स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य सेवा, स्वास्थ्य किटहरूको प्रयोग र चिकित्सा आपूर्ति र प्रयोग र अपाङ्गता भएका व्यक्तिलाई सहयोग गर्ने उपकरणको मर्मत-सम्भार सम्बन्धी जानकारीलाई ब्रेल, ध्वनिमा, सांकेतिक भाषा र सजिलै संग पढ्न सक्ने गरि छापेर उपलब्ध गराउनुहोस् (**मुख्य समावेशिता मापदण्ड ४, मुख्य क्रियाकलापहरू १** हेर्नुहोस) ।

स्वास्थ्य शिक्षाका सन्देश ज्येष्ठ नागरिक , बालबालिका तथा अपाङ्गता भएका वयस्कहरू लगायत बालबालिका तथा परिवारहरूसम्म अनिवार्य रूपमा पुग्नुपर्छ ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि पहिचान योग्य बनाउन स्वास्थ्य सेवामा अनुकूलन गर्नुहोस् ।**

### उचित आवास (Reasonable accomodation)

आवश्यक परेमा सबै सेवाहरूलाई ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँच योग्य बनाउन आवाशलाई अपाङ्गमैत्री तथा ज्येष्ठ नागरिक अनुकूलन गर्नुहोस्। उदाहरणका लागि वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्याइएको भ्रमणको समयलाई व्यवस्थापन गर्नुहोस् र बहिरा वा सुन्न गाह्रो हुने व्यक्तिहरूका लागि सांकेतिक भाषा अनुवादकहरू नियुक्त गर्नुहोस् वा चिकित्सा वा नर्सिङ परामर्शमा उपस्थित हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टै समय तालिकाहरू व्यवस्थित गर्नुहोस ।

कर्मचारीहरूको प्रशिक्षणको कमी र तिरस्कारले गर्दा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य सेवामा पहूँच प्राप्त गर्न झनै गाह्रो हुने कुरालाई ध्यान दिनुहोस ।

### घरदैलो कार्यक्रमका उपायहरू (Outreach measures)

स्वास्थ्य सुविधाहरूमा पुग्न नसक्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा उपलब्ध गराउन घरदैलो क्रियाकलापहरूका लागि स्रोतको विनियोजन गर्नुहोस । उदाहरणका लागि, घुम्ती चिकित्सा एकाइहरू व्यवस्थित गर्नुहोस्, टाढाबाट अनुगमन गर्न उपलब्ध दूरसञ्चारको प्रयोग गर्नुहोस्, आवश्यकता अनुसार स्याहार र थप सेवाहरूका लागि बाहिर पठाउन सामुदायिक स्वास्थ्यकर्मीहरूको सूची तयार पार्नुहोस् र सामुदायिक सहयोग प्रदान गर्न स्वयंसेवकहरूलाई संलग्न गर्नुहोस् ।

### थप सेवाहरूका लागि बाहिर पठाउने कार्य (Referrals)

सेवाहरू बीच थप सेवाहरूका लागि बाहिर पठाउने मार्गहरू स्थापना गर्न, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको निरन्तर स्याहारलाई कायम राख्न स्वास्थ्य सेवाहरूसँग काम गर्नुहोस्। विभिन्न थप सेवाहरूका लागि बाहिर पठाउने कार्यहरू बीच, वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रगतिको अनुगमन गर्नुहोस्।

दौंतरी सहयोग प्रदान गर्न सामुदायमा आधारित पुर्नस्थापना कार्यक्रम र अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) र अन्य समुदायमा आधारित संगठनहरूसंग जोड्न स्वास्थ्य सेवालाई सहयोग गर्नुहोस्। पुनर्स्थापना सम्बन्धी पेशाकर्मीहरू समावेश गर्न आपतकालीन प्रतिकार्य टोलीहरूसँग सहकार्य गर्नुहोस्।

### सुचित सहमति (Informed consent)

चिकित्सकिय जाँचको लागि सूचित सहमति प्राप्त गर्ने प्रणालीको पुनरावलोकन गर्नुहोस् । वृद्धि भएको वा वैकल्पिक संचार प्रयोग गर्न सक्ने मानिसहरूको लागि यो पहूँच योग्य छ भन्ने सुनिश्चित गर्नुहोस् (**शब्द-सूची र मुख्य समावेशिता मापदण्ड ४, मुख्य क्रियाकलापहरू १, सूचित सहमतिमा मार्गदर्शनका लागि टिपोटहरू** हेर्नुहोस)।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.३ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसँग सम्बन्धित आवश्यकता र क्षमताबारे सचेतना जगाउन स्वास्थ्य कर्मचारी तथा समुदायलाई तालिम दिनुहोस ।**

### सचेतीकरण (Sensitisation)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको हक अधिकारमा स्वास्थ्य कर्मचारी र स्थानीय समुदायको ज्ञान, मनोवृत्ति र अभ्यासहरूको पहिचान गर्नुहोस । यसमा यौन तथा प्रजनन स्वास्थ्यको अधिकार जस्ता स्वास्थ्यसँग सम्बन्धित अधिकारहरू समावेश हुन्छन ।

सचेतना बढाउने सत्रहरूका लागि मुख्य सन्देश र स्रोतहरू विकास गर्न तपाईँले सङ्कलन गर्नु भएको जानकारी वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूसँग प्रत्यक्ष रूपमा संलग्न हुन् प्रयोग गर्नुहोस् ।

ज्येष्ठ नागरिक हरूले सामना गर्ने सम्भाव्य स्वास्थ्य जोखिम तथा अवरोधहरू र अपागता भएका बालबालिका तथा वयस्कहरूबारे स्वास्थ्य कर्मचारी तथा सामुदायिक सदस्यहरूसँग सचेतना बढाउने कार्यक्रम सञ्चालन गर्नुहोस्, जसलाई बेवास्ता गर्न सकिन्छ, जस्तै:

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सरुवा रोगहरूको उच्च व्यापकताको प्रभावहरू;
- कुपोषणको उच्च जोखिम र अपाङ्गता भएका बालबालिका बीच (**पोषण सम्बन्धी समावेशिताको मापदण्ड** हेर्नुहोस) कुपोषणको कारण मृत्यु;
- अपाङ्गता भएका गर्भवती महिलाका लागि जटिलता सिर्जना गर्न सक्ने स्वास्थ्य अवस्था, वा प्रसुतीको समयमा थप सहयोग को आवश्यकता;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध यौन तथा लैङ्गिकतामा आधारित हिंसाको बढ्दो जोखिम (**संरक्षण सम्बन्धी समावेशिताको मापदण्डहरू** हेर्नुहोस); र
- अपाङ्गता भएका किशोरावस्थाका बालिका तथा केटाहरू, विशेष गरी बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू र हालै अपाङ्ग भएका महिला तथा पुरुषका लागि यौन तथा प्रजनन स्वास्थ्य शिक्षा ।

### प्रशिक्षण (Training)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सेवाको प्रावधान सम्बन्धी स्वास्थ्य कर्मचारीहरूको तालिममा अन्तर छ कि छैन पत्ता लगाउनुहोस् । यी अन्तरहरूलाई पुरा गर्न प्रशिक्षण मोड्युलहरू विकास गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।

मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको हक अधिकारमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग गर्ने कर्मचारीलाई तालिम प्रदान गर्नुहोस ।

## स्वास्थ्य सम्बन्धी समावेशिताका मापदण्डहरू ३ः सहभागिता र उत्थानशीलता (Participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू स्वास्थ्यका क्रियाकलापहरूमा सहभागी हुन्छन र तिनीहरूका क्षमताहरू सुदिृढ भएका छन् ।

### मुख्य क्रियाकलापहरू

**३.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसंग सम्बन्धित क्षमतालाई सुदृढ पार्नुहोस् ।**

**३.२ : स्वास्थ्य कार्यक्रम तथा सम्बन्धित निर्णयहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा सहयोग गर्नुहोस ।**

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यसंग सम्बन्धित क्षमतालाई सुदृढ पार्नुहोस् ।**

### क्षमता सुदृढिकरण (Capacity strengthening)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूको स्वास्थ्यको सुरक्षा क्षमता सुदृढ़ गर्न उनीहरूसंग संलग्न हुनुहोस ।

उदाहरणका लागि, यौन तथा प्रजनन स्वास्थ्यलाई प्रवर्द्धन गर्न पहूँच  योग्य जानकारी विकास गर्न अपाङ्गता भएका महिलाहरूसँग सहकार्य गर्नुहोस् ।

### प्रशिक्षण (Training)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य स्वयंसेविका र सामुदायिक स्वास्थ्यकर्मी जस्ता भूमिकाका लागि सीप विकास गर्न समान तालिमको अवसर प्रदान गर्नुहोस ।

प्रशिक्षणको अवसरहरू बारे प्रशिक्षण सुविधाहरू र जानकारी पहूँच योग्य भएको  सुनिश्चित गर्नुहोस् (**पहूँच प्राप्त गर्न सकिने अवस्थासंग सम्बन्धित मार्गदर्शन को लागि मुख्य समावेशिता मापदण्ड २** हेर्नुहोस).

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.२ : स्वास्थ्य कार्यक्रम तथा सम्बन्धित निर्णयहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा सहयोग गर्नुहोस ।**

### क्रियाकलापहरूमा सहभागिता (Participation in activities)

स्वास्थ्य सम्बन्धी क्रियाकलापमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि उपायहरू स्थापना गर्नुहोस् । सामुदायिक सचेतना अभिवृद्धि तथा स्वास्थ्यकर्मीहरूको तालिमका लागि सामाग्री विकास गर्न पुरुष तथा महिलालाई पनि समान रूपमा सहभागी गराउनुहोस । उदाहरणका लागि, स्वास्थ्य सम्बन्धी विषयहरूमा वक्ताको रूपमा र सेवाहरूमा पहूँचको रूपमा सामुदायिक सचेतीकरण अभियानमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस् ।

स्वास्थ्य सेवालाई कसरी पहूँच योग्य बनाउने भन्ने योजनामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउन सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीसँग सहकार्य गर्नुहोस ।

स्वास्थ्य सूचना तथा स्वास्थ्य सेवा उपलब्ध गर्ने योजना बनाउँदा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी हुन सहयोग गर्नुहोस । उदाहरणका लागि, सुविधा र जानकारीको पहूँच प्राप्त गर्ने अवस्थामा लेखाजोखाामा सहभागी हुन तिनीहरूलाई सहयोग गर्नुहोस् ।

## निर्णय कार्यमा सहभागिता (Participation in decision making)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने संगठनहरूको आपतकालिन अवस्थामा स्वास्थ्य कार्यक्रम र निर्णय संयन्त्रमा भाग लिन सक्ने क्षमतालाई सुदृढ गर्नुहोस ।

सामुदायिक स्वास्थ्य समिति र स्वास्थ्य समूह जस्ता समन्वय संयन्त्र र निर्णय गर्ने निकायहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागितामा सहयोग गर्नुहोस् (हेर्नुहोस **मुख्य समावेशिता मापदण्ड ४, मुख्य क्रियाकलापहरू २, निर्णय कार्यमा सार्थक सहभागितालाई प्रवर्द्धन गर्ने सम्बन्धी मार्गदर्शनका लागि टिपोटहरू**) ।

## औजार तथा स्रोतहरू (Tools and resources)

Child Protection Working Group, 'Standard 21: Health and child protection' in *Minimum standards for child protection in humanitarian action,* Child Protection Working Group, 2012, http://bit.ly/2zjApLe

Global Protection Cluster, Protection Mainstreaming App (ProM), http://bit.ly/2ozLkgs (Google Play), http://apple.co/2oBCyPf (iTunes)

Inter-Agency Standing Committee (IASC), *IASC Guidelines on Mental Health and Psychosocial Support in Emergency Settings,* Geneva, IASC, 2007, http://bit.ly/2zl0No7

United Nations Children's Fund (UNICEF), *including children with disabilities in humanitarian action: Health and HIV/AIDS guidance,* UNICEF, (forthcoming), http://bit.ly/2ySGuuC

United Nations Development Programme (UNDP) *reaching out to People Living with Disabilities in Sierra Leone* (video), http://bit.ly/1oQs08P (English), http://bit.ly/2kfyYFI (French)

World Health Organization, *Emergency Medical Teams: Minimum Technical Standards and Recommendations for Rehabilitation: Emergency Medical Teams,* Geneva, WHO, 2016, http://bit.ly/2kfO3XS

World Health Organization, *Mental Health: WHO QualityRights initiative – improving quality, promoting human rights,* http://bit.ly/1iZaP1o (18 December 2017)

## नेपालमा विपद् पछिको मनोसामाजिक सहयोगको पहूँचमा सुधार ( Improving access to post-disaster psychosocial support in Nepal)

कोशिश, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशिता र मर्यादाको पक्षमा पैरवी गर्न प्रतिबद्ध तथा मानसिक रोगको प्रत्यक्ष अनुभव भएका व्यक्तिहरूद्वारा सञ्चालित एउटा स्वाबलम्बी नेपाली मानसिक स्वास्थ्य संस्था हो ।

सन् २०१५ मा नेपालमा आएको भूकम्प पछि सबैभन्दा बढी प्रभावित जिल्ला मध्येको एक रहेको भक्तपुरमा आपत्कालीन मनोसामाजिक प्रतिकार्य परियोजना सञ्चालन गर्न सीबीएम (CBM) ले कोशिशलाई सहयोग गरेको थियो । कोशिशले आपतकालीन आवास स्थानान्तरण लगायत आफ्ना सेवाग्राहीहरूका लागि उपचार, घरदैलो सहयोग र औषधीको व्यवस्थालाई पुनर्स्थापित गरेको सुनिश्चित गर्‍यो । यसबाहेक, कोशिशद्वारा सञ्चालित द्रूत आवश्यकता लेखाजोखाले राहत कार्यमा सक्रिय हुन थालेका धेरै मानवीय संगठनहरूमा मनोसामाजिक आवश्यकताहरूलाई सम्बोधन गर्ने क्रियाकलापहरू समावेश नभएको कुरालाई उजागर गरेको थियो ।

कोशिशले यसअघि नै भक्तपुरमा विभिन्न समूहसँग सक्रिय सञ्जाल बनाई सकेको थियो र यी सम्पर्कहरूलाई चार वटा आघात (ट्रमा) व्यवस्थापन मनोसामाजिक परामर्श केन्द्रहरू मार्फत कार्यरत मनोवैज्ञानिक, परामर्शकर्ता तथा स्वयंसेवकहरूलाई नियुक्त गर्न प्रयोग गरेको थियो । कोशिशले सन् २०१५ को अन्त्य सम्ममा चार वटा केन्द्रहरूमा अपाङ्गता भएका १४० सहित ३३३ जनालाई मनोसामाजिक परामर्श तथा ट्रमा स्याहार प्रदान गरेको थियो । २,०२९ जनाले पनि आवश्यकता र प्राथमिकता अनुरूप (Tailored) मनोवैज्ञानिक प्राथमिक उपचार प्राप्त गरे; तीमध्ये १०९ जना अपाङ्ग थिए । ४६४ कर्मचारीले मनोवैज्ञानिक प्राथमिक उपचार सम्बन्धी तालिम वा पुनर्ताजगी तालिम प्राप्त गरेका थिए ।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरले आयोजना गरेको स्वास्थ्य र संरक्षण समूह, समन्वय बैठक तथा मनोसामाजिक कार्य दलका बैठकहरूमा कोशिश सहभागी भएको थियो । उनीहरूले महिला तथा बालबालिका महाशाखामा मनोसामाजिक कार्यदलको पाक्षिक बैठकको समन्वयमा पनि प्रमुख भूमिका निर्वाह गरे । यी कार्यक्रमहरूमा उनीहरूले स्वास्थ्य, आवास, पानी, सरसफाई तह स्वच्छता र पोषण लगायत सबै राहत उपायहरूमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने उपयुक्त संयन्त्र हुनु पर्नेमा पैरवी गरे ।

स्रोत: CBM, One year reportM Nepal earthquake 2015, Bensheim, CBM, 2016, www.cbm.org/nepal–earthquake–one–year


228

# शिक्षा सम्बन्धी समावेशिताका मापदण्डहरू

## शिक्षा सम्बन्धी समावेशिताका मापदण्डहरू

**१.सूचना सङ्कलन (Collection of information)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा सम्बन्धी आवश्यकता र क्षमताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।**

**२.अवरोधहरूको सम्बोधन (Addressing barriers)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको धेरै सिक्नेहरूका लागि उपयुक्त शैक्षिक अवसर, पाठ्यक्रम र सामग्रीहरूमा पहूँच छ ।**

**३.सहभागिता र उत्थानशीलता (Participation and resilience)**

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू शिक्षाका क्रियाकलाप र निर्णय कार्यहरूमा सहभागी हुन्छन ।**

शिक्षा सम्बन्धी समावेशी मापदण्डले आपतकालको अवस्थामा शिक्षा सम्बन्धी विद्यमान मापदण्ड र मार्गदर्शनलाई पूरकता दिन्छ । तिनीहरूलाई *मुख्य समावेशी मापदण्ड, र ENEE शिक्षाका लागि न्यूनतम मापदण्डहरू, स्फियर मानवीय वडापत्र र मानवीय प्रतिकार्यका लागि न्यूनतम मापदण्डहरू*को संयोजनमा पढ्नु पर्छ ।

## शिक्षा सम्बन्धी समावेशिताका मापदण्डहरू १ : सूचना सङ्कलन (Collection of information)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा सम्बन्धी आवश्यकता र क्षमताहरूलाई पहिचान गरेर अनुगमन गरिएको छ ।

### मुख्य क्रियाकलापहरू

**१.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र क्षमताको बारेमा सूचना सङ्कलन गर्न औपचारिक तथा गैर-औपचारिक शिक्षाका लागि लेखाजोखा र अनुगमन औजारहरू अनुकूलन गर्नुहोस् ।**

**१.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई औपचारिक तथा गैर-औपचारिक शिक्षा लेखाजोखा तथा अनुगमन क्रियाकलापहरूमा समावेश गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र क्षमताको बारेमा जानकारी सङ्कलन गर्न औपचारिक तथा गैर-औपचारिक शिक्षाका लागि लेखाजोखा र अनुगमन औजारहरू अनुकूलन गर्नुहोस् ।**

### छुट्याईएका तथ्याङ्क (Data disaggregation)

औपचारिक र गैर-औपचारिक शिक्षा लेखाजोखा र अनुगमनका औजारहरू जस्तै शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS), प्रश्नावली, प्रतिवेदन ढाँचा र शिक्षा सर्वेक्षण, सङ्कलन र विश्लेषण गर्न लिंग, उमेर र अपाङ्गताद्वारा छुट्याइएका तथ्याङ्कलाई (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्डहरू १, मुख्य क्रियाकलापहरू १.१**) अनुकूलन गर्नुहोस ।

### तथ्याङ्कको विद्यमान स्रोतहरू (Existing sources of data)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्याबाट औपचारिक तथा अनौपचारिक शिक्षामा पहूँच प्राप्त गरेका वा नगरेकाहरूको पहिचान गर्न तथ्याङ्कको विद्यमान स्रोतहरूको प्रयोग गर्नुहोस् ।

यी स्रोतहरूमा राष्ट्रिय निकायहरू (जस्तै शिक्षा मन्त्रालय, अन्य मंत्रालय वा राष्ट्रिय जनगणना), विशेष विद्यालयहरू, शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS), अन्य मानवीय निकायहरू, अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs), ज्येष्ठ नागरिकहरूको संघ (OPAs), र समुदायमा आधारित संगठनहरू हुन सक्छन् ।

### अनुकूलित औजारहरू (Adapting tools)

स्थानीय विद्यालयको क्षमता वा अस्थायी सिक्ने ठाउँको लेखाजोखा गर्दा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई शैक्षिक अवसरबाट बहिष्कृत गरिएको छ कि भनेर पहिचान गर्न लेखाजोखा र अनुगमनका औजारहरूलाई अनुकूलन गर्नुहोस् ।

### अवरोध / क्षमताहरूको पहिचान (Identification of barriers and capacities)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षाको पहूँचबाट रोक्ने अवरोधहरू र यी अवरोधहरू पार गर्ने क्षमताहरू पत्ता लगाउनुहोस् । अवरोधहरू भन्नाले शिक्षण केन्द्रमा पुग्न सकिने यातायातको अभाव, कर्मचारी, विद्यार्थी तथा आमाबाबुको नकारात्मक मनोवृत्ति वा शिक्षक वा सहायक शिक्षण कर्मचारीहरूको अभाव हुन सक्छ । व्यावसायिक कर्मचारीका अतिरिक्त अपाङ्गता भएका बालबालिका तथा वयस्क तथा ज्येष्ठ नागरिकलाई पनि अनौपचारिक सहयोगहरूको पहिचान गरी, जस्तैः स्वयंसेवी, भाइबहिनी, साथी संगाती प्रणाली (Buddy system) र दौतरीहरूको सहयोग, शिक्षामा पहूँच पुऱ्याउन उपयोगी हुन्छ । शिक्षा सुविधाहरूको पहूँच प्राप्त गर्न सकिने

अवस्था र सुरक्षाका लागि राष्ट्रिय मापदण्डहरूको नक्शाङ्कन गर्नुहोस । विद्यमान आपतकालिन शिक्षा सुविधाहरूले यी मापदण्डहरू पूरा गर्न कहाँ असफल भइरहेको हुन सक्छन् भनी पहिचान गर्न अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs) र पहूँच प्राप्त गर्न सकिने अवस्थाका विशेषज्ञहरूसँग काम गर्नुहोस् ।

सामुदायिक शिक्षा समिति, अभिभावक-शिक्षक संघ, विद्यालय व्यवस्थापन समिति, शिक्षा समूह लगायतका अन्य समन्वय संयन्त्र जस्ता शिक्षा सम्बन्धी निर्णय गर्नका लागि संयन्त्रहरूको नक्शाङ्कन गर्नुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई यी संयन्त्रहरूमा सहभागी हुनबाट रोक्न सक्ने अवरोधहरूको पहिचान गर्न अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs)लाई समावेश गर्नुहोस् ।

### अनुगमन (Monitoring)

नियमित रूपमा अनुगमन गर्नुहोस;

- शैक्षिक क्रियाकलापमा पहूँच नभएका ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूको अनुपात; शिक्षा समिति, निर्णय गर्ने निकाय र शैक्षिक क्रियाकलापको व्यवस्थापन गर्ने अन्य समूहहरूमा ज्येष्ठ नागरिक ( महिला तथा पुरुष) र अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, बालिका तथा केटाहरू) को सहभागिताको अनुगमन गर्नुहोस;
- विभिन्न क्षमता र आवश्यकता भएका व्यक्तिहरूका लागि, ज्येष्ठ नागरिक र बालबालिका तथा वयस्कहरूको शिक्षास्तर लेखाजोखा गर्न प्रयोग गरिएका विधिहरू, सिकाई क्रियाकलापहरूको विषयवस्तु, शिक्षण विधिहरू कसरी अनुकूलित हुन्छ; शैक्षिक क्रियाकलाप र शिक्षण विधिहरू कत्तिको पहूँच योग्य र उपयुक्त छन् र तिनीहरूले शैक्षिक क्रियाकलापमा सहभागी हुन कुनै निरन्तर अवरोधको सामना गर्छन् कि गर्दैनन् भन्ने विषयमा शिक्षा कर्मचारी, वृद्ध तथा अपान्गता भएका बालबालिका तथा वयस्कहरूबाट पृष्ठपोषण सङ्कलन गर्नुहोस; र
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति शिक्षामा कार्यरत कर्मचारी, शिक्षक र अन्य व्यक्तिहरूको मनोवृत्ति; सचेतना बढाउने सन्देश र प्रशिक्षण सामग्री अनुकूलन गर्नलाई यो जानकारी प्रयोग गर्नुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन १.२ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई औपचारिक तथा गैर-औपचारिक शिक्षा लेखाजोखा तथा अनुगमन क्रियाकलापहरूमा समावेश गर्नुहोस् ।**

### अवरोधहरू पहिचानमा सहभागिता (Participation in identifying barriers)

ज्येष्ठ नागरिक हरूको विविध समूह, वयस्क तथा अपाङ्गता भएका बालबालिकाहरूलाई तिनीहरूले शैक्षिक क्रियाकलापमा सहभागी हुन कस्ता अवरोधहरूको सामना गर्छन् भनी सोध्नुहोस् । ज्येष्ठ नागरिक तथा अपाङ्गता

भएका व्यक्तिहरूका प्रतिनिधिहरूलाई सामूहिक छलफलमा समावेश गर्नुहोस् । तिनीहरूलाई प्रभावित पार्ने विभिन्न अवरोध र सक्षमकर्ताहरूलाई पहिचान गर्न किशोर केटा तथा केटिहरूसंग परामर्श गर्नुहोस् ।

शैक्षिक सुविधाहरूको लेखापरीक्षण र लेखाजोखामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नुहोस्, सुरक्षा र पहूँचमा सम्भावित कमीहरूको पहिचान गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्ड २, मुख्य क्रियाकलापहरू २.१, अवरोधहरू समाधान गर्ने सम्बन्धमा मार्गदर्शनका लागि टिपोटहरू**) ।

### लेखाजोखाहरूमा सहभागिता (Participation in assessments)

शैक्षिक आवश्यकताहरूको लेखाजोखाहरूमा प्रमुख जानकारको रूपमा ज्येष्ठ नागरिक , वयस्क तथा अपाङ्गता भएका बालबालिकाहरूलाई समावेश गर्नुहोस् । यी आवश्यकता लेखाजोखा गर्नका लागि तिनीहरू कुन तरिका प्रयोग गर्न रुचाउँछन्, सोध्नुहोस् ।

### सिकाईका सुविधाहरूको पहिचान (Identification of learning facilities)

सिकाईका सुविधाहरूका लागि उपयुक्त स्थानहरू पहिचान गर्न ज्येष्ठ नागरिकहरू (महिला र पुरुष) र अपाङ्गता भएका व्यक्तिहरू (महिला, पुरुष, केटीहरू र केटाहरू) सँग परामर्श लिनुहोस् । शैक्षिक क्रियाकलापसंग सम्बन्धित सम्भाव्य जोखिमहरू पहिचान गर्न र त्यसलाई कसरी कम गर्ने भनी योजना बनाउन तिनीहरू संग मिलेर काम गर्नुहोस् ।

## शिक्षा सम्बन्धी समावेशिताका मापदण्डहरू २ :सहभागिता र उत्थानशीलता (Participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू शिक्षाका क्रियाकलाप र निर्णय कार्यहरूमा सहभागी हुन्छन ।

### मुख्य क्रियाकलापहरू

**२.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सिकाईका सुविधाहरू सुरक्षित र पहूँच योग्य हुन अनुकूलन गर्नुहोस ।**

**२.२: विभिन्न प्रशिक्षार्थीहरूको समूहहरूका लागि उपयुक्त पाठ्यक्रम र सिक्ने सामाग्री, शिक्षण विधिहरूको विविध क्षेत्रहरूलाई प्रयोग गर्नुहोस् ।**

**२.३: आपतकालिन अवस्थामा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने शिक्षक, समुदाय र शिक्षामा काम गर्ने अन्यहरूको क्षमता अभिवृद्धि गर्नुहोस ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.१ : ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सिकाईका सुविधाहरू सुरक्षित र पहूँच योग्य हुन अनुकूलन गर्नुहोस ।**

### डिजाइन र निर्माण (Design and construction)

गैर-औपचारिक शैक्षिक स्थान, घुम्ती प्रशिक्षण एकाईहरू, र घरमा आधारित शिक्षा सहित पहूँच योग्य हुन सबै प्रकारका सिकाईका सुविधाहरूको डिजाइन र निर्माण गर्नुहोस (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्ड २, बाकस ३ 'पहूँच प्राप्त गर्न सकिने अवस्था के हो?'**) ।

ध्यान दिनुहोस :

- सिकाईका सुविधाहरूको स्थान, वृद्धहरूको आवास नजिक, अपाङ्गता भएका मानिसहरू र उनीहरूको सहयोग सञ्जालहरू;
- पहूँच योग्य र सुरक्षित पहूँच मार्गहरू (**आवास, बस्तीहरू र घरायसी वस्तुहरू समावेशिताका मापदंडहरू** हेर्नुहोस);
- सबैलाई पुग्न र प्रवेश गर्न सजिलो हुने खाली बाटो र प्रवेशद्वारहरू ।
- कक्षा कोठाहरूमा ह्विलचेयरका लागि पर्याप्त ठाउँ;
- दृष्टि अवरोध भएका मानिसहरूका लागि उपयुक्त प्रकाशको व्यवस्था; र पुरुष र महिलाका लागि गोपनीयता र छुट्टै सुविधा उपलब्ध गराउने शौचालय (**पानी, सरसफाइ र स्वच्छता समावेशिताका मापदण्ड** हेर्नुहोस) ।

### सिकाईको वातावरणको सुरक्षा (Safety of the learning environment)

सबैलाई तिनीहरूको पृष्ठपोषणको स्वागत गरिनेछ भन्ने कुरा थाहा पाउन सिकाईका वातावरणलाई सुरक्षित ठाउँ बनाउनुहोस् । सबैलाई सुरक्षा र संरक्षण पहूँच योग्य छ भन्ने बारेमा आवश्यक जानकारी, जस्तैः उद्धार र सुरक्षा योजनाको बारेमा जानकारी, र कुनै पनि दूर्व्यवहार वा शोषणको रिपोर्ट कसरी गर्ने भन्ने बारेमा जानकारी उपलब्ध गराउनुहोस् ।

### विशेष विद्यालयहरूसंग काम (Working with special school)

समावेशी शिक्षालाई प्रवर्द्धन गर्न विशेष विद्यालयसँग सहकार्य गर्नुहोस । यदि मुख्य शिक्षाबाट अलग गरिएका अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष विद्यालय वा कक्षाहरू विद्यमान छन् भने, मुलधारको सिकाई स्थलमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न उनीहरूको विशेषज्ञतालाई प्राप्त गर्नुहोस् ।

### मूलधारका सेवाहरूसंग सम्पर्क (Linking mainstreaming services)

यदि अपाङ्गता भएका बालबालिकाहरू विशेष विद्यालय वा वैकल्पिक शिक्षा मोडेलमा भाग लिंदैछन् भने, अपाङ्गता भएका र नभएका बालबालिकालाई सँगै खेल्न र सिक्ने अवसरलाई प्रवर्द्धन गर्न यी प्रदायकहरूलाई मूलधारका सेवाहरूसँग सम्पर्क गराउनमा प्रोत्साहन दिनुहोस् ।

### पाठ सिकाईहरूको साझेदारी (Sharing lessons learnt)

शिक्षाका सुविधाहरू उपलब्ध गराउन सिकेका पाठहरू र असल अभ्यासहरूलाई राष्ट्रिय निकायहरूसंग साझा गर्नुहोस् । राष्ट्रिय निकायहरूलाई विद्यालय निर्माण र मर्मत नीतिहरूमा असल अभ्यासहरू एकीकृत गर्न प्रोत्साहन दिनुहोस् ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.२: विभिन्न प्रशिक्षार्थीहरूको समूहहरूका लागि उपयुक्त पाठ्यक्रम र सिक्ने सामाग्री, शिक्षण विधिहरूको विविध दायराहरूलाई प्रयोग गर्नुहोस् ।**

### सामाग्रीहरूको अनुकुलन (Adopting materials)

साङ्केतिक भाषालगायत विभिन्न तरिका र भाषामा शिक्षण र सिकाइका सामग्रीहरू उपलब्ध गराउनुहोस् ।

पाठ्यपुस्तक तथा अन्य सिकाइका सामग्रीहरूले विविधता र लैंङ्गिक सन्तुलनको प्रतिनिधित्व गर्छ भनेर सुनिश्चित गर्नुहोस् । उदाहरणका लागि, विभिन्न लैङ्गिकताका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई यी सामग्रीहरूको उदाहरण तथा कथाहरूमा सकारात्मक ढंगमा प्रस्तुत गरिएको छ भन्ने पक्का गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई थप अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरू चाहिएको छ भने, तिनीहरू के प्रयोग गर्न रुचाउँछन् भनी सोध्नुहोस् र सम्भव भएसम्म यी सामानहरू स्थानीय स्तरमा खरिद गर्नुहोस् ।

### विधिहरूको अनुकूलन (Adopting methods)

औपचारिक र गैर-औपचारिक शिक्षा दुवैमा शैक्षिक क्रियाकलापहरूको पाठ्यक्रम वा विषयवस्तुलाई व्यक्तिहरू अनुकूल बनाउन सम्भव तुल्याउनुहोस् । उदाहरणका लागि, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिको क्षमता र रुचि अनुसार सिकाईका उद्देश्यहरू निर्धारण गर्दै बैयक्तिक शिक्षा योजना बनाउनुहोस् ।

अपाङ्गता भएका व्यक्तिहरूको लागि सजिलो बनाउन सिकाइका क्रियाकलापहरूमा अनुकूलन गर्नुहोस् । उदाहरणको लागि, परीक्षणको लागि वैकल्पिक समयको व्यवस्था गर्नुहोस्, सिक्नको लागि थप समय वा सहयोगको आवश्यकता पर्ने बच्चाहरूलाई वैकल्पिक सिकाई लक्ष्य निर्धारण गर्नुहोस् र थप शिक्षण सहयोग उपलब्ध गर्नुहोस् ।

विभिन्न प्रशिक्षार्थीहरूलाई सुहाउँदो औपचारिक तथा गैर-औपचारिक शैक्षिक क्रियाकलापहरूलाई लचकदार बनाउनुहोस् । उदाहरणका लागि, विभिन्न प्रकारका प्रशिक्षार्थीहरूको लागि लचक हुन प्राविधिक तथा व्यावसायिक शिक्षा तथा प्रशिक्षण कार्यक्रमहरू (TVET) र प्रारम्भिक वाल विकास कार्यक्रम तथा अन्य कार्यक्रमहरूलाई अनुकूलन गर्नुहोस् ।

साथी संगाती प्रणाली (buddy system), साथीहरूको वृत्त, वाल सहयोग (child–to–child support) र सानो समूहमा सिक्ने क्रियाकलाप जस्ता सिक्ने व्यक्तिहरू बीच दौंतरी सहयोग (peer support)लाई प्रवर्द्धन गर्नुहोस ।

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन २.३: आपत्कलिन अवस्थामा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने शिक्षक, समुदाय र शिक्षामा काम गर्ने अन्यहरूको क्षमता अभिवृद्धि गर्नुहोस ।**

### सचेतना वृद्धि (Awareness raising)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आपतकालीन अवस्थामा समावेशी शिक्षाको अधिकार बारेमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत स्थानीय समुदायसँग सचेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू गर्नुहोस । आपतकालीन अवस्थामा शिक्षाको अधिकारको सम्बन्धमा स्थानीय समुदायको ज्ञान, मनोवृत्ति र अभ्यासको विश्लेषण माथि आफ्नो सन्देशको आधार बनाउनुहोस् ।

शिक्षा सम्बन्धी निर्णयमा सहभागी हुन ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकारमा शिक्षा समिति जस्ता शिक्षा निकायको बारेमा सचेतना जगाउने कार्यमा अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिकहरूको संघ (OPAs)हरूलाई संलग्न गर्नुहोस ।

### प्रशिक्षण (Training)

प्रधान अध्यापक, शिक्षक र अन्य शिक्षा कर्मचारीहरूलाई प्रशिक्षण दिनुहोस:

- शिक्षामा भेदभाव हुन नदिन तथा आपतकालिन अवस्थामा समावेशी शिक्षामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रवर्द्धन गर्न;
- उदाहरणका लागि, यदि कुनै प्रशिक्षार्थिलाई लेखन कार्यभार वा कार्यभार (assignment) पूरा गर्न थप समयका साथ उनीहरूलाई सहयोग गर्न कसैलाई आवश्यक छ भने विविध आवश्यकताहरू चिन्न र त्यसको समाधान गर्न,

- विभिन्न प्रकारका अवरोधहरूको पहिचान र समाधान गर्न जसले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई शैक्षिक क्रियाकलापमा सहभागि हुनबाट रोक्न सक्छ - यसमा झूटो अनुमानहरूमा आधारित तिरस्कार समावेश हुन सक्छ, जस्तै कक्षा कोठामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीताले अरूको सिक्ने गतिलाई ढिलो गर्नेछ;

- बैयक्तिक शिक्षा योजना जस्ता औजारहरूको प्रयोग सहित विभिन्न शिक्षार्थीहरूको लागि शिक्षण विधिहरू अनुकूलन गर्नु; र

- समावेशी शिक्षा प्रदान गर्न कठिन र महंगो छ भन्ने धारणालाई चुनौती दिन ।

### शिक्षकहरूका लागि सहयोग (support for teacher)

शिक्षकहरूलाई नियमित रूपमा सहयोग गर्ने प्रणाली स्थापित गर्नुहोस् । उदाहरणका लागि, शिक्षकहरूलाई शिक्षणको लागि सहयोग प्रदान गर्ने दक्षता भएका अपाङ्गता भएका व्यक्तिहरूको संगठन (DPOs) र ज्येष्ठ नागरिक हरूको संघ (OPAs)हरू र/वा अन्य शैक्षिक पेशाकर्मीहरूसँग सम्पर्क राख्नुहोस् । यदि शिक्षामा सहभागी हुन ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न थप कर्मचारीहरूको आवश्यकता पर्नेछ भने, आफ्नो बजेटमा अतिरिक्त लागत वा समग्र शिक्षा बजेटमा समावेश गर्नका लागि पैरवी गर्नुहोस् । समावेशी शिक्षण विधिहरूलाई सहयोग गर्न प्रयोग गर्न सकिने कुनै पनि विद्यमान स्रोतहरूको नक्शाङ्कन गर्नुहोस, र शिक्षकहरूसँग साझा गर्नुहोस् ।

### अनुभवहरूको साझेदारी (Sharing experiences)

समावेशी शिक्षण विधिको अनुभव भएका शिक्षक तथा अन्य व्यक्तिहरूलाई (जस्तै अन्य पेशागत, परिवारका सदस्यहरू र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहयोग सञ्जाल) उनीहरूको अनुभव र असल अभ्यासका उदाहरणहरू साझा गर्न प्रोत्साहित गर्नुहोस् । उदाहरणका लागि, विशेष शिक्षा सुविधाहरू र मूलधारका विद्यालयहरू वा अस्थायी सिक्ने ठाउँहरूका बीच आदान प्रदान भ्रमणलाई सहयोग गर्नुहोस् ।

## शिक्षा सम्बन्धी समावेशिताका मापदण्डहरू ३: सहभागिता र उत्थानशीलता (Participation and resilience)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू शिक्षाका क्रियाकलाप र निर्णय कार्यहरूमा सहभागी हुन्छन ।

### मुख्य क्रियाकलापहरू

**३.१: केटाकेटी लगायत ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई सहयोग गर्ने शैक्षिक क्रियाकलाप र निर्णय गर्ने संयन्त्रहरूलाई अनुकूलन गर्नुहोस ।**

**३.२: शिक्षक वा शिक्षा कर्मचारीका रूपमा काम गर्न उनीहरूको सीपलाई विकास गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समान अवसरहरू छन् भनेर सुनिश्चित गर्नुहोस् ।**

## मार्गदर्शनका लागि टिपोटहरू

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.१: केटाकेटी लगायत ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई सहयोग गर्ने शैक्षिक क्रियाकलाप र निर्णय गर्ने संयन्त्रहरूलाई अनुकूलन गर्नुहोस ।**

### शैक्षिक कार्यक्रमहरूमा सहभागिता (Participation in education programmes)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधि संगठनहरूलाई आपतकालीन अवस्थामा वृद्ध बृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकारको बारेमा सचेतना बढाउने सत्रहरूमा समावेश गर्नुहोस् । स्थानीय समुदाय, शिक्षामा काम गर्ने मानिसहरू, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका बालबालिका तथा वयस्कहरूका लागि सन्देशहरू तयार पार्न उनीहरूसँग काम गर्नुहोस् ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विद्यमान शैक्षिक क्रियाकलापहरूको विश्लेषण गर्न, तिनीहरूको पहूँच सीमित गर्ने कुनै पनि पक्ष पहिचान गर्न र तिनीहरूलाई अझ पहूँच योग्य बनाउन के गर्न सकिन्छ भन्ने कुरामा संलग्न गराउनुहोस । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तिनीहरूलाई कस्तो शिक्षण विधि र सिकाइका सामग्री र के-कस्ता कुराहरू चाहिन्छ भनी सोध्नुहोस् ।

### निर्णय कार्यमा सहभागिता (Participation in decision making)

शिक्षासँग सम्बन्धित निर्णय गर्ने संयन्त्रमा ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरू (केटीहरू र केटाहरू सहित) को अर्थपूर्ण सहभागितालाई सहयोग गर्नुहोस्, जस्तै, आपतकालीन प्रतिकार्यमा शिक्षाको योजना बनाउनमा योगदान गर्ने शिक्षा समितिहरू ।

शिक्षा समितिहरूले उत्पादन गरेको जानकारी विभिन्न ढाँचामा उपलब्ध छ भनेर सुनिश्चित गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्ड ४, मुख्य क्रियाकलापहरू २, निर्णय-मा अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गर्ने मार्गदर्शनका लागि टिपोटहरू**).

**मुख्य क्रियाकलापहरूका लागि मार्गदर्शन ३.२: शिक्षक वा शिक्षा कर्मचारीका रूपमा काम गर्न उनीहरूको सीपलाई विकास गर्न ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समान अवसरहरू छन् भनेर सुनिश्चित गर्नुहोस् ।**

### भर्ना (Recruitment)

शिक्षक तथा अन्य शैक्षिक कर्मचारी भर्नाका लागि छनौट मापदण्डमा लैङ्गिकता, उमेर र अपाङ्गताको विविधतालाई समावेश गर्नुहोस ।

शिक्षासँग सम्बन्धित क्रियाकलापको लागि समावेशी मानव स्रोत नीतिहरू लागू गर्नुहोस् (हेर्नुहोस् **मुख्य समावेशिताका मापदण्ड ८** ).

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्ने संगठनहरूसँग कार्य विवरण (Job description) र भर्तिका लागि अनुरोधहरू साझा गर्नुहोस् र उनीहरूलाई आफ्नो सञ्जालसँग साझेदारी गर्न आग्रह गर्नुहोस् ।

शैक्षिक कार्यस्थलहरूलाई उनीहरूको व्यक्तिगत आवश्यकताको आधारमा कर्मचारीको रूपमा नियुक्त गरिएका ज्येष्ठ नागरिक  तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त बनाउन अनुकूलन गर्नुहोस् (**शब्द-सूचीमा 'उचित आवास'** हेर्नुहोस)।

### व्यावसायिक तालिम (Vocational training)

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको प्राविधिक तथा व्यावसायिक दक्षता विकास गर्न र उनीहरूको जीविकाको लागि सहयोग गर्न प्रशिक्षण प्राप्त गर्ने समान अवसरहरू प्रदान गर्नुहोस् । व्यावसायिक तालिम केन्द्रहरूमा वृद्ध वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षण हुने र जनचेतना अभिवृद्धि तथा सीप विकासका तालिम सत्रहरूलाई पहूँच योग्य हुने खालको अनुकूलता बनाउन ध्यान दिनुहोस् ।

## औजार तथा स्रोतहरू (Tools and resources )

Child Protection Working Group, 'Standard 20: Education and child protection' in *Minimum standards for child protection in humanitarian action,* Child Protection Working Group, 2012, http://bit.ly/2zjApLe

Global Protection Cluster, Protection Mainstreaming App (ProM), http://bit.ly/2ozLkgs (Google Play), http://apple.co/2oBCyPf (iTunes)

Inter-Agency Network for Education in Emergencies (INEE), *Education in Emergencies: Including Everyone: INEE pocket guide to inclusive education,* Geneva, INEE c/o UNHCR, 2009, http://bit.ly/1KAkItY

Inter-Agency Network for Education in Emergencies (INEE), *INEE Minimum Standards for Education: Preparedness, response, recovery, 2nd edition,* New York, INEE, 2010, http://bit.ly/2BE5fjM

Inter-Agency Network for Education in Emergencies (INEE), *INEE Pocket Guide to Supporting Learners with Disabilities,* Geneva, INEE c/o UNHCR, 2010, http://bit.ly/1P0LMJ8

United Nations Children's Fund (UNICEF), *Including children with disabilities in humanitarian action: Education guidance,* UNICEF, (forthcoming), http://bit.ly/2oAqNIE

United Nations Children's Fund (UNICEF) and The Washington Group on Disability Statistics, *Module on Inclusive Education,* (forthcoming), http://bit.ly/2yS5mD5

**मामिला अध्ययन**

## जोर्डनमा समावेशी शिक्षा र कक्षाहरूको स्थापना (Setting up inclusive and classess in Jordan)

मर्सी कोरले सिरियाली शरणार्थी शिविर र आतिथ्यता प्रदान गर्ने समुदायमा बसोबास गर्ने अपाङ्गता भएका बालबालिकाका लागि सार्वजनिक विद्यालयहरूमा पहूँचलाई सुधार गर्न जोर्डनमा समावेशी शिक्षा परियोजनाहरू कार्यान्वयन गर्दै आएको छ । उनीहरूलाई समावेश गर्नका लागि विभिन्न अवरोधहरूको सामना गर्ने व्यापक अवधारणा मार्फत, परियोजना टोलीहरूले अपाङ्गता भएका बालबालिकालाई मूलधारका विद्यालयहरूमा समावेश गर्न सहयोग गर्न सक्षम भएका छन् ।

स्रोत कोठाहरू - जहाँ अपाङ्गता भएका बालबालिकाले विशेष निर्देशन प्राप्त गर्ने समर्पित सिक्ने ठाउँहरू- उनीहरूलाई आवश्यक सामग्रीहरूसंग सुसज्जित र पहूँच प्राप्त भएको सुनिश्चित गर्न स्तरोन्नति र नवीकरण गरिन्छ ।

आधारभूत संरचना सहयोगको साथसाथै मर्सी कोरले सहायक शिक्षकहरू उपलब्ध गराएर विद्यालयहरूलाई सहयोग गर्दछ । नियमित कक्षाका शिक्षकहरूलाई तालिम र प्रशिक्षण दिइन्छ । विद्यालयका कर्मचारीहरूलाई समावेशी शिक्षा प्रविधि सम्बन्धी तालीम दिइएको छ । अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकारका बारेमा पनि सचेतीकरण सत्रहरूको व्यवस्था गरिएको छ । शिक्षामा हुने अवरोधलाई पहिचान र हटाउने विषयमा पनि तालिम दिइएको छ ।

अपाङ्गता भएका बालबालिकालाई नियमित कक्षा कोठामा समावेश गरिन्छ र आवश्यकता अनुसार तिनीहरूलाई स्रोत कक्षामा सानो समूह वा व्यक्तिगत सहयोग प्राप्त हुन्छ । यसमा शैक्षिक सहयोग र पुनर्स्थापना सेवाहरू समावेश हुन्छन । जस्तैः शारीरिक, व्यावसायिक, र भाषण उपचार सत्रहरू ।

मर्सी कोरले सामुदायिक सदस्यहरूलाई राष्ट्रिय स्तरमा समावेशी शिक्षाको पैरवी गर्न सक्षम बनाउँछ र विद्यालय तथा शिक्षकहरूलाई उनीहरूको कक्षा र विद्यालयमा अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्न र समावेश गर्नमा मद्दत गर्दछ ।

स्रोतः मर्सी कोर

## शब्द-सूची (Glossary)

जहाँ सन्दर्भहरू दिइएको छ, यी परिभाषाहरूलाई पूर्णरूपमा स्रोत दस्तावेजबाट लिइन्छ ।

यी मापदण्डहरूको उद्देश्यका लागि, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा दिइएका केही परिभाषाहरू पहूँच र सहभागितामा अवरोधको सामना गर्ने अन्य समूहहरूमा पनि लागू हुन सक्छन् ।

**पहूँच गर्न सकिने अवस्था (Accessibility)**. पहूँच गर्न सकिने अवस्थाको अर्थ अपाङ्गता भएका व्यक्तिहरूलाई आफू वरपरको भौतिक वातावरणमा पहूँच प्राप्त गर्न, ढुवानी गर्न, पढ्ने सामग्री, सञ्चार प्रविधि र प्रणालीजस्ता सूचनाहरू अरूसँग समान आधारमा प्राप्त गर्न सक्षम हुनु हो । अपाङ्गता भएका व्यक्तिहरूले बिना अवरोध सेवामा पहूँच पुऱ्याउन निजी तथा सार्वजनिक सेवा प्रदान गर्ने जिम्मेवार व्यक्तिहरूले अगाडी नै सोच्नु आवश्यक हुन्छ । (सीबीएम २०१७)[२२]

**अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरू (Assitive devices**). अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरू र प्रविधिहरू ती हुन् जसको प्रमुख उद्देश्य सहभागितालाई सहजीकरण गर्न र समग्र हितको अभिबृद्धि गर्न व्यक्तिको क्रियाशीलता र स्वतन्त्रता कायम राख्नु वा सुधार गर्नु हो । तिनीहरूले अपाङ्गता र माध्यमिक स्वास्थ्य समस्या रोक्न पनि मदत गर्न सक्छन् । ह्विलचेयर, कृत्रिम अंग, श्रवण सहायक उपकरण, दृश्य सहायक तथा विशेषीकृत कम्प्युटर सफ्टवेयर तथा हार्डवेयरहरू जस्ता सहायक उपकरण तथा प्रविधिका उदाहरणहरू हुन् जसले आवागमन गर्ने क्षमता, श्रवण शक्ति, दृष्टि वा सञ्चार क्षमता बढाउँछ । धेरै कम आय भएका र मध्यम आय भएका मुलुकमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरू तथा प्रविधिको आवश्यकता पर्ने ५-१५ प्रतिशत मानिसको मात्र तिनीहरूमा पहूँच छ । (**WHO** २०१७)[२३]

**अभिबृद्धि गरिएको र वैकल्पिक संचार (Augmentative and alternative communication -AAC**). **AAC** दैनिक सञ्चारका चुनौतीहरू समाधान गर्न व्यक्तिले प्रयोग गर्ने औजार तथा रणनीतिहरूको एउटा संग्रह हो । सञ्चारले धेरै रूप लिन सक्छ जस्तैः बोली, साझा नजर, पाठ, इशारा, अनुहारको भाव, स्पर्श, सांकेतिक भाषा, प्रतीक, तस्वीर, बोली उत्पन्न गर्ने उपकरणहरू, आदि । परिस्थिति र हाम्रो सञ्चार साझेदारको आधारमा सबैले विभिन्न प्रकारका सञ्चारको प्रयोग गर्दछन् । एउटा व्यक्तिको मनसाय र अर्थ अर्को व्यक्तिले बुझ्दा संचार प्रभावकारी हुन्छ । सन्देशको सफल बुझाई भन्दा त्यसको रूप कम महत्वपूर्ण हुन्छ । (ISAAC २०१७)२४

**अवरोधहरू (Barriers**). यी मापदण्डहरूको उद्देश्यका लागि अवरोधहरूलाई एउटा कारकको रूपमा परिभाषित गरिएको छ जसले मानिसलाई समाजमा पूर्ण र समान पहूँच र सहभागिता हुनबाट रोक्छ । यी भौतिक अवरोधहरू (जस्तै, भऱ्याङ हुनु र समथर प्रवेशद्वार वा लिफ्ट नहुनु) र सञ्चार अवरोधहरू (जस्तै, सूचना प्रदान गर्न प्रयोग गरिने एउटा तरिका), मनोवृत्तिय बाधाहरू (जस्तै वृद्ध बृद्धा तथा अपाङ्गता भएका मानिसहरू प्रति नकारात्मक धारणा) र संस्थागत अवरोधहरू (जस्तै निश्चित समूहहरू विरुद्ध भेदभाव तर्फ डोऱ्याउन सक्ने नीतिहरू) हुन

सक्छन् । द्वन्द वा प्राकृतिक विपद् भन्दा अगाडी केही अवरोधहरू विद्यमान हुन्छन; अरू भने मानवीय प्रतिकार्यद्वारा सृजना गरिएका हुन सक्छन् ।

**क्षमता (Capacity)**. विपद् जोखिमको व्यवस्थापन र न्यूनीकरण गर्न र उत्थानशीलतालाई बलियो बनाउनलाई संस्था, समुदाय वा समाज भित्र उपलब्ध सबै शक्ति, गुण र स्रोतको संयोजन । क्षमतामा पूर्वाधार, संस्था, मानव ज्ञान र सीप र सामाजिक सम्बन्ध, नेतृत्व र व्यवस्थापन जस्ता सामूहिक गुण समावेश हुन सक्छन् । (**UNISDR 2017**)[२५]

**स्याहारकर्ता (Caregivers)**. यिनीहरू सबै लिंङ्गका वयस्क तथा केटाकेटीहरू हुन् जसले यसको आवश्यकता पर्ने व्यक्तिलाई सहयोग गर्छन् र तिनीहरूको सहयोग वापत रकम तिरिन्छ । (**थप जानकारीको लागि व्यक्तिगत सहयोगको परिभाषा** हेर्नुहोस)।

**नगद हस्तान्तरण कार्यक्रम (Cash transfer programming-CTP)**. CTP भन्नाले लाभग्राहीहरूलाई नगद (वा सामान वा सेवाको लागि भाउचर) सिधै प्रदान गरिने सबै कार्यक्रमहरूलाई जनाउँछ । मानवीय सहायताको सन्दर्भमा यस शब्दको प्रयोग व्यक्ति, घरायसी वा सामुदायिक प्रापकहरूलाई दिइने नगद वा भाउचरको प्रावधानलाई उल्लेख गर्नलाई गरिन्छ; सरकार वा अन्य राज्यका क्रियाशील निकायहरूलाई होइन । CTP ले भाउचर लगायत नगदमा आधारित सहयोगका सबै बिधिहरू समेटेको छ । यसले मानवीय कार्यक्रममा विप्रेषण र लघुवित्तलाई समावेश गरेको छैन (यद्यपि लघुवित्त र पैसा हस्तान्तरण गर्ने संस्थाहरूलाई नगदको वास्तविक वितरणका लागि प्रयोग गर्न सकिन्छ) । यो शब्द लाई नगदमा आधारित कार्यक्रम र नगदमा आधारित हस्तान्तरणसँग पारस्परिक रूपमा प्रयोग गर्न सकिन्छ । (CaLP) [२६]

**समुदायमा आधारित पुनर्स्थापन (Community based rehabilitation (CBR)**. CBR अपाङ्गता भएका सबै व्यक्तिको पुनर्स्थापन अवसरहरूको सामान्यीकरण र सामाजिक समावेशिताका लागि आम समुदायिक विकास भित्रको रणनीति हो । CBR अपाङ्गता भएका व्यक्तिहरूको संयुक्त प्रयास, उनीहरूको परिवार, संगठन र समुदाय र सम्बन्धित सरकारी तथा गैरसरकारी स्वास्थ्य, शिक्षा, व्यावसायिक, सामाजिक तथा अन्य सेवाहरू मार्फत कार्यान्वयन गरिन्छ । (WHO २००४)[२७]

**सक्षमकर्ताहरू (Enablers)**. यी मापदण्डहरूको उद्देश्यका लागि, सक्षमकर्ताहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि समाजमा पहूँच र सहभागितालाई सहजीकरण गर्ने कारकहरू हुन् ।

**अवरोध (Impairment)**. शरीरको क्रियाशीलता वा संरचनामा भएको उल्लेखनीय विचलन वा हानि (WHO, २००२) । यो अस्थायी वा स्थायी हुन सक्छ र मानिसहरूलाई धेरै खालका अवरोधहरू हुन सक्छ । (युनिसेफ २०१७)[२८]

**समावेशिता (Inclusion)**. समावेशीता भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई आधारभूत सेवाहरूको समान पहूँच र ती सेवाहरूको विकास र कार्यान्वयनमा आवाज सुनिश्चित गर्ने उद्देश्यले सामुदायिक कार्यक्रमको अधिकारमा आधारित अवधारणा हो । साथै, मुलधारका संगठनहरूले अवरोधहरूलाई सम्बोधन गर्न र हटाउन समर्पित प्रयास गर्नु आवश्यक हुन्छ । (IFRC २०१५)[२९]

**सूचना व्यवस्थापन (Information management**). 'सूचना व्यवस्थापन' भन्ने शब्दले संस्थाको राम्रो काम गर्ने तिर प्रचार प्रसार गर्न उत्पादनदेखि भण्डारण र पुनःप्राप्तिसम्म सूचना प्रशोधनका विभिन्न चरणलाई समेटछ; सूचना आन्तरिक र बाह्य स्रोतबाट र कुनै पनि ढाँचामा हुन सक्छ । (OCHA)[३०]

**परस्परच्छेदनता (Intersectionability**). यसको अर्थ अपाङ्गता, उमेर र लिङ्ग जस्ता अनेक कारकको प्रतिच्छेदन हो । यसले विभेदका अनेक तहहरू सिर्जना गर्न सक्छ । र, परिस्थितिको आधारमा अझ बढी कानूनी, सामाजिक वा सांस्कृतिक अवरोधहरूको आवश्यकतामा जोड दिन्छ । यसले कुनै व्यक्तिलाई मानवीय कार्यमा र साधारणतया समाजमा पहूँच र सहभागितामा अझ बाधा पुऱ्याउन सक्छ ।

**बृद्ध बृद्धा व्यक्ति (Older people)**. अधिकांश मुलुकहरूमा वृद्ध बृद्धाहरूको संख्या द्रुत गतिमा वृद्धि भइरहेको छ तर उनीहरूलाई प्रायः मानवीय कार्यमा बेवास्ता गरिन्छ । धेरै मुलुक र संस्कृतिमा बुढो भएको मान्नु उमेरको कुरा हुँदैन तर, यो परिस्थितिसँग जोडिएको हुन्छ जस्तो, हजुरबा, हजुरआमा हुनु वा बुढेसकालमा हुने शारीरिक लक्षण देखाउनु, जस्तै सेतो कपाल आदि । थुप्रै स्रोतहरूले ६० वर्ष र त्यसभन्दा बढी उमेरलाई वृद्धावस्थाको परिभाषाको रूपमा प्रयोग गरे तापनि मानवीय संकटहरू हुने थुप्रै सन्दर्भमा ५० वर्ष र त्योभन्दा बढी उमेर बढी उपयुक्त हुन सक्छ ।

**ज्येष्ठ नागरिकहरूको संघहरू (Older people's association-OPAs)** OPAs ज्येष्ठ नागरिकहरूको नवप्रवर्तनीय समुदायमा आधारित संगठनहरू हुन् । यसको उद्देश्य वृद्धहरूको जीवनस्तर उकास्नु र उनीहरूको समुदायको विकास गर्नु हो । OPAs ले ज्येष्ठ नागरिकहरूसँग भएका अद्वितिय स्रोत तथा सीपहरूको प्रयोग, प्रभावकारी सामाजिक सहयोग प्रदान गर्न, क्रियाकलापहरूलाई सहजीकरण गर्न र सेवा प्रदान गर्न प्रयोग गर्छ । ( HelpAge २००९)[३१]

**अपाङ्गता भएका व्यक्तिहरूको संगठनहरू वा अपाङ्ग व्यक्तिहरूको संगठनहरू (Organizations of people with disabilitiesor disabled people's organizations**). DPOs हरू सामान्यतया स्व-संगठित संगठनहरू हुन् जहाँ बोर्ड स्तर र सदस्यता तहमा अधिकांश नियन्त्रण अपाङ्गता भएका व्यक्तिहरूसँग हुन्छन् । DPOs को भूमिका अपाङ्गता भएका व्यक्तिहरूको जीवनसँग सम्बन्धित सबै विषयहरूमा आफ्नै आवाज प्रदान गर्नु हो । (सीबीएम २०१७)[३२]

**अपाङ्गता भएका व्यक्तिहरू (People with disabilities**). अपाङ्गता भएका व्यक्तिहरूमा दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा संवेदी अवरोध हुनेहरू समावेश हुन्छन् जसले अरूसँग समान आधारमा विभिन्न

अवरोधहरूसँगको अन्तरक्रियामा समाजमा उनीहरूको पूर्ण तथा प्रभावकारी सहभागितालाई बाधा पुऱ्याउन सक्छ। (UN CPRD)[३३]

**व्यक्तिगत सहायता (Personal assisstance)**. अपाङ्गता भएका केही व्यक्तिलाई परिवार र समुदायमा आफ्नो पूर्ण समावेशिता र सहभागितालाई सहज बनाउन व्यक्तिगत सहयोगको आवश्यकता पर्न सक्छ। वातावरणीय कारणले गर्दा (जस्तैः वातावरण पहूँच योग्य नहुँदा) व्यक्तिगत सहयोग आवश्यक हुन सक्छ र अपाङ्गता भएका व्यक्तिहरूमा क्रियाशील कठिनाइ हुन सक्छ जसले गर्दा उनीहरूलाई आफ्नै बलमा क्रियाकलाप र कार्यहरू गर्नबाट रोकिन्छ। व्यक्तिगत सहयोगले अपाङ्गता भएका व्यक्तिले जब चाहन्छन तिनीहरू उठ्न र सुत्न, चाहेको खानपान, घरायसी काम पूरा गर्न, घर बाहिर सामाजिक कार्यक्रममा सहभागी हुन्, शिक्षामा पहूँच प्राप्त गर्न, आय आर्जन गर्न र परिवारको स्याहार गर्न सक्दछन। परिवारका सदस्य तथा साथीभाइ जस्ता अनौपचारिक माध्यमबाट वा निजी कर्मचारी वा सामाजिक सेवा जस्ता औपचारिक माध्यमबाट व्यक्तिगत सहायता उपलब्ध गराउन सकिन्छ। ( WHO २०१०)[३४]

**संरक्षण मूलप्रवाहिकरण (Protection mainstreaming)**. संरक्षण मूलप्रवाहिकरण भनेको मानवीय सहायतामा संरक्षण सिद्धान्तहरू समावेश गर्ने र अर्थपूर्ण पहूँच, सुरक्षा र मर्यादालाई प्रवर्द्धन गर्ने प्रक्रिया हो। (GPC २०१७)[३५]

**उचित आवास (Reasonable accomodation)**. "उचित आवास" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई सबै मानव अधिकार र आधारभूत स्वतन्त्रताका अन्य व्यक्तिहरूसँग समान आधारमा उपयोग वा अभ्यास सुनिश्चित गर्न, कुनै विशेष अवस्थामा आवश्यक भएमा, असमानुपातिक वा अनावश्यक बोझ नलगाई आवश्यक र उचित संशोधन र समायोजन गर्नु हो (UN CPRD)[३६]

**उत्थानशीलता (Resilience)**. यसले व्यक्ति, समुदाय वा देशहरूले प्राकृतिक विपद् वा संकटको पूर्वानुमान गर्न, सामना गर्न, र कठिनाइबाट मुक्त हुन सक्ने क्षमतालाई जनाउँछ। उत्थानशीलता जीविकोपार्जनको विविधता, समस्या समाधान गर्ने, सहयोग खोज्ने क्षमता, उत्प्रेरणा, आशावाद, विश्वास, लगनशीलता र स्रोतयुक्तता जस्ता जीवन कौशलको सामना गर्ने कुरामा निर्भर गर्दछ। (स्फियर २०१७)[३७]

**विशेष शिक्षा प्रणाली (Special education system)**. विशेष शिक्षा प्रणालीको अर्थ अपाङ्गता भएका बालबालिकाहरूले भिन्न शिक्षण वातावरणमा शिक्षा प्राप्त गर्नु हो। जस्तैः प्रायः समुदायबाट, अन्य बालबालिकाबाट वा मुख्य शिक्षा विद्यालयहरूबाट अलग हुने विशेष विद्यालय हुन्। (HI २०१२)[३८]

**सर्वव्यापी डिजाइन (Universal design)**. "सर्वव्यापी डिजाइन" भन्नाले अनुकूलन वा विशेष डिजाइनको आवश्यकता बिना सबै मानिसहरूद्वारा सम्भव भए सम्म प्रयोग गर्न सकिने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरूको डिजाइन भन्ने बुझिन्छ। ''सर्वव्यापी डिजाइन"ले आवश्यक पर्ने ठाउँमा अपाङ्गता भएका व्यक्तिहरूको विशेष समूहका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उपकरणहरूलाई छोड्ने छैन। (UN CPRD)[३९]

**संकटासन्नता** (**Vulnerability**). शारीरिक, सामाजिक, आर्थिक र वातावरणीय कारक वा प्रक्रियाद्वारा निर्धारण गरिएको अवस्थाहरू जसले कुनै व्यक्ति, समुदाय, सम्पत्ति वा प्रणालीको सम्भावनालाई प्रकोपको प्रभावमा बढाउँछ । (UNISDR २०१७ )[४०]

# द्रष्टब्य (Endnotes)


1. विश्व स्वास्थ्य संगठन र विश्व बैक, *World report on disability,* Geneva, WHO, 2011, http://bit.ly/2jFpXDh
2. संयुक्त राष्ट्र आर्थिक तथा सामाजिक मामिला विभाग (UNDESA), जनसंख्या विभाग, *World Population Prospects: The 2017 Revision, Key Findings and Advance Tables, Working Paper No. ESA/P/WP/248,* New York, United Nations, 2017, http://bit.ly/2rEDAXA
3. सामाजिक नीति तथा विकास अपाङ्गता, ज्येष्ठ नागरिक र अपाङ्गता विभाग UNDESA, *Division for Social Policy and Development Disability, Ageing and disability,* http://bit.ly/2BtLg4I (24 November 2017)
4. विश्व स्वास्थ्य संगठन र विश्व बैक, *World report on disability,* Geneva, WHO, 2011, Chapter 2, http://bit.ly/2jFpXDh
5. UNDESA जनसंख्या विभाग, *World Population Prospects: The 2017 Revision, Key Findings and Advance Tables, Working Paper No. ESA/P/WP/248,* New York, United Nations, 2017, http://bit.ly/2rEDAXA
6. UNDESA, सामाजिक नीति तथा विकास अपाङ्गता, ज्येष्ठ नागरिक र अपाङ्गता विभाग , http://bit.ly/2BtLg4I (24 November 2017)
7. महिला शरणार्थी आयोगद्वारा तयार गरिएका थप नमूना प्रश्नहरू यहाँ पाउन सकिन्छ: http://bit.ly/2B8aj0m. See also United Nations Children's Fund (UNICEF), *General Guidance: Including children with disabilities in humanitarian action,* UNICEF, 2017, http://bit.ly/2zjrqtJ
8. अझ थाहा पाउनका लागि यहाँ हेर्नुहोस: NC State University, The Center for Universal Design, *The principles of universal design: Version 2.0 - 4/1/97,* 1997, http://bit.ly/2kfE2tI (18 December 2017)
9. अन्तर-निकाय स्थायी समिति, *Guidelines for Integrating Gender-Based Violence Interventions in Humanitarian Action: Reducing risk, promoting resilience and aiding recovery,* Inter-Agency Standing Committee, 2015, http://bit.ly/2oEcqmT
10. स्फियर परियोजना, 'संरक्षण सिद्धान्त १: आफ्नो कार्यले गर्दा मानिसहरूलाई थप हानि पुऱ्याउनदेखि जोगिनुहोस्', स्फियर हाते पुस्तिका*:मानवीय वडापत्र र विपद प्रतिकार्यमा न्युनतम मापदण्डहरू,* २०११, Rugby, Practical Action, 2011, http://bit.ly/2xYFWqu
11. स्फियर परियोजना, 'संरक्षण सिद्धान्त २ : निष्पक्ष सहयोगमा जनताको पहुँच सुनिश्चित गर्नुहोस– आवश्यकताको अनुपातमा र भेदभाव रहित स्फियर हाते पुस्तिका*:मानवीय वडापत्र र विपद प्रतिकार्यमा न्युनतम मापदण्डहरू,* २०११, Rugby, Practical Action, http://bit.ly/2kG0ufc

12. See: Global Protection Cluster, Protection Mainstreaming, http://bit.ly/2tlcIBa (11 December 2017)

13. See: Handicap International Technical Resources Division, *Practical Guide: Conduct an accessibility audit in low- and middle-income countries,* Lyon, Handicap International, 2014, http://bit.ly/2ad0V9y

14. See: World Health Organization, *Public health, innovation, intellectual property and trade: Global Cooperation on Assistive Technology (GATE),* http://bit.ly/2a2eXQ2 (18 December 2017)

15. Akerkar, S., and Bhardwaj, R., *Good Practice Guide: embedding inclusion of older people and people with disabilities in humanitarian policy and practice,* London, HelpAge International (forthcoming)

16. Inter-Agency Standing Committee, *Guidelines for Integrating Gender-Based Violence Interventions in Humanitarian Action: Reducing risk, promoting resilience and aiding recovery,* Inter-Agency Standing Committee, 2015, http://bit.ly/2oEcqmT

17. International Committee of the Red Cross, *Professional Standards for Protection Work carried out by humanitarian and human rights actors in armed conflict and other situations of violence, 2013 Edition,* Geneva, ICRC, 2013, http://bit.ly/1xCfrfd

18. Sphere Project, 'Water supply standard 1: Access and water quantity' in *Sphere Handbook: Humanitarian Charter and Minimum Standards in Disaster Response,* 2011, Rugby, Practical Action, http://bit.ly/1PvnmbM

19. See: World Health Organization, *Disability and health factsheet,* WHO, November 2017, http://bit.ly/1MYuzMe (18 December 2017)

20. Source: Department for International Development (DFID) *DFID Policy on Standards for Accessibility for Disabled People in DFID Financed Education Construction,* http://bit.ly/2oEqZ9N DFID, 2014 (18 December 2017)

21. See: World Health Organization, *Disability and health factsheet,* WHO, November 2017, http://bit.ly/1MYuzMe (18 December 2017)

22. CBM, अपांगता समावेशी विकास टूलकिट, Bensheim, CBM, 2017, http://bit.ly/2lVei5A

23. World Health Organization, *Disability: Assistive devices and technologies,* http://bit.ly/2Cz0FAe (11 December 2017)

24. International Society for Augmentative and Alternative Communication, *What is AAC?,* http://bit.ly/2BHiSyC (11 December 2017)

25. संयुक्त राष्ट्र विपद जोखिम न्यूनीकरण कार्यालय, *Terminology,* http://bit.ly/2tcCgPM (11 December 2017)

26. नगदका लागि सिकाइ साझेदारी (CaLP), *Glossary of cash transfer programme terminology,* CaLP, pp1-2, http://bit.ly/1Stoihi (18 December 2017)

27. विश्व स्वास्थ्य संगठन, *CBR: A Strategy for Rehabilitation, Equalization of Opportunities, Poverty Reduction and Social Inclusion of People with Disabilities: Joint*

*Position Paper 2004,* International Labour Organization, United Nations Educational, Scientific and Cultural Organization and the World Health Organization, WHO, 2004, p2, http://bit.ly/2zkO3he

28. संयुक्त राष्ट्र संघ वालकोष (UNICEF), *General Guidance: Including children with disabilities in humanitarian action,* UNICEF, 2017, http://bit.ly/2zjrqtJ; citing: World Health Organization, *Towards a Common Language for Functioning, Disability and Health ICF,* WHO, 2002, www.who.int/classifications/icf/en, accessed 26 May 2017
29. International Federation of Red Cross and Red Crescent Societies, *All Under One Roof, Disability-inclusive shelter and settlements in emergencies,* Geneva, IFRC, 2015, p10, http://bit.ly/2Bt4FCZ
30. *ओचा, सूचना व्यवस्थापन निर्देशिका,* p1. Reference: 'Association for Information Management 2005 (See http://www.aslib.co.uk)', http://bit.ly/2BDVgLr
31. HelpAge International, *Older people in community development: The role of older people's associations (OPAs) in enhancing local development,* London, HelpAge International, 2009, p2, http://bit.ly/2kczch1
32. CBM, अपांगता समावेशी विकास टूलकिट*,* Bensheim, CBM, 2017, http://bit.ly/2lVei5A
33. संयुक्त राष्ट्रसंघको साधारण सभा, *अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि* (A/RES/61/106), Article 1, http://bit.ly/2ieddTM
34. Khasnabis C, Heinicke Motsch K, Achu K, et al., (eds) *Community-Based Rehabilitation: CBR Guidelines,* Geneva, World Health Organization, 2010, http://bit.ly/2oRep7A
35. विश्वव्यापी संरक्षण क्लस्टर, संरक्षण मूल प्रभावीकरण, http://bit.ly/2tlcIBa (11 December 2017)
36. UN General Assembly, *Convention on the Rights of Persons with Disabilities* (A/RES/61/106), Article 2, http://bit.ly/2zlgATM
37. स्फियर परियोजना, स्फियर हतेपुस्तिकामा'शब्द-सुची'*: मानवीय वडापत्र र विपद प्रतिकार्यमा न्युनतम मापदण्डहरु,* २०११, Rugby, Practical Action, 2011, http://bit.ly/2CzfxhP
38. Handicap International, *Policy Paper Brief No.88, Inclusive Education,* September 2012, p2, http://bit.ly/2CYuECL
39. संयुक्त राष्ट्रसंघको साधारण सभा, *अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि* (A/RES/61/106), Article 2, http://bit.ly/2zlgATM
40. संयुक्त राष्ट्र विपद जोखिम न्यूनीकरण कार्यालय, *शब्दावली,* http://bit.ly/2tcCgPM (11 December 2017)

**ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिता सम्बन्धी मापदण्डहरू**

Edited by Celia Till
PDF accessibility by Ted Page
Designed by TRUE www.truedesign.co.uk
Printed by Park Communications www.parkcom.co.uk

This document is printed on Cocoon Preprint and Offset, 100 per cent recycled, FSC® recycled and European Ecolabel certified. 100 per cent of the printing inks used are vegetable oil based.

**CBM International**
Stubenwald-Allee 5, 64625 Bensheim, Germany
T: +49 6251 131-0
W: www.cbm.org
E: contact@cbm.org
Registered charity no. VR20949

**Handicap International**
138, avenue des Frères Lumière 69008 Lyon, France
T: +33 4 7869 7979
W: www.handicap-international.org
E: ageneral@handicap-international.org
Registered charity no. in the UK 1082565

**HelpAge International**
PO Box 70156, London WC1A 9GB
T: +44 (0)20 7278 7778
W: www.helpage.org
E: info@helpage.org
Registered charity no. 288180

मानवीय सिद्धान्तमा, बिना भेदभाव मानवीय सहायता र संरक्षण आवश्यकताको आधारमा ती सहायता प्रदान गर्नु आवश्यक हुन्छ ।

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशिता सम्बन्धी मापदण्डहरू ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता, क्षमता र अधिकारको बुझाईमा भएको अन्तरलाई सम्बोधन गर्न र मानवीय कार्यमा उनीहरूको समावेशितालाई प्रवर्द्धन गर्नका लागि तर्जूमा गरिएको छ ।

प्रत्येक अध्यायले मापदण्डलाई पूरा गर्न मुख्य क्रियाकलापहरूका साथ मापदण्डहरूको संग्रह, क्रियाकलापहरूलाई प्रवाह गर्नमा सहयोग गर्न मार्गदर्शन लागि टिपोटहरू, औजार र स्रोतहरू, र कसरी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू मानवीय प्रतिकार्यमा पहूँच प्राप्त गर्छन र सहभागी हुन्छन भन्ने चित्रण गर्ने मामिला अध्ययनहरूलाई प्रस्तुत गर्दछ ।

USAID FROM THE AMERICAN PEOPLE

UKaid from the British people

START NETWORK